कविता पौडेल

# बहुआयाम

सम्पादक

डा. कपिलदेव लामिछाने

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

ई. पुस्तकालय काठमाडौं

प्रश्रित प्रतिष्ठान नेपाल पुस्तक माला - १

कविता पौडेल

# बहुआयाम

सम्पादक

डा. कपिलदेव लामिछाने

प्रश्रित प्रतिष्ठान नेपाल
भैरहवा

## प्रश्रित प्रतिष्ठान नेपाल पुस्तक माला १


| | |
|---|---|
| प्रकाशक | : प्रश्रित प्रतिष्ठान नेपाल |
| संस्करण | : प्रथम, २०६८ माघ |
| प्रति | : एक हजार |
| सर्वाधिकार | : सम्पादकमा |
| मूल्य | : ३००।- |
| कम्प्युटर टाइप | : समिता र कविता |
| मुद्रक | : आकृति मिलन चोक, बुटवल, फोन: ५४४८१७ |
| ISBN | : |

# प्रकाशकीय

सगरमाथा चढ्न खोज्ने सबै शिखरमा पुग्न सक्दैनन् । कोही आधार शिविरमा पुगेर सन्तोष लिन्छन्, कोही त्यहाँसम्म पनि पुग्न सक्दैनन्, कोही ओछ्यानमै कल्पना गरी बस्छन् । थोरै उच्चाकाङ्क्षी मात्र हरेक बाधाअवरोधलाई छिचोल्दै सगरमाथा शिखरमा पुगेर विजयको झन्डा फरफराउन सफल हुन्छन् । प्रश्रित एउटा त्यस्तै स्रष्टा हुन् । आफ्नो सङ्घर्षमय जीवनमा अनेक जेलनेल, गलफन्दी, यातना, प्रताडनाको सामना गर्दै प्रश्रितले नेपाली वाङ्मय, नेपाली साहित्य र नेपाली समाजको रूपान्तरणमा महत्त्वपूर्ण योगदान गरेका छन् । यी कामले गर्दा प्रश्रित आफैं व्यक्ति प्रश्रितबाट एक संस्थामा रूपान्तरित भएका छन् ।

प्रश्रितका कृतिहरू जति प्रकाशित छन् त्यत्तिकै प्रकाशन हुन बाँकी छन् । उनका बारेमा जति अध्ययन भएको छ, त्यसभन्दा बढी अध्ययन हुन बाँकी छ । उनका योगदानको जति मूल्याङ्कन भएको छ, त्यत्तिकै मूल्याङ्कन हुन बाँकी छ । अतः प्रश्रित, प्रश्रितका कृति र प्रश्रितका योगदानको अध्ययन गर्ने-गराउने लगायतका उद्देश्य राखेर प्रश्रित प्रतिष्ठानको परिकल्पना गरिएको हो । यस साहित्यिक संस्थाका उद्देश्यहरू निम्नअनुसार छन् :

(क) मोदनाथ प्रश्रितको व्यक्तित्व र कृतित्वको विस्तृत र यथार्थपरक अध्ययन गर्ने-गराउने ।

(ख) तयार भएका अध्ययन ग्रन्थ प्रकाशित गर्ने-गराउने ।

(ग) अनुसन्धान गर्न यथाशक्य विद्वत्वृत्ति प्रदान गर्ने ।

(घ) अक्षयकोष खडा गरी विद्वत्वृत्ति र पुरस्कारको व्यवस्था गर्ने, पात्रत्व चयन गर्ने र पुरस्कार वितरण गर्ने,

(ङ) विभिन्न साहित्यिक तथा वैचारिक कार्यक्रम, सभा, गोष्ठी र सेमिनारको आयोजना गर्ने,

(च) साहित्यिक सद्भाव यात्राको आयोजना गर्ने,

(छ) यसबाहेक भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन, अनुसन्धान गर्ने र उपयुक्त कृतिको प्रकाशन गर्ने ।

कविता पौडेलको व्यक्तित्व निर्माण सामाजिक-राजनीतिक परिवेशको जेजति भूमिका छ, त्यत्तिकै ठूलो भूमिका सहयात्री महाकवि मोदनाथ प्रश्रितको पनि रहेको हुनु स्वाभाविक छ । हामी के पनि विश्वास गर्छौं भने प्रश्रितलाई प्रश्रित बन्न र बनाउनमा कविता पौडेलको भूमिका उल्लेख्य रहेको छ । प्रश्रितको स्वीकारोक्ति पनि छः आफूले अनन्त कष्ट सहेर मलाई 'प्रश्रित' बनाउने प्रिय सहयोद्धाको यो रचना

प्रकाशित हुँदा मेरो छातीमा खुसीको सागर लहराएको छ । कविता पौडेल प्रश्रितकी जीवनसँगिनी भएर मात्र होइन नेपाली साहित्य र नेपालको नारी-जागरणको इतिहासमा उनको बेग्लै महत्त्व छ । कठोर र अथक सङ्घर्षले उनको जीवनकथा बनेको छ र यो कथा हजारौं हजार महिलाहरूका लागि प्रेरणाको स्रोत बनेको छ । त्यसैले प्रतिष्ठानको पहिलो प्रकाशन मालामा कविता पौडेलको साहित्यिक कृति बारे लेखिएका लेख/समालोचनाहरूको सङ्कलन गर्ने निधो गरिएको हो । कविता पौडेल **बहुआयाम** शीर्षकको प्रस्तुत ग्रन्थ यथासमयमा सम्पादन गर्ने सम्पादकप्रति प्रतिष्ठान आभार प्रकट गर्दछ ।

कविता पौडेलको साहित्यिक योगदान हेरी यो कार्य पर्याप्त नभए पनि यसले आगामी शोधखोज र अध्ययनका लागि सामग्री जुटाएको विश्वास गरेका छौं । पाठकहरूबाट प्रतिष्ठानको यो प्रथम कार्यप्रति स्नेह र रचनात्मक सुझाउको अपेक्षा गर्दै यो कृति उनै कविता पौडेलप्रति अर्पण गर्दछौं ।

प्रश्रित प्रतिष्ठान नेपाल
२०६८ माघ १, भैरहवा

# सम्पादकको कलम

## यहाँ फूल काँडाबिना रोपिँदैनन्

साहित्यकार कविता पौडेलको सिङ्गो जीवनकथा एउटा सग्लो सङ्घर्षको इतिहास हो, कथा हो । वस्तुगत कालक्रमिक सङ्घर्ष भएकाले उनको जीवन भन्नु सङ्घर्षको इतिहास हो भने सुन्दा-पढ्दा एउटा कल्पना जस्तो लाग्ने हुँदा सङ्घर्षको कथा हो ।

२००२ माघ ६ मा अर्घाखाँचीको खिदिममा सम्भ्रान्त गौतम परिवारमा जन्मेकी रामप्यारी नै साधारण परिवारमा जन्मेका गौरी अर्थात् मोदनाथ पौडेलसँग २०१३ मा दाम्पत्य-जीवनमा आबद्ध भएपछि कविता पौडेलमा रूपान्तरित हुन पुगेकी हुन् । सम्भ्रान्तकी छोरीको साधारण नागरिकको छोरासँग विवाह हुने प्रसङ्गले मात्र कविता पौडेलका आमा-बुवामा विवाद उत्पन्न भएको देखिन्छ । विवाहपश्चात् बाबुले घरै छाडिदिए र फेरि कहिल्यै फर्केनन् । सङ्घर्षको इतिहास यहींबाट थालिएको छ र यो अनेक हाँगाबिगाका रूपमा झ्याङ्गिँदै गएको छ । देवकोटालाई सम्झेर भन्ने हो भने यहाँ फूल काँडाबिना रोपिँदैनन् । बाधा-अवरोध बिनाको जीवन-जीवन नै हुँदैन । मान्छेको जीवन सङ्घर्षले भरिएको हुन्छ भनौं जीवन सङ्घर्षको पर्याय हो । कोही यसबाट पलायन हुने व्यर्थको प्रयत्न गर्दछन्, कोही यसलाई सामना गर्दछन् । सामना गर्नेहरूमध्ये कोही सफल हुन्छन् कोही विफल । कविता पौडेल जीवन-सङ्घर्षलाई सकारेर सामना गर्दै अघि बढ्ने एउटा त्यस्ती नारीको नाम हो, जसले कहिल्यै हार मानेन । उनले जीवन-सङ्घर्षमा सधैं सफलता वा विजय नै हासिल गरेकी छन् भन्ने होइन, तर पराजयलाई पनि वस्तुगत र यथार्थवादी चिन्तनका कोणबाट आत्मसात् गर्ने सुझबुझ र युक्ति उनका जीवनपथमा पाइन्छ । जीवन काँडामय छ । यही काँडाका बीचमा सुन्दर फूल फुलाउन सक्नु नै सार्थक पहिचान हो ।

उनको आत्मकथा *काँडेघारीको यात्रा*को अध्ययनबाट उनी सङ्घर्षकी प्रतिमूर्ति हुन् भन्ने प्रस्ट हुन्छ । उनले काँडेघारीमा सुगन्धित फूल फुलाएकी छन् । उनको आत्मकथा र कथा-उपन्यासबाट उनी सङ्घर्षशील नारीस्रष्टा हुन् भन्ने छर्लङ्गिन्छ । केही सामयिक गीतहरूमा उनको विचार सीमित देखिए पनि समग्रमा उनी समानता, स्वतन्त्रता र मानवताका पक्षमा उभिएकी छन्, लोकतन्त्र र गणतन्त्रका पक्षमा उभिएकी छन् । अभाव, दुःख, जालझेल भोगेकी छन् र दुःखी-पीडितका पक्षबाट उनले वकालत गरेकी छन् । द्वन्द्व देखे-भोगेकी छन् र द्वन्द्वको दर्द आफ्ना रचनामा पस्केकी छन् ।

कविता पौडेलका आत्मकथा, कथा र उपन्यासका कतिपय पाठकलाई लाग्छ (जीवन होस् त यस्तो होस्) कति पाठक त उनको आत्मकथा पढ्दै अत्तालिन पुग्छन्, निस्सासिन पुग्छन्, कतिपय पाठकलाई उनको आत्मकथा पढेर जीवन अझै जिउने आशा

पलाएर आउँछ । दुःखव्यथामा रहेको पाठक आफ्ना दुःखव्यथा केही पनि होइन रहेछन् भनेर मन हलुको पार्छन् । वस्तुतः कविता पौडेल नारी आदर्श, निष्ठा, अनुशासन र क्रान्तिकी प्रतीक हुन् । कविताका लागि जङ्गली काँडा त के फलामे काँडा पनि केही होइनन् जस्तो लाग्छ ।

## कि परेर जानिन्छ कि पढेर जानिन्छ

विश्वविद्यालयका डिग्री लिँदैमा कोही विद्वान् हुँदो रहेनछ । पिएच्.डी. गरेकाले एउटा गतिलो लेख लेख्न नसकेको बोध हामीलाई छ । कविता पौडेलले कुनै स्कुल-कलेजको डिग्री नलिएकी भए पनि उनले स्वाध्ययनबाट गहन ज्ञान र सीप आर्जन गरेकी छन्, जीवन-सङ्घर्षबाट अतुल अनुभव बटुलेकी छन् । कि पढेर जानिन्छ कि परेर जानिन्छ भन्ने उखान छ । परेर जान्नुको तात्पर्य अनुभवजन्य ज्ञान हो । 'पढेको' भन्दा 'परेको'बाट प्राप्त ज्ञान यथार्थपरक र चिरप्रभावी हुन्छ र हुँदो रहेछ । कविता पौडेलको मेधा यी दुवै स्रोतबाट निर्माण भएको छ । स्कुली पढाइलाई म होच्याउन चाहन्न, तर त्यो नै पूर्ण र साध्य हो भन्ने म मान्दिन । देवकोटाले एम्.ए. को अध्ययन मात्र गरेका थिए, अहिले उनका बारेमा दर्जनौं पिएच्.डी. भइरहेछन् । कविता पौडेलले क्याम्पस/कलेज टेकिनन्, तर आज उनका बारेमा कैयौं शोध भइरहेका छन् । पछि पनि हुनेछन् ।

## यहाँ फूल काँडे झ्याङभित्रबाटै पनि उम्रिन्छन्

कविता पौडेलको दस वर्षमै विवाह भयो । माया पाउने बेलामा बाबुले गृहत्याग गरे । राजनीतिक कारणले प्रश्रित कहिले भूमिगत त कहिले जेल । जेलबाट छुटे पार्टी काममा । पार्टी कामबाट अलिक फुर्सद पाए लेखनमा या अध्ययनमा । लामो वैवाहिक जीवनमा मुस्किलले यदाकदा भेटिन पाए । कविता आफैं पनि राजनीतिक कार्यकर्ता भएकीले कहिले पार्टी काममा, कहिले बालबच्चाको लालनपालनमा, कहिले गिरफ्तारी र जेलनेलमा- जताततै काँडा । एउटादुइटा काँडा होइन, काँडैकाँडाको घारी । जीवनको पूरै यात्रा काँडेघारी छिचोलेर गर्नु पर्ने- यही काँडेघारीको यात्राका अनुभवले केही फूल पनि फुलाएको छ, जसलाई हामी कविता-साहित्य भन्न सक्छौं । यहाँ फूल काँडे झ्याङभित्रबाटै पनि त उम्रिँदा रहेछन् नि त । माधव घिमिरेका शब्दमा भनौं भने ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल ।

## कविता-साहित्य

काँडेघारीको यात्राको कठोर र दुष्कर अनुभवले जुन साहित्य जन्म्यो त्यो नै कविता-साहित्य हो । कथा, उपन्यास, गीत र आत्मकथा कविता पौडेलको रुचिक्षेत्र रहेको भए पनि उपन्यास र आत्मकथामा उनलाई बढी सफलता प्राप्त भएको पाइन्छ । लेखकहरूको ध्यान पनि आत्मकथा र उपन्यासतर्फ नै गएको छ । कविता पौडेलका २०६७ सम्म प्रकाशित पुस्तकाकार र फुटकर कृतिहरू यसप्रकार छन्:

(क) पुस्तकाकार कृतिहरू :

*तिजको गीत* (गीतसङ्ग्रह, २०३८, २०५७)

| | |
|---|---|
| *काँडेघारीको यात्रा* | (आत्मकथा, २०५९) |
| *योगासन र ध्यान* | (२०५९) |
| *बालचित्कार* | (उपन्यास, २०६२) |
| *हीरा* | (उपन्यास, २०६३) |
| *आमाहरू* | (उपन्यास, २०६६) । |

(ख) फुटकर कृतिहरू :

| | |
|---|---|
| दोहोरी | (गीत २०५५) |
| कानुनलाई जाऊँ फेर्न | (गीत, २०५५) |
| जनताको आँसुले देला सराप | (गीत, २०५५) |
| केटी बेच्ने दलाललाई फाँसी | (गीत, २०५५) |
| गिरिजाको कुर्सी पल्टियो | (गीत, २०५८) |
| छोरीको चिठी | (कथा, २०६१) |
| पल्लो पसल | (कथा, २०६३) |
| रिमा | (कथा, २०६३) |
| तीज पर्वको जन्मकथा | (लेख, २०६४) |
| माइत भागेको रात | (संस्मरण, २०६४) । |

जीवनमा भोगेका-देखेका सुनेका ज्ञानलाई नारीवादी जलप लगाएर उनले साहित्यको सिर्जना गरेकी छन् । अनुभवजन्य ज्ञानलाई साहित्यमा रूपान्तरण गरेकी छन् । साहित्यका माध्यमले जीवनबाट पलायन होइन, सङ्घर्ष र आशाको सञ्चार गरेकी छन् । सामाजिक कार्य, राजनीति र साहित्यको त्रिवेणी बनेकी छन् कविता पौडेल । कविता पौडेलका साहित्यिक कार्यको लेखाजोखा हुनु भनेको सङ्घर्षशील समग्र नारीजगत्को सम्मान हुनु हो ।

## प्रस्तुत ग्रन्थबारे

लेखकहरूको ध्यान कविता पौडेलको आत्मकथा र उपन्यासले तानेका छन् । यस ग्रन्थले पनि यसै कुरालाई पुष्टि गर्दछ । यहाँ कविता पौडेलका आत्मकथाका बारेमा सबैभन्दा बढी त्यसपछि उपन्यासका बारेमा अनि कथाका बारेमा लेख/समालोचनाहरू सङ्कलन हुन आएका छन् । अधिकांश लेख/समालोचनाहरू पूर्वप्रकाशित छन् भने केही पहिलो पटक यसै सङ्ग्रहमा प्रकाशित भएका छन् । पूर्वप्रकाशित लेख/समालोचनाको यथास्थान स्रोत दिइएको छ । यहाँ एक लेखकको एउटा मात्र लेख/समालोचना राखिएको छ । गीतका बारेमा मात्र लेखिएको लेख या समालोचना पाउन सकिएन । त्यसैले आत्मकथा, उपन्यास, कथासम्बद्ध लेख/समालोचना मात्र यहाँ समावेश गर्न सकिएको छ । *आमाहरू* (२०६६) *विस्थापित आमाहरू* भएर २०६८ मा आइसके पनि यसका बारेमा लेखिएका समालोचना आउनसकेका छैनन् । पूर्वयोजना नभएकाले सबै समालोचना वा लेखको स्तर समान नहुनु स्वाभाविक छ । नेपाली राजनीति, नारी जागृति र साहित्य सिर्जनाका क्षेत्रमा कविता पौडेलको योगदान रहे पनि यहाँ खासगरी साहित्यसम्बद्ध लेख र समालोचनाहरू मात्र राखिएको छ । उनका योगदानका अगाडि यो कार्य नगण्य र अपर्याप्त छ भन्ने जान्दाजान्दै पनि सीमित साधन र स्रोतका कारणले यस ग्रन्थलाई

यस रूपमा सीमित पार्नु परेको निवेदन गर्दछु । अर्को-अर्को संस्करणमा यसमा रहेका कमजोरी हटाउने र आकार बढाउने कार्य हुने नै छन् ।

र अन्तमा,

यहाँ जोजसका लेख-समालोचनाहरू समावेश हुन सकेका छन्, ती सबै लेखकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । *जुही* त्रैमासिकले २०६७ मा आफ्नो ६३ औं पूर्णाङ्क कविता पौडेल विशेषाङ्कका रूपमा प्रकाशन गरेर साहित्यकार कविता पौडेलको सम्मान गरेको थियो । यहाँनिर म *जुही*का प्रधान सम्पादक अग्रज श्री चूडामणि रेग्मीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । यस्तै मलाई यस सम्पादनको जिम्मेवारी दिने प्रश्रित प्रतिष्ठानप्रति साधुवाद प्रकट गर्दछु । यसै गरी सङ्घर्षशील र अनुकरणीय नारीस्रष्टा कविता पौडेलको ६६ औं जन्मोत्सवका अवसरमा उनको सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभेच्छा प्रकट गर्दछु ।

डा. कपिलदेव लामिछाने

# विषयक्रम


| | | |
|---|---|---|
| प्रकाशकीय | | अ-आ |
| सम्पादकको कलम | | क-घ |
| स्रष्टा | विषय | पेज |
| अनिरुद्ध तिमसिना | कविता पौडेल: एक नारीवादी स्रष्टा | १ |
| इन्दिरा प्रसाई | काँडेघारीभित्र कविता पौडेल | ७ |
| | उर्मिला पोखरेल यो एउटी कविताको मात्र कथा हैन | १३ |
| डा. कपिलदेव लामिछाने | कविता पौडेलको आमाहरू उपन्यास: युद्धविभीषिकाको अभिलेख | १५ |
| कमल गुरागाईं | कविता पौडेल र काँडेघारीको यात्रा | २७ |
| कृष्ण बस्याल | काँडेघारीको यात्रा: एक सूक्ष्म दृष्टि | ३२ |
| कृष्ण सुवेदी "निराकार" | 'रिमा' कथाभित्र कविताको कलम | ३७ |
| चूडामणि रेग्मी | 'के के आइपर्छ जीवनमा ?' निबन्धको छोटकरी अध्ययन | ४० |
| चूडामणि वशिष्ठ | कथाकार कविता पौडेलका तीन कथा | ४३ |
| डा. जीवेन्द्र देव गिरी | काँडेघारीको यात्रामा कविताको क्रान्ति | ४७ |
| डिल्लीराज नेपाल | उपन्यास हीराभित्र विचरण गर्दा | ५४ |
| डिल्लीराज भट्टराई | काँडेघारीको यात्रा: एक अध्ययन | ५७ |
| डी. आर. पोखरेल | काँडेघारीको यात्राको सरसरती अध्ययन | ६१ |
| त्रिभुवन बरई | कथात्मक दृष्टिबिन्दुका आधारमा 'रिमा' कथाको विश्लेषण | ६८ |
| दीपा पौडेल | कविता पौडेलका कथाको विश्लेषण | ७४ |
| देवीचरण भण्डारी 'सरोज' | कविता पौडेल र हीरा उपन्यास | ७८ |
| देवी पन्थी | साहसी नारी कविताको हीरा उपन्यास | ८१ |
| देवीप्रसाद न्यौपाने 'धीर' | आमाहरू उपन्यासको विश्लेषण | ८४ |
| पुण्यप्रसाद खरेल | काँडेघारीको यात्रा मेरो बुझाइ | १०२ |
| भागीरथी श्रेष्ठ | काँडेघारीको यात्रा- एउटा साहसको यात्रा | १०५ |
| मञ्जु थापा | अरू पनि लेखिनुपर्छ | १०८ |
| मुक्तिनाथ शर्मा | हलो जोत्ने नारीको काँडेघारीको यात्रा | १११ |
| डा. मोदनाथ प्रश्रित | स्वास्थ्य सेवा क्षेत्रमा कविता पौडेल | ११५ |
| रमा पौडेल 'प्रभात' | हीरा उपन्यासको औपन्यासिक पर्यावलोकन | ११८ |
| रमेश पोखरेल | हीरा उपन्यास: नेपाली समाजको यथार्थ दर्पण | १२७ |
| रमेश शुभेच्छु | कविता पौडेलको बालचित्कार | १३६ |
| रामकला खड्का | हलोक्रान्ति र सामाजिक विद्रोह | १३८ |
| लक्ष्मी पौडेल | कविता पौडेल: व्यक्ति एक व्यक्तित्व अनेक | १४० |
| शालिकराम पौड्याल | सामाजिक रूपान्तरणमा 'रिमा' कथाको भूमिका | १४५ |
| सुकुम शर्मा | नारी समस्याको प्रतिबिम्ब हीरा उपन्यास | १५० |
| हेमराज ज्ञवाली | काँडेघारीको यात्रा | १५६ |

# अनिरुद्ध तिमसिना

## कविता पौडेल: एक नारीवादी स्रष्टा

*सिम्ले गा.वि.स.- ६, जलजले, औंसीडाँडा, तेरथुममा सन् १९४५ जुनमा (२००१ वैशाख) मा जन्मेका अनिरुद्ध तिमसिना एक सशक्त प्रगतिशील लेखक हुन् । काव्यतीर्थ, दर्शनाचार्य र नेपालीमा एम्.ए. समेत गरेका तिमसिना कृषि विकास बैङ्कमा २६ वर्ष जति लामो सेवा गरी सहनिर्देशक पदबाट अवकाश लिई अध्यापन र लेखनमा समर्पित भएका हुन् । तेह्रथुममा जन्मे पनि लामो समयदेखि उनको बसाइ तीनटोलिया, विराटनगरमा रहेको छ । केही समय क्याम्पसमा प्राध्यापन गरे पनि यता आएर अध्यापनबाट पनि फुर्सद लिई साहित्यसेवा र लेखनमा एकोहोरिएका छन् । बनारसबाट प्रकाशित उजेलीको २०२० को अङ्कमा उनको 'प्रेम गर्न चाहन्छु' कविता छापियो । यो उनको पहिलो साहित्यिक रचना हो । उनका तीनवटा कवितासङ्ग्रह र एउटा समालोचनात्मक पुस्तक प्रकाशित छन् भने एक दर्जन जति पुस्तकहरू प्रकाशन हुन बाँकी छन् । यस समालोचनामा तिमसिनाले कविता पौडेलका साहित्यिक रचनाका आलोकमा उनलाई एक नारीवादी स्रष्टाका रूपमा उभ्याउन खोजेका छन् ।*

### १. विषयको उठान

नेपाली साहित्यका गीत, संस्मरण, कथा, उपन्यासहरूको सिर्जनामा कलम चलाउने कविता पौडेल काँडाघारीको यात्राबाट उदाएकी एक सङ्घर्षशील नारी स्रष्टा हुन् । गीत लेखनबाट २०३५ देखि साहित्य यात्रा प्रारम्भ गरेकी कविताले प्रगतिशील विचारप्रति दृढ रहेर सकभर आफ्नो काम आफैं सम्पन्न गर्ने लगनशील र कर्मठ नारी स्रष्टाका रूपमा आफूलाई स्थापित गर्न सक्षम भएकी छन् । उनी नारी अधिकार र नारीको सम्मानका पक्षमा आवाज उठाउन चाहन्छिन् । उनले पुरुष सरह नै नारीले पनि काम गर्न सक्छे भन्ने कुरा व्यवहारबाटै देखाएकी छन् ।

कविता पौडेलको बाल्यकाल अर्घाखाँची जिल्लाको खिदिम बिर्ता आर्जन गर्ने प्रख्यात जमिनदार हरिहर गौतमका दाजुभाइ जिम्मावाल दुर्गाप्रसाद गौतमको सम्पन्न परिवारमा ग्यालपानीमा बितेको थियो । कविताकी आमा कान्छी थिइन् । जेठीपट्टि छोरा नभएका र छोरीछोरी भएकाले छोराको प्राप्तिका लागि कविताकी आमालाई विवाह गरेका थिए । दुर्गाप्रसाद गौतमका दुई पत्नीमध्ये कान्छी पत्नी बुधकुमारीबाट चार छोरा र दुई छोरी जन्मिएका हुन् । कविता एक छोरा पछिकी जेठी छोरी हुन् । जेठीपट्टि चारवटी छोरी समेत गरी १० सन्तानको ठूलो जेलोमा हुर्केकी कोषकुमारीको जन्म २००२ साल माघ ६ गते शनिवार स्वस्थानी पूर्णिमाका दिन तदनुसार सन् १९४६ जनवरीमा पश्चिमाञ्चल क्षेत्रको लुम्बिनी अञ्चल अन्तर्गत अर्घाखाँची जिल्लाको खिदिम

गाविसको ग्यालपानी गाउँका गौतम परिवारमा भएको हो । घरमा बाबुआमाले प्यारो गरी 'रामप्यारी' भनेर बोलाउँथे । उनको विवाह २०१३ साल वैशाख १ गते अर्घाखाँची जिल्लाको खिदिम गाविस हर्राबोटका पं. घनश्याम पौडेल र बालकुमारीका जेठा छोरा गौरीशङ्कर पौडेलसँग भएको हो, जसलाई अहिले हामी वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितका रूपमा चिन्दछौं । बाबुआमाकी रामप्यारीलाई पति मोदनाथ प्रश्रितले २०२३ साल वैशाख १ गतेदेखि हार्दिक मनले कविता नामले पुकारे पछि उनी यही कविता नामले प्रख्यात हुन पुगेकी छन् ।

स्वअध्ययनद्वारा आफ्नो बौध्दिक एवम् प्राज्ञिक क्षमतालाई उच्च बनाएकी कविताले २०३३ सालमा प्रश्रितका साथ बनारस पुगेर अध्ययन गरी एस्.एल्.सी. परीक्षा दिएकी हुन्, तर दुई विषयमा सफल हुन सकिनन् । कविताको पढ्ने चाहना हुँदाहुँदै र प्रश्रितको पढाउने चाहना हुँदाहुँदै पनि परिस्थिति अनुकूल नभएकाले पढाइलाई यत्तिकैमा स्थगित गर्नु पऱ्यो र उनको औपचारिक शिक्षा दस कक्षासम्म मात्र रह्यो ।

माइती गौतम परिवार बिर्तावाल भएकाले जग्गाजमिन प्रशस्त थियो, तर आय आर्जन भने न्यून थियो । त्यसले गर्दा आर्थिक अवस्था जटिल नै थियो । प्राकृतिक दृष्टिले ग्यालपानी गाउँ उत्तर दक्षिण हरिया जङ्गल र खोला भएको सुन्दर समतल जमिनमा रहेको छ । कविताले दस वर्षसम्मको बाल्यकाल त्यसै ठाउँमा बिताएकी हुन् । उनी हुर्किएको सामाजिक परिवेश बिर्तावालहरूको पूर्ण रजगज रहेको सामन्ती प्रवृत्तिको थियो ।

प्रश्रितका पिता पं. घनश्याम पौडेलको चाँडै देहान्त भएकाले र पाँचपाँच जना भाइबहिनी-तीन दाजुभाइ र दुई बहिनी रहेको परिवारमा जग्गाजमिन थोरै रहेको, अन्य आयस्रोत नभएकाले घरको आर्थिक स्थिति कमजोर नै थियो । यस्तै दुःखले कविताले घरव्यवहार गर्दै बिताएकी हुन् । विवाह हुँदा कविता १० वर्षकी र प्रश्रित १४ वर्षका थिए । कविताको माइती खलक बिर्ता प्राप्त गरेका बिर्तावालका सन्तान र प्रश्रित रैतीका परिवारमा गनिन्थे । बिर्तावालकी छोरी रैतीका छोरालाई दिन्न भन्ने कविताका बाबु र पढेलेखेको मिजासिलो केटो खिदिम गाविस हर्राबोटका पं. घनश्याम पौडेल, जो हरिहर संस्कृत पाठशालामा पढाउँथे पनि, उनका छोरा पढ्नमा तेजिला प्रतिभाशाली छन् उनैलाई छोरी दिन्छु भन्ने द्वन्द्वमा आमाको जित भएकाले प्रश्रितसँग विवाह भएको हो । कविताको विवाह भएको सत्र वर्षपछि उनको प्रथम सन्तान विजयको जन्म २०३१ मा र त्यसपछि क्रमशः दुई छोरीहरू शैलु र रचनाको जन्म भएको हो । दुवै सुशिक्षित छन् । कविता यतिबेला छोराका दुई नातिनी र एक नाति छोरीहरूबाट एक नाति र एक नातिनी गरी पाँच नातिनातिनीकी हजुरआमा बनेकी छन् र नेपाली साहित्यमा सम्मानित लेखिका बनेकी छन् ।

मानवता नै ईश्वर हो भन्ने मान्यता राख्ने कविताको रुचि अध्ययन, समाज सेवा र राजनैतिक सेवाकै सेरोफेरोमा रहेको छ । उनी निःस्वार्थ रूपले समाजको सेवा गर्छिन् । आफ्नो जीवनको अधिकांश समय सामाजिक सेवा, राजनैतिक कार्यक्रम र साहित्य साधनामा बिताउँदै आएकी छन् र उनको योगदानको कदर गर्दै विभिन्न संघ-संस्थाहरूबाट सम्मानित भएकी पनि छन् ।

उनी अहिले नेपाल कम्युनिस्ट पार्टी (एमाले) मा सम्बध्द रहेकी छन् । उनी अ.नै.म. सङ्गठनको राष्ट्रिय पार्षद्, प्रजातान्त्रिक राष्ट्रिय बुद्धिजीवी मञ्चको केन्द्रीय सदस्य छन् । उनी २०४१ सालमा अखिल नेपाल महिला सङ्गठन, रूपन्देही जिल्लाको अध्यक्ष समेत रहेकी हुन् । यतिबेला उनी राजनीतिमा भन्दा लेखन कार्यमै व्यस्त छन् । उनी विभिन्न संस्थाहरूबाट सम्मानित पनि भएकी छन् ।

## २. लेखनको प्रारम्भ र रचनाकारिता

कविता पौडेलको जीवन सङ्घर्षमा बित्तै आएको छ । विवाहदेखि नै आमाबाबुको विचारको द्वन्द्वमा परेकी कविताले लेखनको थालनी धेरैपछि तराई झरेर थरौली, भैरहवा र बुध्दनगर बस्दादेखि मात्र फुर्सदको समयमा गर्दै जाँदा २०३५ बाट गीतलेखनद्वारा सुरु गरेकी हुन् । उनका प्रकाशित कृतिहरूमा *तिजको गीत* (गीतसङ्ग्रह, २०३८/२०५७), *काँडेघारीको यात्रा* (संस्मरण, निबन्ध, २०५९), *योगासन र ध्यान* (२०५९), *बाल चित्कार* (उपन्यास, २०६२), *हीरा* (उपन्यास, २०६३), *आमाहरू* (उपन्यास, २०५६) आदि मुख्य छन् । यी फुटकर कृतिका रूपमा दोहोरी (गीत २०५५), 'कानुनलाई जाउँ फेर्न' (गीत, २०५५), 'जनताको आँसुले देला सराप' (गीत, २०५५), 'केटी बेच्ने दलाललाई फाँसी' (गीत, २०५५), 'गिरिजाको कुर्सी पल्टियो' (गीत, २०५८), 'छोरीको चिठी' (कथा, २०६१), 'पल्लो पसल' (कथा, २०६३ *मधुपर्क*), 'रिमा' (कथा, २०६३), 'तिज पर्वको जन्मकथा' (लेख, २०६४), 'माइत भागेको रात' (संस्मरण, २०६४) आदि रचना प्रकाशित छन् ।

यी कृतिबाहेक दुईवटा उपन्यास १. 'लाहुरेको धोको' २. 'राँको' तथा 'बेचिएकी चेली' (कथासङ्ग्रह) समेत तीनवटा कृति प्रकाशोन्मुख रहेका देखिन्छन् । यसरी कविता पौडेलका विभिन्न पाटाहरूमा साहित्यिक व्यक्तित्व नै प्रमुख रहेको देखिन्छ । उनको गीतकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, कथाकार-उपन्यासकार व्यक्तित्व प्रबल बन्दै गएको छ । उनको साहित्येतर व्यक्तित्वमा सामाजिक एवम् राजनैतिक तथा आरोग्यशास्त्रीय व्यक्तित्व पनि समुन्नत अवस्थामै छन् तापनि उनको साहित्यिक व्यक्तित्व प्रमुख भएर विकसित हुँदै गएको छ ।

कविता पौडेलको सिर्जनाको यात्रा आत्मसंस्मरण लेख *काँडेघारीको यात्रा*बाट भएको भए तापनि औपचारिक यात्रा भने 'तिजको गीत' (गीतसङ्ग्रह, २०३८) को प्रकाशनबाट सुरु भएको मानिएको छ । कविताले गीत, कथा, उपन्यास, संस्मरण आदि विभिन्न विधामा कलम चलाए पनि उनको साहित्यिक व्यक्तित्व संस्मरणात्मक निबन्ध लेखन र आख्यानमा प्रोज्ज्वल रहेको पाइन्छ । कविता पौडेलको लेखन विशेष गरेर आफ्नो दुःख र सङ्घर्षले भरिएको ग्रामीण परिवेशमा बढी रमाएको देखिन्छ, रास्री खेलेको पाइन्छ । उनका आख्यानमा गाउँले जीवनमा रमाएका र त्यहाँबाट उठेर देश विदेशमा पुगी ठक्कर र हन्डर खाएका पात्रहरूको वर्णन गरेको पाइन्छ । उनले कथाहरूमा आफूले प्रत्यक्ष देखे भोगेका सामान्य विषयवस्तुलाई कथाको रूप दिएकी छन् । उनका तीनवटा कथाहरू- १. छोरीको चिठी (युगभाका, २०६१) २. पल्लो पसल (मधुपर्क, २०६३) र ३. रिमा (समष्टि, २०६३) प्रकाशित भएका देखिन्छन् । कथासङ्ग्रह

अहिलेसम्म प्रकाशितत भएको छैन । यिनै तीनओटा कथाहरूमा नारीका अन्तर्वेदना, छटपटी, महिला बेचबिखन, पढ्न नपाउने समस्या, दाइजोको आशा राखेको आदिको यथार्थ चित्रण नै कथाहरूको विषयवस्तु रहेको देखिन्छ । सरल सहज शैलीमा मध्यम आयामका कथाहरूमा कविताले आफ्नो कथाकार व्यक्तित्व स्थापित गरेकी छन् । उनका कथाहरूमा सामाजिक यथार्थको चित्रण छ, सामाजिक कुकृत्यहरूको विरोध गरिएको छ र तिनको सुधार एवम् परिवर्तनको अपेक्षा गरिएको छ । उनी यसरी समाजवादी यथार्थवादी कथाकारका रूपमा देखापरेकी छन् ।

कविता पौडेलका तीन उपन्यास १. बाल चित्कार र २. हीरा र ३. आमाहरू प्रकाशित छन् । पुतली दिदी, लाहुरेको धोको, सीमापारि र राँको उपन्यास अप्रकाशित छन् भनिएको छ । उपन्यासकार पौडेल समाजको गतिशील यथार्थको चित्रण गर्ने यथार्थवादी उपन्यासकार हुन् । उनले नेपाली समाजमा महिलाले भोगेका पीडा, व्यथा र यातनाको जीवन्त चित्रण गरेकी छन् । छोरीलाई शिक्षित बनाउनु पर्छ, छोराछोरीमा कत्ति पनि भेदभाव नगरी समान शिक्षा दिनु पर्छ, सामन्ती प्रथाको विरोध गर्नु पर्छ भन्ने विचारबाट अभिप्रेरित भई समाजमा हेपिएका, दबाइएका शोषित, पीडित, निर्धा महिलाहरूको शोषण, दमन र दयनीय स्थितिको चित्रण गरेकी छन् । यिनै प्रवृत्ति र विषयको प्रस्तुति कविताका उपन्यासमा पाइन्छन् । यसरी कविता पौडेल उपन्यासकारका रूपमा सशक्त बन्दै गएकी देखिन्छिन् ।

कविता पौडेल एक सशक्त नारी गीतकार हुन् । उनको पहिलो गीत तिज गीत हो । तिजका गीतहरू (गीतिसङ्ग्रह, २०३८) मा प्रकाशित भएको भए तापनि राखनधरनको सुव्यवस्थाको अभावमा हाल त्यो अप्राप्य छ, तर उनका फुटकर गीतहरू विभिन्न संयुक्त सङ्ग्रहहरूमा सङ्कलित छन् भने तिजका गीतहरू (२०५७) प्रकाशित पाइन्छ । अनि दुईटा गीति क्यासेट आँगनैमा (२०५९) र बादल पारी माइती देश (२०५९) प्रकाशित भएका देखिन्छन् । यिनमा सङ्कलित गीतहरू सामाजिक, राजनैतिक तथा योगासन र ध्यान सम्बन्धित रहेका पाइन्छन् । तिज गीतमा परम्परागत रूपमा महिलाले घर माइतमा पाएका दुःख-वेदनाका कुराहरू छन् । राजनैतिक गीतहरू पनि यसमा समाविष्ट छन् । लोकलयमा र सरल भाषामा यी गीतहरू लेखिएका छन् । योग र योगबाट हुने फाइदाका बारेमा तिज गीतमा वर्णन गरेकी छन् । महिला समस्या, श्रमिक जनताका समस्याहरूले भरिएका चिठीपत्र पनि छन् । उनका गीतमा महिलाका भावना र विचारहरू सहज ढङ्गबाट प्रकट भएका छन् । ग्रामीण महिलाहरूका समस्याको चिन्तन छ । देशभक्ति, राष्ट्रिय जागरण महिला शोषणका विरुद्धका आवाज घन्किएका छन् । यसरी उनी एक सशक्त महिला गीतकारका रूपमा स्थापित छन् ।

कविता पौडेलले संस्मरणात्मक निबन्ध विधामा निकै सशक्त ढङ्गले कलम चलाएकी छन् । उनले आफ्नो दुःख र सङ्घर्षले भरिएको काँडेघारीको यात्रा (२०५९) भन्ने आत्मवृत्तान्त लेखेकी छन् । त्यस्तै अन्य फुटकर लेख रचनाहरूको सङ्कलन 'तिज पर्वको जन्मकथा' (२०६४) संस्मरण, युगभाका जस्ता विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको मुख्य कृति काँडेघारीको यात्रा हो । वस्तुतः यसै कृतिको सङ्क्षिप्त विवेचनात्मक निरूपणमा यो लेख आधारित छ ।

## ३. काडेघारीको यात्राको सङ्क्षिप्त विवेचनात्मक निरूपण

कविता पौडेलको *काँडेघारीको यात्रा* (२०५९) आत्मवृत्तान्तमा आधारित १०८ शीर्षकका लेखहरूको संरचना भएको निबन्धात्मक कृति हो । उनका प्रकाशित कृतिहरूमा सबैभन्दा बढी प्रतिक्रिया प्राप्त भई चर्चित रहेको पुस्तक पनि यही हो । यसैको प्रकाशन भएपछि उनी नेपाली साहित्यको निबन्धका क्षेत्रमा चर्चित हुन पुगेकी हुन् । यसै कृतिलाई आधार बनाएर महादेव अधिकारीले 'तपसी आमा' भन्ने खण्डकाव्य समेत लेखेका छन्, तर प्रकाशित भएको छैन (कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व २०६५, एम्. ए.को शोधपत्र-शोधकर्ता-दीपा पौडेल पृ. १५) । यसरी एउटै कृति लेखेर पनि कविता पौडेल निबन्धकारका रूपमा चर्चामा आएकी छन् ।

*काँडेघारीको यात्रा* साहित्यकार कविता पौडेलको जीवनका घटनाहरूलाई जस्ताको तस्तै इमान्दारीपूर्वक उतारेको आत्मवृत्तान्तपरक निबन्धात्मक कृति हो । १९२ पृष्ठमा संरचित प्रस्तुत पुस्तकमा १०८ शीर्षक रहेका छन् । यसलाई काठमाडौंको पसिना प्रकाशनले प्रकाशनमा ल्याएको छ । यसको विषयवस्तु कविता पौडेलको जीवनको वृत्तान्त हो । कविताको विवाह आफ्नै गाउँठाउँकै व्यक्ति गौरीशङ्कर पौडेल (मोदनाथ प्रश्रितको बाल्यकालको नाम) सँग हुने भनेपछि आमा र बाबुका बीचमा निकै झगडा पर्छ अनि उनका बाबुले जोगी बनी गृहत्याग गर्छन् र बर्दियामा गएर बस्छन् । त्यो नै कविताको जीवनमा घटेको पहिलो घटना थियो । उनले यसलाई 'प्रेम विवाह कि झगडा विवाह ?' भन्ने शीर्षक राखेकी छन् । प्रश्रितको प्रतिभा देखेर प्रभावित भई कविताकी आमा बुधकुमारीले आफ्नी छोरी 'रामप्यारी'लाई प्रश्रितसँगै विवाह गरी सुम्पने अठोट गरेकी थिइन्, तर पिता दुर्गाप्रसाद गौतमले भने आफूहरू बिर्तावाल गौतम खानदानका बिर्तावाल भएकाले रैतीका खानदानका गौरीश'लाई छोरी नदिने भनेर अस्वीकार गरेका थिए तर बुधकुमारीले हरिहर संस्कृत पाठशाला, खिदिमका प्रधान गुरु दधिराम मरासिनीसँग भनेर कुराकानी मिलाइसकेकी थिइन् । त्यसैले कविताको विवाह २०१३ साल वैशाख १ गतेमा प्रश्रितसँग भएको थियो । आफ्नो सहमति बेगर छोरीको विवाह रैती खानदानका प्रश्रितसँग गराइदिएका कारणले दुर्गाप्रसाद घरै छोडेर हिँडेका र बर्दियामै पछि उनको मृत्यु भएको थाहा हुन्छ । त्यस पछिका घटनाहरूलाई क्रमबद्ध रूपमा आफ्नो यात्रावृत्तान्तमा प्रस्तुत गरेकी छन् । यो कृति कविता पौडेलका जीवनमा आइपरेका दैनिक घटनाका विषयवस्तुमा आधारित छ । अन्तिम अनुरोध यस कृतिको पछिल्लो लेख हो । निबन्ध लेखनमा लेखिकाको बनावटीपन अथवा कृत्रिमता भए जस्तो लाग्दैन । यो कृति पढ्दा पाठकमा लेखिका कविता पौडेल एक साहसी, निर्भीक नारीका रूपमा परिचित हुन्छिन् । यो यात्रावृत्तान्त 'कविता पौडेलको मात्र यात्रा नभएर क्रान्तिकारी कार्यकर्ता र समर्थक परिवारहरूको साझा कथा हो' भनेर 'काँडेघारीको यात्रा: साझा यात्रा' शीर्षकमा मोदनाथ प्रश्रितले भनेका छन् । वस्तुत: प्रस्तुत कृतिको कथ्य कविता पौडेलको जीवनको मात्र कथा नभएर राजनीतिमा लाग्ने परिवारका नारीको पनि कथा हो, किनभने तत्कालीन पञ्चायती व्यवस्थामा निरङ्कुशताको तीव्र विरोध गर्ने व्यक्तिलाई जेल सजाय हुन्थ्यो । कविता पौडेल त्यस्तो जेल सजाय भोगेको पतिका श्रीमतीमध्येकी एक हुन् । यो वृत्तान्त एउटा

सरल, दुःखी, शोषित, पीडित गाउँकी स्वास्नीमान्छेको कथा हो । यस पुस्तकमा एउटा नारीजीवनले भोगेका आश्चर्य लाग्दा दुःखका पहाड, गल्छी, जङ्गल, नदी, खहरे, आँधीहुरी, भूकम्प आदि सबै सबै छन् । दस वर्षको बाल्य अवस्थामा विवाह, विवाह पछि घरमा सासूको तीतोपीरो व्यवहार, आर्थिक अभाव, श्रीमान्को जेल जीवन, भूमिगत जीवन र घरव्यवहारमा पुरुषको अभावमा हुने अप्ठ्याराहरू सबै सबै समस्याहरूसँग जुद्धाका घटना-द्वन्द्वहरू छन् । विपक्षी पार्टीका तुलनामा नेकपा (एमाले) को प्रशंसा गरिएको भेट्टाइन्छ, विपक्षी पार्टीहरूमा काङ्ग्रेसलाई गाली गरिएको भेट्टाइन्छ । नेपाली दिदीबहिनीहरूलाई एकजुट हुन सल्लाह दिइएको छ ।

तत्कालीन समाजमा नारीले भोग्नु परेका विसङ्गतिहरूको दारुण कथा यसमा चित्रित छ । एकतिर बालविवाहको सिकार भएकी नारीको करुणापूर्ण गाथा छ भने अर्कातिर दिनभरिको परिश्रम पछि पनि पेटभरिको अन्नको अभावको कारुणिक अवस्थाको मर्मान्तक चित्रण छ । कविता पौडेलको जीवनमा घटित घटनाहरू नै काँडेघारीको यात्रा पुस्तकको विषयवस्तु हो । ती घटनाहरूलाई एक एक शीर्षक दिएर १०८ शीर्षकमा पुस्तक पूर्ण भएको छ ।

**8. अन्त्यमा**

कविता पौडेलको आत्मवृत्तान्त हो, *काँडेघारीको यात्रा* । यसमा उनका जीवनका प्रत्येक घटनाहरू समेटिएको छन् । ती प्रत्येक घटनाले जीवनमा सुखदुःख आइपर्छन्, तर धैर्यसाथ सहँदै अगाडि बढ्नु पर्छ, एक पटक सुख पाइन्छ भन्ने सन्देश दिएको देखिन्छ । कविताका प्रस्तुत सबै कृतिहरूमा नारी स्रष्टाको अहम् व्यक्तित्व निरूपित भएको छ । कविताको जीवन निरन्तर सङ्घर्ष, सामाजिक उत्थान र सिर्जना बनेको छ । यी कृतिहरूबाट उनी एक नारीवादी स्रष्टा हुन् भन्ने प्रमाणित हुन्छ ।

• • •

*जुही*, पूर्णाङ्क ६३

# इन्दिरा प्रसाईं

## काँडेघारीभित्र कविता पौडेल

*नेपाली साहित्यका समुत्थानमा इन्दिरा प्रसाईंको महत्त्वपूर्ण स्थान छ । खासगरी नइ प्रकाशनका माध्यमबाट यिनले नेपाली साहित्यमा उल्लेख्य योगदान गरेकी छन् । यसमा इन्दिरा प्रसाईंले पत्रात्मक निबन्धका माध्यमबाट काँडेघारीको यात्राका केही उद्धहरणहरू प्रस्तुत गर्दै कविता पौडेलको व्यक्तित्वमाथि प्रकाश पारेकी छन् ।*

आदरणीय कविता भाउजू

नमस्कार !

तपाईंलाई मैले भौतिक रूपमा चाहिँ मन्त्राणी हुनु भएको बखत मन्त्रीनिवासमा भेटेकी हूँ । तपाईंको सरल व्यवहारसँग म प्रभावित भएकै बेला मेरा सहयात्री नरेन्द्रराज प्रसाईंले तपाईं र तपाईंका पति मोदनाथ प्रश्रितको प्रशंसाले मेराअघि ठूलै पहाड उभ्याइदिनुभएको थियो । त्यसो त मोदनाथ दाइप्रति नरेन्द्रकै आस्थाका कारण त्यस बखत हामी मन्त्रीनिवास पुगेका थियौं । तर मोदनाथ दाइबाट काम फत्ते हुने कुरो त टाढै रह्यो, उहाँको एक झलक दर्शन वा एक लहर आवाजसम्म पनि हामीलाई जुरेन । मन्त्री पद बिसाउना साथ भने मोदनाथ दाइसँग हाम्रो भेटघाट र भलाकुसारी पनि भयो ।

"तिमीलाई थाहा छ" कविता भाउजू केबल मोदनाथ दाइकी अर्धाङ्गीनी होइन नि, उहाँ त कम्युनिस्ट पार्टीका कर्मठ कार्यकर्ताका साथै लेखिका पनि हुनुहुन्छ तपाईंसँगको भेटको पहिलो दिन नै नरेन्द्रले मेरासामु तपाईंको परिचय यसरी प्रस्तुत गर्नुभएको थियो । अचानक तपाईंको काँडेघारीको यात्रा मेरा हात पऱ्यो र तपाईंको सग्लो लेखकीय व्यक्तित्वसँग साक्षात्कार गर्न पाउँदा मलाई झनै खुसी लाग्यो । तपाईंको काँडेघारीको यात्रा हातमा लिएर यिनै पूर्वस्मृतिमा म पुगें । मोदनाथ दाइलाई एउटा कवि र कम्युनिस्ट नेताका रूपमा म टाढैबाट मात्र चिन्थें । अझ मोदनाथ दाइलाई कम्युनिस्ट भन्नुभन्दा कवि भनेर चिन्न मलाई मन पर्थ्यो । मेरो निजी श्रद्धाका खोपीमा मोदनाथ दाइ पूर्ववत् स्थापित हुनुभए पनि नरेन्द्रसँगको मेरो साहचर्यपछि उनको मोदनाथ दाइप्रतिको अपार श्रद्धाको पोखरीमा म पनि स्नान गर्न पुगें, जसले गर्दा मोदनाथ प्रश्रित मेरा मानसमा पनि आदरणीयका साथसाथै अनुकरणीय व्यक्तित्वका रूपमा समेत स्थापित हुनुभयो । त्यसैगरी हरेक सफल नारी या पुरुषका पछाडि उनीहरूका पृष्ठपोषकका रूपमा पुरुष या नारी नै रहेका हुन्छन् भन्ने मान्यताअनुरूप मोदनाथ दाइकी पृष्ठपोषणका रूपमा तपाईंप्रति नतमस्तक हुनु मेरा लागि सहज खुसीको कुरो थियो । अझ म आफू पनि साहित्यिक धर्म नै निर्वाह गर्ने वर्गकी परें, त्यसैले तपाईंलाई एउटी साहित्यकारका

रूपमा आफ्नै समाजमा भित्र्याउन पाउनु पनि मेरा निमित्त आ-लादका चरम चुलीमा पुग्नुकै अनुभूति हो ।

बाँच्नका लागि आधारभूत वस्तुबाहेकको पनि आधारभूत वस्तु भन्नु नै मेरा लागि अक्षर हुन् । अक्षरसँगको सङ्गतबिनाको जीवनको कल्पना गर्दा पनि मलाई कहाली लागेर आउँछ । त्यस अर्थमा पुस्तक मेरो अनिवार्य आवश्यकताभित्र पर्छ र त्यसमध्ये पनि साहित्यिक पुस्तकहरू मेरा कमजोरीमै पर्छन् । साहित्यिक विधामा संस्मरणविधा पनि मेरो प्रिय विधा हो । साहित्यको संस्मरणका माध्यमले कुनै पनि व्यक्तिको अतीतलाई अध्ययन गर्दा तत्कालीन समय र परिवेशबारेको अध्ययनले म रोमाञ्चित हुने गर्छु । यसै प्रसङ्गमा तपाईंको *काँडेघारीको यात्राले* पनि मलाई तान्यो । मैले निकै मन लाएर तपाईंद्वारा लेखिएको उक्त पुस्तक पढें ।

दस वर्षको उमेरमा विवाह भएकी अर्थात् बालविवाहकी सिकार कविता भाउजू- सर्वप्रथम तपाईंलाई आफ्नै *काँडेघारीको यात्रा* वर्णन गर्नुभएकोमा म हार्दिक बधाई ज्ञापन गर्छु । अक्षरसम्म पनि नचिनी नै वैवाहिक जीवनमा प्रवेश गरेर सङ्घर्षमय जीवन यापन गर्दा पनि तपाईंले शिक्षाप्रति जागरुक भएर केवल अक्षर मात्रै सिक्नुभएन, तपाईंले त साहित्यको क्षेत्रमा प्रवेश गरेर आफ्नै जीवनानुभूति बाँढ्ने प्रेरक कार्यसमेत गर्नुभएको छ । शिक्षा र अवसरको सुखद संसारमा डुबुल्की लगाइरहेका, सभ्यता र शिक्षाका सशक्त व्यक्तित्वका अहङ्कारले चुलिएका सम्पूर्ण ती स्वनामधन्य नारीहरूका लागि तपाईंको साहित्यिक यात्रा एउटा गतिलो झापड हो । साथै यो कृति एउटा झापड मात्र होइन, चेतनाको द्वार खुलाउने चेताउनी पनि हो । यसबेला तपाईंका कर्मले तपाईं स्तुत्य हुनुभएको छ । कविता भाउजू- तपाईंलाई अक्षरका संसारकी एउटी फुच्ची अक्षरको खेलाडीको न्यानो अभिवादन छ, नेपाली साहित्य संसारमा आफ्नै सग्लो कृतिमार्फत् आफ्नै बलियो उपस्थिति जनाउनुहुने तपाईंलाई मेरो साहित्यिक सलाम छ ।

कविता भाउजू- *काँडेघारीको यात्रामा* वर्णन गरिएका तपाईंका कष्टकर जीवनकथा पढ्दा मैले मेरी आमाको जीवनकथा सम्झें । उहाँको पनि दस वर्षकै उमेरमा विवाह भएको थियो । उहाँले पनि तपाईंले जस्तै हन्डर खानुभएको कथा मैले मेरो बाल्यकालमा नै उहाँको मुखबाट सुनेकी थिएँ । तत्कालीन समयमा हाम्रो समाजमा नारीले भोग्नुपरेको विसङ्गतिको दारुण कथा पढ्दा मेरो मन आफूलाई सादृश्य गरेर विह्वलित भएको थियो । तपाईं एकातिर बालविवाहको सिकार हुनुभएको र अर्कोतिर दिनभरिको परिश्रमपछि पनि पेटभरिको अन्नको अभावको कारुणिक अवस्थामा परेको पढ्दा म पीडाकूल भएँ । तर पतिका रूपमा प्रश्रितको व्यवहारले भने मलाई उहाँप्रति थप श्रद्धा व्यक्त गर्न मन लाग्यो । तपाईंलाई पढाउने प्रश्रितको इच्छाले बारम्बार खण्डित हुँदै तुहिनुपरेको भए पनि कालान्तरमा प्रश्रितले सफलता पाएको देख्दा मेरो मन औधी रमायो । 'इच्छा गर्न सके पुऱ्याउन सकिन्छ' भन्ने कुराको उदाहरण नै तपाईं दुवैको इच्छा साकार हुनु हो । तपाईंले पनि लेखनकै बाटो हिँडेर साहित्यको फाँटमा भित्रिनु भनेको गौरवको कुरा हो ।

'दुःख पऱ्यो भनेर रुन हुँदैन नानू- नरोऊ, साँझ बजारबाट चामल-दाल लिएर आउँछु र खाऊँला नि- हामी जस्तै लाखौं नेपालीहरू भोकै छन् । देशभरि तिमी

जस्तै लाखौं नारीहरू नाङ्गै छन् । यसरी चित्त दुःखाउनु हुँदैन । हेर, अबेर भइसक्यो । अहिले मलाई जान देऊ छोरी- कटौरामा अलिकति दाल छ । अलि धेरै पानी हालेर पकाउनु र दिउँसो बहिनीलाई खुवाउनू । साँझलाई पनि राख्नू । म राति आउन अबेर भयो भने तिमीले र बहिनीले झोल पिएर सुते है बाबा-' (पृ. १२७)

तपाईंकी जेठी छोरी शैलुले तपाईं सामु रुँदै तिजको चाडका दिनका कुरा गर्दा तपाईले उनलाई ढाढस दिँदै भनेका यी कुरा मलाई ज्यादै मर्मस्पर्शी र प्रेरक लाग्यो ।

त्यसरी खानका लागि अन्नको बन्दोबस्तका लागि खोलापारिको बजारमा गएकी आमा वर्षात्का कारण खोला बढ्नाले एक्कासि खोलावारि आमा र खोलापारि निर्जन स्थानमा बालक छोराछोरी हुनुपरेको मर्मान्त घटनाको वर्णनले पनि मेरो मन रसायो ।

'एकछिनपछि हातमा लालटिन लिएर खोलापारि आएर' आमा हो ? भन्दै छोरी शैलुले रुन्चे स्वरमा बोलाई । एकातिर खोलको गड्गडाहड अर्कातिर सुकेका पातमा पानी बर्सनाले केही कुरा पनि राम्ररी सुनिन्नथ्यो । त्यो वर्षात् र अन्धकारमा खोलापारिबाट छोरीले मलाई देख्न सक्तिनथी । लालटिन समाएकी हुनाले उसलाई भने म देखिरहेकी थिएँ । (पृ. १२८) सम्झें, क्रान्तिकारी काममा लाग्नेहरूका चाडपर्वहरू यसरी नै त बित्छन् । (पृ. १२९) मेरो मनको कोमलांशमा बेस्सरी दुःखाउने अभिव्यक्तिहरू काँडेघारीको यात्रामा मैले प्रशस्तै पाएकी छु ।

'मेरो जीवनका धेरैजसो रात सधैं नै अनिदा हुन्थे ।' (पृ. १३१)

'मलाई आफ्नै सासबाट आगाको ज्वाला निस्केजस्तै अनुभव भैराख्यो ।' (पृ. १३९)

'म त्यस बेला सोच्थें- मलाई नै किन जहिले पनि दुःखैदुःख र अभावै अभावले घेरिरहन्छ ? हुन त संसारमा म जस्तो दुःख पाउने लाखौं-करोडौं परिवार छन् तर हरेक भरियालाई आफ्नै भारी गह्रुँगो लागे जस्तै हरेक मान्छेलाई आफ्नै दुःख सबभन्दा गहिरो लाग्दो रहेछ ।' (पृ. १५३)

तपाईंको काँडेघारीको यात्रामा माथि उल्लेखित वाक्यांश जस्ता हृदयस्पर्शी वाक्यांशहरू मैले प्रशस्तै पाएँ । जीवनको अधिकांश समय अभाव र अप्राप्तिको भुमरीमा बिताउँदै केवल सङ्घर्षसँग मात्रै नाता गाँसिएका तपाईंका अनुभूतिहरू पढ्दा मैले आफूले पाएका दुःखहरू ओझेल परे । तपाईंकै विचारअनुरूप पनि यो पुस्तक तपाईं जस्तिकै या तपाईंभन्दा पनि बढी सङ्घर्षपूर्ण जीवनयापन गर्ने हरेकका लागि प्रेरणादायी हुने विश्वास मलाई लागेको छ ।

कविता भाउजू - तपाईं र मोदनाथ दाइका दाम्पत्य जीवनका प्रसङ्गले पनि यो पुस्तकमा प्रेरक भूमिका निर्वाह गरेको मैले पाएँ - लोग्नेस्वास्नी हुनका लागि चौबीसै घन्टा सँगै बस्नु नपर्ने रहेछ, जीवनका अधिकांश समय अलग्गै बिताउने पुरुष र नारी पनि पतिपत्नी हुँदा रहेछन्, एकअर्कामा विश्वासको बलियो खाँबो बाँध्न सकियो भने पतिपत्नीको सम्बन्ध अजम्बरी पनि बन्न सक्दोरहेछ भन्ने प्रमाण नै तपाईहरूको दाम्पत्य जीवनले दिएको रहेछ । मोदनाथ दाइको यायावर जस्तो जीवनमा पनि तपाईं

जस्ती दृढनिश्चयी, परिश्रमी र बुद्धिमती पत्नी दाम्पत्यको खाँबो हुनुभएकाले नै आज उहाँले पनि परिवाररूपी दाइँ गर्न पाउनुभएको अनुभूति मैले सँगालें ।

'जीवनमा नाताकुटुम्बहरू जति धेरै भए पनि पतिपत्नी जस्तो नजिकको र एकअर्काको दुःखमर्म बुझ्ने अरू कोही हुँदो रहेनछ । पतिपत्नीले एकअर्कालाई गहिरो माया र हार्दिक सहयोग गरेर बस्न पाउनु जस्तो सुख संसारमा अरू केही हुँदो रहेनछ । श्रीमान् श्रीमतीसँगै बस्दा कहिलेकाहीँ केही कुरामा ठाकठुक पनि पर्छ । त्यसरी दुवैको मन दुःखेको बेला संसार अँध्यारै अँध्यारो दुःखैदुःखले भरिएको जस्तो हुन्छ । जब बिस्तारै रिस मर्दै जान्छ, त्यस बेलाको सुख र आनन्दको त वर्णन गर्नै सकिन्न ।' (पृ. १४१)

कविता भाउजू- माथि उल्लेखित तपाईंका विचारहरूले पतिपत्नीका सम्बन्धमा सम्पूर्ण दर्शन प्रस्तुत गर्न तपाईं सन्दर्भको यथार्थ चित्र प्रस्तुत गर्न तपाईं सफल हुनुभएको छ । वास्तवमा मैले पनि अनुभव गरेअनुरूप योभन्दा मीठो दाम्पत्यजीवनको सार्थक परिभाषा अर्को हुनसक्छ जस्तो लाग्दैन । आफ्नै हृदयको कसीमा आफूले पाएका पीडा र वेदनाको सङ्घर्षपछि उब्जिएका तपाईंका यी भावले यथार्थको धरातललाई सिँगारेका छन् ।

कविता भाउजू - काँडेघारीको यात्राभित्र प्रस्तुत भएका बेहोराहरूमध्ये मलाई प्रेरित गर्ने बेहोरा तपाईंका छोराछोरीहरूको विवाहको प्रसङ्ग पनि उल्लेखनीय छ । तपाईंहरू जस्ता सङ्घर्षशील व्यक्तित्वले आफ्नै सन्तानलाई सही मार्ग निर्देशन दिनु योग्य अभिभावकत्वको शाश्वत नमुना हो । तपाईंहरूले आफ्नै तीनैजना छोराछोरीहरूलाई इच्छाविवाह गर्न दिनु, वैवाहिक कार्यक्रम अत्यन्त सहज र सरल तरिकाले सम्पन्न गरिनु जस्ता कुराहरूको समाजशास्त्रीय दृष्टिले पनि ठूलो महत्त्व छ । हिजोआज दिनप्रतिदिन हाम्रो समाज छिमेकी भारतीय समाजको देखासिकीमा लागेर आडम्बरी वैवाहिक कार्यक्रम सम्पन्न हुने गरेको देखिन्छ । एउटा सामान्य परिवारको मानिसले देखासिखी गरेर अडम्बरपूर्ण विवाह गराउन ऋण काँडेर रमझम गरेको पनि सुनिन्छ र देखिन्छ । अर्कातिर अभिभावकत्वको अक्षमताका कारण युवापुस्ता बरालिएको घटना पनि हाम्रो समाजको समस्या नै भएको हो । त्यसैले यस परिप्रेक्ष्यमा तपाईंको कुशल अभिभावकत्वको कारण सही बाटोमा हिँडेका तापाईंका सन्तानका बारेमा जानकारी पाउँदा पनि मलाई अपार आनन्द लागेको छ । हाम्रा सन्तानले पनि यी कुरा मनन गरून् भन्ने लोभले गर्दा नै यस बेला मैले कान्छी छोरी अनुकृतिकालाई काँडेघारीको यात्रा गर्न लगाएकी छु ।

'एउटा मात्र छोराको विवाहमा पनि उनका निम्ति एकजोर नयाँ कपडा किन्न नसकेकोमा मलाई साच्चै नमीठो लाग्यो तर कसैलाई पनि भनिन । त्यस कुराले धेरै दिनसम्म मेरो मनलाई घोचिरह्यो । हुन त क्रान्तिकारी काममा लागेका मान्छेको निम्ति त्यो कुनै खास कुरा हैन । तैपनि छोरामाथिको आमाको माया न हो ।' (पृ.१५९) तपाईंले अभावपूर्ण जीवनमा बिताउनुभएको समयको सूक्ष्म विश्लेषण गर्न यी वाक्यांशले पनि मदत पुऱ्याएको छ ।

कविता भाउजू - काँडेघारीको यात्राभित्र हिँड्दै जाँदा त्यहाँ प्रस्तुत भएका अन्य सबै कुराहरूसँग सहमत भए पनि ती मार्मिक प्रस्तुतिमा मिसिएका राजनीतिक शब्द, वाक्य र अभिव्यक्तिले भने पुस्तकलाई केही तल ओरालेको मलाई अनुभूति भयो ।

तपाईंले आफूलाई सर्वहारा वर्गमा उभ्याउने प्रयत्नका लागि जालिफटाहाका अघिल्तिर सामन्ती शब्दको प्रयोगले पुस्तकको गरिमामा आँच आएको जस्तो मलाई लाग्छ । पुस्तकलाई एउटी साहित्यसाधिकाद्वारा लेखिएको पार्न सकिँदा यसको आयु अझै अक्षुण्ण हुने थियो तर एउटी कम्युनिस्ट कार्यकर्ताको कलमद्वारा मात्रै लेखिँदा पुस्तकमा प्रस्तुत विचारहरू झन्डै अपाङ्ग भएको जस्तो मलाई लाग्यो ।

"जे सुकै भए पनि बहुदलीय व्यवस्थाभन्दा तानाशाही पञ्चायती व्यवस्था राम्रो थियो भन्नु 'मेरो गोरुको बाऱ्है टक्का' भन्नुजस्तै हो । त्यो व्यवस्थामा राजा, कर्मचारी, मन्त्री र पुलिसहरूले जति अत्याचार गरे पनि चुइँक्क बोल्न पाइन्नथ्यो ।" (पृ. १६०)

हो, कविता भाउजू - बोलेर विचार व्यक्त गर्न पाउनु राम्रो कुरा हो तर तपाईंहरूले त्यत्तिको सङ्घर्ष गरेर ल्याएको बहुदलीय व्यवस्थाले पनि 'काग कराउँदै गर्छ पिना सुत्तै गर्छ' गरेन र ? कविता भाउजू - राजनीतिक व्यवस्था कुनै पनि नराम्रो हुँदैन, व्यवस्था सञ्चालन गर्ने व्यक्तिमा नै त्यो व्यवस्थाको गुण र दुर्गुण निहित हुँदोरहेछ भन्ने कुरा अब त तपाईंले पनि बुझ्नुभयो होला नि- अथवा तीस वर्षे पञ्चायती व्यवस्था र बाऱ्ह वर्षे बहुदलीय व्यवस्था कुनचाहिँ बढी तानाशाही भयो भन्ने पनि बुझ्नुभयो त होला ।

'आजसम्मको इतिहासमा यति साऱ्हो निष्ठुर भएर नेपालीले नेपालीलाई यति ठूलो मात्रामा कहिल्यै पनि मारेका थिएनन् होला ।' (पृ. १९१)

राजनीतिक फरक मतका कारण हरेक राजनीतिक व्यवस्था आफ्नै शक्ति प्रदर्शन गर्छ भन्ने उदाहरण पनि हाम्राअघि प्रस्तुत भइसकेकै कुरा हो ।

'एमालेले पाँच वर्ष सरकार चलाउन पाएको भए देशको मुहार नै फेरिने थियो ।' (पृ. १६०)

कविता भाउजू - मैले जानकारी पाएअनुसार बहुदलीय व्यवस्थामा त प्रतिपक्षको भूमिका पनि ज्यादै महत्त्वपूर्ण र निर्णायकसमेत हुनुपर्ने हो । तर प्रतिपक्षको भूमिका निर्वाह गर्ने एमालेले काँग्रेसलाई देश रसातलमा पुऱ्याउन सदा सहयोग गरेको अर्थात् काँग्रेससँगको भागवण्डाको राजनीतिमा सङ्कलन रहेको कुरा जगजाहेर नै छ । यसबाहेक नौ महिने मन्त्री खाने एमालेका नेताहरू फाटेका चप्पलबाट पजेरोमा पुगेको सत्य सर्वाविदित छ । यस अर्थमा पाँच वर्ष एमालले शासन गर्न पाएको भए जनताका भागमा अहिले झैं फुस्सा नै पर्ने थियो र केही वामपन्थी नेताले भने पक्कै पनि हवाइजहाज वा हेलिकप्टर आफ्नै सम्पत्तिका रूपमा जोड्ने थिए भन्ने कुरा पनि उनीहरूको त्यही नौ महिने कार्यकालमा नै टड्कारो देखियो ।

कविता भाउजू - म राजनीति पटक्कै जान्दिन र अर्कातिर तपाईं राजनैतिक कार्यकर्ता हुनुभयो । त्यसैले हामीबीच विचारको तालमेल नमिल्न पनि सक्छ । तर म पनि देशलाई माया गर्ने एउटी प्रजातन्त्रकी हिमायती लेखकधर्मी भने हूँ । यसै नाताले पनि तपाईंले जस्तै सम्पूर्ण बहुदलवादी नेताहरूले यत्तिको कष्टपूर्ण सङ्घर्षपछि पाएको बहुदलीय व्यवस्थालाई फलाउन फुलाउन किन लागिनपरेका होलान् भन्ने प्रश्नचाहिँ मेरा मनमा उठ्ने गर्छ । आफूलाई महान् र त्यागी नेता भनाउँदाहरूले निजी स्वार्थभन्दा माथि उठेर देशलाई माया गर्न किन नसकेका होलान् जस्तो पनि लाग्छ ।

कविता भाउजू - राजनीतिक कुरालाई बिर्सेर म फेरि तपाईंकै लेखनमा केन्द्रित हुन पुगें । पुस्तकलाई विषयवस्तु अनुसारले शीर्षकमा विभाजन गर्नु पाठकको अध्ययन रुचि बढाउन उपयुक्त हुन्छ तर काँडेघारीको यात्रामा कतिपय शीर्षकचाहिँ एकअर्कामा गाभिएको भए हुन्थ्यो जस्तो मलाई लाग्यो । त्यसै गरी पुस्तकभित्र नेपाली पश्चिमी भाषिकाका शब्द प्रस्तुत गरिनु जति रमाइलो भएको भए ज्यादै उपलब्धिमूलक हुने थियो जस्तो पनि मलाई लाग्यो । यसै गरी पुस्तकमा मुद्राराक्षसले पनि आफ्नै उपस्थिति देखाउनाले भात खाँदा दाँतमा ढुङ्गा लागेको अनुभूति मलाई भयो ।

कविता भाउजू - समग्रमा काँडेघारीको यात्रा मेरो लागि समेत प्रेरक पुस्तक भएको छ । तपाईंले बिताउनुभएको कष्टकर जीवनका पानाहरू पल्टाउँदै जाँदा मैले आफ्नै सम्पूर्ण दुःखहरू धेरै मसिना भएर हराएको महसुस गरें । यस्तो प्रेरक पुस्तक प्रकाशनका क्रममा प्रेरक भूमिका निर्वाह गर्ने साहित्यकार अनिल पौडेललाई म धन्यवाद दिन चाहन्छु ।

मोदनाथ दाइलाई पनि म श्रद्धासुमन अर्पण गर्छु जसले आफ्नै सहधर्मीणीलाई अक्षरज्ञान मात्र दिनुभएन बरु यथार्थमा आफ्नै साहित्यिक मार्गकी सहयात्रीसमेत बन्ने प्रेरणा दिनुभयो । स्वस्थानी व्रत कथाको फलस्वरूप हरेक कन्याकुमारीले महादेव पनि पाऊँ भने झैं मचाहिँ हाम्रो नेपालका सम्पूर्ण निरक्षर नारी जातिले मोदनाथ दाइ जस्तै गुण भएका पति पाऊन् भन्ने प्रार्थना गर्छु ।

चाँडै तपाईंको अर्को पुस्तक पनि पढ्न पाउने अभिलाषाका साथ आजलाई यति मात्र ।

सधैं तपाईंको भलो चिताउने
आई. प्रसाई

*समष्टि*, २०६० जेठ-असार

## उर्मिला पोखरेल

### यो एउटी कविताको मात्र कथा हैन

*उर्मिला पोखरेलले यस लेखमा कविता पौडेलको काँडेघारीको यात्रालाई कविता पौडेलको मात्र सङ्घर्षको यात्रा नभएर सिङ्गो नेपाली नारीको सङ्घर्षको दस्तावेज भएको बताएकी छन् । उर्मिलाले यहाँ काँडेघारीको यात्रालाई यथार्थका रूपमा लिएकी छन् ।*

"जीवन त्यसै पनि सङ्घर्ष हो । त्यसमा पनि हामी क्रान्तिको बाटोमा लागेका कम्युनिस्ट हौं । हामी सामन्ती निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधमा नलागेका भए पक्कै हामीले त्यस्ता दुःख व्येहोर्नु पर्ने थिएन । प्रश्रितजी लुम्बिनी कलेजमा पढाउँदा-पढाउँदै, हाइस्कुलको प्रधानाध्यापक भएर काम गर्दागर्दै जेल पर्नुभएको थियो । उहाँ आयुर्वेदका डाक्टर पनि हुनुहुन्छ र लेखक, चित्रकार, पत्रकार पनि हुनुहुन्छ । राजनीतिमा नलागेको भए उहाँले प्रशस्त कमाउन सक्नुहुन्थ्यो । म पनि धेरै काम उहाँले सक्थें। छोराछोरीलाई राम्ररी पढाएर धेरै आरामसाथ हामी बस्न सक्थ्यौं । तर देशमा तानाशाही व्यवस्थाको दमन देख्दा हामीले सहन सकेनौं र श्रीमान्-श्रीमतीले सल्लाह गरेर नै राजनीतिमा लागेका हौं । त्यसैले दुःख र कष्टहरूले हामीलाई घेरिदैरहनु स्वाभाविकै हो । फेरि पनि हामी मान्छे हौं । मानिसका कमजोरी हामीभित्र पनि छन् । त्यसैले साह्रै अप्ठेरो पर्दा हामीलाई दुःख लाग्छ, आँसु आउँछ, मन दुःखछ, त्यस्तै त हो नि संसार ।"

जीवनका बारेमा व्यक्त गरिएका यी विचारहरू जीवन सङ्घर्षको क्रममा खारिएकी कविता पौडेलको अभिव्यक्ति हो । उहाँको हालै प्रकाशित कृति काँडेघारीको यात्रामा उहाँले आफ्नो आत्मसंस्मरणका दारुण जीवनको चित्र उतार्नु भएको छ । यति मात्र हैन, यस कृतिमा उहाँले हिजो पञ्चायतविरोधी राजनीतिक आन्दोलनमा लागेको एउटा परिवारले थप कति हन्डर र पीडा भोग्नु परेको थियो भन्ने कुराको पनि सजीव चित्र कोर्नु भएको छ । नारीले अगुवा सोच बोकेर सामाजिक सुधारको काममा अघि बढ्दाको सङ्घर्षको झलक पनि यसमा पाइन्छ ।

यसबाहेक साहित्यकार र राजनीति मोदनाथ प्रश्रितलाई सङ्घर्षमय कठिन जीवनयात्रा पार गरेर साँच्चै नै 'प्रश्रित' बन्नमा सहयोद्धा जीवनसँगिनी कविता पौडेलको कत्ति महत्त्वपूर्ण योगदान थियो भन्ने कुराको खुलासा पनि यो पुस्तकले दिएको छ । प्रश्रित र उहाँको धेयप्रति श्रीमती कविता पौडेलको भौतिक शारीरिक र मानसिक ऐक्यबद्धता र उदात्त समर्पण अत्यन्त सम्मानयोग्य देखिन्छ । किताब पढिसक्दा अनुभव हुन्छ- आम नेपाली नारीहरूको जीवन स्वयम्मा एउटा काँडेघारी हो, प्रश्रित जस्ता पूर्णकालीन आन्दोलनकारीहरूका जीवन-सँगीनीहरूको जीवन त झन् बाक्लो काँडेघारी हो ।

त्यसमाथि पनि कविता त आफैं पनि राजनीतिक र सामाजिक आन्दोलनमा लाग्नु भएको छ । त्यसैले उहाँको जीवन कस्तो काँडामय भयो होला ? प्रश्रितको जेल, नेल र हतकडीभन्दा कम कष्टपूर्ण रहेनछ- कविताले जेलबाहिर खप्नुपरेका सामाजिक पीडाहरू ।

यस किताबको भूमिकामा प्रश्रितले व्यक्त गर्नुभए जस्तै- "यो कथा केवल एकजना कविताको मात्र होइन, मात्राको अन्तर होला, तर यो हाम्रो देशका हजारौं क्रान्तिकारी कार्यकर्ता र समर्थक परिवारले देशमा विभिन्न भागमा क्रियाशील भएर आफैं सृजना गरेको साझा कथा हो ।"

वास्तवमै काँडेघारीको यात्रालाई फगत लेखिकाको संस्मरणमात्रै भन्न सकिन्न । यो त्यस्तो एउटा दस्तावेज हो, जसले नेपाली समाजका थुप्रै पाटाहरूको प्रतिनिधित्व गरेको छ । बालककालमै बिहा भएर घर गएकी बुहारीलाई गरिबी र असचेतनाले ग्रस्त सासूको बुहार्तन खप्न गाऱ्हो भएको प्रसङ्गदेखि लिएर पछि पार्टीमा सङ्गठित भई भूमिगत रूपले काम गर्दा खप्नु परेका अप्ठेराहरू, गिरफ्तारी र कारावासहरूसम्मका उहाँका संस्मरणहरू अत्यन्त जीवन छन् । त्यसमाथि उहाँका संस्मरणहरू अत्यन्त जीवन्त छन् । त्यसमाथि उहाँले आइमाईले हलो जोत्नु हुन्न, छानु छाउनु हुन्न, मलामी जानु हुन्न र खसी काट्नु हुन्न भनिएका कुरीतिहरूलाई ठाडठाडै व्यवहारले चुनौती दिनु भएका प्रसङ्गहरू थप रोचक र प्रेरणादायी छन् ।

छोरो पाउन दोस्रो बिहा गर्ने कविताका पिताजी, आमाहरूको सौतेनी व्यवहार, आमाको दृढताका सामु निहुरिन नमानेको बाबुको 'अहम्' र सन्यास धारण अनि शंकास्पद मृत्यु, अभाव र गरिबी, माइतीले पनि ढाडस दिन नसकेको छोरीको अवस्था, मदन पुरस्कारमा प्राप्त चाँदीको प्रमाणपत्र बेचेर पढाएको भाइले पछि दाजु भाउजूले बाध्य भएर घर बेचेको कुरामा रिसाएर १० कक्षा पढ्दै गरेको भतिजालाई पठाउन सक्दिन भनी लखेटेको प्रसङ्ग, दाजु भाइले आमालाई पत्तै नदिई घरबार बेचेर बसाइ सर्न गरेको निर्णय आदि आदि प्रसङ्गहरूले हाम्रो परम्परागत समाजको विसङ्गतिपूर्ण प्रवृत्तिको तस्बिर जस्ताको तस्तै खिचेको पाइन्छ ।

कविताले निरन्तर श्रम र साहस गरेको कुराले नारी पाठकहरूलाई ठूलो हौसला दिन्छ । उहाँले उमेर घर्केपछि पनि पढ्न थालेको र औषधी उपचार सिकेको जस्ता प्रेरक प्रसङ्गमा पाठकले नारीलाई उच्च शिक्षा र सीपको अत्यावश्यकता तीव्र रूपमा अनुभव गर्छ । कविताको समकालीन समाजका बालविवाह, अनमेल विवाह, बहुविवाहका दुष्परिणामहरू, अबला र विधवा नारीलाई सामन्ती समाजले गर्ने दुर्व्यवहार, एक्ली महिलामाथि हुने गुन्डागर्दी आदि विकृतिहरू हाम्रो समाजका आजको समयका पनि यथार्थहरू हुन् ।

पुस्तक पढ्दा कविता पौडेल क्रमशः एउटी जब्बर, सचेत दृढ महिलामा विकसित हुनभएको प्रस्ट हुन्छ । उहाँको परिवार नै सामाजिक राजनैतिक आन्दोलनमा जोडिएको प्रसङ्ग पनि प्रेरणाप्रद पाइन्छ । समग्रमा भन्नु पर्दा कविता पौडेलको यो कृतिबाट नेपाली नारी र पुरुष दुवैले धेरै कुरा सिक्न सक्छन् । यसर्थ यो पाठनीय र सङ्ग्रहणीय कृतिका निम्ति उहाँ बधाइ र धन्यवादकी पात्र बन्नु भएको छ ।

*मूल्याङ्कन*, २०५९ माघ-फागुन

## डा. कपिलदेव लामिछाने

### कविता पौडेलको आमाहरू उपन्यास : युद्धविभीषिकाको अभिलेख

*माझठाना-१, कास्कीमा २०१५ मा जन्मे पनि डा. कपिलदेव लामिछाने विगत २८ वर्षदेखि रूपन्देहीको भैरहवामा बस्दै आएका छन् र साहित्य सिर्जना र लेखनको मूल थलो पनि भैरहवालाई नै बनाएका छन् । त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर र गाउँखाने कथामा विद्यावारिधि गरेका लामिछाने भैरहवा क्याम्पसमा कार्यरत छन् । सिर्जना, समालोचना र अनुसन्धान गरी उनका अहिलेसम्म दुई दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भएका छन् । प्रस्तुत समालोचनामा कविता पौडेलको आमाहरू उपन्यासलाई नारीप्रधान नेपाली उपन्यासका लाममा राखेर हेर्नुका साथै एक युद्धविभीषिकाको अभिलेखका रूपमा रहेको निष्कर्ष निकालिएको छ ।*

### १. प्राक्कथन

नेपालको राजनीति, साहित्य र सामाजिक रूपान्तरणको इतिहासमा कविता पौडेल परिचित नाम हो । २००२ साल माघ ६ गते रयेले, पोखराथोक, अर्घाखाँचीमा आमा बुधकुमारी गौतम र बुवा दुर्गाप्रसाद गौतमकी सुपुत्री कविता पौडेलले १६ वर्षकी हुँदा साक्षर भई २९ वर्षको उमेरमा प्रवेशिका गर्नुभयो । ढिलो गरी अध्ययन र स्वाध्ययन गरेर पनि बालचित्कार (२०६२), हीरा (२०६३) र आमाहरू (२०६६) जस्ता उपन्यासहरूबाट उनले नेपाली उपन्यासका फाँटमा आफ्नो उपस्थिति दरो गरी दर्ज गरेकी छन् । प्रस्तुत सन्दर्भमा २०६६ सालमा तन्नेरी प्रकाशन, काठमाडौँबाट प्रकाशित उनको आमाहरू उपन्यासको अन्तर्वस्तु तथा रूपविन्यास केलाउँदै यसलाई नारीप्रधान नेपाली उपन्यासका लाममा राखेर हेरिएको छ ।

### २. आमाहरू उपन्यासको अन्तर्वस्तु

आमाहरू उपन्यासको अन्तर्वस्तु द्वन्द्वको पीडा र व्यथा हो । अन्तर्वस्तु जान्न पहिले यसको कथावस्तु हेर्नुपर्ने हुन्छ । यसको कथावस्तु रुकुम जिल्लाको एउटा गाउँबाट सुरु भएको छ । उपन्यासले थालनीमै द्वन्द्वको सन्त्रासपूर्ण वातावरण देखाएको छ । तुलसीमाया साँझको समयमा ६० वर्षको उमेरमा चार छोरा र चार छोरी भएर पनि एक्लै परेको थन्थनाउँदै दुःखेका घुँडा मुसार्दै गरेका बेलामा तीनजना तन्नेरी केटा आएर भात पकाउन भन्छन् । तुलसीमाया आनाकानी गर्छिन् । यस्तैमा घाँसको भारी बोकेर कान्छी छोरी कमला आइपुग्छे । ऊ पनि बाहिरिया मान्छेका लागि भात पकाउने कुरा अस्वीकार गर्छे, जसले गर्दा तिनीहरूले कमलालाई घिच्याएर लग्छन् । तुलसीका पुलिसमा भएका जेठा र माहिला सोलोखुम्बु र साहिँला सल्यानको चौकी उडाउने दोहोरो भिडन्तमा परेर मरेका र कान्छा कमललाई माओवादीले लगेका थिए । कान्छी

कमलाको आस थियो, त्यसलाई पनि माओवादीले अपहरण गरेर लगेकाले उनी घरमा एक्लै परिन् । जेठाजुको छोरो उमेश शिक्षक थियो । माओवादीको मागअनुसार पचास हजार चन्दा नदिएकाले घरनजिकै रूखमा बाँधेर काटेर हत्या गरेकाले गाउँभरि कोकोहलो मच्चियो । कमलाको चिठी विमलले पढेर तुलसीलाई सुनायो । कमलालाई माओवादीले अपहरण गरेर लगेपछि उसको सामूहिक बलात्कार गरेका र पुलिसले निर्धा व्यक्तिहरूलाई मार्ने गरेको, अब त्यहाँबाट भाग्न पनि नसक्ने भएको जस्ता त्रासद कुराहरू थाहा पाई अब कमला फर्कने आशा हराएको हुँदा देशमा अन्यत्र कहाँकहाँ केके भएको छ बुझ्न भनेर खण्डहर जस्तो सुनसान घर छाडेर हिँडिन् ।

तुलसी घर छाडेर सानाघरे बूढाकहाँ पुगिन् । माओवादी अभियोगमा छोरो झैमनेलाई पुलिसले घरैबाट लगेर गोली हानी हत्या गरेको थाहा पाइन् अनि माथि काउलेमा गइन् । त्यहाँ पुलिसमा भएका तीनै जना दाजुहरूलाई माओवादीले हत्या गरेकाले खैलाबैला र रुवाबासी भएको देखिन् । त्यसपछि भुल्केपानी खुमा बहिनीकहाँ गइन्, तर त्यहाँ पनि घरमा ताला लागेको थियो । त्यहीँ पेटीमा बसिन् । पछि माओवादी कार्यकर्ता आएर लम्कीधम्की गर्दै सुराकी भन्न थाले । जेठो बलेलाई आफूहरूले सुट गरेको जानकारी दिए । उनले आफ्नो स्थिति बताएपछि त्यो रात त्यही घरको पेटीमा बस्न सहमति दिए । त्यहीँ सुतेझैँ गरेर तिनले तिनीहरूका कुरा सुनिन् । भुल्केको प्रहरी चौकी हान्ने तयारी रहेछ । ख्वाउनू, लैजानू, नख्वाए नतिजा राम्रो हुँदैन, चुक्ली लाए साफ पार्नू यस्तै आदेश थिए । भोलिपल्ट यहाँको बूढाले हाम्रा रिपोर्ट सबै पुलिसलाई बुझाउने र हाम्रा साथीहरूलाई मराउने गरेकाले उसलाई सुट गरियो, अरू परिवारलाई पनि गाउँनिकाला गरियो भनेको सुनिन् र त्यहाँको अवस्था थाहा पाइन् । खुमा बहिनीको घरको यस्तो हालत देखे-सुनेर दुःखी हुँदै उनी त्यहाँबाट तल गोटी भन्ने ठाउँमा पुगिन् । त्यहाँ दुई 'भाइबैनी' भेटिन् । बालाई मारेकाले आमा शोकले मरेकी र दुई दाजुलाई अपहरण गरेर लगेकाले एक्लै परेको, खान नपाएको बताए ।

राजुखोले कान्छा हमालको घर/रुन्जतीको घर खोज्दै जाने क्रममा छेउकै जेठानीको घरमा पुगिन् । रुन्जतीको जेठानीसँग छोराछोरीबारे सोध्दा छ छोरीमुनि चार भाइ गरी दस सन्तान भएको, जेठो पुलिस इन्स्पेक्टर अरू सबै हवल्दार सोलुकाण्डको दोहोरो भिडन्तमा सबै मरेको, उता छोरीहरूमध्ये जेठी छोरीको छोरो (नाति) गोविन्द पाण्डेले गुलरियाबाट पुलिस र माओवादी दुवैतिरबाट सन्त्रस्त, उत्पीडित भएको आमालाई पुलिसकी दिदी भनेर हत्या गरेको बाबुलाई सुराकी भनी अपहरण गरेर लगेको, दुई काका र ठुली बहिनी सुष्मालाई पुलिसले आँगनमा सोत्तर पारेको भनी लामो विवरणात्मक पत्र लेखेको बताइन् । अरू पाँचवटी छोरीमध्ये दुईवटी भारततिर गएको, एउटी झापामा, एउटी नेपालगन्जमा र एउटी माओवादीमा लागेको बताइन् ।

अनि उनी बहिनी रुन्जतीकहाँ गइन् । रुन्जतीको लोग्ने (ज्वाइँ) सल्लेरीमा शिक्षक थिए, चारघन्टा हिँडेर जानुपर्ने, स्कुलबाट फर्किंदा माओवादीको आशङ्कामा पुलिसद्वारा हत्या भएको र माओवादीले मारेका भनेका, छोराहरूमध्ये एक भाइ भारतको पुलिसमा र दुई भाइ नेपालकै पुलिसमा दसै दिनमा किरियाबाट उम्केर जान खोजेका, तर त्यसै दिन माओवादीले कोरामा रहेकै अवस्थामा हत्या गरेका, बाबुको हत्याराको खोजी गर्दै हिँडेकी

छोरी सीतालाई पुलिसले अभद्र व्यवहार र बलात्कार गरी फालेको र छ महिनापछि बाहुन ख्वाउन पात टिप्न गएका तीनवटी विधवा बुहारीहरूलाई वनमै पुलिसले माओवादी ठानेर हत्या गरेको, सीताले दागबत्ती दिएकी, बाबुको हत्यारालाई कारवाही गर्ने अठोटका साथ सीता पनि माओवादीमा लागेकीले आफू अब एक्लो भएको जानकारी गराइन् ।

मान्द्रेको चौकी हान्दा धेरै मानिसहरू लास परेका । एक्लो घर कुर्नुको औचित्य नदेखी नातापाता भएका ठाउँमा जाने-भेट्ने र देशको हाल बुझ्ने भनी दुवै त्यस घरबाट प्रस्थान गर्छन् । घरबाट निक्लेर रुन्जतीको जेठाजुकहाँ पसे । भुल्केमा बहिनी शकुन्तलाको घरको बिजोग परैबाट हेरे । त्यहाँ माओवादीको आमसभा रहेछ । कमल, कमला आएका छन् कि भनेर साँझ तुलसीको घर नै घरमा पुगे । घर माओवादीले सेल्टर बनाएछन् । बन्दुक र खरखजानाले भरेछन् । आ आफैं अपमानित भएर बाहिर पेटीमा रात गुजारे र भोलिपल्ट त्यहाँबाट हिँडे । मेल्चेको डाँडो काटेर उनीहरू सुमनिया खोलामा पुग्दा बगरमा दसबारओटा आधा पुरिएका लासहरू देखे । त्यसपछि एउटा गाउँमा पुगे र एउटी बुढीकहाँ बसे । बूढीका छोराछोरीलाई माओवादीले लखेटेकाले कोही भारततिर गएका र कसैलाई माओवादीले मानव-ढाल बनाएर लगेको थाहा पाए ।

अर्को दिन उनीहरू अमलेटार पुगे । त्यहाँ छाप्रामा रात काटे । त्यहाँबाट माग्दै-खाँदै-हिँड्दै उनीहरू तीन दिनमा नेपालगन्जमा पुगे । नेपालगन्जमा साहिँली छोरी सपनाको घर थियो र मनमा सपनालाई भेट्ने तीव्र इच्छा थियो । त्यहाँ सपनाको जेठाजुसँग भेट भयो । स्कुलका पियन ज्वाइँलाई सुराकीको आरोपमा माओवादीले र चौकीको भिडन्त हेर्न जाँदा नाती र तीन महिनापछि तीन नातिनी र सपनालाई पुलिसले सोत्तर पारेको जानकारी पाए । अम्बु (नातिनी) काका-काकीकहाँ दाङमा गएको र अहिले घर खाली भएको जानकारी पाए र उनीहरू सपनाको खाली घरमा गएर बसे । रातभरि बन्दुक पड्केको आवाज आइरह्यो । भोलिपल्ट स्कुलनेर लासको खात देखे । सुराकीको आधारमा प्रहरीले हस्तक्षेप गरेर माओवादीको ठूलो खती गरेको रहेछ ।

त्यसपछि उनीहरू दाङ जाने भनी हिँडे । नेपालगन्जको बसपार्कबाट पैदल प्रस्थान गरे । राती पर एउटा झुपडीमा बास बसे । त्यहीं साइटोलाको विष्णुसँग उनीहरूको भेट भयो । विष्णु माओवादीको सचिव भएको थाहा पाए । विष्णुसमक्ष माओवादी ज्यादतीको निन्दा गरे । त्यहाँबाट हिँडेका उनीहरूले बाटामा रुकुमकै तीनजना केटीहरू भेटे । माओवादीबाट भाग्न खोजेका तर आँट गर्न नसकेको पीडा व्यक्त गरे । उनीहरू दिउँसो जनवादी बिहेको भोजमा संलग्न भई भोज खाई दिनभरि हिँडे । बाटो बिराएर हिँड्दा राति रुन्दै-भिज्दै अनायास जङ्गलको बीचमा माओवादी प्रशिक्षण शिविरमा पुगे । सुरुमा सुराकी भनी शङ्का गरे पनि पछि एकजनाले मैले चिनेको छु शङ्का नगरे हुन्छ भनेपछि उनीहरू त्यहीं बसे । छोरा कमलसँग भेट भयो र उसले घरमै बस्नुपर्ने भन्यो । दाजुहरू मरिसकेको र दाङ आक्रमणको तयारी भइरहेको जानकारी गरायो । उनीहरू सौराहा गाउँमा रात बिताए र भोकभोकै तीन दिन हिँडेर दाङ पुगे ।

दाङ तुलसीपुर पुग्दा रातको आठ बजिसकेको थियो । नौ बजेदेखि कर्फ्यु लाग्थ्यो । बाटामा एक जना भेटियो । उसैका घरमा गए, दालभात खाए र त्यहीं

गोठमा पराल ओछ्याएर सुते । भोलिपल्ट अम्बुका काका र अम्बुसँग भेट भयो । अम्बु सपनाकी जेठी छोरी । राति दाङ आक्रमण भयो । ठूलो हताहती भयो । माओवादीका लास डोकामा उठाएर खोलामा पुऱ्याए । उनीहरू पनि आक्रमण हेर्न गए । प्रत्यक्ष देखे । सुरक्षाकर्मीले अपेक्षा गरेअनुरूप थप फोर्स तत्काल आएन र ठूलो क्षति बेहोर्नु पऱ्यो । सरकारको आलोचना भयो । अम्बु नफर्केकीले पिरलो भयो, खोजी भयो, घाइते र उपचार भएको अवस्थामा अम्बु घर आई ।

दाङबाट अब उनीहरू पूर्व ओखलढुङ्गा उषा छोरीको खोजीमा निक्ले । ज्वाईंले हिँड्ने बेलामा एकएक हजार दिँदै बसमा चढेर जानू भनेकाले उनीहरू बसबाट नारायणगढ पुगे र त्यहाँबाट अर्को बस चढेर अगाडि बढे । रातको १२ बजे बीसतीसजनाको समूहले बस रोकेर आगो लगाए । यात्रुहरू बडो बिचल्लीमा परे । झमझम पानी परिरहेकाले सबै निथ्रुक्क भिजे । भोलिपल्ट बिहान अर्को बस आयो र त्यहाँबाट अगाडि जान सके । त्यो बसले उनीहरूलाई कटारीको सट्टा इटहरी पुऱ्याएदिएछ । इटहरीमा एकजनाले घरमा लगेर खाना ख्वायो र ओखलढुङ्गा पैदल जाँदा १५ दिन लाग्ने बतायो । बाटामा रात पऱ्यो भने हाम्रा शिविरमा बस्नुहोला भन्यो । एकएकओटा सफा झोला दियो ।

उनीहरू त्यहाँबाट हिँडेर बेलुका पातले खोलामा रहेको माओवादी शिविरमा बसे । त्यहाँ रातमा शिक्षक, विद्यार्थी र व्यापारी समुदायलाई प्रशिक्षण दिने कार्यक्रम भयो । ठूला नेता आए । ठूला नेताबाट उनीहरूले कमलका गोडामा गोली लागेको भए पनि अब ठीक भएको, कमला विराटनगर जेलमा भएको, राजुखोलेहरूलाई माओवादीले नमारेको, सीता अब माथिल्लो तहमा पुगेकी, थानेदारलाई उसकै हातबाट 'सफाया' गरिसकिएको, रून्जतीको श्रीमान्को हत्या गर्ने प्रहरीलाई जनअदालतमा पुऱ्याएको जानकारी र बाटाखर्च स्वरूप तीनतीन हजार समेत पाए । त्यहाँबाट तीन दिनमा धनुषा र चार दिनमा ओखलढुङ्गा पुगे ।

ओखलढुङ्गाको पुलिसचौकी तीन दिन अघिमात्र ध्वस्त भएछ । उषाको जेठाजु सुमनसँग भेट भयो । सुमनबाट तिहारमा टीका लगाइवरी तास-कौडा खेल्न लागेको मौका छोपी भाइ श्याम, भरखर बहिनी बनाइएकी छिमेकी अन्जु सहित सातजनाको हत्या भएको, पुलिसले आलटाल गरेको, माओवादीलाई चन्दा दिएको अभियोगमा उषा र उसको तीन वर्षको छोराको हत्या भएको थाहा पाए ।

ओखलढुङ्गाबाट उनीहरू अब विराटनगर रुन्जतीका आफन्ती भेट्ने भनी हिँडे । साँझ कटारी पुगे र बसको प्रतीक्षालयमा रात काटे । त्यहाँबाट हिँड्दै जाँदा कोन्टी गाउँमा पुगे र शङ्करका घरको पेटीमा बास मागे । काठमाडौं माइतबाट फर्किंदा बसमा माओवादीले आगजनी गरेको र आगैसहित झ्यालबाट हाम फाल्दा श्रीमतीको मृत्यु भएको, आमाको किरिया सकेर फर्किन लाग्दा खाना ख्वाउँदा ताना सुनाएको, जाबो बीस मुरी धान नदिएको, सेना र पुलिसमा भएका छोरालाई फिर्ता नबोलाएको, कान्छो छोरो मास्टरले सुराकी गरेको जस्ता आरोप लगाएर पाँचै भाइलाई हत्या गरेको र वनकार्यालयका दुईभाइ ज्वाईं अजय-अमरलाई पनि माओवादीले खोजीखोजी मारेको वृत्तान्त थाहा पाए । घरमा विधवा कलिला केटीहरू लस्करै देखे ।

त्यहाँबाट उनीहरू सात दिन हिँडेर अर्घाखाँची काकाकहाँ पुगे । नेपाली चेलीको वर्षदिनको चाड दर खाने बेला बेलुका सात बजेतिर पररर-पररर दोहोरो बन्दुक चलेको आवाज सुनियो । हाहाकार र सन्त्रास फैलियो । सातवटी छोरीमुनिको छोरो राजु घरमा नभएकाले खोजी हुन थाल्यो । बाहिर निक्ल्ने जस्तो थिएन । दस बजेतिर एउटा घाइते पानी खोज्दै आयो । ऊ पोखरातिरको रहेछ । जबरजस्ती ल्याएका रहेछन् । उसले छाडेर गए खोज्दै पुग्छन्, भारत पसौं कि भएको छ भन्यो र पानी खाएर हिँड्यो । पाका-तन्नेरी धेरै मान्छे सोत्तर भए । सरकार पक्षको बढी मरेको, सरकार पक्षको ठूलो क्षति भँको जानकारी पाए ।

उज्यालो भएपछि उनीहरू बजारतिर गए । बैङ्क, सरकारी कार्यालय सबै ध्वस्त भएका, अझै आगो पुत्ताइरहेको, यत्रतत्र प्रहरी र सैनिकका लाश छरिएको, बन्दुक फालिएको, कतै मासुका लाप्सा कागले खाइरहेको बीभत्स दृश्य देखे । तल गक्षेखोलामा रगतले मुछिएको हात गोडा भाँचिएको र गुहार-गुहार गरिरहेको अवस्थामा भेटियो । उसलाई प्राथमिक उपचारपछि काठमाडौं पठाइयो । यता खोलामा दर्जनौं लास आधा गाडिएको अवस्थामा देखिए । कति गनाउन थालेका थिए । भयावह र बीभत्स दृश्य थियो । त्यो सबै तिनीहरूले अवलोकन गरे । प्रहरीलाई खबर गरिदिए । सन्धिखर्क बजार मसानघाट जस्तै भएको थियो ।

त्यसपछि उनीहरू काका र दाजु भाउजूसँग बिदाबादी भएर बुटवलतर्फ लागे । काकाले बसभाडा दिएका भए पनि उनीहरू पैदलै हिँडे । बुडीचउर पुगेर एउटा घरमा बास मागेका गालीमात्र पाए भने अर्को घरमा धेरै गालीपछि मात्र बास पाए । कहिले चौतारामा रात काटे । पत्थरकोटमा राती रक्सी खानेहरूले उनीहरूले खाना खाएको पैसा तिरिदिए । भोलिपल्ट यात्रुबस माओवादीले जलाइदिएकाले यातायात बन्द थियो । उनीहरू हिँडेर बेथरीको जङ्गलका बिचको झुपडबस्तीमा पुगे । पहिले त माओवादी भनी लखेट्न खोजे, तर आफूहरू माओवादी पीडित भएको जानकारी दिएपछि रूखमुनि बस्न पाए । त्यहाँबाट १०० कि.मी. चार दिनमा हिँडेर बुटवल पुगे भने बुटवलबाट चार दिन हिँडेर स्याङ्जा पुगे । स्याङ्जामा रातको ८ बजेदेखि बिहान ४ बजेसम्म चौकी आक्रमण भइरह्यो । त्यहाँ धनजनको ठूलो क्षति भएको थियो । उनीहरू फालिएका चप्पल बटुली लगाएर त्यहाँबाट हिँडे ।

उनीहरू बेलुका सात बजे पोखरा पुगे । फेवातालको छेउमा आड लागेर रात बिताए । भोलिपल्ट चिप्लेढुङ्गामा पसल गरी बस्ने गाउँले बाबुराम खातीलाई भेटे । कमल र विमल हिजो यहाँ खाना खाएर स्याङ्जातिर लागेका रहेछन् । भेट्ने आसले १० दिन त्यहीं खातीको घरमा बसे । रातमा कमल आयो । आमा छोराको भेट भयो । तुलसीले मान्छे मार्ने धन्दा छाड्न भनिन् । उसले आमालाई यसरी भौंतारिन छाडेर घरमै बस्न भन्यो । बाटातिर पुलिस देखेर कमल हतारहतार महिला वेशमा सजियो, तर पुलिस आएनन् । उसले आमालाई बेनी आक्रमणको तयारी भइरहेको जानकारी दियो र पाँच हजार दिएर हिँड्यो ।

उनीहरू बेनी जानका निम्ति पोखराबाट बिहानै हिँडेर बेलुका लुम्ले पुगे । लुम्लेमा पुलिसको सुराकी गर्ने बूढा र माओवादी वार्ता गुपचुप सुने । बेनी आक्रमणको

तयारीको कुरा थाहा पाए । लुम्लेबाट बेनी एकै दिनमा पुगे (सम्भव छ ?) । बेनीदेखि पर खोचे भन्ने ठाउँमा हिमाल पुडासैनीको घरमा पुगे । त्यहाँ माओवादीको आउजाउ भइरहेको थियो । त्यहीँ खाना खाएर गोठमा परालमा सुते । भोलिपल्ट त्यहाँबाट तल देखिने सैनिक ब्यारेकमा जान चाहे र त्यतै हिँडे । जाँदै गर्दा बाटामा एउटा मान्छेले हातमा पाउरोटी लिएर हिँडेको थियो । भोकले गर्दा उनीहरूले त्यो पाउरोटी मागे, उसले दियो र तिनले खाए । उसले होटेलमा लगेर चिया पनि खुवायो । त्यही होटेलमा एउटा मान्छेले झोला बोकेर आयो र हाटेलकी महिलासँग बाबुरामजी खै ? भनी सोध्यो । दसजनालाई खाना पकाउन भनेको थिएँ । महिलाले सधैँ कहाँबाट सक्नू भनी । उसले त्यसो भए पचास हजार दे, नत्र तेरा छोराछोरी टुहुरा हुन्छन् भन्यो । उसले पचास हजार दिन सक्ने अवस्था थिएन । त्यसपछि सातजना भित्र बसेर पसलेको हत्या गरे, पसल्नीका मुखमा कालो कपडा र हात बाँधिदिएका थिए । स्कुल गएका पाँच छोराछोरी आएपछि रुवाबासी हुन थाल्यो । तुलसीहरूले पुलिसमा खबर गरे । पुलिस धेरै पछि आयो र केरकार गरी सरजमिन गरेर गयो ।

राति सैनिक ब्यारेक हान्ने तयारी भएको हल्लाले बजार बेलैमा सुनसान हुन थाल्यो । आठ बजेबाट दोहोरो हानाहान भयो । यता आँगनमा लास त्यसै थियो । तुलसीहरूले लास कुरे । मध्यरातमा भाष्कर नामको मान्छे (काका ?) आयो । उससँग लुम्ले घरमा सासू र देवर छन्, खबर गरिदिन भनी । रातमा मानिसहरू डोका बोकेर कुदेको देखियो । उज्यालो भएपछि उनीहरू त्यहाँबाट हिँडे । ब्यारेकमा जतातते धुवाँ उठेको थियो । ब्यारेक र बजार ध्वस्त भएको थियो । तीनजना पुलिसले माओवादीलाई खुवाएको पालेको भनी केरकार र कुटपिट गरेको र एकजनालाई कुटीकुटी भिरबाट गुल्ट्याएको र एउटालाई त्यहीँ छाडेको उनीहरूले देखे । उनीहरूले त्यसलाई पानी खुवाई हेल्थपोस्टमा लगी उपचार गराई घरमा पुऱ्याए । घरका मानिसहरू खुसी भए ।

उनीहरू बागलुङ सुमापोखरी फुपूको घर पुगे, तर घरमा कोही थिएन । उनीहरूले त्यही पेटीमा रात बिताए । ती घर माओवादीले खाली गराएका रहेछन् । पुलिसलाई सहयोग गरेको भनी धनीरामलाई सफाया गरेका, अरूलाई धम्काएकाले सबै चार घर खाली गराई कब्जा गरेका र अब घर उनीहरूको सेल्टर भएको, त्यहाँ पनि कमल र कमलाका बारेमा सोधे, तर केही जानकारी नपाएपछि उनीहरू त्यहाँबाट हिँडे । लुम्ले जान भनी हिँडेका भए पनि बाटो बिराएर उनीहरू बागलुङ बजार पुगे । बाटामा चिनेजस्तो लाग्ने एकजनालाई भेटे । ऊ फुपूको छोरा (सोमनाथ) रहेछ । उसैको घरमा पेटीमा रात बिताएर आएका थिए । अनि उनीहरू पसलमा पुगे, जहाँ दाजु भाउजूसँग भेट भयो । सोमनाथले दुई छोरा हरि र रमेश पुलिसमा भएको, घरमा माओवादी आउने-जाने-खाने-भेला गर्ने गरेको, दसैंमा पुलिस छोराहरू आएका, अष्टमीका दिन खसी काटेर पाकेको बेलामा माओवादी आएर काम छ भनी लगेर चिबिरे खोलापारि हत्या गरेका, पुलिस आएर घरकालाई केरकार गरी घरको खानतलासी लिएका र त्यहाँ पुलिस र माओवादीको दोहोरो दमन र हत्या भएपछि माओवादीले चारै घर कब्जा गरेपछि र परिवारका तीस सदस्यमध्ये सातजना मात्र बाँकी रहेपछि बागलुङ बजारमा आई चिया पसल गरी बसेको इतिवृत्तान्त सुनाए । तुलसीमायाहरू तीन महिना बागलुङ बसेर पुनः पोखरातर्फ लागे ।

उनीहरू पुनः पोखरा पुगेर पोखराको सानो होटेलमा पसे । होटेलवाली रुकुम सिवाडको टेकबहादुरकी छोरी मुना रहिछ । मुना पोखरामा पढ्न बस्दा सिवाडतिरकै शिव राना मगरसँग प्रेम विवाह गरेकी रहिछ । मुनाले शिव सिवाड गएका बेलामा माओवादीमा लागेको, मुनालाई पनि त्यतै लागौं मन्त्री भइरहन्छ भनेको, मुना नमानेकी, पाल्पा आक्रमणमा परी शिव मरेको, मुना घरकी न माइतकी भएकी, काखको छोरो लिई घर पुग्दा ससुराले देखी नसहेको, सासूले दिएको पचास हजार लिई सिवाडबाट फर्किंदा दाङमा होटेलमा सुतेको बेलामा तीन बजे बलात्कारको प्रयास भएको, त्यहाँबाट भाग्दा अर्को एक एकल महिलासँग भेट भई बुटवलसम्म सँगै आएकी, सासू र देवरको सहायताले पोखरामा होटेल गरी बसेको जानकारी गराई ।

त्यसपछि उनीहरू मागेर खाने उद्देश्यले काठमाडौं पशुपतिमा पुगे । एक हप्ता धर्मशालामा बिताए, तर फोहोर र तँछाडमछाडको वातावरणबाट दिक्क भए र अन्तमा माग्नुभन्दा काम गर्नु ठीक हो भन्ने निष्कर्षमा पुगे । अनि उनीहरू कामको खोजी गर्दै कालीमाटीको एउटा सामान्य होटेलमा पुगे । होटेलवाला अछामी रहेछ । उसले उसका सेनामा रहेका दुई छोरा दसैंको बेलामा घरमा आउन चाहेका, चौकी आक्रमणको हल्ला थाहा पाई घर नआउन भनेको, दुवै भाइ साँफे बगरमा सरुवा भएकाले घर आएका, माओवादी कमान्डरले सेना छाड्न भनेको, नमानेको हुँदा हातगोडा बाँधी घाँटी रेटेर हत्या गरेको, बसिखान नभएर विस्थापित भई काठमाडौं आएको, केही समय सामाखुसी भान्जाकोमा र अहिले केही समयदेखि भाडाको थोत्रो यस घरमा होटेल चलाएर बसेको, दुई विधवा बुहारी पालेको कथाव्यथा सुनायो ।

कथावस्तु अब उपसंहारतिर लाग्छ । अछामीको सल्लाहअनुसार उनीहरू कागतीको व्यापार गर्न थाले । कालीमाटीबाट कागती किन्ने र त्यहीं सडकको पेटीमा बसेर बेच्ने, २०० को बेच्दा १०० नाफा, ३०० को बेच्दा १२० नाफा भएकाले त्यही काम गर्ने निधोमा पुगे । आफ्नो कमाइ खाँदाको आनन्द नै बेग्लै भएकाले काम गरिखान थाले । उनीहरूले माओवादी र सरकारलाई सत्तोसराप गरे भने हामी भने छोराछोरी भनी खोज्दै घुम्दै ७० जिल्ला पुग्ने तर छोराछोरीले कहिल्यै बाआमा भनेर हामीलाई खोजेनन् भनी चिन्ता व्यक्त गर्दै जनतालाई दुःख दिनेलाई कहिल्यै शान्ति नमिलोस् भन्छन् र उपन्यासको कथावस्तुको अन्त हुन्छ ।

यसरी आमाहरू उपन्यासको अन्तर्वस्तु द्वन्द्वको पीडा र व्यथाले भरिएको छ । आमाहरू उपन्यासको आख्यानलाई सरसरती हेर्दा कथानक रुकुमबाट सुरु भएर नेपालगन्ज, दाङ, इटहरी, ओखलढुङ्गा, कटारी (कोन्टी), अर्घाखाँची, स्याङ्जा, पोखरा, बेनी, बागलुङ, र पुनः पोखरा, काठमाडौं पुगेर अन्त भएको छ । मुख्यतः तुलसीमाया र पछि रुन्जती दुई वृद्ध आमाहरू सन्तान र आफन्तहरूलाई खोज्ने(भेट्ने भन्दै हिँडेका छन् र त्यसै निहुँ वा सिलसिलामा यहाँ देश र जनताको भलो गर्ने भनी देशमा हत्या र हिंसाको ताण्डवनृत्य मचाउनेहरूका देश र जनताका हितविपरीतका हिंसात्मक क्रियाकलापको भन्डाफोर गरिएको छ । आमाहरू हत्या, हिंसाका सिकार पनि भएका छन्, द्रष्टा, भोक्ता र श्रोता पनि भएका छन् र देशका विभिन्न स्थानमा भएका घटनाहरूलाई एउटै सूत्रमा उन्ने काम पनि उनीहरूकै माध्यमबाट भएको छ । कथानक

कहीं बेगले अगाडि बढेको छ भने कहीं मन्द गतिमा अगाडि बढेको छ । सबैतिर एकनासे छैन । कतिपय ठाउँमा बेग्लै प्रसङ्ग र स्थानका कुरा एकै अनुच्छेदमा गाजेमाजे पनि भएका छन् । यस्तो हुनु राम्रो होइन । तुलसीमाया प्रमुख पात्र हो भने रुन्जती, कमल, कमला आदि सहायक पात्रहरू हुन् । यस्ता सहायक पात्र र अन्य गौण पात्रको यहाँ पौल छ । मध्यम आकारको यस उपन्यासले विस्तृत र व्यापक आयाम ओगटेको छ । यहाँ खासगरी २०५४/५५ देखि २०६०/६१ का बीचको कालखण्डमा देशभित्र घटित प्रमुख घटनाहरूलाई समेट्ने प्रयत्न गरिएको छ । घटना र चरित्रहरू यथार्थ हुँदाहुँदै पनि यहाँ तिनलाई सामान्यीकरण गरिएको छ ।

माओवादी कथित जनयुद्धले र सुरक्षाकर्मी तथा उनीहरूका क्रियाकलापले समाजमा बासको समस्या, गासको समस्या, रोजगारी र स्वतन्त्रतापूर्वक आउजाउको समस्या त उब्जाएकै छ । साथै नेपाली समाजको पारिवारिक विघटनको स्थिति सिर्जना भएको छ र सामाजिक सम्बन्ध विच्छिन्न-विच्छिन्न भएको छ । गाउँका घरहरू खन्डहर र सेल्टरमा परिणत भएका छन् । समाजमा सन्त्रास र आतङ्क फैलिएको छ । भविष्यप्रति निराश-हताश र वितृष्णा जन्मेको छ । युवा पुस्ता कि त माओवादीमा बलात् पुगेका छन् कि भने विदेशी गल्लीमा । कनिकुथी भएका रोजगारीका अवसर गुमेका छन् । पेसा-व्यवसाय गरी स्वाभिमानपूर्ण जीवन जिउन सक्ने अवस्था सरकार र माओवादी रवैयाका कारण समाप्त भएको छ । पठन-पाठन र आर्थिक उन्नति अवरुद्ध भएको छ ।

### ३. आमाहरू उपन्यासमा द्वन्द्वको स्थिति

आमाहरू उपन्यासको अन्तर्वस्तु द्वन्द्वको पीडा र व्यथा हो । उपन्यासले थालनीमै द्वन्द्वको सन्त्रासपूर्ण वातावरण देखाएको छ । यहाँ नेपालीहरू दुईतर्फबाट पीडित छन् । एकथरी आउँछन् । खान दे भन्छन् । नदिए ठूलो धनराशि चन्दा माग्छन् । त्यो पनि नदिए सुराकी भनी गिँड्छन्, मार्छन्, हत्या गर्छन् । किम्लासरी मार्छन् । अर्कोथरी आउँछन् । किन खान दिइस् भन्छन् । किन सहयोग गरिस् तिनलाई भन्छन् र माओवादीको बिल्ला लगाई हत्या गर्छन्, मार्छन् । मार्नु यहाँ किम्लामराइ छ । द्वन्द्व सरकार र माओवादी बीचको हो, तर साँढिको जुधाइमा बाच्छाहरू मिचिएका छन् । सर्वसाधारणहरू दुवै खाले अतिवाद-अन्धवाद-बन्दुकवादबाट आक्रान्त छन्, पीडित छन् । तसर्थ आमाहरू उपन्यास त्यस्तै द्वन्द्वपीडितहरूको, युद्धविभीषिकाको एक अभिलेख भएको छ । यहाँ जुनजुन घटना घटेका छन्, ती हिजो मुलुकले बेहोरेको कटु यथार्थ हो, वास्तविकता हो ।

तुलसीमाया र रुन्जती वा आमाहरू यहाँ सर्वसाधारण नेपालीका प्रतिनिधि भएका छन् । उनीहरू द्वन्द्व पीडित छन् । उनीहरू द्वन्द्वका कर्ता होइनन्, पीडक होइनन् पीडित हुन्- शाखासन्तान मारिएका, लुटिएका, अपहरणमा परेका, विस्थापित भएका । उनीहरू द्वन्द्वका द्रष्टा र भोक्ता हुन् । उनीहरू आम नेपालीले झैं हत्याहिंसाको अन्त्य चाहन्छन्, शान्ति चाहन्छन्, विस्थापितहरूको पुनर्स्थापना चाहन्छन् । लालाबाला पालौंला भनी दसनङ्ग्री खियाएर आर्जन गरेको धन वा दुईचार पैसा पनि लुटेराहरूले लुटेर लग्ने, चेलीबेटी अपहरण गरी लगेर बलात्कार गर्ने, पढ्ने-सिक्ने बेलाका कलिला

बालबालिकालाई मन्त्री र सन्त्री बनाउने प्रलोभन देखाई युद्धको अग्निकुण्डमा होम्न जुन काम भएका छन् त्यसलाई आमाहरूले निन्दा गरेका छन्, घृणा गरेका छन् र यस्तो स्थिति उत्पन्न हुनमा तत्कालीन नालायक सरकारलाई मुख्य जिम्मेवार ठहऱ्याएका छन् । आमाहरूको सोच र ठहर सही छ । उनीहरू कागतीको व्यापार गरी स्थिर रूपमा रहन थाल्नु भनेको द्वन्द्वको वा सङ्घर्षको ह्रासको स्थिति हो । उपन्यास यस्तै अवस्थामा पुगेर अन्त भएको छ ।

## ४. आमाहरू उपन्यासको रूपविन्यास वा प्रस्तुतीकरण

आमाहरू उपन्यास यसको अन्तर्वस्तुका दृष्टिले जति समसामयिक, सशक्त, महत्त्वपूर्ण र प्रभावकारी छ, त्यसलाई प्रस्तुत गर्ने शिल्पशैली वा प्रस्तुतीकरण तदनुरूप नयाँ, विशिष्ट र प्रभावकारी छैन । रुकुम, नेपालगन्ज, दाङ, ओखलढुङ्गा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बेनी, बागलुङ, पुनः पोखरा र काठमाडौं जस्ता स्थान नामबाट वा पात्र/चरित्रका नामबाट वा सङ्ख्याबाट परिच्छेद-विभाजन गर्न सकिन्थ्यो । परिच्छेद विभाजन नभएको, केही ठाउँमा परिच्छेद-शीर्षक जस्ता वाक्यांश भए पनि त्यो प्रस्ट नभएको, कतिपय ठाउँमा अनुच्छेद-गठन र वाक्यगठन समेत नमिलेकाले उपन्यास सुपाठ्य नभएर पढ्न-बुझ्न झ्याउलो भएको छ ।

केही घटना र प्रसङ्ग पनि स्वाभाविक छैनन् । माओवादीका पक्षमा बोले सुरक्षाकर्मीले सिद्ध्याउने र आफ्ना विरोधमा चुइँक्क बोल्नेलाई सुराकीको आरोप लगाएर भए पनि अपहरण र सफाया गर्ने त्यो समयमा मानिसहरू हत्तपत्त कसैप्रति पनि खुल्दैनथे । तसर्थ यस्तो अवस्थामा नवपरिचित व्यक्तिहरूले पहिलो भेटमै उनीहरूलाई आफूले पाएका यातना, पीडा र क्षति बारे विस्तारपूर्वक बयान गर्नु तथा सरकार र माओवादीप्रति आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुलाई स्वाभाविक मान्न सकिन्न ।

उपन्यासमा कतिपय घटना, पात्र र शृङ्खला पनि नमिल्दा देखिन्छन् । केही उदाहरण :

(क) तुलसीमायाका तीन छोराका सम्बन्धमा

- माओवादीले अपहरण गरेर लगे । (पृ. ६)
- जेठो छोरालाई अन्धो र भ्रष्ट सरकारका पुलिसले मारे । (पृ .१५)
- पुलिस दुई भाइ कता गए कता । (पृ. १५)
- जेठो र माहिलो सोलु र साहिँलो सल्यानमा मुठभेडमा मरे । (पृ. ७५)

(ख) कमलाको चिठी

- कमलाको चिठी बिमलले तुलसीमायाकै घरमा आएर पढेको । (पृ. ७)
- त्यसपछि उनी उठेर त्यो चिठी च्यापेर घरतिर लागिन् । (पृ. १३)

(ग) बहिनी खुमाको घरमा माओवादीको सेल्टर थियो । घरमा पस्न-बस्न दिएनन् । त्यही सन्दर्भमा पृ.१६ मा

- यसै पेटीमा रात बित्न देओ । (माथि)
- उनीहरू मेरो ढोका ढक्ढक्याउन आए । (तल)
- पेटीमा सुतेको भए ढोका ढक्ढक्याउने कुरा मिलेन ।

(घ) मामाकी छोरी बहिनीको घर

- पारि सिस्नेखोलामा (पृ. १७) र राजुखोले (पृ. १८)

(ङ) हामी दुई भाइबैना हौं । (पृ. १८)

- कि दाजुबैनी कि दिदीभाइ हुनुपर्ने

(च) नेपालगन्ज, सपनाका बारेमा

- पुलिसले तीनओटी नातिनी र सपना छोरीलाई घरको आँगनैमा ठहरै पारे । (पृ.६२)
- दुईटी छोरीका साथ सपनालाई पुलिसले मारे । जेठी अम्बु पल्लो घरको गोठमा गएर लुकिछ, एकछिनपछि जेठी अम्बु आई र रुन कराउन थाली । (पृ.६३)

(छ) गोविन्दको चिठी

- यो चिठी बेहोस हुँदा लेखेको हुँ । (पृ. २७)
- बेहोसीमा लेखिन्छ ? त्यो पनि त्यति लामो चिठी

(ज) तुलसीमायाका छोरी मध्ये उषा साहिँली कि माहिली भन्नेमा प्रस्ट छैन । अन्यत्र माहिली (ओखलढुङ्गा दिएकी) भनिएको, तर पृठ १०२ मा साहिँली भनिएको । साहिँली सपना नेपालगन्जमा रहेकी छ । केही ठाउँमा दाङमा भनिएको छ ।

(झ) हरेक घरमा पेटी भएको कुरा छ । सबै घरमा पेटी हुँदैन ।

यस्ता कमजोरी प्रशस्त छन् । केही त छपाइसम्बन्धी हुन सक्लान्, तर सबै कमजोरी छपाइ सम्बन्धी छैनन् । यसको प्रकाशनपूर्व राम्रो सम्पादन भएको देखिँदैन ।

उपन्यासको भाषा सामान्यतया सामान्य छ । यसले ओगटेको परिवेश पश्चिम रुकुमदेखि पूर्व इटहरीसम्म रहेको छ । फेरि पनि उपन्यासको भाषा पुर्बेली वर्गको गुल्मेली रहेको छ । यहाँ कमिलालाई किम्ला, प्राणलाई परान, बस्यौंलाई बसेम्, भन्यौंलाई भनेम् जस्ता औच्चार्य रूपको प्रयोग भएको छ । यस्तै भाइना, धार्जे, आगाको राङ लगाई, फरङ्ग उज्यालो, बुडी, जस्ता विशिष्ट भाषिक प्रयोग पनि भएको छ । यहाँ सन्दर्भ अनुसार उखानको प्रयोग पनि त्यत्तिकै भएको छ । केही उदाहरण :

- काँचो पिँडालु निल्नु न थुक्नु । (पृ. १३)
- नखाऊँ त गाईको दूध खाऊँ त रौं परेको । (पृ. १३)
- नरहे बाँस न बजे बाँसुरी । (पृ. १५)
- के खोज्छस् काना आँखो । (पृ. २०/१०७/११५)
- गासे गासे एकै नासे । (पृ. ५५)
- साँढेको जुधाइ र बाच्छाको मिचाइ । (पृ. ६४)
- गुहुमा हान्दा मुखमा छिटा । (पृ. ९२)
- उल्टे खुकुरी पल्टे धार, पल्टे खुकुरी उल्टे धार । (पृ. १०५)
- टाढाको माया गहिरो हुन्छ । (पृ. १०६)
- भालुको रिस खन्युँमाथि । (पृ. १२०)
- जता जाला जोगी भातै खाला । (पृ. १२०)
- हरनेलाई भन्दा देख्नेलाई लाज । (पृ. १३६)

- आकाशको फल आँखा तरी मर । (पृ. १५१)
- साँपलाई जति दूध ख्वाए पनि विषै बढाउँछ । (पृ. १५७)

यस्ता उखानको प्रयोगले भाषिक अभिव्यक्तिमा मिठास र जीवन्तता थप्ने काम गरेको छ ।

## ५. नारीप्रधान उपन्यासका रूपमा

*आमाहरू* उपन्यास नारीप्रधान उपन्यासका लाममा उभिएको छ । नेपाली उपन्यासले आधुनिकतालाई वरण गर्दा नारीलाई मुख्य भूमिका दिएको देखिन्छ । *रूपमती* (१९९१) र *सुमती* (१९९१) दुवैमा नारीको प्रधानता छ । *भ्रमर* (१९९३) मा नारीकै खोजी छ । सामन्तवादी सामाजिक पृष्ठभूमिका उपज भएकाले यी उपन्यासले नारीलाई दासी, सेविका, भोग्या र पुरुष अधीनस्थ वस्तुका रूपमा उभ्याएका छन् । मुलुकबाहिर (२००४) मा पनि नारीहरू पुरुषबाट प्रताडित छन् । यस्तोमा हृदयचन्द्रसिंहको *स्वास्नीमान्छे* (२०११) र *एकचिहान* (२०१७) मा नारीले पुरुषसरह समान भूमिका पाएको पाइन्छ । *अनुराधा* (२०१८) र *शिरीषको फूल* (२०२२) ले नारीअस्मिताको खोजी गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाका *तीनघुम्ती* (२०२५) र *सुम्निमा* (२०२५) का नारी पात्रहरू पनि स्वतन्त्र अस्तित्वको खोजीमा रहेका छन् । भागीरथी श्रेष्ठको *मालती* (२०३४), मदनमणि दीक्षितको *माधवी* (२०३९), नकुल सिलवालको *तेस्रो पाइला* (२०४५), भागीरथी श्रेष्ठको एउटा यस्तो आकाश (२०४६), कृष्ण धरावासीको *राधा* (२०६२), पद्मावतीसिंहको *समानान्तर आकाश* (२०६२) र *प्रेम कैनीको अनावृत* (२०६७) जस्ता उपन्यासहरू नारीवादी सोच र चिन्तनबाट प्रभावित छन् । यी उपन्यासका नारी पात्रहरू कि त समर्पणवादी छन् कि भने विद्रोही छन् । यी उपन्यासले नारीलाई दासी, सेविका, भोग्या र पुरुष अधीनस्थ वस्तुका रूपमा उभ्याएका छन् । नारीप्रधान नेपाली उपन्यासको गोरेटोमा *आमाहरू* (२०६६) लिएर कविता पौडेल देखापरेकी हुन् । उक्त उपन्यासमध्ये यो उपन्यास सर्वथा पृथक् छ । यसका समाख्याता नारीहरू छन्, यसका प्रमुख पात्रहरू नारी छन्, यसको कथानकको केन्द्रमा नारी छन्, यसको कथ्यको गर्भमा नारी छन् । यो नारीवादी होइन, नारीप्रधान उपन्यास हो । नेपाली उपन्यासमा नारीप्रधान उपन्यासका परम्परामा *आमाहरू*ले विशेष स्थान राख्दछ । यसमा नारीहरू पुरुषको सामन्तवादी सोच र चिन्तनबाट आक्रान्त भएका छन् भने उग्र वामपन्थीहरूको शब्दजालभित्र लुकेको यौनलिप्साका सिकार र तिनका हत्याहिंसाका कारण गहिरो पीडा भोग्न विवश पनि छन् ।

## ६. निष्कर्ष

*आमाहरू* उपन्यासले नेपाली नारी उपन्यासका परम्परामा एक फड्को मारेको छ । यसमा छपाइ तथा रूपविन्यासगत केही कमजोरी भए पनि यसले आत्मसात् गरेको र समेटेको सशक्त र यथार्थपरक अन्तर्वस्तुले गर्दा उपन्यास महत्त्वपूर्ण हुन पुगेको छ । यसमा नारी केन्द्रीयता छ, नारीप्रधानता छ र आम समस्यालाई आमाका दृष्टिविन्दुबाट प्रस्तुत गरिएको छ । त्यसैले यो उपन्यास नारीवादी नभएर

मानवतावादी-प्रगतिवादी भएको छ, नारीप्रधान भएको छ । युद्धकालमा खासगरी नारी वा आमाहरूले झेलेका कष्ट, पीडा, उत्पीडन, दमनलाई यस उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासमा सरकार र माओवादी ज्यादतीको सर्वेक्षण गरी अभिलेखीकरण गर्ने जमर्को गरिएको छ । सरकार र माओवादीबाट मानिस 'किम्लोमराइ' भएका छन् । यसप्रति उपन्यासकारको घोर आपत्ति देखिन्छ । कम्तीमा शान्तिले बाँच्न र गरिखान पाउनु पर्छ भन्नु नै प्रस्तुत उपन्यासको खास आशय हो । युद्ध र युद्धजन्य दुष्परिणतिको अभिलेखन नै यस उपन्यासको मूल अभीष्ट रहेको देखिन आउँछ । यसरी यस उपन्यासमा समकालीन यथार्थलाई सबैले बुझ्ने सरल भाषामा छर्लङ्ग पारिएको छ ।

## सन्दर्भ सामग्री सूची


पौडेल, कविता, २०६६, *आमाहरू*, काठमाडौं: तन्नेरी प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, २०५८, *उपन्यास सिद्धान्त र विश्लेषण*, दोस्रो संस्क., ललितपुर: सा.प्र.।

लामिछाने, कपिलदेव, २०६७, *'नेपाली उपन्यासमा भवानी भिक्षु'* भृकुटी, पूर्णाङ्क ७ वैशाख-जेठ-असार, पृ. २५-५३ ।

सुवेदी, राजेन्द्र, २०५३, *नेपाली उपन्यास परम्परा र प्रवृत्ति*, वाराणसी : भूमिका प्रकाशन ।


*जुही*, पूर्णाङ्क ६३

## कमल गुरागाईं

### कविता पौडेल र काँडेघारीको यात्रा

*हाङदेवा-७, ताप्लेजुङमा २०१३ चैत्र २५ मा जन्मेका कमल गरागाईं त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर गरी मेची बहुमुखी क्याम्पस, झापामा सहप्राध्यापक पदमा कार्यरत छन् । अहिले यिनको बसाइ अर्जुनधारा, झापामा छ । यिनका अनुसन्धानमूलक समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस लेखमा काँडेघारीको यात्राको समीक्षा गर्दै यसलाई सङ्घर्षशील नारीको जीवनकथा मानेका छन् भने प्रस्तुत ग्रन्थलाई मोतीका हार जस्ता पहाडका कन्दराबाट उब्जेका कञ्चन झर्ना झैं पवित्र, स्वच्छ र निर्मल ठहऱ्याएका छन् ।*

अर्घाखाँची जिल्ला खिदिम, म्यालपानीमा २००२ मा गौतम परिवारमा जन्मेकी कविता पौडेल रामप्यारीको नामले बाल्यकाल बिताएकी थिइन् । सामान्य लेखपढ गरेकी हुनेखानेकी छोरी पण्डित परिवारका पढालु गौरी (मोदनाथ प्रश्रित) सँग २०१३ मा विवाह भयो । १०/११ वर्षको कलिलो उमेरमा दुलही बनेर पौडेल परिवारमा भित्रिइन् रामप्यारी अर्थात् कविता पौडेल । मान्छेले आँट्यो भने के गर्दैन जे पनि गर्न सक्तछ । यसको उदाहरण हो तिनै कविता पौडेलको *काँडेघारीको यात्रा* ।

यो कृति संस्मरणात्मक आत्मकथात्मक उपन्यास हो भन्दा हुन्छ । यो जीवनयात्रा हो । यसमा आफ्नो कथाव्यथा, भोगाइ उत्रिएको छ । अत: यो आत्मकथा हो । नारी चरित्र प्रधान कथानक यसको कथ्य बनेको छ । आदिदेखि अन्तसम्म कविताको केन्द्रीयतामा १०७ वटा उपशीर्षकमा कथानक अगाडि बढेको छ र टुङ्गिएको छ ।

सारै सरल सहज र मीठो शैलीमा आफ्नो कथा भन्न सक्नुमा कविताको साहित्य रचना पठनीय छ । यो अपट्यारिलो र कौतुहलपूर्ण कृति बनेको छ । पढेर धित नमर्ने कृतिको रूपमा पाएको छु काँडेघारीको यात्रा । 'प्रेम विवाह कि झगडा विवाह ?' शीर्षकबाट उठान भएको कृतिका प्रत्येक उपशीर्षकहरू केही न केही महत्त्वका छन् । कतै सामन्ती दम्भको अहङ्कार छ, कतैकतै विद्रोहको गर्जन । सामान्य जस्ता लाग्ने तर महत्त्वपूर्ण उदाहरण हेरौं- "जसलाई हामीले धोती बोकाएर भान्से बनाई हिँडाउँदै आयौं, त्यसै खलकलाई छोरी दिएर ज्वाइँ भन्दै खुट्टामा ढोग्न सकिन्छ ?" यो सामन्ती दम्भ हो, पैसा र धनको तुजुक हो, तर जो व्यक्ति यी शब्द उच्चारण गरिरहेको छ, त्यसको अवस्था चाहिँ यो उखान जस्तो भएको छ, जसको सामन्ती दम्भ पानीपानी भएको छ । "हजुर बाले खाएको घिउको बास्ना नातिको तालु सुङ्दा थाहा लाग्छ र ?" प्रसङ्ग हर्राबोटे पं. घनश्याम पौडेलका छोरा गौरीशङ्कर पौडेललाई

छोरी रामप्यारीको विवाहको टुङ्गो लागिसके पनि बाबुआमाका बीचमा झगडा परेको कुरा, आमा डोरी बोकेर आत्महत्या गर्न दौडेको र बुबाले हार स्वीकार गरी विवाह भएको जस्ता रोचक कथाहरू यस कृतिले बोकेको छ ।

कविता पौडेलको लेखन शैलीले पाठकलाई किन मोहनी लगाउँछ ? चाहे विवाहको प्रसङ्गका कुरामा होस् चाहे आफूलाई जन्म दिने पिता जोगी बनेर हिँडेको अवस्थाको चित्रण गर्दा होस्, भाषा शब्द र भाव बेरोकटोक प्रवाहित भएर कुलामा कुलुलु बगेका छन्, छाँगाबाट छडछड छडछँडाएका छन्

सन्काहा सामन्तहरूमा कुराको ठेगान हुँदैन, भनाइ र गराइमा एकरूपता पाइँदैन भन्ने नमुना यी दुई घटनाले पुष्टि गरेका छन् - "स्वर्गीय पं. घनश्याम गुरुको विद्यादान र सम्मानलाई सम्झेर मैले तपाईंलाई छोरी दिएको हुँ । तपाईंले पनि आफ्ना पिताको जस्तो सम्मान आर्जन गर्नु होला, हाम्रा कुलको इज्जत राखिदिनु होला र मेरी छोरी रामप्यारीलाई राम्ररी माया गरेर पाल्नु होला ।" यसरी ज्वाइँको सम्मान गर्ने व्यक्ति अर्को अनुच्छेदमा यस्तो अभिव्यक्ति दिन्छन् - "तँ मभन्दा पनि ज्यादै ठुली मान्छे भइछस् । मैले त्यत्रो विरोध गर्दा पनि नटेरेर हाम्रो धोती बोक्ने रैती छोरालाई छोरी दिएरै छोडिस् । म अब आफ्नो समाजमा मुख देखाउन लायक छैन र यस घरमा पनि हेपिएर बस्न सक्दिन । अब जे-जे मन लाग्छ आफ्नो राज चलाएर बस्, म अबदेखि जोगी भएर हिडें ।" यस्ता अभिव्यक्तिले धनी भनाउँदा व्यक्तिहरूको उच्च घमन्ड सन्काहा आवेग कस्तो हुन्छ भन्ने भनाइ आफ्नै बुबाको उदाहरण दिएर पुष्टि गरेकी छन् ।

कविता पौडेल पारिवारिक आदर्श कस्तो हुनु पर्छ, कसलाई कस्तो आदर र सम्मान गर्नु पर्छ भन्ने शिक्षा दिनुका साथै आमाहरूले छोरीहरूलाई सानैदेखि असल अनुशासित, संयमित, सहनशील हुनु पर्ने पाठ पढाएको हुन्छ । कविताका आमा र बाको उमेरको अन्तर ३० वर्षको छ, छोराको लागि विवाह गरेको तर जेठीले नै छोरो पाएपछि आफूले पाएको भुक्तमान यस ग्रन्थको वेदना भएर आएको छ ।

नेपाली समाज चाहे पूर्वको ताप्लेजुङमा होस् वा पश्चिमको अर्घाखाँचीमा किन नहोस्, सामाजिक रहनसहन, शिक्षादीक्षा, चालचलन, रीतिरिवाज, सभ्यता, संस्कृति लगभग एकै प्रकारले विकसित भएको देखिन्छ । सासूले बुहारीलाई, नन्दले भाउजूलाई, आमाजूले बुहारीलाई, सौताले सौतालाई, आमाले छोरीलाई गर्ने व्यवहारमा समानता देखिन्छ । कविताले एकले अर्कालाई गर्ने व्यवहार समाजबाट नै टिपेर पाठक समक्ष राख्ने कार्य गरेकी छन् । यो कथा कविता पौडेलको मात्र होइन । थुप्रै महिलाहरू काँडेघारीकै यात्रामा छन् ।

यो पुरुष प्रधान समाज हो । यहाँ पुरुषले शासन गरेको हुन्छ भन्ने भनाइले जरा गाडेको छ । काँडेघारीको यात्राले नारीले नारीमाथि गरेको थिचोमिचो, अन्याय, दुर्व्यवहारलाई जस्ताको त्यस्तै पस्केको छ । लेखिका कविताकी आमा सौतेनीको हेपाइमा परेकी कुरा यस ग्रन्थले बोलेको, यसले के बुझाउँछ भने सौता भनेको मुटुको किलो हो, यो साइनोमा हार्दिकता, माया, ममता, स्नेह हुँदैन, क्रूरता कटुताले जरा गाढेको हुन्छ । कविता जन्मेको दिन कविताको ममतामयी आमाले खपेको पीडा के सहन गर्न सकिन्छ ? यस्ता पनि व्यक्ति समाजमा, छिमेकमा, घरमा हुँदा रहेछन् । यो ग्रन्थको पृ. ११ को चौथो र पाँचौं अनुच्छेद पढ्नु होस्, अनि सौतालाई के भन्न सकिन्छ,

नारीभित्रको कोमलता यस समयमा कता हरायो र किन यसो भनियो- "यस दुष्ट अलच्छिनीलाई आजै एकाबिहानै ब्याउनु परेको । मेरो व्रत नै बिगारिदिई । यसलाई हैजाले बढारे पनि कत्ति सन्चले बस्ने थिएँ ।" एउटा नारीले अर्की नारीलाई गरेको व्यवहार र यो दुर्व्याच्य सुन्दा को कसको शत्रु खुट्याउन सकिन्छ न समान लिङ्गमा मित्रता आत्मीयता हुन्छ विपरीत लिङ्गमा कटुता र वैमनस्यता । जहाँ पनि असहाय, दुर्बल, गरिब नै हेपिएको र ठगिएको हुन्छ ।

कवितालाई साधुवाद छ, आमाले छोरीलाई गरेको गालीमा, पिटाइ आदिमा शत्रुता हुँदैन । आफ्नो सन्तान, बिग्रियोस्, अव्यावहारिक वा बोझिलो बनोस् भन्ने कुरा कुनै पनि अभिभावकले चाहेको हुँदैन । मैले सानामा लयात्मक अभिव्यक्ति सुनेको थिएँ - "कुटे पनि मारे पनि आफ्नै आमा जाती" । कवितालाई घर बस्न असाध्यै पीडा भएको, सासूले प्रत्येक पाइलामा अपशब्द प्रयोगले कविता मर्माहत भएकी छन् । सम्पन्न परिवारकी छोरी खानपिनमा लबाइखवाइमा काम गराइमा माइत र घरमा केही फरक परेपछि भोक र पीडा खप्न नसकेपछि भागेर माइत पुग्दा आमाले खाँबोमा बाँधेर भाटाले हिर्काउँदा छोरीलाई कस्तो लाग्छ ? अवश्य नै यो सह्य हुँदैन । आमाछोरीमा शत्रुता नभए पनि केही कटुता व्यक्त भएको छ, तर आमा त्याग्न सकेको छैन ।

माइतमा जस्तो घरमा हुँदैन घरमा माया गर्ने जीवन साथी पनि अध्ययनको सिलसिलामा घरबाहिर गएका छन् । परिवार सानो भए पनि गरिबीको कारण दुःख दुःख नै छ । दुई छाक टार्न निकै गाह्रो छ । भुटेका मकै र भटमासले रात कटाउनु पर्छ कहिले भोक लाग्दै जान्छ पटुका कस्तै जानु पर्ने दिन आउँछ । यस्ता सङ्कट खप्दै दिन बिताएकी कविता माइत जान सासूसँग बिदा माग्न अनुरोध गर्दा यस्तो जवाफ पाउँछिन् "तँ ठुला मान्छेकी छोरी । पोइ पनि हिँडिहाल्यो । अब मसित किन बस्थिस् र यहाँ ? आफ्नो घर हो भन्ने माया भए पो बस्थिस् । ...अब फेरि नआउने गरी गए हुन्छ । गरिबका घरमा बसेर किन दुःख पाउनु पर्‍यो र ।" यस्ता वचनले कवितालाई मर्माहत बनाएको छ । यो कथा कविताको मात्र होइन, प्रायः सबै निम्न मध्यम वर्गका सासू र बुहारीका बीचको सम्बन्ध यस्तै हुन्छ ।

लेखिका कविताको स्पष्ट अभिव्यक्तिले साहसी नारीको परिचय दिन्छ । यसले बोलेका कुराहरू उल्लिखित घटनाहरूले कतिको सत्य तथ्य, यथार्थ अपनाएको छ ? त्यो त निकटस्थ आफन्त जनलाई नै थाहा होला, परको पाठकले अपत्यारी छ, अयथार्थ छ भन्न सक्दैन । सासूको दिनरातको कचकच, दिनरातको भोको पेट, आधा फाटेको लुगा, असीमित श्रमको असह्य पीडा खप्न नसकेपछि साउने बाढी आएको 'बाक्ले खोलामा' हाम फाली आत्महत्याको असफल प्रयास, पोखेलले बचाए । यो कुरा अरूलाई नभन्न आग्रह गर्नु र पोखेलले पनि कतै नभन्नु र कविताको इज्जत जोगाइदिनाले पुरुषले गरेको सहयोग कम्ती सराहनीय छैन । म खोलाको बाढीमा 'हेलिएँ' गाउँमा बस्न लाज लाग्यो जस्ता शीर्षकले समाजमा अपहेलित हुने, अरूले कुरा काट्ने, परिवार र आफ्नै प्रतिष्ठामा आँच आउने खालका काम गर्नाले गाउँमा बस्न सकिँदैन जस्ता व्यावहारिक उदाहरणहरू यस ग्रन्थका गहना हुन् । 'गहनै' गहनाले चिरिच्याट्ट सिँगारिएको प्रस्तुत ग्रन्थमा सासू र ज्वाइँका बीच भएका संवादले सामाजिक परिवेश चिनाएको छ ।

कविता घरबाट भागेर हिँडेपछि माइतमा बस्न थालेकी छन् । श्रीमान् बनारसबाट घर आएका छन् । माइत बसेकी श्रीमती लिन जाँदा भएको सासू र ज्वाइँको संवाद कति जीवन्त लाग्दछ, यस्ता संवादहरू यत्रतत्र सुन्ने गरिन्छ- "... त्यो घर जानुभन्दा बरु झुन्डिएर मर्छु भन्छे ... सम्धिनीज्यूलाई पनि म के भन्नु खै ? उहाँका छोरीहरूले पनि घर गर्नु पर्ला ... । सासूको यस कथनको प्रत्युत्तर यस्तो छ, ज्वाइँको 'म गरिब परिवारको हुँ भन्ने जान्दाजान्दै तपाईंले छोरी दिएपछि घरमा खानलाउन दुःख भयो भन्नु र आफू जस्तै दुःख पाएकी सम्धिनीलाई दोष लगाउन के अर्थ हुन्छ र ?' यो संवाद जीवन्त छ लामो छ, व्यावहारिक छ, मार्मिक छ, पेचिलो छ, मेलभन्दा बढी बेमेलको सम्भावना छ," हेर्नुहोस् - "भैगो मेरो कोखको एउटा फुल फुटेछ" (पृ. ४०) । प्रश्रितले अर्को विवाह गर्न लागेको चिठ्ठी शीर्षकले घर नफर्कने झोकले माइत गएकी रामप्यारी घर फर्किन्छिन् । देउरानीको रूप मात्रै काममा चाहिँ मेरै प्रशंसा गरेको सुन्दा चिन्ता हटेको कुरा उल्लेख भएको हो । मान्छेको मन चित्त, चिन्ता, वचनमा हुन्छ भन्ने पुष्टि यो शीर्षकबाट भएको छ ।

'आशाको नयाँ किरण' साँच्चै आशाको किरण छ । प्रश्रितले मध्यमा परीक्षामा प्रथम भएको मासिक ८५/- रुपियाँ भारु छात्रवृत्ति पाउने भएको आयुर्वेद पनि पढ्न थालेको र घर आउँदा प्रश्रित परिवारलाई नै एक एक जोर लुगा ल्याउनु भएकोमा कविताको हर्ष ओखाइपोखाइ भएको उल्लेख छ ।

'जीवनको नयाँ अनुभव' गर्भवती भएकी, श्रीमान्श्रीमती एकै ठाउँमा बस्ने रहर बढेको तर त्यो रहर पुरा नभएकोमा व्यक्त गरेको अभिव्यक्ति उदाहरणीय छ । हेरौं- "नेपालका धेरैजसो पुरुषहरूले भरखर जन्मेका छोराछोरीलाई काख लिने मौका पनि पाउन्नन् । सन्तान जन्माउने कुरा उनीहरूका निम्ति सर्पले फुल पारेर छोडे जस्तै हुन्छ । छोराछोरी कसरी जन्मन्छन्, कसरी हुर्कन्छन् उनीहरूलाई पत्तै हुँदैन ।" यस शीर्षकमा गर्भवती भएको, छोरो जन्मेको, श्रीमान्श्रीमती एकै ठाउँमा बस्न थालेको प्रथम पटक सिनेमा हेरेको 'मुनामदन' नाटक श्रीमान् र श्रीमती मुना र मदन भएर नाटक खेलेको जस्ता रोचक प्रसङ्गहरू आएका छन् ।

राम्रो र नराम्रो, आशा र निराशा, सुख र दुःख सँगसँगै हुन्छन् । विपन्न वर्गको दुःख तुरुन्त कहाँ हट्छ र ! पुनः कविता घर फर्किन् । घाँस, दाउरा, खेत, बारी, पानी झरीमा उनले दिन बिताउन थालेको प्रसङ्ग, २०२४ मा मदन पुरस्कार पाएको खबरले खुसीको सीमा नरहेको पुनः आशाका आँकुरा पलाएको उल्लेख पाइन्छ, तर शीर्षकले पुष्टि गरेको छ- यो कार्पेटको यात्रा होइन, यहाँ मखमली बिछ्याएको छैन, अभावै अभावमा गुजनु परेको छ, भोक, प्यास, नाङ्गो भुतुङ्गो, घाँस, दाउरा मेलापात उकालीओराली काँडेघारीको यात्रा छिचोल्न परेको छ ।

प्रश्रितज्यूको पटकपटकको जेलयात्रा, छोराछोरीको पढाइलेखाइ, लालनपालन, पोषणको आवश्यकता पूरा गर्न 'मैले हलो जोतें' शीर्षकले कुन पाठकलाई बिद्रोही बनाउँदैन ? गर्दा के हुँदैन महिलाले कटेरो छाएको कथाले, हलो जोतेको कथाले समन्तहरूलाई पिरोल्दो हो, तर यी रहर होइन बाध्यता र आवश्यकता हुन् । एकातिर ढाकरमा नुन-तेल खेप्ने ढाक्रेको कथा छ भने अर्कोतर्फ गाउँपञ्चायतको चुनावमा उपप्रधान पञ्चको उमेदवारीको बयानले चेतनाको बिगुल फुकेको कथा छ ।

लेखिका कविता पौडेलको सङ्घर्षशील यात्रा, कर्मठ योद्धा, जाँगरिलो कार्यशैली, अभाव, अपमान सबै प्रकारका कष्टहरूबाट खारिएर अगाडि बढेकी महिलाका रूपमा चित्रण गर्न सकिन्छ । हाम्रो समाज उल्टो छ । लच्छिनलाई अलच्छिन भनिन्छ, काम गर्नु लच्छिन कि अलच्छिन् ? यस्ता गीत गाउँनेलाई समाजले प्रशंसा गर्छ, यही आइमाईको अलच्छिनले देउता पनि रिसाए:

सबैतिर दादुरा र हैजा फिजाए ।
आइमाईले हलो जोत्दा यो खडेरी परेको
गाउँ भरि देख्नु पर्‍यो मान्छे मरेको ।

रातभरि जङ्गलमा गएर टुना गिँड्न पनि पछि नपर्ने, डाङ्डराइन भएर गाउँका घरघरमा पुगेर विरामीको सेवा गर्न समेत पछि नपर्ने रोचक भोगाइहरू यहाँ उल्लेख भएको छन् । चाहे सङ्घर्षको मैदान होस् या त जेलको कालकोठरीमा होस् चेतना र मुक्तिका स्वरहरू उराल्न पछि नपर्ने साहसी महिला हुन् कविता पौडेल ।

यस सङ्ग्रहमा प्रयोग भएको भाषाले स्थानीय परिवेश चित्रणमा उत्कृष्टता पाएको छ । स्थानीय ठेट झर्रा शब्द प्रयोगले दिएको मिठास र उखान टुक्काको बहुलताले ग्रन्थलाई उच्च कोटीको बनाएको छ । स्थानीय शब्दहरू- कङ्कुरो, छुनाकियो, थारो, पोस्कर, खराइ, भाठ, झुपुडो जस्ता अनगन्ती शब्दहरू यस ग्रन्थका पहिचान र स्वाभिमान हुन् । उखानले दिएको मिठास त भुल्न नै सकिँदैन- सुखका दिदी-बहिनी दुःखका मित । कुहिनाले हानेर पहरो भत्कन्न । हिङ बाँधेको टालो । बाख्रा हराएको चितुवा कराएको । यस्ता उखान र थुप्रै टुक्काको प्रयोगले किताबलाई उजिल्याउने कार्य गरेको छ । जस्तो भाव त्यस्तै भाषा त्यस्तै उखान टुक्का प्रयोगले गर्दा यस ग्रन्थ पढ्ने दुःखमा रुन्छ, भक्कानिन्छ र सुखमा उत्ताउलिन्छ रमाउँछ, फुर्किन्छ, हाँस्छ । सङ्घर्षको भाव आएको ठाउँमा मुट्ठी बटार्छ, उत्साहित हुन्छ र सङ्घर्षमा सामेल हुन्छ । पढेकाले राम्रो लेख्छ, शब्द खिप्छ, शैली भाव अलङ्कार सबै व्यवस्थित गर्छ भन्ने भनाइ शैक्षिक योग्यता सामान्य भए पनि परेर परिपक्व बनेकी कविता पौडेलको प्रस्तुत ग्रन्थ मोतीका हार जस्ता पहाडका कन्दराबाट उब्जेका कञ्चन झर्ना झैं पवित्र, स्वच्छ, निर्मल, ठहऱ्याएको छु । खोजीका थुप्रै अवसरहरू यस ग्रन्थमा छन् । खोजकर्ताको खाँचो छ ।

• • •

मो. ९८४२६३३५६७

## कृष्ण बस्याल

### काँडेघारीको यात्रा: एक सूक्ष्म दृष्टि

*यम्घा- ३, गुँगा, पाल्पामा २०३२ मा जन्मेका कृष्णप्रसाद बस्याल नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी २०६१ देखि त्रि.वि. भैरहवा बहुमुखी क्याम्पसमा प्राध्यापन कार्यमा संलग्न छन् । विगत केही वर्षदेखि भैरहवामै बस्दै आएका बस्यालको प्रथम प्रकाशित रचना 'प्यारा भाइबहिनीहरू' कविता हो, जुन २०५१ मा कोसेलीमा छापिएको हो । विभिन्न पत्रपत्रिकामा कविता र लघुकथा प्रकाशित भए पनि यिनी खासगरी समीक्षा र समालोचना लेखनतर्फ आकर्षित भएको पाइन्छ । लेखनमा लगनशील भएर लागिरहे यिनमा कुशल समालोचक हुने गुण विद्यमान छन् । यहाँ कविता पौडेलको काँडेघारीको यात्राको समीक्षा भएको छ ।*

### १. विषयप्रवेश

कविता पौडेल नेपाली साहित्य आकाशमा उदीयमान नारी प्रतिभा हुन् । २००२ साल माघ ६ गते अर्घाखाँची जिल्लाको रेले, पोखराथोक भन्ने गाउँमा यिनको जन्म भएको हो । यिनका पिताको नाम दुर्गाप्रसाद गौतम र माताको नाम बुधकुमारी गौतम हो । प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितकी जीवन सँगिनी कविता पौडेल एक सङ्घर्षशील नारी स्रष्टा हुन् । यिनका तिजका गीतहरू (२०५७), आँगनैमा गीति क्यासेट (२०५९), *काँडेघारीको यात्रा* (२०५९), *योगासन र ध्यान* (२०५९), *बालचित्कार* (२०६३), *आमाहरू* (२०६६), केही परिमार्जन सहित *विस्थपित आमाहरू* (२०६८) यिनका प्रकाशित कृतिहरू हुन् ।

प्रस्तुत *काँडेघारीको यात्रा* कविता पौडेलको आत्मसंस्मरणात्मक कृति हो । यो कृति आत्मसंस्मरण मात्रै नभएर आत्मकथा पनि हो । आत्मकथामा आत्मकथाकारले जन्मदेखि आत्मकथा लेख्ने समयसम्मको जीवनका घटनाक्रमहरू कालक्रमिक रूपमा प्रस्तुत गरेको हुन्छ । यो अनावश्यक र अरोचक प्रसङ्गबाट मुक्त भएको, रोचक, आवश्यक र महत्त्वपूर्ण प्रसङ्गको खिरिलो प्रस्तुति भएको, जीवन भोगाइका विविध अनुभूतिरूपको समग्र र सूक्ष्म स्मृति हुन्छ । यो वस्तुगत शैली भएको हुन्छ (पोखरेल, २०६७:५९) । आत्मकथा भनेको व्यक्ति आफैंले आफ्नो बारेमा लेखेको जीवन परिवेश हो । यसको मुख्य पात्र लेखक आफैं हुन्छ । जीवन भोगाइका क्रममा विभिन्न विवरणहरू, तथ्याङ्कहरू, तिथिमितिहरू र सूचनाहरू यथार्थको कसीमा घोटिएका हुनाले आत्मकथामा कल्पनाको पक्ष त्यति सबल हुँदैन तापनि यसमा कल्पना हुँदैन भन्ने चाँहि होइन । कल्पना पनि समावेश गरिएको हुन सक्छ । वास्तवमा पाठकलाई आत्मकथाकारले आत्मकथामा कल्पनाको मिलावट गरेको छ, छैन त्यसबारे प्रस्ट जानकारी नहुन सक्छ । आत्मकथामा काल्पनिकता मिसाउने कुरा स्रष्टाको इमानदारीमा भर पर्दछ । पाठक स्वयम् सष्टाको परिवारवृत्त भित्रको भएमात्र यसबारे प्रस्ट हुन सक्दछ ।

## २. आवरण तथा शीर्षक चयन

प्रस्तुत कृति *काँडेघारीको यात्रा* जम्मा १९३ पृष्ठमा संरचित छ । बाह्य आवरणमा पहिलो पृष्ठमा सबैभन्दा माथि कविता पौडेलको नाम राखिएको छ । काँडाहरूको पछाडि कविता पौडेलको मधुरो तस्विर राखिएको छ । पहेलो सूर्य उदाएको जस्तो केही गोलाकार सङ्केतबाट दु:खपछि सुख आउने सन्देश प्राप्त गर्न सकिन्छ । अग्र पृष्ठको पुछारबाट मोटा र लामा काँडाहरू जुर्मुराएर कविता पौडेलको तस्विरसम्म उठेका छन् । पुछारमै ठूलो अक्षरमा *काँडेघारीको यात्रा* शीर्षक राखिएको छ । कृतिको पृष्ठ भागमा कविता पौडेलको सानो रङ्गीन तस्विर राखिएको छ । उनको परिचय र प्रकाशित-अप्रकाशित रचनाहरू दिइएको छ । कविता पौडेलको प्रस्तुत कृतिका बारेमा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य अष्टलक्ष्मी शाक्य र साहित्यकार नरनाथ लुइटेलका मन्तव्यहरू प्रस्तुत गरेका छन् । साथै प्रस्तुत कृतिको प्रकाशन संस्था पसिना प्रकाशनको लोगो सङ्केत पनि राखिएको छ । भित्री पहिलो पृष्ठमा काँडैकँडाको बीचमा एउटी महिलाको चित्र राखिएको छ । भित्री दोस्रो पृष्ठमा के कसो ? शीर्षकमा कृति प्रकाशनबारे जानकारी दिइएको छ । तेस्रो पृष्ठमा स्रष्टाकी माता स्व.बुधकुमारी गौतमको श्यामश्वेत तस्विर राखेर यो कृति उनैलाई समर्पण गरिएको छ । चौथो पृष्ठमा मोदनाथ प्रश्रितले काँडेघारीको यात्रालाई साझा यात्रा भनेका छन् । पाँचौं पृष्ठमा कविता पौडेलको मेरो पहिलो प्रयास कस्तो भयो कुन्नि ? भनेकी छन् । शीर्षकहरूलाई सन्दर्भहरू भन्दै उल्लेख गरिएको छ । कृतिको भित्र जम्मा ४३ वटा चित्र तथा तस्विरहरू पनि समावेश गरिएको छ । अग्र र पश्च पृष्ठहरू रङ्गीन रहेका छन् ।

प्रस्तुत कृतिको शीर्षक *काँडेघारीको यात्रा* आकर्षक देखिन्छ । स्रष्टाले आफ्नो जीवन भोगाइका क्रममा जुन कठिन सङ्घर्षमय बाटो हिँड्नु पऱ्यो त्यसको समग्र विवरण प्रस्तुत शीर्षकले ग्रहण गरेको देखिन्छ । कविता पौडेल जान्ने भएदेखि २०५९ सालसम्म जेजस्ता दु:खकष्टहरू भोगिन्, त्यो वास्तवमा काँडेघारीको बाटोबाट हिँड्नु जस्तै कठिन थियो । हुन त हरेक सङ्घर्षशील मानिसको जीवन यात्रा कठिन नै हुन्छ । सुन पनि जति खाऱ्यो त्यति चहकिलो हुन्छ, नदी किनारको ढुङ्गा पानीले जति घोट्यो त्यति गोलो हुन्छ, तापनि एउटा सम्पन्न सामन्ती परिवारमा जन्मेर बाल्यकाल सुखपूर्वक बिताएकी कविता पौडेलको जीवनमा विवाहपछिको समय, राजनीतिक कार्यकर्ता, पतिको भूमिगत जीवन, छोराछोरी हुर्काउन उनले गर्नुपरेको सङ्घर्ष, तत्कालीन समयमा आफैं राजनीति कार्यकर्ताको हैसियतले पार्टी सङ्गठनको कार्य विस्तार, कहिले अर्घाखाँची, कहिले बनारस, भैरहवा, फेरि आफ्नै गाउँ हर्राबोट, फेरि तराई झर्नु, उपचार र खेतीपातीमा संलग्न हुनु, पतिको बारम्बार जेलयात्रा जस्ता हरेक क्षेत्रमा उनले गरेका सङ्घर्षहरू यहाँ प्रस्तुत शीर्षकले अति नै गहनताका साथ बोकेका हुनाले प्रस्तुत शीर्षक काँडेघारीको यात्रा निकै आकर्षक र समग्र विषयवस्तु बोक्न सफल र सार्थक देखिन्छ ।

## ३. कविता पौडेलका जीवन भोगाइहरू

प्रस्तुत *काँडेघारीको यात्रा* कविता पौडेलको निकै रोचक, सुनदर र उत्कृष्ट कृति हो । यो उनको आफ्नै कथा हो । यो उनको आत्मसंस्मरणात्मक कृति हो । आत्मसंस्मरण भनेको आत्मकथाको पूर्ण रूप हो (पोखरेल, २०६७:६१)। प्रस्तुत कृतिमा आफ्नो जीवनी लेख्नेको नभएर आफूले भोगेका र आफू संलग्न भएका प्रमुख घटनाहरूको

वर्णन छ । यहाँ कविता पौडेलका साथ उनकी आमा स्व. बुधकुमारी गौतम, पिता स्व.दुर्गाप्रसाद गौतम, पति मोदनाथ प्रश्रित, सासू बालिका देवी पौडेल, माइती पक्षका अन्य सदस्यहरू, छोरा विजय लगायत छोरीहरू, घरतर्फका अन्य व्यक्तिहरू, बनारस बसाइका क्रममा भेट भएका थुप्रै महत्त्वपूर्ण व्यक्तिहरू, भैरहवा, थरौली, पोखरभिडवा, काठमाडौं आदिका विविध व्यक्तिहरूको सूक्ष्मदेखि बृहत् उपस्थिति पाइन्छ । यिनै व्यक्तिहरूका साथको महत्त्वपूर्ण घटना र परिवारवृत्तका महत्त्वपूर्ण घटनाहरूका झाँकीहरू यहाँ प्रस्तुत गरिएका छन् । घटीमा १ पृष्ठदेखि बढीमा ७ पृष्ठसम्मको आयायममा फैलिएका १०८ आत्मसंस्मरणहरू प्रस्तुत कृतिमा समेटिएका छन् । आफ्नो दस वर्षकै कलिलो उमेरमा विवाह भएको, विवाह बुबाको अरुचि र आमाको करकापले गरिएको, विवाह भएको चार दिनमै बाबु जोगी भएर हिँडेको, विवाह भएको दस महिनामा मात्र उनको दुरान फर्काएको, हराएका बाबुको खोजी गरिएको, अकस्मात् बाबुको बर्दियामा हत्या गरिएको, आमाले माइतमा महाविपत्का साथ दुःख पाएको, जाली फटाहाहरूले अनेक बहाना गरेर माइतको धन-सम्पति खाइदिएको जस्ता घटनाहरूलाई ज्यादै आकर्षक ढङ्गले यहाँ कविता पौडेलले प्रस्तुत गरेकी छन् ।

एउटी १२/१३ वर्षे किशोरी, जसको विवाह भइसकेको छ, जन्मघरदेखि पर ४/५ घण्टाको दूरीमा पतिको घर, सासूको कचकच, घरमा पेटभरि खान छैन, त्यो बालिकाले के गरोस्, पति पनि साथमा छैनन्, जन्मघर सबैलाई प्यारो हुन्छ । कविता पौडेल पनि माइततिर बेला न कुबेला जान लागिन्, यिनै घटनाहरू सूत्रबद्ध रूपमा यहाँ उपस्थित भएका छन् । घरमा लुगाफाटो नभएर नाङ्गो ज्यान कसरी ढाक्ने जस्ता समस्याहरू, खोलो तर्दा खोलाले बगाएको, अरू कसैले उद्धार गरी निकालेको, दुःख पाएर एकपटक आफैं खोलामा हेलिएको, माइतमा पनि समस्याहरू थपिएका, आमालाई मुद्दा माथि मुद्दा थपिएका, श्रीमान् बनारसबाट घर फर्केमा, आफू माइतमै बसेको, श्रीमान आफूलाई लिन आएको, आफू नगएको, पछि श्रीमान् बनारस फर्केका, पछि श्रीमान्ले बनारसबाट कुनै नायिकाको तस्विर राखेर पत्र पठाएको, यसबाट कविता पौडेल डराएर माइत भाग्न छोडेको जस्ता घटनाहरू यहाँ उल्लेख गरिएको छ । बनारसमा प्रश्रितले केही कमाउन थालेको पहिलो सन्तानको रूपमा विजय पौडेलको जन्म भएपछि छाएका खुसीका क्षणहरू यहाँ प्रस्तुत भएका छन् । २०२०/२१ साल पछि भैरहवामा श्रीमान् सँगसँगै बस्न थालेको छाप्ने मेसिन सञ्चालन गरिएका घटनाहरू, २०२६ सालतिर भएका विविध समस्याहरू, प्रश्रित गिरफ्तार भएका घटनाहरू क्रमशः प्रस्तुत भएका छन् । प्रश्रित गिरफ्तार भएपछि आफू पुनः अर्घाखाँची फर्केको र त्यसपछि समस्याका दिनहरू झन् बढेका, आफू पनि राजनीतिमा प्रवेश गरेको, प्रश्रित रिहा भएको, फेरि गिरफ्तार गरिएको र पञ्चायती निरङ्कुश शासन व्यवस्थाले सर्वस्व हरण गरेका घटनाहरूलाई यहाँ प्रस्तुत गरिएको छ । बेसाहा र नुन-तेल बोक्न पत्थरकोटदेखि बुटवलसम्मको ढाक्रे जीवनको हिँडाइ, अखिल नेपाल महिला सङ्घको गठन, आर्थिक अभावका कारण स्वयम्वरको औंठी बेचेर घर चलाएको, तत्कालीन सङ्गठनको नियमअनुसार उपप्रधानपञ्चमा उम्मेदवार भई हार खाएको, आफैंले हलो जोतेको, ०२९ सालमा पहाडको पुरानो घर भत्काएर नयाँ घर बनाएको, समाजमा भएका अनेक कुसंस्कार र कुपरिपाटीको खुलेर विरोध गरेको, दमाइको मलामी गएको, माइतका आमा दाजुभाइहरू बसाइ सरेर तराईतर्फ झरेको, ०३१ सालमा आमाको निधन भएको,

प्रश्रितसँग बनारस गएको, अधबैंसे उमेरमा आफूले पढ्न थालेको, बनारसमा युद्धप्रसाद मिश्र, पुष्पलाल श्रेष्ठ, मदन भण्डारी, जीवराज आश्रित अगायतका नेताहरूसँगको भेटघाट, पार्टी सङ्गठन विस्तार, छलफल गरिएका घटनाहरू, पार्टीको कार्यनीति र सङ्गठन विस्तारकै लागि पुन: नेपाल फर्केको, पुन: विविध समस्याहरू, फेरि अर्घाखाँची छाडेर तराईतर्फ झरेको, गास, बास र कपासको खोजीमा, भौंतारिनु परेको, ऋण लागेर भैरहवामा बनाएको घर जम्मा ३५ हजार रुपैयाँमा बेच्नु परेको, थरौलीमा झुप्रो घर बनाएको, केही जग्गा किनेर खेतीपाती गर्न थालेको, थरौलीमा बस्दा अनेक समस्याहरूले डेरा जमाएको, जडीबुटी तथा औषधोपचार व्यवसाय सुरु गरेको, तराईको ग्रामीण अशिक्षित समाजमा डाङ्डराइन बन्न पुगेको, आफूहरूले गरेको उपचार पछाडिबाट धेरै व्यक्तिहरूले फाइदा लिएको, ०३६ सालको जनमत सङ्ग्रहको परिणाम, जग्गाबाट राम्रो उत्पादन नभएको, प्रश्रितको राजनीतिक यात्राका घटनाक्रमहरू, प्रश्रित गिरफ्तार, प्रश्रित लगायत अन्य चारजना भैरहवा जेल तोडेर भागेका घटनाहरू, प्रशासनबाट उनको व्यापक खोजी भएको, बर्सातको समयमा खोलो बढेर घर जान नसक्दा रातभरि एउटा रूखमा बास बस्नुपरेको, दसैंमा एक झुलुक श्रीमान्सँग भेट भएको आफूले पढ्न नपाएपछि छोरा छोरीलाई पढाउने धोको, डाँकाहरू घरमा आएर सुनचाँदी भाग लगाइ आफूलाई पनि दिएको तर आफूले नलिएको, प्रश्रित फेरि गिरफ्तार भएको र उनलाई काठमाडौं केन्द्रीय कारागारका चलान गरिएको, थरौलीमा आमा छोरीले टुकटुके मिल चलाएको, थरौली बसाइबाट जीवन थान्न मुस्किल भएपछि त्यहाँबाट बसाइ सरेको, सर्वोच्च अदालतबाट सफाइ पाए पनि प्रश्रितलाई तत्कालीन सरकारले मुक्ति नदिएको, २०४२ सालको बमकाण्ड, प्रश्रितका पुस्तकहरू जलाइएका, पोखराभिडवामा बसाइ सरेको, २०४२ सालमै विजय पौडेलमाथि पञ्चायती गुन्डाहरूबाट भएको साङ्घातिक हमला, आफू आखिल नेपाल महिला सङ्घको रूपन्देही अध्यक्ष भएको, जेलको आँगनमा विजय र रमाको विवाह भएको, प्रश्रित जेलबाट रिहा, आफू गिरफ्तार भएको, नाति जन्मेको, महिला दिवस मनाइएको, २०४६ सालको जनआन्दोलन, फेरि गिरफ्तारी, जेलका यातनाहरू, विजय भूमिगत भएको, ०४६ सालको आन्दोलन सफल भएको, पार्टी प्रचार प्रसारको लहर, श्रीमान् र आफू दुवैजना विरामी भएको, छोरीको विवाह, काठमाडौंमा गौथली गुँडको निर्माण, मदन अश्रितको रहस्यमय मृत्यु/हत्या, ०५१ सालको एमालेको सरकार, आफ्नो पटकपटकको शल्यक्रिया, मन्त्री क्वाटरको बसाइ, विवाहको चालिसौं दिवस मनाइएको, कान्छी छोरीको विवाह सम्पन्न, प्राकृतिक उपचार तथा योग शिविरहरू सञ्चालन गरिएका, सबैभन्दा दु:ख एमालेको विभाजनबाट भएको, फुटेर होइन जुटेर वामशक्तिहरू देशको निर्माणमा लाग्नु पर्ने अन्तिम अवरोध सहित विविध घटनाहरूलाई निकै आकर्षक ढङ्गमा प्रस्तुत गरिएको छ ।

## ४. निष्कर्ष

कविता पौडेल उमेरले ६६ औं वसन्त पार गरिसकेकी छन् । आजको परिप्रेक्ष्यमा कविता पौडेल सुखी, सम्पन्न सन्तोषपूर्ण तवरले आफ्नो जीवन निर्वाह गरिरहेकी छन् । आर्थिक, समाजिक, राजनैतिक, पारिवारिक साथै हरेक कोणबाट उनले असन्तोष गर्नु पर्ने ठाउँ देखिँदैन । उनको स्वास्थ्य पनि सन्तोषजनक रहेको देखिन्छ । उनी आफैंले योग शिविरहरू सञ्चालन गर्दछिन् । छोरा, छोरी, नाति,

नातिनीहरूले घर भरेका छन् । पार्टीको साथ प्राप्त भएकै छ । सम्मान तथा पुरस्कार एवम् अभिनन्दनहरू भएकै छन् । काठमाडौं- ७, महादेवस्थानमा उनको आफ्नो घर छ, त्यहाँ पुग्दा उनी हृष्टपुष्ट, रसिलो, रातो, पीरो अनुहार भएकी, सहयोगी, मिलनसार, हाँसिरहने र सरल देखिन्छिन् । आज उनी सुखी, सम्पन्न र सन्तोषी देखिन्छिन्, तर सुन पनि जति खान्यो उति चहकिलो हुन्छ भने झैं आजको यो अवस्थासम्म पुग्न कविता पौडेल स्वयम्ले निकै सङ्घर्ष गर्नुपरेको यथार्थ प्रस्तुत काँडेघारीको यात्रा कृतिले छर्लङ्ग पार्दछ ।

उनी प्रगतिशील नारी स्रष्टा हुन् । उनी सङ्घर्षशील नारी स्रष्टा हुन् । हिन्दू समाजभित्रका पहाडी जीवनबाट गुज्रेका नारीहरूले के-कस्ता समस्याहरू भोग्नु पर्दछ, त्यो यस कृतिमा यथार्थ र छर्लङ्ग रूपमा व्यक्त भएको छ । प्रस्तुत भोगाइहरू कविता पौडेलका मात्रै भोगाइ होइनन्, आजको ग्रामीण पहाडी समाजका महिलाहरूले बिहान उठेदेखि राति अबेरसम्म गर्नुपर्ने काम, सङ्घर्ष, दुःख, मेलापातदेखि सामाजिक, आर्थिक, पारिवारिक वृत्तका घटनाक्रमहरू धेरै नेपाली महिलाहरूले भोग्दै आएका छन् । यस अर्थमा यो यात्रा ग्रामीण नारीहरूको साथमा यात्रा हो भन्नुमा कुनै अर्घेल्याइँ हुँदैन । यसबाट यस कृतिको जीवन्तता र महत्त्व अझ पुष्ट हुने देखिन्छ । मानिसको जीवनमा जति सुकै दुःखकष्ट आइपरे पनि हरेस खानु हुँदैन भन्ने सन्देश प्रस्तुत कृतिबाट प्राप्त हुन्छ । समाजभित्र रहेका अन्धविश्वास, कुसंस्कार र कुरीतिहरूलाई डटेर सामना गर्नु पर्दछ र समयक्रमसँगै ती कुप्रथाहरूलाई तोड्दै पनि जानु पर्दछ भन्ने सन्देश पनि प्रस्तुत कृतिले दिन्छ । हिन्दू महिलाहरूले गर्नु हुँदैन भनी आएका कामहरू कविता पौडेलले गरेकी छन् । उनले हलो जोतेकी छन्, उनी दमाईको मलामी गएकी छन्, उनले घर छाउने काम गरेकी छन् र खसी काट्ने काम गरेकी छन् । समाजलाई परिवर्तनको दिशामा लगाउन हामी आफैं लाग्नु पर्दछ । परिवर्तनको नाउमा छाडापन तथा विकृति र विसङ्गतिलाई अँगाल्नु हुँदैन । मौलिक संस्कृतिको रक्षा गर्दै आफ्नोपन स्विकार्दै त्यहाँ रहेका अन्धविश्वास र कुसंस्कारहरूलाई तोड्दै एउटा असल समाजको निर्माणमा हामी सक्रिय हुनु पर्दछ ।

## सन्दर्भ सामग्री सूची


अनिरुद्ध, तिमिसिना, २०६७, 'कविता पौडेलः एक नारीवादी स्रष्टा' *जुही*, पूर्णाङ्क ६३ ।

दीपा, पौडेल, २०६५, 'कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व', त्रि.वि. कीर्तिपुरमा प्रस्तुत नेपाली स्नातकोत्तर अप्रकाशित शोधपत्र ।

पोखरेल, डी. आर.,२०६७, 'काँडेघारीको यात्राको संरक्षात्मक पक्ष', *स्रष्टा* चौमासिक, अङ्क- ५ पौष

... ..., २०६७, 'काँडेघारीको यात्राको सरसरती अध्ययन' *जुही*, पूर्णाङ्क ६३ ।

पौडेल, कविता, २०५९, *काँडेघारीको यात्रा*, काठमाडौंः पसिना प्रकाशन ।



मो.९८४७०३८२५५

## कृष्ण सुवेदी 'निराकार'

'रिमा' कथाभित्र कविताको कलम

*भदौ ७ गते २०२० साल (१९६३ अगस्त २३) मा जन्मेका कृष्ण सुवेदी 'निराकार' चन्द्रगढी- १, झापालाई आफ्नो कर्मथलो बनाएर साधनारत छन् । स्नातक तहसम्मको शिक्षा हासिल गरेका सुवेदी शिक्षण पेसामा समेत संलग्न छन् । कविता, मुक्तक र बालकविता लेखनमा उनको विशेष अभिरुचि छ । उनका केही पुस्तकाकार कृति तथा थुप्रै फुटकर रचनाहरू प्रकाशित छन् । यस लेखमा 'रिमा' कथाको विवेचना गर्दै कथाकार कविता पौडेललाई मार्मिक, नारीवादी, प्रगतिवादी एवम् सशक्त सामाजिक कथाकारका रूपमा चिनाउने जमर्को गरिएको छ ।*

### विषयप्रवेश

नेपाली कथाको विकास क्रममा मानिसको सृष्टि उनीहरूको क्रियाकलाप, शब्दशैली, हाउभाउ आदिबाटै वा त्यस सँगसँगै कथाको पनि प्रादुर्भाव भएको पाइन्छ । वीर राजकुमारको कथा देवताहरूको कथा मौखिक परम्पराबाटै जीवित भएको छ । दन्त्यकथा, लोककथा, पुराणादिका कथा, हितोपदेशका कथाहरू परम्परादेखि भनिँदै-सुनिँदै आएका कथाहरू भित्र पर्दछन् । यसरी हेर्दा नेपाली कथाका विकासक्रममा आधुनिक कालका कथाकारहरूमा कथाको क्षेत्र र शिल्पशैली, भावभङ्गी निक्कै फराकिलो र परिष्कृत हुँदै आएको पाइन्छ । कथा लेख्ने क्रममा कथाकारहरूले नेपाली कथामा सामाजिकताका साथसाथै मनोविश्लेषणात्मक ढङ्गबाट पनि कथा लेखेको पाइन्छ । साथै प्रगतिवादी सौन्दर्यात्मक चेतना र दार्शनिकता पनि भित्र्याएको पाइन्छ । नेपाली साहित्यलाई उन्मुख गराउन नेपाली कथामा आधुनिकताको थालनी गराउन र नेपाली कथा लेखनमा नारीहरूलाई पनि कथा लेखनमा अग्रसर गराउन नेपाली साहित्यिक पत्रिकाहरूको अग्रणी भूमिका रहेको पाइन्छ । शारदामा प्रकाशित तुषारमल्लिकाको 'स्त्रीरत्न' शीर्षकको कथा महिलाद्वारा लिखित पहिलो कथा हो भने पछिल्ला दिनहरूमा कथा लेखन क्षेत्रमा थुप्रै नेपाली महिलाहरू अघि बढिसकेका छन् । यसरी अघि बढ्ने क्रममा कथा क्षेत्रमा आफ्नो वर्चस्व कायम राख्ने कथाकार कविता पौडेल पनि हुन् । कथाकार कविता पौडेलको जन्म २००२ साल माघ ६ गते शनिवारका दिन अर्घाखाँची जिल्लाको खिदिम गा.वि.स.को म्यालपानी गाउँमा भएको हो । जन्मको नाम कोषकुमारी भए पनि बाबुआमाले कवितालाई 'रामप्यारी' भनेर बोलाउने

गर्दथे । पछि २०१३ सालमा साहित्यकार मोदनाथ प्रश्रितसँग उहाँको विवाह भई प्रश्रितले आफ्नी पत्नीको नाम कविता राखेर पुकारेपछि उनी यही कविता नामले लोकप्रिय हुन पुगेकी हुन् ।

## लेखनको प्रारम्भ र रचनाकारिता

बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि भएकी कविता पौडेल विर्तावालहरूको पूर्ण रजगज रहेको सामन्ती परिवेशमा हुर्किए पनि उनको जीवन भने सङ्घर्षमा नै बित्दै आएको छ । कविताको साहित्य लेखनको सुरुवात भने धेरै पछि २०३५ सालदेखि भएको पाइन्छ । गीत लेखनद्वारा लेखन कार्य सुरु गरेकी पौडेलले आधा दर्जनभन्दा बढी नै कृति अहिलेसम्म नेपाली साहित्य फाँटमा पस्किसकेकी छन् । आरम्भमा कविताले कविता नलेखे पनि उनको गीतकार व्यक्तित्व, निबन्धकार, उपन्यासकार एवम् कथाकार व्यक्तित्व निक्कै प्रबल बन्दै गएको देखिन्छ । यसका अलावा राजनैतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, आरोग्य साधिका व्यक्तित्व पनि उनमा पाइन्छ । उनको रचनाकारितालाई हेर्दा आत्मसंस्मरण लेखन काँडेघारीको यात्राबाट आरम्भ भएको भए तापनि औपचारिक कृति भने *तिजको गीत* (गीतसङ्ग्रह- २०५८) बाट सुरु भएको पाइन्छ । यसरी ६ थान कृति र थुप्रै फुटकर रचनाहरू पस्किसकेकी कविताका रचनाहरूमध्ये 'रिमा' (*समष्टि* वर्ष २७ अङ्क ३, २०६३ मङ्सिर-पुष अङ्कमा प्रकाशित) कथाको यहाँ चर्चा गर्ने जमर्को गरिएको छ ।

## कथासार

'रिमा' कथामा वर्णित प्रमुख नायिका रिमा हो । रिमा अशिक्षित र परम्परावादी संस्कारमा जन्मिएकी दमाई (दलित) परिवारकी छोरी हुन् । भरखरै प्रवेशिका परीक्षा उत्तीर्ण गरेकी रिमा आमा पालेर छुट्टै बसेकी छन् । आयस्रोत केही नभएकाले आँखा नदेख्ने आफ्नी आमालाई पालन पोषण गर्न गाउँलेहरूका लुगा सिलाएर पेट पाल्ने गर्दछिन् । उनका बाबुले अर्की (श्रीमती) कान्छी आमा ल्याएको छ । कान्छी आमा पट्टीका छोरा (भाइहरू) पनि छन् । भाइहरूले भने रिमालाई माया नै गर्छन् । उच्च शिक्षा हासिल गर्ने इच्छा जाहेर गर्दा रिमाका बाबुले इन्कार गरी काम मात्रै खाने प्रवृत्ति देखाएपछि रिमा बाबुको कुरा मान्दिन । यही कुराको वादविवाद पछि एकदिन रिमाका बाबुले रक्सी खाएर नानाथरी बोल्दै अगुल्टाले टाउकामा हानेर रिमाकी अन्धी आमालाई मार्छ र ऊ जेल जान्छ, पछि सौतेनी आमा (कान्छी आमा) को आग्रह र रामरतनको अग्रसरतामा रिमाकी आमा आफ्नै कालगतिले मरेको भन्ने कागज लेखेर रिमालाई सही गर्न वाध्य पारिन्छ । भाइहरू टुहुरा हुने, आयस्रोत पनि समाप्त हुने ठानेर

अन्त्यमा उसले सही गरिदिन्छे । रिमाको बाबु जेलबाट छुटेर आउँछ र फेरि रिमालाई दुःख दिन थाल्छ । केही दिनपछि रगताम्य सहित रिमाको लास खोलाको डिलको बगरमा फेला पर्छ । अपराधी बाबुलाई निर्दोष सावित गर्नु नै रिमाको मृत्युको कारण हो भन्ने कुरा यस कथाले पुष्टि गरेको छ ।

**टुङ्ग्याउनी**

यस कथाभित्र कथाकारले 'म' पात्र बनेर समाजमा घटेका र घट्न सक्ने सामाजिक अपराधजन्य व्यवहार पनि देखाएको कुरा पुष्टि भएको छ । अशिक्षित बाबुको छोरीप्रतिको दृष्टिकोण समाजमा पनि ढाकछोप गर्ने र अपराधीलाई जोगाउने प्रवृत्ति भएमा मानिसको चलखेल हुन्छ भन्ने कुरा प्रस्ट्याइएको छ । जति कुरा गरे पनि छुवाछुत प्रथाको अझै अन्त्य नभएको विषयवस्तु पनि कथामा प्रस्तुत छ । साहित्यकार कविता पौडेलका रचनाहरूलाई अध्ययन गर्दा पौडेलले आफ्ना कथाको कथावस्तु ग्रामीण नेपाली समाजबाट लिएकी छन् । शिक्षा, गरिबी, चेतनाको दियो बल्न नसकेका स्थानको छनोट गरी कथामा यथार्थ चित्रण गरेकी छन् । ओझेल परेको र अँध्यारो पक्षलाई अघि सार्दै, छुवाछुत, जातीय विभेद, अपराधीलाई प्रश्रय, जाँडरक्सी सेवनको निहुँमा अपराधीलाई पनि बोलवाला पहुँचवालाहरूले प्रश्रय दिइरहेको जस्ता कुराहरूलाई कथामा छर्लङ्ग्याइएको छ । कथाकार पौडेलका रचनामा शोषित, पीडित तथा नारीहरूका दुःख, दर्द, कष्टहरू समेत चित्रित भएको पाइन्छ । उनका कथाहरूमा फोटोग्राफरले यथार्थ फोटो खिचे झैं पात्रहरू, परिवेशहरू पनि सजीव रूपमा चित्रण गरेको पाइन्छ । कथाकार कविता पौडेललाई मार्मिक, नारीवादी, प्रगतिवादी एवम् सशक्त सामाजिक कथाकारका रूपमा लिन सकिन्छ ।

## सन्दर्भ सामग्री


पौडेल, कविता, २०५९, *काँडेघारीको यात्रा*, काठमाडौं: पसिना प्रकाशन ।

*जुही*, वर्ष ३०, अङ्क ३, पुस, माघ, फागुन, २०६७ ।

लामिछाने, कपिलदेव, २०६८, *समालोचनाको सोपान*, झापा: जुही प्रकाशन ।

*समष्टि*, वर्ष २७, अङ्क- ३, २०६३ मङ्सिर- पुस ।

***समकालीन साहित्य*** (नेपाली कथा समालोचना विशेषाङ्क- १) नेपाल प्रज्ञाप्रतिष्ठान ।



डुलुवा फोन: ९८४२६२६५६६

Email :- nirakar_krishna@yahoo.com

## चूडा मणि रेग्मी

'के के आइपर्छ जीवनमा ?' निबन्धको छोटकरी अध्ययन

*सङ्खुवासभा जिल्लाको बानामा १९९३ चैत्र २९ मा जन्मेका चूडामणि रेग्मी संस्कृत साहित्यमा आचार्य गरी लामो समय (२०२१/२०५५) सम्म प्राध्यापन गरी यतिखेर सेवानिवृत्त जीवन बिताइरहेका छन् । बानामा जन्मे पनि चन्द्रगढी झापामा उनको लामो बसाइ भएको छ । उनले २०१२ देखि लेखन आरम्भ गरेका हुन् । भाषा, व्याकरण र साहित्यको लेखनमा उनको कलम एकनासले चलेको छ । उनका भाषा, व्याकरण र साहित्य सम्बन्धी थुप्रै पुस्तक र लेख रचनाहरू छापिएका छन् । चूडामणि रेग्मी एक व्यक्ति नभएर एक संस्था बनिसकेका छन् । भाषा र व्याकरण सम्बन्धी उनका विशेष मान्यता र अडान छन् । प्रस्तुत समालोचनामा पनि उनका मान्यता देख्न सकिन्छ । यसमा कविता पौडेलको 'केके आइपर्छ जीवनमा ?' आत्मसंस्मरणात्मक निबन्धको सङ्क्षेपमा अध्ययन गरिएको छ ।*

नेपाली साहित्यमा आत्मकथा साहित्यका लेखक निकै छन् । आत्मकथा लेख्न प्रेरणा दिने व्यक्ति पनि वासु देव लुइटेल आदि निकै छन् । यसरी अनेकौं ढङ्गले अनेकौं लेखकवाट आत्मकथा लेखिअेका छन् । आत्मकथा लेख्नेले आफ्नो प्रवृत्ति अनुसारको विगत लेख्छ । यस भित्र परिवारका कथा पनि सम्लग्न रहेका हुन्छन् । अन्य सिर्जना झैं आत्मकथा लेख्न चाहिं सहज छैन, कठिन छ, आत्मकथा लेखकले आफ्नो सबै कुरा भन्न ठुलो आँट गर्नु पर्छ, र पनि नेपालीमा निकै गहकिला आत्मकथाहरु लेखिअेका छन् । वितेकामा अेक-दुइ नाम लिंदा विश्वेश्वर प्रसाद कोइराला र पारिजातको नाम लिन सकिन्छ । यसै गरी जीवितमा कमल दीक्षित, कृष्ण प्रसाद पराजुली, मन्जुल, प्रदीप नेपाल, राधा कृष्ण मैनाली, झमक घिमिरे आदिको नाम लिन सकिन्छ । यसै क्रममा कविता पौडेल (२००२) पनि अेक नाम हो ।

कविता पौडेलको आत्मकथा लेखनमा मात्र होइन उपन्यास लेखनमा पनि अेउटा विशिष्ट पक्ष पाइन्छ, त्यो हो- कठिन परिस्थिति सँग जुधेर पनि निरक्षर बुहारी साक्षर हुँदै मोद नाथ प्रश्रित (पोइ) का भावनात्मक सहयोगवाट क्रान्तिकारी काम र घर व्यवहार दुवैलाई समन्वय गरी हिम्मतिली महिला हुनु र पछि आफुलाई साहित्यकारमा रूपान्तरित गर्नु कविता पौडेलका जीवनका विशिष्ट पक्ष हुन् । यस्ती महिला व्यक्तित्वका लेखनका विशेषता केलाउने सामान्य प्रयास मात्र भअेका छन् (जुही विशेषाङ्क ६३, २०६७ जस्ता), विशेष भअेका छैनन् भन्दा हुन्छ । कविता पौडेलका प्रकाशित तिन उपन्यास (सुने अनुसार अप्रकाशित अरु २ उपन्यास) केही कथा, केही निबन्ध, केही गीतका साथै काँडे घारीको यात्रा नामको विशिष्ट प्रकारको आत्मकथा प्रकाशित भअेको

देखिन्छ । यस्ती विशिष्ट लेखिकाको विशेष ढङ्गले समालोचना नहुनु नेपालमा भइ रहेका विडम्वनाहरुको उदाहरणै हो । यो पक्ष तिर नलागी कविताका सिर्जनामा पाइने मूख्य विशेषता खोज्दा प्रगतिशील विशेषता हो र प्रगतिशील विचारले काम गर्नेहरुका जीवनको दुःख सुखका साथै सर्व साधरण दीन दुःखीको दलित अनि अपहेलितहरुको यथार्थ चित्रण गर्नु अर्को विशेष पक्ष हो । कविताको काँडे घारीको यात्रा भित्र तत्कालीन सामाजिक, आर्थिक कुशासन व्यवस्थाका विसङ्गतिहरुको चित्रण पाइन्छ भने यस्तै विसङ्गतिमा घर र माइतको चेपमा परेकी आफु र आफ्ना पोइ महाकवि मोद नाथ प्रश्रितको तत्कालीन परिस्थितिको सजीव चित्रण गरेकी छन् । त्यस्तो काँडे घारीकी यात्री कविता पौडेलको अेउटा नत्रा सम्स्मरणात्मक निवन्धगरिमा (मासिक)को पूर्णाङ्क ३४७ (२०६८ कार्तिक) मा प्रकाशित भअेको छ । त्यो निवन्धको शीर्षक हो - 'के के आइपर्छ जीवनमा ?' का विषयमा यहाँ सानो अध्ययन प्रस्तुत गरिन्छ ।

प्रस्तुत निवन्ध काँडे घारीको यात्राको औरस सन्तान हो भने हुन्छ तर स्वतन्त्र रूपमा पत्रिकामा प्रकाशित हुँदा यो आत्मकथ्य भन्दा पनि सम्स्मरणात्मक निवन्धको दर्जामा उभिअेको पाइन्छ, किनभने यसको सम्रचनामा सम्स्मरण पक्षको प्रधानता छ । सम्स्मरणको पृष्ठभूमिमा आअेका प्रारम्भका तिन अनुच्छेदमा व्यक्त केही कुरा काँडे घारीको यात्रामा लामो विवरण सहित आअेका छन् र ती काँडे घारीका यात्रामा आत्मकथाका रूपमा प्रस्तुत छन् । ती कुरा हुन् -

१. भारतमा वसेका वामपार्टीका नेता नेपाल फरिकअेका । (यहाँ विवरण छैन)
२. धेरैजसो पार्टी नेता नेपालमा भूमिगत रूपमा सक्रिय । (यहाँ विवरण छैन)
३. कविता पौडेलका श्रीमान् मोद नाथ प्रश्रित
   क. भूमिगत,
   ख. कमाअेर घरमा सहयोग गर्न नसक्ने अवस्था । (यहाँ विवरण छैन)
४. कविताका दाजुहरु तराई तिर सरेका । केही सहयोग गर्न नसक्ने । (यहाँ विवरण छैन)
५. घरको आम्दानीमा कमी । (यहाँ विवरण छैन)

तिनवटा ससाना छोरा छोरीकी आमाले खप्नु परेका भोगेका कष्ट दुःखले, घर र माइतीका विचमा अनेकौं विषयमा भअेका द्वन्द्व यो निवन्धमा वखानिअेका छैनन्, जुनलाई 'काँडे घारी' पढेका मगजले यो निवन्धमा पढ्नु पर्छ, त्यसैले यो आत्मकथ्य भन्दा सम्स्मरणै बढी भअेको छ । यसमा ठाकुर प्रसाद वेलवासे कुपात्रले बोलेका बोली, गर्न आँटेका क्रियाकलाप, त्यसमा ऊ असफल, पुजेरीवाट उसले कुटाइ खानु, कविता दुर्घटनावाट वच्नु जस्ता कुराहरुको सम्स्मरण यो निवन्धमा छन् ।

यो निवन्धमा कविता पौडेल वत्तिस वर्षकी छिन् । धेरै समस्याले ग्रस्त छिन् । राजनीतिमा भाग लिन्छिन् भने तिन ससाना छोरा छोरीकी आमाका रूपमा घर व्यवहार पनि गरिछन् । छोरा छोरी पढाउने कुराले झन्डै वेलवासेको तथाकथित सहयोगमा फँसेकी तर सुचरित्र पुजेरीको सहयोगवाट षड्यन्त्रको अैरो हुनवाट जोगिन्छिन् । यसरी यो निवन्धमा के के आइपर्छ जीवनमा ? सिद्ध भअेको छ । यो आश्चर्य लाग्दो मानी सम्स्मरण गर्ने उनै कविता पौडेल हुन्, जो यति खेर ६४ वर्षकी छिन् । उनी ठुला नेता तथा महाकविकी पत्नी, आफैं पनि कवि कथाकार, उपन्यासकार,

निवन्धकार, नारी साहित्यकार भअेर अहिले ३२ वर्ष पुरानो आफ्नो कुरा सम्झि रहेकी छिन् । विगतको त्यो घटनालाई वढी आक्रोशित भअेर भन्दा पनि सम्यमित भअेर आश्चर्य माने झैं गरी लेख्दै छिन् - 'के के आइपर्छ जीवनमा ?' यसो भनेकी कविता अहिले हजुर आमाका रूपमा पनि छिन् । जे होस्, उनले यो निवन्धमा - १ परिस्थितिले निरिह पारिअेकी कविता पौडेलको स्थिति दर्साअेकी छिन् । २. पन्चायती काल रात्रीले व्याप्त देशको दुर्दशाको सङ्केत गरेकी छिन् । ३. वेलवासे जस्ता महिला वेचविखन गर्नेको चकचकी देखाअेकी छिन् । यसरी केही समस्या हुँदा हुँदै पनि पुजेरी जस्तो केही जागरुक पुरुष र केही जागरुक नारीहरुको रमरम जागरणको स्थिति पनि यसमा दर्साअेकी छिन् । यसरी गाउँमा सामन्तवादी व्यवस्थाको अेउटा डर लाग्दो नमुना प्रस्तुत गरेकी छिन् ।

लेखाइमा सरलता छ, परिस्कृत छ शैली । प्रगतिशील विचारलाई झर्रा शव्द र वाक्यले राम्ररी प्रस्तुत गरेकी छिन् । यो निवन्ध भित्रको शैलीले, प्रस्तुतिले झर्रोवादीहरुलाई हाँक दिअे झैं लाग्छ- 'हे झर्रोवादीहरु' कति पूर्व तिर मात्र हेर्छौ ? पश्चिम अर्घाखाँची तिर पनि हेर यहाँ झर्रो मौलाअेको छ । यहाँबाट पनि झर्रो शव्दकोशलाई थुप्रै शव्द दिने प्रयत्न भअेको छ ।

झर्रो शैलीमा उखान टुक्का, अनुकरणात्मक शव्दको राम्रो प्रयोगका साथै प्रकृति र मानवको पनि तादात्म्य भअेको पाइन्छ यो निवन्धमा । वास्तवमा, निवन्ध कविता वर्गकै लेखन हो- जहाँ राखिअेका गद्यका कुरालाई रागात्मकताको जलप दिअेर पाठकको हृदय तानिन्छ । कविता पौडेलका निवन्धमा धेरै सफल निवन्धकारको झैं अेउटा निजपन पाइन्छ । निर्भीकता पूर्वक, निस्सङ्कोच, शिष्टता पूर्वक, लालित्यमय शैलीमा आफ्ना विचार राम्ररी राख्नु कविता पौडेलका निवन्ध लेखनका विशेषता हुन् ।

निष्कर्षमा, कविता पौडेलको आत्मकथा र सम्स्मरण प्रगतिशील विचारलाई सघाउने साहित्यिक सिर्जना मात्र नभअेर झर्रो शैलीको राम्रो उदाहरण मात्र नभअेर नेपाली वाम राजनीतिका शिखर पुरुष, विद्वान् व्यक्तित्व, महाकवि मोद नाथ प्रश्रितको जीवनको अेक पाटो, अेक पक्ष महाकविकी तत्कालीन फलाम नारी पत्नी कविता पौडेललाई आजको गणतन्त्र नेपालकी हजुरआमा रूपकी साहित्यकार कविता पौडेलवाट ३२ वर्ष पुरानो सम्स्मरण यो निवन्धमा प्रस्तुत गरिअेको छ । यो निवन्धमा धेरै कुरा अभिव्यक्त छन्, धेरै कुरा पाइन्छन्, ती मध्ये कविता पौडेललाई निकै ठुलो आपत् परेको समयमा वेलवासेवाट उनलाई वचाउने अत्यन्त विचारवान् सामाजिक व्यक्तित्व पुजेरीले फटाहा वेलवासेलाई कविता पौडेलको परिचय दिंदै भनेका यी वाक्य- नेपालकी वीर छोरी हुन् ।

यी क्रान्तिकारी महिलाहरुकी मियो हुन् ।

को थतर्को पहिले त स्वयम् लेखिकामा थतर्किंदै कति लामो दुरी सम्म थतर्किअेला ? भन्ने कुरामा म निकै नै घोल्लिअेको छु ।

२०६८, पुस २३

(वेद कुमारी रेग्मी ७४ वर्ष लागेको जन्म तिथि: पौष शुक्ल पक्ष त्रयोदशीको विहान)

# चूडामणि वशिष्ठ

## कथाकार कविता पौडेलका तीन कथा

*शान्तिनगर- ७, झापामा २०१४ मा जन्मेका चूडामणि वशिष्ठ त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरी मेची बहुमुखी क्याम्पस, झापामा प्राध्यापन कार्यमा संलग्न छन् । उनले तित्रा नामबाट पनि लेखेका छन् । कथा, हास्यव्यङ्ग्य र समालोचनामा कलम चलाउने वशिष्ठको एउटा हास्यव्यङ्ग्य सँगालो प्रकाशित भइसकेको छ भने दर्जनौं फुटकर लेख रचना समालोचनाहरू पत्रपत्रिकामा छरिएर रहेका छन् । प्रस्तुत समालोचनामा कविता पौडेलका तीनवटा कथाको विवेचनात्मक अध्ययन गरिएको छ ।*

### १. विषयप्रवेश

कविता पौडेल नेपाली आख्यानका क्षेत्रमा बाक्लो बाक्लै सुनिँदै आएको नाम हो । हीरा, बालचित्कार र आमाहरू तीनवटा उपन्यास नेपाली साहित्यलाई प्रदान गरिसकेकी कविता पौडेल फुटकर कथाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । आख्यानका अतिरिक्त आत्मकथा, गीत, संस्मरणात्मक लेख तथा ध्यान र योगासन सम्बन्धी पुस्तक पनि पौडेलका प्रकाशित छन् । वैचारिक आस्थामा प्रतिबद्ध साहस र हिम्मत भएकी क्रान्तिकारी जुझारु नारी हस्ताक्षरका रूपमा कविता पौडेल चिनिन्छिन् । अत्यन्त परिश्रमी, निर्भीक, सङ्घर्षशील, भूमिगत र जेलजीवन समेत बिताएकी वीराङ्गनाको नाम हो कविता पौडेल भन्ने कुराको प्रमाण उनको आफ्नै कथा *काँडेधारीको यात्राले* पेस गरेको छ । पौडेलको *समष्टि* पत्रिकामा प्रकाशित 'रिमा' कथा, *युगभाका* पत्रिकामा प्रकाशित 'छोरीको चिठ्ठी' र *मधुपर्क*मा प्रकाशित 'पल्लो पसल' यी तीनवटा कथा पढ्ने अवसर मैले पनि पाएको थिएँ । यस लेखमा यिनै तीनवटा कथाका आधारमा कथाकार कविता पौडेलको कथाकारितालाई खुट्याउने जमर्को गरिएको छ ।

### २. कथाकार पौडेलको कथाकारिता

'रिमा' कथाकी नायिका वा प्रमुख पात्र रिमा नै हो । रिमा निम्न वर्गीय गाउँले दलित (दमाईं) परिवारकी छोरी हो । उसले भरखरै प्रवेशिका परीक्षा उत्तीर्ण गरेकी छ । उसकी आमाको आँखामा फुलो परेकोले राम्ररी देख्तिन । लुगा सिलाएको ज्यालाले उसले आफ्नी आमाको हेरविचार गर्छे । बाबुले कान्छी आमा ल्याएको छ । कान्छीआमाका छोरा भाइहरू पनि छन् । भाइहरूसँग रिमाको सुमधुर सम्बन्ध छ । रिमा प्रवेशिका पास गरेपछि उच्च शिक्षा हासिल गर्ने इच्छा राख्छे, तर उसको बाबु छोरीको काम खाने बिचारले यो कुरो मान्दैन । यही कुराको वादविवादमा एक दिन रक्सी खाई आएर रिमाको बाबुले रिमाकी आमालाई मार्छ र ऊ जेल पर्छ । रिमाकी

आमा कालगतिले मरेको हो भन्ने कागत लेखेर रिमालाई सही गर्न कर गरिन्छ । पहिले त उसले मान्दिन तर भाइहरू टुहुरा हुने, आयस्रोत पनि समाप्त हुने ठानेर अन्त्यमा सही गरिदिन्छे । बाबु जेलबाट छुटेर आउँछ । त्यसको केही दिन पछि खोलामा रिमाको लास फेला परछ । बाबुलाई छुटाउने एउटा सही नै रिमाको मृत्युको कारण बनेको कुरा कथामा सूत्ररूपमा प्रस्तुत गरिएको छ ।

'छोरीको चिठ्ठी' कथामा स्कुलबाट पिकनिक गएकी नौ कक्षामा पढ्ने किशोरीलाई द्रव्यपिशाचहरूले औषधिले बिहोस बनाएर भारतको बम्बैमा पुऱ्याई नारकीय जीवन बिताउन बाध्य बनाएको दारुण कथा छ । पैसाको निम्ति चेलीबेटी बेच्ने नीचहरूका कारण कैयौं नेपाली चेलीहरू बरबाद भइरहेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ ।

'पल्लो पसल' कथामा खास गरी तराईबासीहरूमा विवाहमा दाइजो दिने लिने प्रथाले निम्त्याएको समस्यालाई अघि सारिएको छ र यो प्रथा सङ्क्रमण रोग झैं समाजमा फैलिंदै गएको प्रति चिन्ता व्यक्त गरिएको छ । दाइजो नल्याउने बुहारीलाई मार्न प्रयोग गरिएको विष आफ्नो छोरामा पनि परेर छोराबुहारी दुवैको मृत्युले विष प्रयोग गर्ने आमाको दशालाई देखाइएको छ । यी तीन कथाका आधारमा कथाकार कविता पौडेलका निम्नलिखित प्रवृत्तिहरू फेला पर्छन् :

२.१ सामाजिकता

पौडेलले आफ्ना कथाको कथावस्तु ग्रामीण नेपाली समाजबाट लिएकी छन् । जहाँ शिक्षा चेतना पुगेको छैन, जहाँ व्याप्त गरिबीले गाँजेको छ, त्यस्तो ओझेल परेको अँध्यारो पक्षलाई कथामा रोजिएको छ । मुलुकी ऐन भए पनि समाजमा लुकी ऐन चालु छ । बहुविवाह, बालविवाह रोकिएको छैन । जाँड रक्सी सेवनका कारणबाट जघन्य अपराधहरू भइरहेका छन् । त्यस्ता अपराधीहरूलाई जाली कागजले छुट दिइरहेको छ भन्ने कुरा 'रिमा' कथामा देखाइएको छ । दाइजो प्रथा जस्तो कुसंस्कारले समाजलाई जकडेको छ । यो रोग घटेर जानुभन्दा झन्-झन् सङ्क्रमण भएर फैलिरहेको छ । अर्काको सम्पतिमा राल काढ्ने प्रवृत्ति बढेर गइरहेको छ । दाइजोका कारण समाजमा ठूला-ठूला अपराध भइरहेका छन् । गरिब बाबुका छोरीहरूको जीवन बरबाद भइरहेको छ । दाइजो नल्याउने बुहारीहरूलाई दुःख दिने, हुर्मत लिने मात्रै होइन, विष खुवाउने आगो लगाउने राक्षसी प्रवृत्तिका सासूहरू समाजमा छन् । देशमा यस सम्बन्धी कानुन भए पनि पालन भएको छैन भन्ने कुरो पल्लो पसलु कथाले पस्तुत गरेको छ । देशका सोझा सिधा चेलीबेटीहरूलाई ललाइफकाइ गरी, अनेक प्रलोभन देखाई, बिहोस बनाउने औषधिको समेत प्रयोग गरी बम्बैमा पुऱ्याएर बेच्ने नरपिशाचहरू हाम्रै समाजमा छन् । आफ्नो इज्जत बेच्ने यस्ता पापी अपराधीहरूलाई शैरव (?) मा लगेर कोच्न हाम्रा कानुनहरू फितला छन् भन्ने कुरा छोरीको चिठ्ठी कथाले प्रस्तुत गरेको छ । यी कथाहरूका आधारमा कथाकार कविता पौडेल सामाजिक कथाकार नै हुन् भन्न सकिन्छ । यिनका कथाले वास्तविक नेपाली समाजलाई छर्लङ्ग पारेर उतारेको पाइन्छ ।

२.२ नारीवादिता

पौडेलका यी तीन कथाहरूलाई मथेर नौनी पथार्दा के कुरो झल्किन्छ भने समाजमा नारीहरूले नै बढी दुःखकष्ट झेलेका छन् । बढी आँसु उनीहरूले नै बगाएका

छन् । जीवनलाई उनीहरूले नै बढी नजिकबाट नियालेका छन् र सत्यका नजिकमा पनि नारीहरू नै छन् भन्ने भाव प्रकट भएको छ । 'रिमा' कथाकी रिमालाई बाबुले मारेको छ, चेलीलाई बम्बैमा बेच्न पुर्‍याउने पनि पुरुष पात्र नै रहेको छ, रक्सी खाएर कुटपिट गर्ने क्रममा लोग्नेले स्वास्नी मारेको छ । सासूले बुहारीलाई मात्रै विष खुवाएर मार्न खोजेकी थिई, तर छोरो पनि मरेकोले ऊ दुखित बनेकी छ । यस्ता घटनाबाट नारीहरू पुरुषबाट अझै पनि शोषित र प्रताडित छन् भन्ने कुरो देखिन आउँछ । 'रिमा' कथा रिमाकै चरित्रमा केन्द्रित छ । छोरीको चिठ्ठी कथा छोरीकै दुःखदर्दमा सीमित छ र 'पल्लो पसल' कथा दाइजो नल्याउने बुहारीको व्यथामा केन्द्रित छ । यसबाट कथाकारले नारीलाई प्रधानता दिएर कथा लेखेको पाइन्छ । नारीहरूकै दुःखकष्ट दर्दहरूलाई कोलमा हालेर आँसु निकाल्ने प्रयत्न गरिएको छ ।

२.३ मार्मिकता

पौडेलका कथा करुण भावले भरिएका छन् । ग्रामीण समाजकी निम्न वर्गीय दलित परिवारकी रिमाले प्रवेशिका परीक्षा उतीर्ण गरेपछि उच्च शिक्षा ग्रहण गर्ने इच्छा गर्दा मारिनु परेको छ । बाबु गरिब भएकोले दाइजो ल्याउन नसक्ता बुहारीले पनि जीवन त्याग्नु परेको छ । द्रव्यपिशाचहरूका कारण अर्की छोरीले बम्बैको कोठीमा नारकीय जीवन बिताउनु परेको जस्ता करुण कहानी कथामा आएका छन् । यी करुण कथाहरूले पाठकको मन निर्चोन सफल भएका छन् ।

२.४ आर्थिक दृष्टि

पौडेलका यी तीनवटै कथा आर्थिक स्थितिसँग सम्बन्धित छन् । आर्थिक अभाव आर्थिक प्रलोभनकै कारण पारिवारिक जीवन विघटन भइरहेको कुरालाई यी कथाहरूले देखाएका छन् । रिमाको बाबुले रिमालाई लुगा सिलाएर आर्थिक आर्जन गर्नु पर्छ, दमाईकी छोरी पढेर बाहुनी हुने होइन भन्छ । अर्को द्रव्यपिशाचले आर्थिक प्रलोभनकै कारण आफ्नी चेलीलाई कोठीमा लगेर बेच्छ । दाइजो नल्याउने बुहारीलाई लालची सासूले विष खुवाएर मार्छे । यी जम्मै घटना र रुपैयाँ पैसासँग गाँसिएका छन् । समाजमा भएको आर्थिक विषयमा आर्थिक प्रलोभन, लोभलालचका कारण समाजमा अनेक अपराध भइरहेको कुराले सामाजिक पारिवारिक जीवन विघटन हुँदै गएको सन्देश कथाकारले दिएकी छन् ।

२.५ भाषा शिल्प

एउटा अनपढ मान्छेलाई पौडेलका कथा पढेर सुनाइदिनु हो भने स्पष्ट बुझ्न सक्छ । सरल सहज भाषामा कथाहरू प्रस्तुत गरिएका छन् । कथामा आदि, मध्य अन्त्यको निर्वाह पनि राम्ररी गरिएको छ । एकै बसाइमा पढिसकिने छोटा आकारका कथा कुनै पृष्ठभूमि बिना नै तेज गतिमा आएर तुरुन्तै समाप्त भएका छन् । कथामा हुनु पर्ने कौतूहलताको अभाव पनि कथामा छैन । सामाजिक एउटा घटनालाई टपक्क टिपेर लेखिएका पौडेलका कथा पाठकमा एउटा गहिरो प्रभाव छोड्न सफल भएका छन् । निम्न वर्गीय गाउँले जीवनबाट टिपिएका पात्रहरूको स्तर सुहाउँदो संवाद, बिस्वासिलो यथार्थपरक घटनाहरूको रोजाइले नै पौडेलका कथा पाठकका निम्ति प्रिय र प्रभावकारी बन्न पुगेका हुन् ।

## ३. निष्कर्ष

६५ वर्षे लामो सङ्घर्षमय जीवन बिताएकी, अनेक दु:ख-सुख झेलेकी अनुभवी कविता पौडेलका जीवनका निष्कर्षहरू उनका कथामा आएका छन् । उनका कथामा भावना कल्पनाका पखेटा चलाउनु भन्दा पनि नेपाली समाजको यथार्थ स्थितिको शब्दचित्र प्रस्तुत गर्न सफल छन् । आर्थिक विषमताले निम्त्याएको दु:खदर्द, बिलौना, वेदनाबाट करुणाको खोलो बगाउन कथाकार सफल भएकी छन् । कथाकार आफू पनि नारी भएकीले उनले नारीहरूको दु:खलाई नजिकबाट नियालेकी छन् । आर्थिक अभावमा पिल्सिएका निरीह जीवनप्रति मलमपट्टी लगाउने पौडेल प्रगतिवादी कथाकार हुन् । आर्थिक विषमता नै सामाजिक, पारिवारिक दु:खको कारण हो भन्ने निष्कर्ष पौडेलका कथाले निकालेको पाइन्छ ।

* * *

भद्रपुर- १५
*जुही*, पूर्णाङ्क ६३

## डा. जीवेन्द्र देव गिरी
### काँडेघारीको यात्रामा कविताको क्रान्ति

*सिम्ता, काप्रीचौर, सुर्खेतमा २००९ मा जन्मेका जीवेन्द्रदेव गिरी त्रि.वि.बाट नेपाली स्नातकोत्तर गरी लेखन र प्राध्यापन कार्य संलग्न छन् । हाल शान्तिनगर, काठमाडौंमा बसोबास गर्ने डा. गिरीका भाषा, साहित्य, लोकसाहित्य, बालसाहित्य सम्बद्ध एक दर्जन जति पुस्तक र थुप्रै लेख रचनाहरू प्रकाशित भइसकेका छन् । गिरी यी चारै क्षेत्रमा विज्ञ रहेका छन् । यस समालोचनामा कविता पौडेलको काँडेघारीको यात्राका बारेमा प्रकाश पारिएको छ ।*

**१. उठान**

कविता पौडेलको क्रान्तिकारी जीवनको आलेखन नै *काँडेघारीको यात्रा* (२०५९) का रूपमा सार्वजनिक भएको छ । उनी आफैले लेखेको यो कृति यथार्थ भोगाइमा आधारित छ । यसले एक क्रान्तिकारी नेपाली नारीको अनुपम उदाहरण प्रस्तुत गरेको छ । मोदनाथ प्रश्रित जस्ता मृत्युका मुखमा पुगेर फर्केका नेता र चर्चित प्रगतिवादी साहित्यकारकी जीवन सँगिनीका रूपमा सदा जोखिमपूर्ण र सङ्घर्षशील जीवन बिताएकी कविताको प्रस्तुत कृति नेपाली जीवनी साहित्यको विशिष्ट उपलब्धि हो । यसले उनको जीवनीलाई मात्र नभई इतिहासका अनेक महत्त्वपूर्ण घटना र सन्दर्भलाई लिपिबद्ध गरेको छ र सामाजिक राजनैतिक परिवर्तनका निम्ति वर्तमान र भविष्यलाई यथेष्ट ऊर्जा, उत्साह र उमङ्ग प्रदान गरेको छ । कविता जस्ता नारीहरूको त्याग, धैर्य, सङ्कल्प र जुझारुपनाले नै नेपाली क्रान्तिको सुदृढ जग निर्माण भएको हो र आजको अवस्थामा हामी आइ पुगेका हौं । यस्तै नारीहरूका आड र आधारमा संसारका कैयन् व्यक्तिहरूले ठुलठुला काम गरे तर नारीका त्यागपूर्ण जीवनी भने ओझेलमा परे र तिनका प्रेरणादायी कर्मबारे संसार अनभिज्ञ रह्यो । कविताले भने आफैले कलम चलाएर त्यस स्थितिका खाडलमा आफ्ना कर्मलाई पुरिन दिइनन् । शिक्षाका निम्ति र लेखनका निम्ति उनले गरेको मिहिनेतले उनलाई यसमा एकातिर सहयोग पुऱ्यायो भने प्रश्रितको प्रेरणा ठुलो सम्बल बन्यो । यसै कृतिमा प्रश्रितले उनलाई यी शब्दमा वर्णन गरेका छन्, "आफूले अनन्त कष्ट सहेर मलाई 'प्रश्रित' बनाउने प्रिय सहयोद्धाको यो रचना प्रकाशित हुँदा मेरो छातीमा खुसीको सागर लहराएको छ ।" यस कृतिभित्र पसेपछि थाह हुन्छ, कविता क्रान्तिकारी पतिकी जीवन सँगिनी मात्र होइनन्, आफैं पनि क्रान्तिको भरभराउँदो ज्वाला हुन् ।

**२. जीवनका विभिन्न क्षेत्रमा कविताको क्रान्ति**

घर व्यवहार, समाज र राजनीति तिन वटै क्षेत्रमा कविताले कठोर सङ्घर्षका साथ आफूलाई क्रान्तिमा होमेको कुरा *काँडेघारीको यात्रा*बाट थाहा पाइन्छ । जीवनका

सुरुका दिनहरूमा समस्याले उनलाई केही विचलित तुल्याए पनि प्रश्रितको न्यानो माया र आफ्नो लगनशीलताबाट वैचारिक उचाइ उठि सकेपछि भने उनी दृढतापूर्वक क्रान्तिकारी नारीका रूपमा गतिशील रहि रहिन् । जीवनका कहाली लाग्दा क्षणहरूमा पनि धैर्य नगुमाई आफ्नो साहस, शौर्य र प्रतिभाको परिचय दिने अनेक उम्दा कामहरू उनले गरिन् । त्यसैका आलोकमा कविता र क्रान्तिको अन्योन्याश्रित सम्बन्धलाई ठम्याउन सकिन्छ ।

२.१ घर व्यवहारमा कविताको क्रान्ति

दस वर्षको उमेरमा चौध वर्षका पतिसँग कविताको बिहा भएको थियो । त्यतिखेर कवितालाई रामप्यारी र प्रश्रितलाई गौरी भनिन्थ्यो । बिहाको अर्थ र महत्त्व नबुझेको उमेरमा उनको बिहा भए पनि प्रश्रितलाई भने उनी बाल्यकालदेखि नै मन पराउँथिन् । उनकी आमाको अग्रसरतामा पिताका इच्छा विपरीत उनको बिहा सम्पन्न भएको थियो । बिहापछि पिताले सन्न्यासी भेष धारण गरी बेपत्ता भएका थिए र षड्यन्त्रपूर्वक उनको हत्या भएको थियो । पिताको मृत्युपछि उनकी आमाले अनेक कष्ट, मुद्दाहरू र सौताने पिरलो बेहोर्नु परेको थियो । त्यसैले कवितालाई आमाको पिरले एकातिर सताएको थियो भने अर्कातिर दुलहाको अध्ययनका निम्ति परदेश गमन, घरमा अभावैअभावबिच रातदिनको कठोर खटनपटन र त्यसमा पनि सासूको कडा अनुशासन र अवहेलनाबिच उनले आँसुका घुट्का पिउँदै दिन गुजार्नु परेको थियो । भागेर माइतीमा आउँदा पनि आमाले खाँबामा बाँध्ने र सिस्नोपानी लगाउने गरेको दर्दनाक स्थिति पनि विद्यमान थियो । यस स्थितिमा खोलामा बग्ने आत्महत्यासम्मका प्रयास गर्न उनी विवश भइन् तर जसै उनले आफ्ना जीवनसँगी प्रश्रितको विवेकपूर्ण स्नेह प्राप्त गरिन् र विचारको नयाँ उज्यालो प्राप्त गर्दै नेपाल कम्युनिस्ट पार्टीको सङ्गठनमा समेत आबद्ध भइन् त्यसपछि भने समस्याका अनेक साङ्ला चुँडाल्न उनी सक्षम भइन् । उनका लागि घाँस दाउरा, भिरपाखा र खेतीबारीका काम सामान्य भए । उनी बिर्तावाल जिमुवालको कुलीन परिवारमा जन्मेकी थिइन् र प्रसिद्ध शिक्षक पण्डित घनश्याम पौडेलकी बुहारी थिइन् तर बेसाहा र नुनतेल बोक्ने ढाक्रेका रूपमा काम गर्न पनि उनलाई गाह्रो लागेन । सामन्ती इज्जतका विपरीत श्रम र श्रमिकलाई सम्मान गर्ने क्रान्तिकारी बाटो उनले अँगालिन् ।

पहाडमा जीवन धान्न अत्यन्त गाह्रो भएपछि उनी आफ्ना सन्तानहरूलाई लिएर रित्तो हात मधेस झरिन् । के खाने र कहाँ बस्ने भन्ने कुराको कुनै ठेगाना नभएको स्थितिमा दुई माना चामल र दश रुपियाँ लिएर उनी बाटो लागेकी थिइन् र भैरहवा बुटवलमा भौंतारिँदै कपिल वस्तुको थरौली जस्तो सीमा क्षेत्रको जङ्गलमा आश्रय लिन पुगेकी थिइन् । थरौलीमा बाँच्नका लागि, बाल बालिकाका शिक्षाका लागि र समाजका लागि उनले गरेको सङ्घर्ष बिरलै मान्छेले जिन्दगीमा गरेका होलान् । राजनैतिक कारणले कहिले कसो आइ पुग्ने पतिको सहारा लिँदै उनले त्यहाँ माटाको भित्ता भएको कच्ची घर खडा गर्न सफल भइन् । यसअगि पहाडको घर निर्माणमा पनि बेसरी खटेकी कविता त्यो घर खडा गर्ने क्रममा पनि माटो मुछेर गारो लगाउने, जङ्गलमा गएर दार काट्ने, ताछ्ने, बोक्ने, गाउँ गाउँबाट खर ओसार्ने जस्ता यावत्

काममा सहभागी भइन् । थरौलीको सिँचाइ नहुने जग्गामा खेतीका लागि उनले निकै पसिना बगाइन् तर उपलब्धि शून्य भएपछि त्यो बस्ती छाडेर अन्यत्र हिँड्न बाध्य हुनु पऱ्यो । चोरडाँका लाग्ने त्यस खतरनाक ठाउँमा कहिले जङ्गलमा चोरका फेला परेर उम्केको, कहिले बाढी आएको खोलो तर्न नसकेर रूखमा रात बिताएको र कहिले डाँकाहरूले आफ्नै घरमा आई लुटेको सामान बाँडेको उनले देख्नु भोग्नु पऱ्यो । त्यस अप्ठ्यारो स्थितिमा पनि उनले आफ्ना पतिको चिकित्सा क्षेत्रको ज्ञानबाट सिकेको सिपको प्रयोग गर्दै औषधी उपचारको काम गरी जनताको मन जितिन् र 'डाड्डराइन' (डाक्टर्नी) का रूपमा जनप्रिय बनिन् । खेतीमा पम्पसेटको पनि उपयोग हुन नसकेपछि टुकटुके मिल चलाउने काम पनि उनले अँगालिन् । विरोधीहरू र गुप्तचरहरूका माझ सधैं सकसको जिन्दगी उनले बिताउनु पऱ्यो तर उनले हरेक अप्ठ्यारो परिस्थितिको सामना गरिन् । उनको गृह कुशलता र आँटिलो गतिविधिबाट सासू र पति समेत प्रभावित भएको पाइन्छ भने इष्टमित्र र समाजका श्रमजीवी व्यक्तिहरू पनि प्रशंसक र सहयोगी बनेको पाइन्छ । दुष्ट चरित्रका व्यक्तिहरूले उनको विरोध गरे पनि तिनलाई ठेगान लगाउन उनी पछि नपरेको र हकी कुरा गरी कायल पारेको देखिन्छ । त्यसैले पतिले कहिले भूमिगत, कहिले विदेश र कहिले जेलको चौघेरामा ज्यानको टुङ्गो नभएको अवस्थामा जीवन गुजार्दा पनि उनले सक्षमतापूर्वक घर व्यवहारको सञ्चालन गरिन् । एक क्रान्तिकारी नारीको नमुना बनेर उनले आफ्नो घर र घर बाहिर उज्यालो छरिन् ।

२.२ सामाजिक परिवर्तनमा कविताको क्रान्ति

समाजका अनेक कुचलन, रूढि र अन्ध विश्वासका विरुद्ध कविताले क्रान्ति चलाइन् । महिलाले हलो जोत्नु हुन्न भन्ने परम्परावादी सोचलाई समाप्त पार्न उनी आफैले हलो जोतिन् । प्रश्चितले २०२२ मा सञ्चालन गरेको 'बाहुन हलो सञ्चालन अभियान' बाट उनी प्रभावित थिइन् र महिलाले हलो जोत्न किन नहुने भन्ने प्रश्नले उनीसँग निकास खोजि रहेको थियो । यस्तैमा उनको अभियान अगाडि आएको थियो । सुरु सुरुमा उनले हलो चलाएको कसैले देखेनन् तर २०२९ मङ्सिर २७ गते उनको बाँसटारी खेतमा हलो चलाएको भने धेरैले देखे । कतिले गाली गरे, कतिले सरापे,कतिले धारे हात लगाए र कतिले त 'अलच्छिनी आइमाई'को संज्ञा दिई 'समात समात' भनेर चिच्याए पनि । उनले यी केहीको पनि वास्ता नगरी सगर्व सचेत रूपमा समाजको रूढि तोड्ने उद्देश्यले हलो जोतेकी थिइन् । गाउँमा महामारी आउँदा पनि उनले हलो जोतेकाले अनिष्ट भएको दोषारोपण गरियो तर उनले यस्ता आरोपप्रति टेरपुच्छर लगाइनन् , बरु उल्टै महामारीमा मरेको कौडे दमाईको नातिको कोही मलाम गएको नदेखेपछि आफै मलाम गई खाल्डो खनेर शव गाड्न सघाइन् । यसपछि त झन् 'यसले कुलको धर्म नै डुबाउने भई' भन्दै यता छोइएला र उता छोइएका भनेर पानी लिन जाँदा समेत उनलाई छिछि दुरदुर गर्न थालियो । कविताले भने महिलाले गर्न नहुने भनेका हलो जोत्ने, घर छाउने र दमाईको मलाम जाने जस्ता काम गरि सकेकी थिइन् र खसी पनि काटेर देखाइ दिइन् । उनलाई लागेका आरोपबारे घरमा सासूले पनि कुरा उठाइन् तर कवितालाई त्यसले छुने कुरै थिएन । उनका विरुद्ध कचहरी बसेर माफी माग्न भनियो, झुन्डाउने कुरा गरियो र पुलिस बोलाएर थुनाउने धम्की पनि

दिइयो तर उनले 'महिलाले हलो जोत्न हुन्न भनी कुश शास्त्रमा लेखेको छ ?' भन्ने प्रश्न उठाएर अवाक् तुल्याउँदै झुन्डाउने कुरा झिक्नेलाई जुरुक्क उठी खुट्टाको चप्पल निकालेर ताक्दै यी शब्दले हकारिन् :-

मलाई रूखमा लगेर झुन्डाउने बहादुर छोरो कुन आमाले जन्माएकी रै छ, लौ आऊ त ? छ तागत कसैको ? महिलाहरूलाई उभिन्डो पारेर झुन्डाउने कानुन छ हाम्रो मुलुकमा ?

कवितालाई कुट्ने मार्ने कुरा पनि गरिए तर उनी कत्ति पनि थर्किनन् । उनका विरुद्ध तिजका गीतहरू पनि गाइए तर उनी ठ्याम्मै गलिनन् । बरु उनले न्यायप्रेमी सङ्गठित समुदायको समर्थन र बल पाइन् । एक प्रकारले उनको विजय भयो ।

उनका जीवनमा व्यभिचारीहरूले पनि पटक पटक दुर्व्यवहार गर्ने चेष्टा गरे तर ती सबैलाई उनले आफ्नो साहस र नैतिक बलले परास्त गरिन् । आफ्नै बारीको पुच्छारको रुख र बाँसले घेरिएको राजुगैराको खोल्सामा गुन्डाहरूले अनाचार देखाउँदा उनले खुर्पा उज्याएर 'कुकुर' को संज्ञा दिँदै भगाइन् । यसरी नै पहाडबाट मधेसतिर जाँदा दाजु बनेर सँगै बास बसेको एक व्यक्तिले रातमा अनैतिक व्यवहार गर्ने जमर्को गर्दा उनले यी शब्दले हकारिन् र ऊ जिउँदै मरेको जस्तो भयो :-

थुक्क पापी कुकुर ! अझ दाजु भएको । हेर त लाज सरम पनि नलाग्ने । तेरो जुनी त मरेकै हो ।

थरौलीमा बसोबास गरेको बेला एकान्त जङ्गलमा चोरले लुट्न खोज्दा पनि उनले आँटका साथ लडेर चोरलाई परास्त गरिन् । तराईको ठाउँ, जङ्गलको यात्रा, रातको समय अनि एक्ली महिला । जस्ता तस्ताको सातो जाने र होस गुम हुने स्थितिमा उनले गरेको सङ्घर्ष अनि त्यसमा पाएको विजय उनी जस्ता क्रान्तिकारी महिलाका अतिरिक्त अरूका वशको कुरा होइन ।

कविताकी जेठ छोरी शैलूलाई मूल नक्षत्रमा जन्मेकी भनी मुल्याहा र अलच्छिनको रूपमा बाहिरबाट आरोपित गरिँदा प्रश्रितले परम्परावादीहरूलाई लाछीको संज्ञा दिँदै छोरीले उनीहरूको सातो खाएको कविता लेखे भने कविताले पनि प्रश्रितकै चिन्तनलाई अँगाली रूढिका विरुद्ध उभिइन् ।

महिला शिक्षाप्रति खासै वास्ता नगरिने त्यस समयमा कविताले प्रश्रितको आड पाई सोह्र वर्षको उमेरमा कखहरा सुरु गरी बाइसको उमेरमा चिठीपत्र लेख्न जान्ने भएको र उनन्तिसको उमेरमा हाई स्कुलको परीक्षा दिएको पाइन्छ । बिरामी र गर्भवती अवस्थामा पनि शिक्षाका निम्ति उनले प्रशस्त मिहिनेत गरिन् तर हाई स्कुल उत्तीर्ण गर्ने धोको भने अधुरै रह्यो । आफ्नो अध्ययन गर्ने धोको पुरा नभएकाले होला, उनले आफ्ना छोराछोरीको पढाइका लागि भने अप्ठयारोभन्दा अप्ठ्यारो वेलामा पनि जुक्तीबुद्धि लगाइ रहिन् र पढाइको अवसर प्रदान गरिन् ।

कविताले स्वयंवरको औंठीलाई समेत वास्ता नगरी बेचबिखन गरिन् र आफूले तिर्नु पर्ने सापटी र लेबीको रकम भुक्तान गरिन् । यसरी नै घरमा अप्ठ्यारो पर्दा गहनापातलाई जोगाई राखेर व्यावहारिक कठिनाइमा राम हेरि रहने काम उनले गरिनन् ।

कविताले समाजमा व्याप्त अँध्यारो हटाउन गरेको सामाजिक क्रान्ति उदाहरणीय छ । पहाड तराई जहाँ रहे पनि सामाजिक समस्यासँग गाँसिएर त्यसको समाधानका निम्ति उनी दृढतापूर्वक लागि परिन् । उनको व्यक्तिगत जीवनसँग सम्बन्धित सङ्घर्ष र असल काम समाजका लागि मार्ग दर्शक र अनुकरणीय बने ।

२.३ राजनीतिक रूपान्तरणमा कविताको क्रान्ति

कविताले राजनीतिको कखरा प्रश्रितबाटै सिकिन् र क्रमशः पार्टी सदस्यता ग्रहण गर्दै राजनीतिमा संलग्न रही क्रान्तिप्रति समर्पित भइन् । मुलुकमा राजनीतिका रूपमा पञ्चायती राईंदाईं चलेको वेला प्रश्रित कम्युनिस्ट पार्टीमा लागेको चर्चा उनले २०२४/२०२५ तिर सुनिन् । त्यो पार्टी भनेको धर्मकर्म, जातपात केही नमान्ने, अरूको सम्पत्ति लुट्ने र लोग्नेस्वासी पनि भन्न नदिने पार्टी हो भनी उनले सुनेकी थिइन् । यसले चिन्तित तुल्याइ रहेको अवस्थामा २०२६ माघमा प्रश्रित स्वयम् घरमा आएर कम्युनिस्ट विरोधी प्रचारलाई चिर्दै त्यसका असल पक्षबारे कुरा गरेको उनले नजिकैबाट सुनिन् । बटौलीमा अध्ययन गरि रहेका प्रश्रितसँगै बस्ने भनी त्यहाँ गएको केही दिनमै प्रश्रित पकाउ परेपछि कविता प्रश्रितका विभिन्न साथीहरूका सम्पर्कमा पुगिन् र त्यस घटनालाई आफैले अनुभूत गरिन् । प्रश्रितलाई भैरहवा जेल हुँदै काठमाडौंको भद्रगोल जेलमा पुऱ्याएको जानकारी पनि उनले पाइन् । अब उनले घरको गम्भीर अवस्था र जिम्मेवारी बोध गरी काम गर्न थालिन् भने पुष्पलालद्वारा नेतृत्व गरिएको कम्युनिस्ट पार्टीका साथीहरूको पनि सम्पर्क पाउन थालिन् । यस्तैमा २०२७ पुसमा उनले कमरेड देवराज 'भार' बाट पार्टी सदस्यता प्राप्त गरिन् । प्रश्रित जेलबाट छुटेपछि भूमिगत भए र उनको सर्वस्व हरण गरियो । पार्टीले भने प्रश्रितलाई सांस्कृतिक मोर्चाको महासचिवको जिम्मेवारी दियो । कविताले उत्साहित हुँदै अखिल नेपाल महिला सङ्घको जिल्ला आयोजक समितिको जिम्मेवारी पाइन् । उनी महिलाहरूको भेलाबाट अनेमसं जिल्ला सङ्गठन समितिको संयोजक छानिइन् । सङ्गठनका काममा उनी पुरै समर्पित भइन् र उपप्रधान पञ्च पदमा उम्मेदवारी दिएर गाउँका फटाहहरूलाई थर्कमान पारिन् । उनका विरोधमा फटाहाहरू खनिए, खर्चपर्च गरे र दुष्प्रचारमा उत्रिए । उनले चुनाब जित्न नसके पनि महिला, उत्पीडित र गरिबहरूमा उत्साहको सञ्चार भयो । महिला उम्मेदवारी तत्कालीन राजनीतिमा क्रान्तिकारी पाइला थियो ।

२०३१ तिर कविता प्रश्रितसँगै बनारस पुगिन् । त्यहाँ उनले पुष्पलाल, युद्ध प्रसाद मिश्र, मदन मण्डारी आदि साहित्यिक राजनैतिक व्यक्तिहरूलाई भेट्ने अवसर पाइन् । प्रश्रित 'मुक्तिमोर्चा समूह'मा सम्मिलित भई नेपालमा भूमिगत काम गर्न थालेपछि कविता पनि आफ्नै हर्राबोटमा फर्किन् र केही समय त्यतै राजनैतिक काममा संलग्न भएपछि मधेस झरिन् । मधेसमा प्रश्रितसँग सम्पर्क भई थरौलीमा बास खडा गरि सकेको अवस्थामा २०३६ को जनमत सङ्ग्रहको घोषणा भयो । प्रश्रितले खुला सभामा भाषण दिएको देखेपछि प्रहरी प्रशासनले पछ्याउन थाल्यो र घरमा आई कवितालाई अनेक प्रश्न गर्न थाल्यो । सिआईडीहरू आउजाउ गर्न थाले । यस्तैमा बनारस गई वर्ग सङ्घर्ष र मुक्ति मोर्चा छपाएर ल्याउने क्रममा प्रश्रित पुनः गिरफ्तार भए । प्रश्रित जेल परे पनि कविताले उनलाई भेटेर 'जति दुःख परे पनि म जिउँदै छु' जस्ता अभिव्यक्तिले उनको क्रान्तिकारी भावनाको बत्तीमा तेल थपिन् । प्रश्रितहरू जेल

तोडेर फरार भएपछि सरकारको गिद्दे दृष्टि प्रश्रितको परिवारमा पर्नु स्वाभाविक थियो । यतिखेर अनेक मानसिक यातनाका बिच कविताले दिन गुजार्नु पर्‍यो । यसै वेला प्रश्रितलाई फेरि गिरफ्तार गरी यातना दिएको खबर आयो । उनले भैरहवा पुगेर इन्स्पेक्टरसित कुरा गरी प्रश्रितलाई भेटिन् र उनको अवस्थाबारे जानकारी लिइन् । झापाका कम्युनिस्टहरू झैं आधा रातमा कतै जङ्गलमा लगेर प्रश्रित मारिन सक्ने चर्चा प्रहरीहरूबिच चलेको कुरा पनि उनले साथीहरूबाट थाह पाइन् । यस स्थितिमा पनि 'जीवन सङ्घर्ष हो, जे जे पर्ला सहुँला' भन्दै उनी घर फर्किन् र घर व्यवहारका काम गर्दै गुगौलीको राजनैतिक काममा जुटिन् । जस्तोसुकै घटनाले पनि उनमा राजनीतिप्रति विमोह उत्पन्न गरेन, बरु अनुकूल अवस्था आउने बित्तिकै राजनीतिमा जुट्ने उनको प्रवृत्ति रह्यो ।

२०४२ को बमकाण्डमा प्रश्रितका किताबहरू रहेको पुष्पराज ज्ञवालीको घरमा छापा मारी दुई बाकस किताबहरू जफत गरियो र अन्यत्रबाट पनि उनका किताबहरू जम्मा गरियो । ती किताबहरू आगामा हालिँदा कविताको मन बेसरी दुःखयो । मूर्ख प्रहरीहरूले कविताको आग्रह नसुनी किताबसँगै कापी, चित्रहरू र कागत पत्र पनि डढाए । कविताको ती पुस्तकप्रतिको प्रेम क्रान्तिप्रतिको आस्थाबाट नै उत्पन्न भएको थियो ।

कविताको हेरचाहमा हुर्केका उनका छोरा विजय पनि विद्यार्थी अवस्थामै राजनीतिमा सक्रिय भए । उनी अनेरास्वविय् हुँदै राजनीतिका विभिन्न तहको जिम्मेवारीमा पुगेको देखेर कविता खुसी भइन् । क्रान्तिकारी आमाबाबाको विचारलाई पछ्याएर नै उनी पनि क्रान्तिप्रति समर्पित भएका थिए । उनलाई त्यस अवस्थामा पुऱ्याउन कविताको क्रान्तिकारी गतिविधिले विशेष सम्बल प्रदान गरेको थियो । राजनीतिमा सक्रिय भएकै कारण विजय बुटवल बहुमुखी क्याम्पसको अनेरास्वविय्को भेलाको अवसरमा २०४२ मा मरणासन्न हुने गरी गुन्डाहरूद्वारा कुटिएका थिए । विजयको बिहा समेत प्रश्रितलाई थुनिएको राजविराजको जेलको आँगनमा गराएर क्रान्तिप्रति उत्साह बढाउन कविताले योगदान गरेकी थिइन् ।

कविताले २०४२ मा रूपन्देही जिल्लाको अनेमसंको अध्यक्षको उत्तरदायित्व पनि सफलतापूर्वक पुरा गरिन् । तिज, दसैं, साहित्य गोष्ठी, विचार गोष्ठी, वनभोज आदिको अवसरमा साथीहरूको सहयोगमा विभिन्न कार्यक्रम गरी राजनैतिक प्रचार प्रसार गर्ने र गाउँ गाउँमा घुमेर सङ्गठन विस्तार गर्ने काम उनले सक्रियतापूर्वक सम्पन्न गरिन् । वनभोजमै प्रहरीको घेराबन्दीको सामना पनि उनले गर्नु पर्‍यो तर अनेमसंको गतिविधिले भने देशभरि नै चर्चा पायो ।

प्रश्रितलाई विभिन्न दबाबमा परेर २०४४ असोज २६ गते सरकारले रिहा गऱ्यो र उनी पार्टीको सांस्कृतिक र साहित्यिक फाँट सञ्चालन गर्न देशका विभिन्न भागमा पुग्न थाले । यता कविता झन् झन् उत्साह र उमङ्गका साथ अनेमसंका गतिविधिमा सक्रिय हुन थालिन् ।

२०४४ साल फागुन २५ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने क्रममा अन्य केही महिलाहरू सहित उनलाई पक्राउ गरियो । उनी सहितका महिलाहरूले थानाकै कोठाबाट नारा लगाए, "तानाशाही अत्याचार - मुर्दाबाद, श्रमिक महिला दिवस-जिन्दाबाद ।" २०४५ को अन्तर्राष्ट्रिय महिला दिवको अवसरमा विचार गोष्ठी आयोजना

गर्न लाग्दा पनि उनी सहितका महिलाहरूलाई बुटवलबाट गिरफ्तार गरी भैरहवा पुऱ्याइयो । महिलाहरूको जुलुसले बुटवल बजार थर्किने गरी नारा लगायो । भारतले गरेको नाकाबन्दीका विरोधमा नेकपा (माले) ले रुपन्देहीको सालझन्डीमा गरेको विरोध प्रदर्शनपछि घरमै आएर कवितालाई पोखरभिन्डवाबाट पक्राउ गरेर लगी ५२ दिन थुनामा राखियो । अनेक अपशब्द प्रयोग गर्दै उनका छातीमाथि बुट पनि बजारियो । उनलाई मारेर फाल्ने धम्की दिंदै पार्टीका कुरा धुत्न खोजियो तर उनी आफ्ना स्थानमा अडिग रहिन् । यस घटनापछि उनका पुत्र विजय पनि भूमिगत हुनु पऱ्यो । २०४६ को अन्तर्राष्ट्रिय महिला दिवसमा व्यापक रूपमा सामूहिक गिरफ्तारी दिने तयारी गरियो । वाममोर्चाको गठन र संयुक्त जन आन्दोलनको घोषणाले वातावरण ताति सकेको थियो । त्यतिबेला पनि अरू महिलाहरू सहित कवितालाई प्रहरीहरूले पक्रेर गाडीमा हाले । उनीसितै उनकी बुहारी रमा र एक वर्षकी नातिनी निष्ठाले समेत प्रहरी थानामा रात बिताए । अरूलाई छाडे पनि उनी सहितका केही महिलालाई पाल्पा जेलतिर चलान गरियो । पाल्पा जेलमा पनि क्रान्तिकारी गीत उनीहरूले रन्काए । यसरी प्रहरी हिरासत र जेल जीवनको कठिनाइ उनले क्रान्तिकै खातिर बेहोरिन् । २०४६ चैत्र २६ गतेको राति बहुदलीय व्यवस्थाको घोषणा भएपछि चैत्र २७ गते अरू बन्दीहरूसँगै उनी जेल मुक्त भइन् । अरू राजनैतिक कार्यकर्ताहरूले झैं उनले पनि गाउँ गाउँ पुगेर क्रान्तिकारी परिवर्तनको सन्देश प्रवाहित गरिन् ।

आफ्ना प्रिय नेताहरू मदन आश्रितको रहस्यमय मृत्युले उनलाई अत्यन्त दु:खित तुल्यायो । नेकपा (एमाले) को नौ महिने सरकार देखेन पाउँदा खुसी भएकी कवितालाई २०५४ फागुन २१ गतेको पार्टी विभाजनले अत्यन्त ठुलो चोट पुऱ्यायो । भोक, रोग र शोकको सामना गर्न परे पनि क्रान्तिप्रतिको उनको आस्था र समर्पणमा कत्ति कमी नआएको बरु उत्तरोत्तर सक्रियता बढेको कुरा *काँडेघारीको यात्रा*बाट चाल पाइन्छ ।

### ३. बैठान

कविता पौडेलको क्रान्तिकारी जीवन नेपाली नारीहरूको गौरवमय गाथाको एक महत्त्वपूर्ण अध्याय हो । उनले नेपाली समाजको रूपान्तरणका निम्ति जे जस्ता कष्टहरू सहिन् र आफू नै क्रान्तिमा होमिई परिवारका सबै सदस्यहरूलाई त्यही बाटोतिर हिँड्न प्रेरणा र बल प्रदान गरिन् त्यसको नेपाली इतिहासले अवश्यमेव उच्च मूल्याङ्कन गर्ने छ । मोदनाथ प्रश्रितको हरेक सफलतासँग उनको योगदान गाँसिएको छ । प्रश्रितले जेल बाहिर वा जेलभित्र कहर काट्दा कविताले घर व्यवहार सम्हालेर, क्रान्तिको मार्गतिर लम्किन हौसला दिएर अनि प्रश्रितकै विचारसँग एकाकार भएर नेपाली क्रान्तिका निम्ति बहुमूल्य ऊर्जा प्रदान गरिन् । रूढिग्रस्त समाजका आँखा खोल्न र समाजको अनाचार अन्त्य गर्न पनि उनले अद्वितीय साहस प्रदर्शन गरिन् । *काँडेघारीको यात्रा* यिनै वीराङ्गनाको परिचायकका रूपमा देखा परेको छ । सरल नेपाली भाषामा लेखिएको यस कृतिले सर्वसाधारण जनतासम्म सहज रूपमा पहुँच पुऱ्याई चेतनाको विस्तार गर्ने कुरामा कुनै द्विविधा छैन । यस कृतिलाई नाटक, चलचित्र आदिका माध्यमबाट समाजमा फिँजाउन सकिएमा नेपाली समाजका साथै विश्व समाज समेत विशेष लाभान्वित हुने छ ।

२०६८ पुस १३ गते

# डिल्लीराज नेपाल

उपन्यास हीराभित्र विचरण गर्दा

*२०१५ असार ८ मा जन्मी बनियानी- ८, झापामा बसोबास गर्ने डिल्लीराज नेपाल एम्.ए., बी.एड्. को शिक्षा आर्जन गरी अध्यापन पेसामा लागेका छन् । उनी छन्दमा कविता लेख्न रुचाउँछन् । मन्दाक्रान्ता-माला (२०६२), छन्दमाला (२०६६) र मेरो माटो (२०६६) उनका छन्द कविताका सङ्ग्रह हुन् । यदाकदा उनी समीक्षा-समालोचना र लेख पनि लेख्छन् । यस समीक्षामा कविता पौडेलको हीरा उपन्यासको समीक्षा गरिएको छ ।*

नेपाली साहित्य सिर्जनाका क्षेत्रमा स्थापित स्रष्टा कविता पौडेलको *हीरा* उपन्यास (२०६३) पुरुषप्रधान समाज व्यवस्था अर्न्तगत हुर्किएको सामन्ती संस्कारभित्रका नारीले भोग्नु परेका पीडाको यथार्थ अभिव्यक्ति हो भन्ने लाग्दछ । नेपाली नारीले भोगेका, लोग्नेबाट भएका यातना, सासूबाट लादिएका अनावश्यक बुहार्तन, सन्तानकी आमा भएर पनि खप्नु परेको टोकसो, गर्भिणी भएर पनि पुरुष सरह काममा नारिन पर्ने विवशता, सन्तान नभएर भोग्नु पर्ने पीडा, सौताको दुर्व्यवहार, एक्लो जीवनमा बाँच्न गर्नु पर्ने सङ्घर्ष, कथित आफन्त भनाउँदाहरूबाट असुरक्षित भई मारिनु पर्ने बाध्यता, नारीले यातना विरुद्ध आज पनि आवाज उठाउन नसकेको अवस्था आपत् आदि नारी समस्यैसमस्याको चित्रण उपन्यासकार कविता पौडेलले गर्नुभएको छ ।

यस उपन्यासमा उनिएका घटनाहरू (कथाहरू) दीपा र दिनेशको अमिलो दाम्पत्य जीवन (सात सन्तानकी आमा, काममा लोग्नेसँगै नारिनु पर्ने, सासूको उत्तिकै टोकासो बेर्होनु पर्ने र आठौं गर्भमा जम्ल्याहा नानी पाउन गाह्रो भएको, लोग्नेबाट अविवेकी व्यवहार भई पाठेघर झरेर रोगी भएपछि प्रधानपञ्चकी छोरी नर्वदालाई सौता हालेको, लोग्ने करुण हीराबाट सन्तान नभएर दिनेशकी बहिनीलाई बिहे गरी अलपत्र पारेर छोडेको, हीरा सौताबाट डराएर हराई शिव आश्रममा बसेकी करुण वैरागी भएर हिँडेको, हुतराजले भतिजाको सम्पत्ति हडप्न हरिकला (करुणकी कान्छी स्वास्नी) लाई घाँटी निचोरेर मारी झुन्ड्याएको, हाम्रो समाजमा उमेर ढल्केकालाई कलिली कन्या दिएर वैधव्य जीवन बाँच्न विवश बनाउने परिस्थिति अनि शिवकुमारी जस्ता बालविधवाले विधवा फुपू समेतको सहयोगमा वृद्धाश्रम खोलेको, बाँच्ने अधिकारबाट वञ्चित भई बेवारिसे रूपमा फालिएको बालक आदि घटनाचक्रलाई संयोजन गरी उपन्यासकारले समाजको सजीव चित्र उतार्नु भएको छ ।

पुरुष प्रधान मानसिकताबाट नारीहरूको उन्मुक्ति खोजिरहेका बेलामा महिला वर्गबाट नै कथित सासूका नामबाट आफ्नै जन्म घरका भाउजू बुहारी सौताका नामबाट समेत महिलाले यातना भोग्नु परेको तीतो यथार्थको यहाँ अभिव्यक्ति भएको छ ।

यहाँ दिनेशले आफ्नी श्रीमतीमाथि गरेको निर्विवेकी व्यवहार, मेनकाले सातजना सन्तानकी आमा दीपाप्रति गरेको घृणित र दुर्व्यवहार, सौता नर्वदाले रोगी दीपालाई गरेको अपमानपूर्ण अमानवीय व्यवहार अनि दिनेशकी कान्छी श्रीमतीको नाजायज व्यवहारको विरोध नगर्ने लाछीपन, १२ वर्षमा करुणकी कान्छी बन्न पुगेकी अबोध हरिकलालाई लोग्नेले दिएको मनोवैज्ञानिक यातना, माइतका भाउजू नर्वदाले गरेको कुटिल व्यवहार, घरमा काका ससुरा हुतराजले गरेको षड्यन्त्रबाट भएको मृत्यु, शिवकुमारीको वैधव्य जीवनको पीडा, समस्त नारीहरूको मातृ हृदयमाथिको खेलवाड, महिलाले लोग्ने मरेमा आजीवन निरस जीवन बिताउनु पर्ने बाध्यता आदि यसका ज्वलन्त उदाहरण हुन् ।

यस उपन्यासको दोस्रो खण्डमा देखापरेकी हीराले जीवन भोगाइका थुप्रै उतारचढावहरू पार गरी नारी र पुरुष बिनाको संसार अधुरो हुन्छ भन्ने कुरा उनका जीवनका घटनाक्रमले पुष्टि गरेका छन् । यहाँ नारी भनेका संसारका स्रष्टा हुन् । सन्तानको जन्म दिएर मातृ हृदय खन्याएर आफूलाई पूर्णता प्रदान गरेको कुराबाट पुष्टि हुन्छ । यहाँ उनले कोख रित्तो भए पनि काखलाई हराभरा बनाएकी छन् ।

उपन्यासकारको जीवनवादी र मानवतावादी सोचले यस उपन्यासमा प्रशस्त चलखेल गर्न पाएको देखिन्छ । सुन्दर संसार निर्माण गर्न दाम्पत्य जीवनमा बाँधिएका करुण र हीराको जीवनमा एकपटक बास गरेकै हो । यी दुई प्राणी करुण र हीराको वियोगको पीडा दर्दनाक नै छ । तथापि उपन्यासकारले यस्तो संयोग पनि यहाँ गराउनु भएको छ, जसले उनीहरूको जीवनको उत्तरार्द्धमा खड्केको सन्तान अप्राप्तिको प्राप्तिसँगै मेल गराई पुनः रङ्गीन जीवनको सुरुवात् गराएको छ र पाठक वर्गलाई जीवनवादी बन्ने पथप्रदर्शन गरेको छ । अर्कातिर सौता हरिकलाबाट भोग्नु पर्ने अज्ञात पीडाको कल्पना गर्दै तर्सिएर दसौं वर्ष बिछोडमा परेकी हीराले शिव दिदीबाट दीक्षित बनी पछिल्लो जीवनमा आफ्नो घरबारी र जाय-जेथामा सौता हरिकलाका नामबाट वृद्धाश्रम खोल्न पुग्नु मानवतावादी दृष्टिकोणकै उपज हो । उपन्यासकारको अर्को प्राप्ति के हो भने समय अत्यन्त बलवान् छ र समाजका कसाहीहरूलाई कुनै दिन समयले नै तह लगाउँछ भन्ने कुरा यस उपन्यासका घटनाक्रमले पुष्टि गरेका छन् ।

दीपा जस्ती सोझी पतिपरायणा श्रीमतीको भावनामा कुठाराघात गर्ने लोग्नेलाई कान्छी स्वास्नी नर्वदाले धुरुधुरु रुबाएर दीपामाथि अन्याय गरेकोमा पश्चाताप गर्न बाध्य नाएको छ । यसरी नै सासू मेनकाले सोझी बुहारी दीपामाथि गरेको अपराधको पैंचो नर्वदाले राम्रोसँग तिरेकी छ र नर्वदाले दीपालाई जेजसरी तड्पाएकी थिई । समयले उसलाई पनि त्यसरी नै तड्पाई वृद्धाश्रममा बसी मानव सेवामा लाग्न बाध्य बनाएको छ । उता बुहारीलाई मारेर भतिज करुणको सम्पत्ति सबै हडप्ने सपना देखेको काका ससुरो हुतरामलाई पनि समयले मजाले चड्कन हानेको छ । दीपा जस्ती नेपाली घरकी कुशल गृहिणीले लोग्ने, सासू, माइती, सौता सबैबाट तिरस्कृत भई न्यायको पक्षमा एक शब्द समेत बोल्ने एउटासम्म मान्छे नपाई आत्मदाह गरी स्वार्थी समाजको कुटिल चरित्रको शालीन शब्द र सुशील भाषामा धज्जी उडाइएको छ ।

कविता पौडेलको यस उपन्यासको अर्को प्राप्ति भूतप्रेत भनेको सामन्तीहरूले आफू अनुकूल वातावरण बनाउन जन्माएको मानसबिम्ब हो भन्ने कुरामा पुष्टि गर्नु

हो । जोगी भएर हिँडेको करुणले जोगीका भेष धारण गरी गाउँमा पसेको, अत्याचारी काका हुतरामलाई तिम्रो बुहारी मरेको ठाउँमा भूतले बास गरेको छ भन्ने भ्रम छरिदिएको र राती आफैं आएर विभिन्न उपद्रो गरी दोषी काकालाई तर्साएर दिनभर नजिकको जङ्गलमा गई बसेको र काकाले लामालाई धामी लगाई वर्षै पिच्छे कालो बोका भोग गर्नु पर्ने बनाएको घटनाबाट धामीले जान्दैन ढाँटेर सक्छ, भूतप्रेत हुँदैन मान्छेले नै स्वार्थ सिद्ध गर्न अनेक प्रकारका भ्रम पैदा गर्छ भन्ने कुरा सिद्ध हुन्छ ।

यसरी हाम्रो समाजमा रहेका विकृति स्वरूपका बाल विवाह, महिलाले भोग्नु पर्ने वैधव्य जीवन, महिलाले सधैं पराधीनतामा बाच्नु पर्ने आदि विषयलाई कथानकका रूपमा घटना र चरित्र चित्रणको माध्यमबाट स्वच्छन्दवादी ढङ्गले महिला समस्यालाई यहाँ उठाउनुभएको छ । समाजको यथार्थलाई प्रस्तुत गर्दै आदर्श समाजको सिर्जना गर्ने अभीष्ट पनि लेखकमा देखिन्छ । सातसात छोराहरूको बाबु भएर पनि स्वास्नी रोगी भएकी र काम गर्न नसक्ने भएकी भन्ने बहानाबाट नौजवान स्वास्नी भित्र्याउन र दुब्ली स्वास्नी दीपाको सेखी सात भाइ छोरालाई र आफूलाई समेत नाङ्गेझार पारी भएको चलअचल सम्पत्ति स्वास्नीका नाममा पारी अँगाला भरीकी स्वास्नी भित्र्याउने टाट पल्टेको सामन्ती संस्कृतिको अवरोधलाई पनि लेखकका कलमले गिज्याएको देखिन्छ । मूल रूपमा महिलामाथि लादिएका विकृति, विसङ्गति लगायत समाजमा विद्यमान कुसंस्कार र कुचलनमाथि लेखकको कलमले बज्रमुक्का हानेको छ । यहाँ सन्तानको अभावले तड्पिएको करुण र हीराको जीवन अनि यथेष्ट सन्तान भएर पनि भड्किएको दिनेश र दीपाको मार्मिकताको सङ्गमले उपन्यासमा जीवन्तता छाएको छ । मीठो भाषा र सरल शैली निश्छल अभिव्यक्तिमा समाजको सजीव चित्रणले उपन्यास पठनीय र चित्ताकर्षक भएको देखिन्छ । पाठक वर्ग, द्रष्टा र स्रष्टा सबैका लागि यो एक प्रकारको बौद्धिक खुराक हो । लेखक स्वयम् महिला हुनुहुन्छ । अवसर र अनुकूल वातावरण पाए पुरुषले गर्न सक्ने काम गर्न महिला सक्षम छन् भन्ने कुरा शिव दिदी जस्ता एकल महिलाले वृद्धाश्रम खोलेर समाजसेवा गरेबाट पुष्टि हुन्छ । लेखकको यो उपन्यास पनि यसैको एउटा नमुना हो । लेखकको अथक परिश्रम र लगानीबाट जेजस्ता साहित्यिक सन्तान हामीले पाएका छौं, अनुभवले खारिएको र माझिएको उहाँको कलमले आगामी दिनमा अझ गुरुत्तर साहित्यिक कृतिको रसानुभूति पाठक वर्गले गर्न पाउने अपेक्षा राख्दछु । साथै नारी हृदय बोलेको यस उपन्यासले महिलालाई यातनाबाट मुक्ति दिलाउँदै नारी जागरण र उत्थानमा टेवा पुऱ्याओस् भन्ने कामना व्यक्त गर्न चाहन्छ । यस उपन्यासकी नायिका हीराको सकारात्मक भूमिकाले सुखान्तमा टुङ्गिएको यो उपन्यास नेपाली साहित्यको मूल्यवान् कृति हो र कविता पौडेल यसकी सशक्त साधिका हुन् ।

• • •

मो. ९७४२६१७९५२
*जुही*, पूर्णाङ्क ६३

# डिल्लीराज भट्टराई

## काँडेधारीको यात्रा : एक अध्ययन

*गुल्मीको आँपचौर- १ मा सन् १९६० अगस्त २२ मा जन्मेका डिल्लीराज भट्टराई नेपाली विषयमा स्नातकोत्तर र गरी त्रि.वि. भैरहवा बहुमुखी क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत छन् । यिनले शिक्षाशास्त्रमा स्नातक समेत गरेका छन् । लामो समयदेखि भैरहवामा स्थायी रूपमा बसोबास गर्दै आइरहेका छन् । भैरहवा क्याम्पसमा नेपाली विषयको प्राध्यापन गर्दै आएका भट्टराई विशेष गरी समीक्षा र समालोचनामा लागेका छन् । लगनशील भएर लागिरहे यिनमा कुशल समालोचक हुने गुण विद्यमान छन् । यहाँ कविता पौडेलको काँडेधारीको यात्राको अध्ययन गरिएको छ ।*

### १. विषयप्रवेश

कविता पौडेल (२००२) नेपाली साहित्यका क्षेत्रमा चिरपरिचित सङ्घर्षशील नारी स्रष्टा हुन् । गीत लेखन (२०३५) बाट आफ्नो साहित्य यात्रा आरम्भ गरेकी पौडेलले जीवनका विभिन्न आरोह अवरोह पार गर्दै निर्भीक र सङ्घर्षशील नारीका रूपमा आफूलाई उभ्याएकी छन् । दस वर्षको कलिलो उमेरमा चौध वर्षका गौरीशङ्कर पौडेलसँग (मोदनाथ प्रश्रित) विवाह बन्धनमा बाँधिएकी पौडेलले शिक्षादीक्षाको उचित अवसर प्राप्त गर्न पाइनन् । पछि आफ्नो इच्छा र श्रीमान् प्रश्रितको सहयोगबाट हाइस्कुलसम्मको अध्ययन गरिन्, तर औपचारिक रूपमा सो तह पार गर्न सकिनन् । 'जहाँ इच्छा त्यहाँ उपाय' भने झैं उनलाई स्वतन्त्र रूपमा स्वाध्ययनका निम्ति कुनै कठिनाइले छेकेनन् । जसबाट उनले बाल्यावस्थामा अध्ययन गर्न नपाएको पीडा बोध गर्दै आफ्नो रुचिको विषय अध्ययनलाई निरन्तरता दिँदै गइन् । जिज्ञासु प्रवृत्ति, विभिन्न स्रष्टाहरूसँगको सम्पर्क, साहित्यिक परिवेश, आँटेको काम पूरा गर्छु भन्ने अठोटले उनलाई आजको स्थितिमा पुऱ्याएको देखिन्छ । ग्रामीण जनजीवनमा हुर्केकी पौडेलले जीवनको लामो यात्रा गरेकी छन् र यात्राका क्रममा जीवन र जगत्लाई राम्रोसँग बुझेकी छन् । उनले नेपाली जनजीवनमा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक जस्ता यावत् समस्यालाई निकटबाट आत्मसात् गरेकी छन् । आफ्नै जीवनका तीता मीठा अनुभवका साथै समग्रमा नेपाली समाजले बेहोर्नु परेका अत्यन्त कठिनतम परिस्थितिलाई विषयवस्तु बनाएर उनले *तीजको गीत, काँडेधारीको यात्रा, योगासन र ध्यान, बाल चित्कार, हीरा, आमाहरू* जस्ता आधा दर्जन कृतिहरूको रचना गरेर आफूलाई सशक्त कृतिकारका रूपमा स्थापित गरेकी छन् ।

पौडेल विभिन्न सङ्घसंस्थासँग आबद्ध छन् । उनी विभिन्न सङ्घसंस्थाबाट सम्मानित र पुरस्कृत समेत बनेकी छन् । समग्रमा उनको व्यक्तित्वको निरूपण गर्दा साहित्यिक र साहित्येतर गरी दुई प्रकारमा विभक्त गरी अध्ययन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्वका

रूपमा गीतकार निबन्धकार, कथाकार र उपन्यासकार व्यक्तित्वका रूपमा लिन सकिन्छ भने साहित्येतर व्यक्तित्वका रूपमा उनलाई सामाजिक र राजनैतिक व्यक्तित्वका रूपमा लिन सकिन्छ । यसरी विभाजन गरिएका उनका दुई व्यक्तित्वमध्ये साहित्यिक व्यक्तित्व नै सशक्त र प्रखर रूपमा व्यक्त भएको पाइन्छ । प्रस्तुत लेखमा २०५९ सालमा प्रकाशित पौडेलको *काँडेघारीको यात्रा* नामक कृतिको विभिन्न कोणबाट अध्ययन गर्ने प्रयास गरिएको छ ।

## २. संरचना

२०५९ सालमा प्रथम पटक प्रकाशित *काँडेघारीको यात्रा* साहित्यकार कविता पौडेलको आत्मसंस्मरणात्मक कृति हो । यसमा २०१३ सालदेखि २०५६ सालसम्म अर्थात् करिब चार दशकको अवधिको लामो यात्राका क्रममा लेखिका स्वयम्ले आफ्नो जीवनमा अनुभूत गरेका कुरालाई १०८ वटा साना ठूला शीर्षकमा सूचीबद्ध गरिएको छ । 'प्रेम विवाह कि झगडा विवाह ?' शीर्षकबाट यात्रा सुरु भएर अन्तिम अनुरोधुका साथ काँडेघारीको यात्रा समाप्त भएको छ । कृतिमा समावेश गरिएका शीर्षकहरू पौडलका जीवन भोगाइ र उनका कठिनतम सङ्घर्षसित सम्बन्धित छन् । बाल्यकालीन स्मृति, विवाह र त्यसपछिको सङ्घर्षपूर्ण जीवन, अध्ययनका क्रममा श्रीमान्को बनारस बसाइ, पारिवारिक समस्या, आर्थिक जटिलता, प्रश्रितजीको भूमिगत जीवन, विभिन्न ठाउँमा बसाइसराइ, कविताको शिक्षा दीक्षा, परिवारको पालन पोषण, पार्टीसँगको सम्पर्क, जेलयात्रा, गौथलीको गुँड, मन्त्री निवासमा बस्दाका केही अनुभव, मन्त्रीनिवासबाट फिर्ता, राजनैतिक अवस्था जस्ता विषयहरू कृतिमा समेटिएका छन् । समेटिएका यी विषयहरू यथार्थपरक छन् । चार दशकको यात्रामा आफूले भोगेका विविध अनुभवलाई पौडेलले उचित संयोजनका साथ प्रस्तुत गरेकी छन् । जीवनका विविध अनुभूतिलाई यात्राको विषयवस्तु बनाएर यस कृतिको रचना गरिएको छ ।

## ३. विभिन्न कोणबाट काँडेघारीको यात्राको विवेचना

२०१३ देखि २०५६ साल सम्मका लेखिका पौडेलका जीवन भोगाइलाई काँडेघारीको यात्राको संज्ञा दिइएको छ । लेखन/प्रकाशनका दृष्टिले यो उनको दोस्रो साहित्यिक कृति हो । २०५९ सालमा प्रकाशित १०८ वटा शीर्षकहरूमा विभाजित सो कृतिमा पौडेलको जीवन भोगाइ र तत्जन्य समस्याको जीवन्त चित्रण गरिएको छ । कृति आत्मवृतान्त वा आत्मसंस्मरण भएकाले मूलत: कृतिकारका जीवनका विविध पक्ष र त्यससँग सम्बन्धित घटनालाई नै यस कृतिको विषयवस्तु बनाइएको छ । कृतिमा विभिन्न शीर्षकहरू रहेकाले तिनको विषयवस्तुमा पनि विविधता पाइन्छ । कृतिमा अन्तर्निहित विषयवस्तुलाई पारिवारिक, राजनैतिक, रूढि र अन्धविश्वास विरोधी, नारीसमस्या, राष्ट्रप्रेम, एकता र सहयात्रा गरी अनेक प्रकारमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । 'प्रेम विवाह कि झगडा विवाह ?' भन्ने प्रश्नवाचक चिन्ह लागेको शीर्षकबाट काँडेघारीको यात्रा आरम्भ गरिएको छ । पौडेलका बाबु दुर्गाप्रसाद गौतममा विद्यमान विर्तावालको अभिमान र छोरी दिने निधो गरेकी बुधकुमारीका बीच समझदारी र समन्वय हुन नसक्दाको परिणाम वहाँ जोगी भएर हिँड्नु भएको पछि खोज तलास गरिएको तर कतै फेला पार्न नसकिएको र पछि 'बा को मृत्यु वा हत्या' रहस्यमय

रहेको, आमालाई महाविपत् परेको, आमालाई सौता र उनकी छोरीले षड्यन्त्र, जालझेल एवम् सास्ती दिएको घटना पौडेलका नितान्त पारिवारिक समस्यासँग सम्वधित संस्मरण हुन् । यी घटनाहरू अत्यन्त कारुणिक र दर्दनाक छन् । यस्ता पढ्दा र सुन्दा मानिस संवेदनशील बन्दछ ।

यसै गरी प्रस्तुत कृतिमा रूढि र अन्धविश्वाससँग सम्बन्धित विषयलाई पनि उचित संयोजनका साथ उठान गरिएको छ । अचम्मको कार ताली, मैले हलो जोते, प्राकृतिक महामारी आयो, दमाईको मलामी जस्ता संस्मरणहरू नेपाली समाजमा विद्यमान रूढि र अन्धविश्वाससँग सम्बन्धित छन् । एक हल गोरु एक साथ भीरबाट लडेर मर्नु, लैनो भैंसी मर्नु, रोपेको खेत बाढीले बगाइदिनुलाई छोरी मूल परेर यस्तो घटना भएको भन्ने कुरालाई लेखिएकाले यो काकताली मात्र हो भन्ने ठानेकी छन् । यी घटनालाई अन्धविश्वास विरोधी दृष्टान्तका रूपमा लिन सकिन्छ । प्राकृतिक प्रकोपलाई अन्धविश्वाससँग दाँज्नु, दमाईको मलामी जानु, महिलाले घर छाउने काम गर्नु, खसी काट्नु नेपाली समाजका निम्ति तत्कालीन परिवेशमा अत्यन्त नौला र प्रगतिशील कार्यका सङ्केत हुन् । रूढि र अन्धविश्वासका ज्वलन्त उदाहरण पनि हुन् ।

प्रश्रितजी गिरफ्तार, पुष्पलालको सङ्गत, जनमत सङ्ग्रह, पार्टीसँग सम्पर्क, २०४२ सालको बमकाण्ड, मेरो पहिलो गिरफ्तारी, विजय भूमिगत भए, एमालेको नौ महिने सरकार अन्तिम अनुरोध जस्ता शीर्षकहरू उनका राजनीति विषय सम्बद्ध संस्मरण हुन् । समग्रमा कृतिको विषयवस्तुलाई अध्ययन गर्दा महिलामाथि हुने शोषण अन्याय, अत्याचार, दमन, उत्पीडन र तिनीहरूले घरपरिवार एवं समाजबाट खोज्नु पर्ने यातना र सास्ती, राजनीतिकर्मीको भूमिगत अवस्था, पञ्चायती निरङ्कुश शासनको जेलनेल, पुरुषका अभावमा महिलाहरूले सामना गर्नु पर्ने कठिनाइ एवम् सङ्घर्षहरु, देशको राजनैतिक अवस्था र त्यसबाट उत्पन्न विसङ्गत पक्षप्रतिको चिन्ता, एकता सहकार्य र सहयात्राका माध्यमबाट देशनिर्माणमा जोड दिनु पर्ने जस्ता कुराहरू समेटिएका छन् । 'अन्तिम अनुरोध' शीर्षकका साथ काँडेघारीको यात्रा समापन गरिएको छ । जसमा गल्ती गरेका पार्टी र त्यसमा नेतालाई अत्यन्त जिम्मेवार बन्न र क्षणिक स्वार्थबाट पृथक रहन आग्रह गरिएको छ । अन्यथा भाइ फुटे गवार लुटे भन्ने उखान चरितार्थ हुने र २०१७ सालको पुनरावृत्ति हुन सक्ने कुराप्रति पनि चनाखो हुन सबै राजनैतिक दल र तिनका नेतालाई सचेत तुल्याइएको छ ।

कविता पौडेलका जीवनका तीता मीठा अनुभव र अनेक सङ्घर्षपूर्ण कथाले भरिएको यात्रा नै काँडेघारीको यात्रा हो । अझ भनौं पौडेलका जीवनका अनेक क्षणका घटनाहरू समेटिएको यस यात्राले मानव जीवनका आरोह अवरोहलाई उजागर गरेको छ । यो उनको मात्र कथा नभएर आम नेपाली नारीहरूको कथा र व्यथा पनि हो । जीवनको अत्यन्त जोखिमपूर्ण यात्राले आश्का स्वरहरू सञ्चार गरेको छ । दीनदुःखीको पनि एर दिन सुदिन फर्कने अपेक्षाका साथ आशावादी स्वर प्रकट गरिएको छ । जीवनजगत्मा आइपर्ने जटिलताबाट पलायन भएर होइन सामना गर्दै र तिनलाई चिर्दै अघि बढ्नु पर्छ अनिमात्र लक्ष्यमा पुग्न सकिन्छ भन्ने धारणा नै यस यात्रावृतान्तको मूल आशय हो ।

शीर्षक

प्रस्तुत कृतिभित्र समविष्ट शीर्षकहरूका आधारमा यसको नामकरण गरिएको छ । लेखिका पौडेलको सङ्घर्षमय जीवनसँग शीर्षकको तादात्म्य रहेको देखिन्छ । शीर्षक अनुरूपका भित्री पाठहरू छन् । कृतिको मूल कथ्य पौडेलको सङ्घर्षमय जीवन कथा सँग छ र जसले निरन्तर यात्रा गरिरहन्छ त्यसले सफलता प्राप्त गर्दछ, जसले गर्न सक्दैन त्यो असफल हुन्छ । यसरी कष्टकर जीवनसँग आत्मसात गर्न सक्ने र दुःख सुखको पर्वाह गर्नेहरू नै काँडेघारीका यात्री हुन् भन्ने आशय यस कृतिले प्रकट गरेकाले विषयवस्तु अनुरूप शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

परिवेश

काँडेघारीको लामो यात्रामा प्रयोग गरिएको परिवेशले नेपालका विभिन्न क्षेत्रको प्रतिनिधित्व गरेको छ । पश्चिम नेपालको अर्घाखाँची जिल्लाको खिदिम म्यालपानी, हर्राबोट, बुटवल, बनारस, वाणगंगा, भैरहवा, सालझन्डी, कपिलवस्तु, थरौली, काठमाडौं, नारायणगढ आदि स्थानहरूको उल्लेख गरिएको छ भने समयका दृष्टिले २०१३ देखि २०५६ सालसम्मको समय अवधिलाई परिवेश बनाइएको छ ।

भाषाशैली

कृतिमा प्रयोग गरिएको भाषाशैली सरल र अभिधात्मक छ । भाषाशैलीका कारणले विषयवस्तु बुझ्न कठिन हुने स्थिति देखिदैन । भाषाशैली र प्रस्तुतीकरणले कृति पट्यार लाग्ने नभई रोचक र प्रभावकारी छ । ठाउँठाउँमा भाषिकाको प्रभाव परेको देखिन्छ ।

## ४. उपसंहार

*काँडेघारीको यात्रा* कविता पौडेलको सङ्घर्षमय यात्रा हो । यसमा उनका जीवनका कथा र व्यथाहरू समेटिएका छन् । मानव जीवनमा के कस्ता समस्याहरू आइपर्छन् तिनको उचित समाधान गर्न सकिएन भने दुर्घटनासमेत हुन सक्छ भन्ने विषय प्रसङ्गलाई लेखिगते यसमा उठाएकी छन् । साथै आफ्ना संस्मरणलाई पौडेलले अत्यन्त शृङ्खलाहरू रूपमा प्रस्तुत गरेकी छन् । बाल्यकालदेखि स्मृतिहरूलाई एक साथ एक गरी अर्को शृङ्खलामा उनेर सुसंगठित रूपमा प्रस्तुत गरिएको यो कृति आफैंमा गहकिलो शिक्षाप्रद र पठनीय समेत रहेको छ ।

* * *

## सन्दर्भ सामग्री सूची

पोखरेल, डी. आर., २०६७ 'काँडेघारीको यात्रामा सरसर्ती अध्ययन' *जुही*, पूर्णाङ्क ६३, पृ. ५९-६५ ।

पौडेल, कविता, २०५६, *काँडेघारीको यात्रा*, काठमाडौं: पसिना प्रकाशन ।

पौडेल, दीपा, २०६५ "कविता पौडेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन" त्रि.वि., नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

* * *

मो. ९८४७३६८०८

## डी. आर. पोखरेल

### काँडेघारीको यात्राको सरसरती अध्ययन

*रुम्जाटार, वितलब, ओखलढुङ्गामा २०११ मा जन्मेका डी.आर. पोखरलेको बसोबास अहिले चितवनको भरतपुर- १०, जनपथ टोलमा छ । उनी एक सुपरिचित प्रगतिशील लेखक हुन् । उनका साहित्य, संस्कृति र विचारमूलक नौवटा पुस्तकहरू प्रकाशित भइसकेका छन् भने साहित्य संस्कृति विषयक लेखरचनाहरू पत्रपत्रिकामा प्रकशित भएका छन् । यस लेखमा पोखरेलले काँडेघारीको यात्राको समीक्षा गरेका छन् । यसका साथै उनले यसलाई नेपालका सङ्घर्षशील नारीहरूको जीवनकथा पनि मानेका छन् ।*

**१. आमुख**

*काँडेघारीको यात्रा* कविता पौडेलको आत्मकथात्मक कृति हो । यो २०५९ मा पसिना प्रकाशनद्वारा प्रकाशित भएको हो । यो २०० पृष्ठको आयाममा फैलिएको छ । यस कृतिको कथ्यलाई 'साझा यात्रा' शीर्षकमा साझा व्यथा भनेका छन् भूमिकामा मोदनाथ प्रश्रितले । हुन त कविता पौडेलको आफ्नै पहिचान छ, उनलाई मोदनाथ प्रश्रितकी जीवनसँगिनी भनेर चिनाइराख्नु पर्दैन, तैपनि ५२/५३ वटा पुस्तकाकार कृतिका स्रष्टा मानव महाकाव्य, देवासुर सङ्ग्राम, गोलघरको सन्देश जस्ता प्रख्यात पुस्तकहरूका सर्जक, पूर्व शिक्षामन्त्री, राजनैतिक अभियन्ता, चिन्तक, दार्शनिक र कुशल वक्ता मोदनाथ प्रश्रितको नाम कवितासित नजोडिने कुरै भएन ।

कविता पौडेलले *काँडेघारीको यात्रा*मा आफ्नो आत्मकथा मात्र लेखेकी होइनन्, यसमा मोदनाथका जीवनवृत्त पनि उत्तिकै भव्यताका साथ प्रस्तुत गरेकी छन् । हुन त यस कृतिलाई दुवैको साझा आत्मकथा भने पनि हुन्छ । वास्तवमा यो कृति आत्मकथा नभएर आत्मसंस्मरण हो । यसमा संस्मरणकै पक्ष बलियो भएर आएको छ । आत्मकथामा आत्मकथाकारको जन्मदेखि आत्मकथा लेख्ने समयसम्मको जीवनवृत्त कालक्रमिक रूपमा प्रस्तुत भएको हुन्छ । यसमा पुस्तकीय पूर्वापर सम्बन्ध मात्र होइन कथ्यगत पूर्वापर सम्बन्धमा सङ्गति पनि छाएको हुन्छ । यो अनावश्यक र अरोचक प्रसङ्गबाट मुक्त भएको, रोचक, आवश्यक र महत्त्वपूर्ण प्रसङ्गको खिरिलो प्रस्तुति भएको, जीवनभोगका विविध अनुभूतिहरूको समग्र र सूक्ष्म स्मृति हुन्छ । यो वस्तुगत शैली भएको हुन्छ । यसमा निजात्मकताको पक्ष कम हुन्छ । आत्मकथा भनेको व्यक्ति स्वयम्ले लेखेको आफ्नो जीवनी हो । यसमा केन्द्रीय पात्र स्रष्टा नै हुन्छ किनकि ऊ भोक्ता हो । आफ्नो बारेको जानकार ऊ नै भएकाले उसको भनाइ र लेखाइमा तल वितल पर्न गएमा यसको जिम्मेवारी ऊ नै हो । यसो भएकाले आत्मकथामा इमान्दारिताको पक्ष मुख्य भएर आएको हुन्छ । जीवनभोगका विवरणहरू, तथ्यतथ्याङ्कहरू, तिथि, मिति र सूचनाहरू

यथार्थिक हुने भएकाले यसमा कल्पनाको पक्ष गौण रहेको छ । अनुभूतिको सघनता छाएको हुन्छ । घटनाहरूलाई आख्यानको पातलो स्वरूपमा प्रस्तुत गरिएको हुन्छ । कलात्मक अभिव्यक्ति हुन्छ । यसले गर्दा आत्मकथा रोचक बन्न पुग्छ । साहित्यिक बन्न पुग्छ । वास्तवमा साहित्य भनेकै भाषाको विशेष प्रयोग न हो । आत्मकथा वा संस्मरणमा पनि भाषाको विशेष प्रयोग भएकै हुन्छ ।

कविता पौडेल एक सङ्घर्षशील नारी हुन् भन्ने कुरा सुन्दै आइएको हो । उनको यस कृतिले साच्चैं नै उनलाई एक लगनशील, श्रमशील, निडर, स्पष्ट वक्ता, जोदाहा एवम् एक उदाहरणीय सङ्घर्षशील नारीका रूपमा स्थापित गराएको देखिन्छ । यसै गरी उनलाई एक राजनैतिक नारी व्यक्तित्व र साहित्यिक व्यक्तित्वको रूपमा पनि प्रस्तुत गरेको छ । उमेर छिप्पिएपछि कखरा पढ्न थालेकी कविताले आज आएर विभिन्न विधाका ५ वटा पुस्तकाकार कृतिहरू प्रकाशित गरिसकेकी छन् :

१. *तिजका गीतहरू* (२०५७) - गीतिसङ्ग्रह
२. *आँगनैमा* (२०५९) - गीति क्यासेट
३. *योगासन र ध्यान* (२०५९) - योग
४. *काँडेघारीको यात्रा* (२०५९) - आत्मसंस्मरण
५. *आमाहरू* (२०६७) - उपन्यास

यी कृतिहरू बाहेकै पनि कविताले विभिन्न पत्रपत्रिकाहरूमा गीत, संस्मरण र लेखहरू लेखिसकेकी छन् । यहाँ विवेचना गर्न लागिएको कृति काँडेघारीको यात्रा उनको चौथो कृति हो र यो स्वयम् उनको सङ्घर्षमय जीवनको कथा हो भन्ने कुरा यहाँ भनिरहनु पर्दैन । कविता पौडेलको जन्म खिदिम, म्यालपानी, अर्घाखाँचीमा २००२ सालमा भएको हो । उनको विवाह ११ वर्षको उमेरमा २०१३ सालमा मोदनाथ प्रश्रितसित भएको हो । अहिलेसम्म जीवनमा उनले नौवटा घर बनाइसकिन् । 'गौंथलीको गुँड' बनाउँदा त्यो घर विवादित पनि बन्यो । अहिले काठमाडौं, थानकोट महादेवस्थान, वाणस्थली- ७ मा स्थायी बसोबास बनेको छ उनको । छोरा विजय, बुहारी रमा, नातिनी निष्ठा, नाति रवि, नातिनी कावेरी सहित प्रश्रितसितको पारिवारिक जीवन गुज्रँदो छ कविताको आज ।

## २. काडेघारीको यात्राको शीर्षक चयन र कथ्य

शीर्षक आकर्षक छ । कविताले जीवनभोगको क्रममा जुन सङ्घर्षमय बाटो हिँड्नु पर्‍यो, त्यो कष्टसाध्य थियो र *काँडेघारीमा यात्रा* गर्नु जस्तै थियो भन्ने शीर्षकले जनाएको छ । शीर्षक अनुसार भित्री पृष्ठ पनि सङ्घर्षकै कथाहरूका छन् । जीवनभोगका क्रममा घटेका अनेक घटनाहररूसँग जुध्दै कविताको जीवन अघि बढेकै देखिन्छ र प्रत्येक पाठले उनको दुर्दम्य सङ्घर्षको कथालाई प्रस्तुत गरेका छन् । यस कृतिको मूल कथ्य नै उनको सङ्घर्षमय जीवन कथाको उद्घोष हो । जीवन जिउन सजिलो छैन, तर जीवन सङ्घर्षमा टिक्न सक्नेहरू नै सफलताको द्वारसम्म पुग्न सक्छन् भन्ने सन्देश पनि यस कृतिले प्रदान गरेको छ । आत्मसंस्मरणका संरचनात्मक तत्त्व भनेको जीवनभोग, परिवेश, सहभागी, तटस्थता, सुसङ्गठन र भाषाशैली हुन् । संरचनाको यो पक्ष यस कृतिमा राम्ररी अवलम्बित भएको छ । यसको राम्रो गठन गरेकी छन् कविताले ।

२.१ काँडेघारीको यात्रामा व्यक्त जीवनभोगका स्मृतिहरु

काँडेघारीको यात्रा कविता पौडेलको निकै आकर्षक र रोचक कृति हो । यो उनको आत्मसंस्मरणात्मक कृति हो । आत्मसंस्मरण भनेको आत्मकथाको पूर्व रूप हो । यस कृतिमा कविताले आफ्नो जीवनी लेखेकी होइनन्, तर आफू संलग्न भएका घटनाहरूको वर्णन, आफ्नो जीवनभोगको स्मरण एवम् आत्मप्रकटीकरण गरेकी हुन् । यसै भएकाले यस कृतिमा उनी सरह मोदनाथ प्रश्रित पनि छाएका छन् । यस कृतिबाट मोदनाथ र कविता दुवैका जीवन चरित्रका केही झाँकीहरू प्रस्तुत भएका छन् ।

एक डेढ पृष्ठदेखि ५/६ पृष्ठसम्मको आयाममा फैलिएका १०८ वटा आत्मसंस्मरणात्मक लेखहरूमा कविताको बाल्यकालका केही स्मृति, मोदनाथसित विवाह, कविताका माइती र विवाहपछिको सङ्घर्षमय जीवन, मोदनाथको बनारसमा शिक्षादीक्षा, कविताको गृहिणी जीवन, मोदनाथको भूमिगत राजनैतिक जीवन र कविताको कष्टकर पारिवारिक जीवन, दुर्दान्त घटनाहरू, सन्तानप्राप्ति र तिनको पालनपोषण, ठाउँठाउँमा बसाइँसराइ, कविताको शैक्षिक र राजनैतिक जीवनभोग, गौंथलीको गुँडको प्रसङ्ग, मोदनाथको मन्त्रीपद र पदबाट बहिर्गमन, सन्तानको पढाइ र तिनको दाम्पत्य जीवन, देशको राजनैतिक अवस्थाप्रतिको चिन्ता इत्यादि कुराहरू यस कृतिमा समेटिएका छन् ।

कविताले यस कृतिमा आफ्नो बाल्यकाल, माइती र बाल्यकालीन विवाहको गहन स्मृति समेटेकी छन् । अर्घाखाँचीको खिदिम, म्यालपानीका सामन्ती, गौतम परिवारमा जन्मिएकी कविताको कसरी पण्डित पुरोहितका छोरा एक मेधावी छात्र मोदनाथ प्रश्रितसित बाल्यकालमै विवाह भयो ? उनका बाबाले किन आफ्नी छोरीको विवाह मोदनाथ प्रश्रितसित गराउन चाहेनन् ? विवाहपछि उनका बाबा कसरी जोगी भएर हिँडे र बर्दियामा मारिए भन्ने कुराको सनसनीपूर्ण घटनाको स्मृति वर्णन गरेकी छन् कविताले । विवाहपछि कसरी आफू भाग्दै माइतीमा जाँदै गरिन् ? घरमा सासू र माइतीमा आमाको टोकसो कति बेहोरिन् भनेर पनि आफ्नो जीवनभोगलाई प्रस्तुति गरेकी छन् । उनकी आमा पनि गरिबकै छोरी भएकी, बाबु दुर्गाप्रसादले अनमेल विवाह गरेर कान्छी श्रीमतीको रूपमा भित्र्याइएकी, श्रीमान्बाट हेपिएकी, सौता र सौतेनी छोरीले भीरबाट लडाएर खोलामा हाल्न खोजिएकी श्रीमान् मरेपछि गाउँका फटाहाहरूबाट ठगिएकी, यस्ती आमाको रूपमा आफ्नी आमाको स्मृति पनि गरेकी छन् कविताले । यसै गरी मोदनाथ प्रश्रित र आफ्ना दाजु घनश्यामसँगै गाउँकै संस्कृत विद्यालयमा पढेका, बाल्यकालदेखि नै उनलाई आफूले चिनेको, उनको मेधावीपनाबाट आफू सानैदेखि प्रभावित भएको, उनीसित विवाह हुँदा आफू खुसी भएको, तर प्रश्रित पढ्न बनारस गएपछि आफू सासूसित मिलेर बस्न नसकेको, मोदनाथले एउटी हिरोइनको तस्बिर पठाएर अब उसैसित विवाह गर्छु भनेर नाटक गरेर थर्काएपछि घर गर्न थालेको, मोदनाथलाई पहिले राजनीतिमा लाग्न आफूले नै प्रेरित गरेको, उनी भूमिगत हुँदा आफूले एक्लै घर चलाउनु र बालबच्चा हुर्काउनु परेको, २०४६ सालपछि राजनैतिक पार्टी र नेताहरूमा विचलन आएको, यसपछि प्रश्रितलाई साहित्यमा लाग्न आफूले प्रेरणा दिएको । मोदनाथ प्रश्रित असाध्य सहयोगी, समझदार, अध्ययनशील, गम्भीर र इमान्दार हुनुभएको इत्यादि कुराहरूको गहन स्मृति पोखेकी छन् कविताले यस कृतिमा । यसै

गरी आफ्नो आत्मसंस्मरण पनि आत्मकथाकै स्तरमा प्रस्तुत गरेकी छन् कविताले । आफ्नो बाल्यकाल, माइती, बाबा, आमा, सासू, देवर, देवरानी, श्रीमान् प्रश्रित, आफ्ना बच्चाबच्ची (शैलू, विजय, रचना) विभिन्न मित्रहरू, आफन्तहरूसितको आफ्नो विगतको सम्बन्धलाई एकएक स्मृतिमा ल्याएकी छन् उनले । उनले मुख्य गरी आफ्ना श्रीमान् मोदनाथ प्रश्रित, आमा, सासू, छोराछोरी साथीभाइलाई प्रमुख रूपमा सम्झेकी छन् । माथि नै उनले आफूलाई पनि गहन रूपमा प्रस्तुत गरेकी छन् । आफ्नो जीवनभोगको क्रममा केके घटना घटे ? उनले त्यसको कसरी सामना गरिन् । गरिबी र अभावको जीवनमा पनि कसरी आशावादी बनी जीवन चलाइन् । छोराछोरीलाई कसरी हुर्काइन्, घरपरिवार र माइती र पतिसितको आफ्नो कर्तव्य र ममतालाई कसरी सम्पादन गरिन् भनेर बिस्तारमा स्मरण गरेकी छन् ।

उनको जीवनभोगको वर्णनबाट उनको जब्बर चरित्रको दर्शन पाइन्छ । सासूलाई नभनीकनै माइती हिँड्न सक्ने, मधेसमा केही व्यवस्था नभईकनै एकाएक घर छाडेर ससाना भुराभुरी लिएर अनिश्चित गन्तव्यतर्फ हिँड्न सक्ने, टोल समाजको विरोध र प्रतिवादको बावजुद पनि रूढि परम्पराको ठाडै उल्लङ्घन गर्न सक्ने, महिलाले गर्न नहुने भनिएका चारवटा मुख्य काम- (हलो जोत्ने, घर छाउने, मलाम जाने र खसी काट्ने) पनि उनले गर्दै रहिन् । प्रश्रित बनारसमा भएको समयमा रात साँझ गुन्डाहरूले झम्टिँदा उनी खुर्पा लिएर जाइलागिन् । चोर लुटाहाले राति लुट्न खोज्दा दाउराले त्यसको टाउकोमा बजारेर भागिन् । डाँकाहरू रूपन्देहीको थरौली घरमा राति आएर सुनको डल्लो दिँदा पनि इन्कार गरिन् । तिजको बेलामा दर खाने कुरा केही नभएर साना भुरालाई छोडेर उनी भारत नजिकको बजार कृष्णनगर गइन् । राति फर्कंदा घर नजिकैको खोलो बढेर तर्न सकिनन् र रातभरि पानीमा भिज्दै रूखमा चढेर रात बिताइन् । पहाड छोडेर तीनवटा बच्चाबच्ची लिएर मधेस झर्ने क्रममा राति बास बसेका बेलामा गाउँकै दाइ पर्नेले समात्न खोज्दा डटेर प्रतिवाद गरिन् । मोदनाथ शिक्षामन्त्री भएको बेलामा समेत उनले सरकारी गाडी चढिनन् । गौंथलीको गुँड बनाउँदा उनले आफैंले ईंट्टा, बालुवा बोकिन् । घर चलाउन मधेसमा टुकटुके मिल चलाइन्, डाड्डराइन भएर उपचार कार्यमा खटिन् । रातदिन मजदुरले जस्तै खटेर काम गरिन् । २९ वर्षको उमेरमा अलिअलि लेख्न पढ्न जानिन् । पढ्न जानेपछि भएभरका हिन्दी उपन्यासहरू जम्मा गरेर पढिन् । स्वर मीठो भएकाले गीत गाउन पनि थालिन् । तिजका गीतहरू सहित गीतहरू लेखिन् । आफ्ना अनुभवहरू र जीवनभोगलाई लेखोटको रूप दिइन् । *काँडेघारीको यात्रा* लेखिन् । हाल त उपन्यास *आमाहरू* पनि लेखिसकेकी छन् । निरक्षर नारीले पुस्तकाकार कृतिहरू तयार गर्नु कम्ती ठूलो कुरो होइन । यो काम उनले गरिन् । राजनैतिक पार्टीमा पनि लागिन् । महिला समूहको नेतृत्व पनि गरिन्, तर २०४६ पछि नेताहरूमा आएको विकृति विसङ्गति देखेर अहिले छक्क परेकी छन् र यही कुरा उनले यस कृतिमा प्रस्तुत गरेकी छन् ।

यो कृति पुरै आत्मकथा त होइन, तर कविताले जेजति घटनाहरूको उल्लेख गरेकी छन् , त्यो कालक्रमिक रूपमा प्रस्तुत भएको छ । जस्तो उनको विवाहको

प्रसङ्गदेखि विवाह, घरव्यवहार, सन्तानप्राप्ति, तिनको शिक्षा-दीक्षा, श्रीमान्को जीवनवृत्त, आफ्नो जीवनक्रम सबै नै कालक्रममा प्रस्तुत भएका छन् ।

२.२ परिवेश चित्रण

परिवेश चित्रण भव्य रूपमा प्रस्तुत भएको छ । अर्घाखाँची, खिदिमको म्यालपानी, हर्राबोट, हरिहर संस्कृत पाठशाला, हर्राबोट बेसी, बनारस, बुटवल, बाणगंगा, भैरहवा, बठानपुरा, राजु गैरा, सालझण्डी, कुमारगढी, कपिलवस्तु, थरौली, गुगौली, काठमाडौं, नारायणगढ इत्यादि स्थानको स्थान परिवेश, २०१३ सालदेखि २०५५/०५६ सालसम्मको समय परिवेश र बालविवाहको प्रचलन, बहुविवाहको प्रचलन, काशीबासको प्रचलन, भूमिगत पार्टी कार्यको प्रचलन, नारी आन्दोलन, पञ्चायती दमनचक्र र जेलनेलको प्रचलन, २०४६ सालको जनआन्दोलन र परिवर्तनकारीहरू सत्तासीन भएको परिवेश र राजनैतिक परिवर्तन भएपछि सांस्कृतिक परिवर्तन हुन नसकेको सांस्कृतिक परिवेशको यस कृतिमा भव्य चित्रण गरिएको छ ।

२.३ सहभागी

यस कृतिमा पात्रको रूपमा धेरै सहभागी छन् । १६२ जना पात्रको नाम उल्लेख गरिएको छ । यसमा कति पात्र सम्झनामा आएका नामहरू छन्, कति प्रसङ्गवश उल्लेख हुन आइपुगेका नामहरू छन् । कृतिमा महत्त्वपूर्ण भूमिकामा मोदनाथ प्रश्रित, दुर्गाप्रसाद गौतम, कविताकी आमा, दाइ, भाइहरू, प्रश्रितकी आमा, भाइहरू, बैनीहरू, साथीहरू, पार्टीका साथीहरू रहेका छन् । यसको केन्द्रीय पात्र कविता नै हुन् । उनकै वरिपरि अरू पात्रका नामहरू आएका छन् । यस आत्मसंस्मरणमा सबै पात्रहरू वास्तविक जीवनका यथार्थ पात्रहरू रहेका छन् । काल्पनिक पात्रहरू छैनन् ।

२.३ तटस्थता

आत्मसंस्मरण लेखिकाकै जीवनकथा भएकाले यसको सत्यताको जिम्मेवारी लेखककै इमान्दारितामा भर पर्दछ । लेखकले उत्तालिएर आत्मश्लाघा गर्न सक्छन् । आफ्नो बखान धेरै गर्न सक्छन् । यस्तै गरी सङ्कोचवश आफ्ना कतिपय कुराहरू लुकाउन सक्छन् । यसो नगरी जस्ताको तस्तै इमान्दारीपूर्वक भन्न सक्नु नै तटस्थता हो । यहाँ कविता तटस्थ छन् । उनले आफूमाथि खराब नियत लिएर राति आक्रमण गर्नेको हुलिया उल्लेख गरेकी छन् । आफूलाई बाटो छेक्ने र आक्रमण गर्नेहरूको यथोचित हुलिया दिएकी छन् । आफू सासूलाई नटेरी माइत गएको, मोदनाथले बनासरबाट हिरोनीको फोटो पठाएर त्यसैसित विवाह गर्छु भनेपछि आफ्नो सेखी झरेको र खुरक्क घर गर्न गएको उल्लेख पनि खुलस्त गरेकी छन् । आफ्नो कमजोरी देखाउन हतपत मानिस चाहँदैन । यसमा कविता खुलस्त बनेकी छन् । अर्को उनी निर्भीक पनि छन् । आफ्नो बाबालाई हैजाले मऱ्यो भन्ने काकाको पोल खोलेकी छन् । बाबा, सामन्त र गजेडी भएको, मोदनाथलाई रैतीको छोरो भनेको, आमाले मोदनाथसित एउटा फूल फुट्यो फुट्यो भनेर ज्वाइँको मानमर्दन गरेको, मोदनाथ यस कुराबाट रिसाएर ससुराली जान छाडेको इत्यादि कुरा पनि खुलस्त रूपमा राखेकी छन् । यस्तै गरी सासूकहाँ टिक्न नसकेको, पेटभरि खान नपाएको, आमाले पनि घर गरिन भनेर बाँधेर कुटेको

इत्यादि आफ्ना कमी कमजोरी पनि उनले लुकाएकी छैनन् । साथै आफूले कठिन सङ्घर्ष गरेको, हलो जोतेको, घर छाएको, अछुतको मेलामा गएको, खसी काट्दै हिँडेको, डाङ्डराइन भएर औषधि गरेको, आफूलाई लुट्न खोज्नेसित भिडेको, चोरलाई दाउराले बजारेर भागेको, रातभरि रुझेर रूखमा बास बसेको, डाँकाले एक पोको सुन दिँदा पनि नलिएको इत्यादि आफ्ना कर्मठ पक्षको पनि जानकारी दिएकी छन् । प्रश्रित मन्त्री हुँदा आफूले सरकारी गाडी नचढेको, गौँथलीको गुँड बनाउँदा आफैँले ईंटा, ढुङ्गा बोकेको, छोराछोरीको विवाह भाषण गरेर सम्पन्न गरेको कुरालाई जस्ताको तस्तै प्रस्तुत गरेकी छन् । यसबाट आत्मसंस्मरण जीवन्त बनेको छ । तटस्थ बनेको छ, खुलस्त बनेको छ र विश्वसनीय बनेको छ । कवितालाई यसमा सफलता मिलेको छ ।

२.४ सुसङ्गठन

कविताले २०१३ सालदेखि २०५६ सालसम्म ४३ वर्षको लामो जीवनभोगलाई १०८ वटा शीर्षकमा सुन्दर रूपमा सजाएकी छन् । पढ्दा झिझ्याट लाग्ने नभई कौतूहलता पैदा हुन्छ । अब के हुन्छ होला ? भन्ने जिज्ञासा पैदा हुन्छ । पढिरहूँ जस्तो लाग्छ । यति लामो जीवनभोगलाई सबै बताउने हो भने ठेलीका ठेली पुस्तक हुन सक्छन् । कविताले जीवनभोगका मुख्य कुराहरूलाई प्रस्तुत गरेकी छन् । अनावश्यक वर्णन छैन । वर्णन खिरिलो छ, मुख्यमुख्य कुराहरू छुटेका छैनन् । अर्को कुरो जीवनभोगलाई कालक्रमिक रूपमा राखेकी छन् । तिथि, मिति र घटनावलीलाई गज्याङगुजुङ पारेकी छैनन् । पुस्तक सुसङ्गठित देखिन्छ । आकर्षक देखिन्छ । आत्मसंस्मरणको पूर्वापर सम्बन्ध पनि सप्रेकै छ ।

२.५ भाषाशैली

कविताको भाषा सरल छ । विवरणात्मक शैली भए पनि अनुभूतिको सघनता, तटस्थता, इमान्दारिता र सुस्पष्ट अभिव्यक्तिका कारणले पुस्तक आकर्षक बनेको छ । जीवनभोगाइ खण्ड खण्डमा विभाजित भएकाले र एकपछि अर्को घटनाहरू क्रमबद्ध रूपमा गाँसिदै गएकाले पत्रकारिताको लेखनशैली बनेको छ, कविताको लेखनशैली जस्तो बनेको छ । आलङ्कारिक भाषाको केही कमी खड्किए पनि आत्मसंस्मरणमा हुने वस्तुगत वर्णनलाई भने यस कृतिले राम्ररी बरण गरेको छ । भाषामा मध्यपश्चिमी, पश्चिमी नेपालीका बोलीहरूको प्रभाव छ । ठनासैँ, हस्कैँ फस्किरह्यो, धारो (गोठ), आखर (अक्षर), पँडेल्नु (पानी राख्ने भाँडो) लगायत ग्वाँग्वाँ रुनु, अस्याट लाग्नु देखि अर्नी, तमौरा (कोदाको पीठो राख्ने भाँडो), उरिम (घर कटेरा जस्तै), पँदेरो आदि जस्ता पश्चिमी बोली एवम् भाषिकाको छायाँ कविताको यस कृतिमा परेको देखिन्छ । कविताले अर्घाखाँचीतर्फ बोलिने कथ्य भाषालाई टपक्क टिपेको देखिन्छ । यसरी मानक भाषाको प्रयोगमा केही कमी हो कि भन्ने देखिन्छ, तर सरल शैलीका कारणले पुस्तक आकर्षक र पठनीय बनेको छ ।

## ३. टुङ्ग्याउनी

सङ्घर्षशील नारी स्रष्टा कविताको जीवन नै सङ्घर्षको पर्याय बनेको र त्यसकै स्मृतिस्वरूप कविताले आफ्नो सङ्घर्षशील जीवनभोगको, पुन:सिर्जन कुशल

ढङ्गले गरिकी छन्- यस कृतिमा । उनी यस कृतिमा खुलस्त रूपमा प्रस्तुत भएकी छन् । तटस्थ बनेकी छन् र उनको लेखाइ इमान्दार अभिव्यक्तिले भरिएको छ । उनको जीवनभोगको क्रममा देखिएका घटनाहरूलाई उनले तिथि-मिति क्रममा राखेकी छन्, कृतिको पूर्वापर सम्बन्ध सप्रेको छ । कृतिको भाषा सरल, स्पष्ट कथन र सुन्दर एवम् इमान्दार अभिव्यक्तिले कृतिलाई विश्वसनीय तुल्याएको छ । यस आत्मसंस्मरणमा आत्मभोगको वर्णन जीवन्त बनेको छ, परिवेश चित्रण भव्य छ, तटस्थता अनुकरणीय छ, पूर्वापर सम्बन्ध एवम् सङ्गठन सुहाउँदिलो छ र भाषाशैली सरल छ । यसरी यस कृतिको संरचनात्मक पक्ष पनि सुसङ्गठित बनेको छ । त्यसकारण यो मोदनाथले भने जस्तै उनीहरूको साझा कथा बनेको छ । यसका साथै यो नेपालका सङ्घर्षशील नारीहरूको एवम् बुहारीहरूको र सत्ताहीन मानिसहरूको जीवनको कथा पनि बनेको छ । यसैले यस कृतिले कवितालाई नेपाली साहित्यमा एक शक्तिशाली लेखिकाको रूपमा स्थापित गराउने आशा गर्न सकिन्छ । साथै यति राम्रो कृति सिर्जना गर्ने कविताको सिर्जनशील क्षमताको उत्तरोत्तर प्रगतिको कामना पनि नगरिरहन सकिँदैन ।

## सन्दर्भ सामग्री सूची


दुवाल, मोहन (सम्पा.), २०६७, कविता पौडेल, *'अक्षरभित्र स्रष्टाहरू'*, बनेपा: जनमत प्रकाशन । पोखरेल, डी. आर., २०६७, "काँडेघारीको यात्राको संरक्षात्मक पक्ष", *स्रष्टा* चौमासिक, अङ्क- ५ ।

पौडेल, कविता, २०५९, *काँडेघारीको यात्रा*, काठमाडौं: पसिना प्रकाशन ।

बराली, रणेन्द्र, २०६६, 'स्याबास डाक्डराइन कविता पौडेल', *जनउत्थान* मासिक, वर्ष १५, अङ्क- ४

प्रश्रित, मोदनाथ, २०५९, 'काँडेघारीको यात्रा: साझा यात्रा', *काँडेघारीको यात्रा*, काठमाडौं: पसिना प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद, २०६०, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।


*जुही*, पूर्णाङ्क ६३

## त्रिभुवन बरई

### कथात्मक दृष्टिबिन्दुका आधारमा 'रिमा' कथाको विश्लेषण

*गोनहा गा.वि.स., मर्चवार, रूपन्देहीमा २०३६ असार २२ मा जन्मेका त्रिभुवन बरई नेपाली विषयमा स्नातकोत्तर गरी त्रि.वि. भैरहवा बहुमुखी क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत छन् । यिनले शिक्षाशास्त्रमा स्नातक समेत गरेका छन् । केही कथा लेखेका भए पनि बरईको समालोचनाप्रति गहिरो अभिरुचि र लगाव छ । यिनले प्रसिद्ध नेपाली कथाको खास गरी रचना विधानका आधारमा समालोचना गरेका छन् । समालोचनामा बरईको कलम तिखारिंदो छ । यिनका समालोचनाहरू विभिन्न प्रतिष्ठित साहित्यिक पत्रिकाहरूमा पनि छापिएका छन् । प्रस्तुत समालोचना पहिलो पटक यसै ग्रन्थमा समावेश भएको हो । यसमा 'रिमा' कथालाई कथाको दृष्टिबिन्दुका दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।*

### १. विषयप्रवेश

नेपाली साहित्यका कथा, उपन्यास, कविता, गीत, निबन्ध, संस्मरण लगायतका विधामा कलम चलाई कविता पौडेलले आफूलाई बहुआयामिक व्यक्तित्वका रूपमा स्थापित गरेकी छन् । नेपाली राजनीति र सामाजिक रूपान्तरणका लागि अहोरात्र खटी अगाडि बढ्ने क्रममा साहित्यिक फाँटको समेत उपयोग गरी उनले नेपाली पाठकहरूमा क्रान्तिकारी चेत, देशप्रेमको भावना, अग्रगमनकारी र परिवर्तनगामी दृष्टि, वैज्ञानिक, वस्तुपरक र मानवतावादी जीवनपद्धति, विभेदरहित समतामूलक समाजको परिकल्पना, अन्धविश्वास, रूढिवादिता, षड्यन्त्र र जालझेलको समूल नष्ट लगायतका पक्षहरूको सञ्चार गर्न चाहेको देखिन्छ । विभिन्न फुटकर कथाहरूको लेखन र प्रकाशनका माध्यमबाट आधुनिक नेपाली कथाको प्रगतिवादी धारामा नाम दर्ज गराएकी पौडेलका 'लाहुरेको धोको', 'राँको' र 'बेचिएकी चेली' जस्ता तीनवटा कथासङ्ग्रहहरू प्रकाशोन्मुख अवस्थामा रहेको पाइन्छ । पितृसत्तात्मक पारिवारिक ढाँचा, चेतनाको अल्पतम विकास, मानवीय मूल्य, मान्यता र मानवताको ह्रासोन्मुखता, अन्धविश्वास र रूढिवादी प्रवृत्ति आदिका कारण जर्जर हुन पुगेको नेपाली समाजका नारी वर्गले भोग्ने गरेका असह्य पीडा, कठोर यातना र नारकीय जीवनलाई बडो प्रभावकारी र जीवन्त ढङ्गले आफ्ना कथाहरूमा चित्रण गरी कथाकार पौडेलले आफूलाई नेपाली समाजको कुशल द्रष्टाका रूपमा चिनाइसकेकी छन् ।

सर्वप्रथम *समष्टि* पत्रिकामा प्रकाशित 'रिमा' नेपाली चेलीबेटीहरूको जीवनका कथा र व्यथालाई आधारभूमि बनाई सिर्जना गरिएको पौडेलको एक उत्कृष्ट प्रगतिवादी कथा हो । पितृसत्तात्मक पारिवारिक संरचना, अवैज्ञानिक जीवनपद्धति, बढ्दो दण्डहीनता

एवम् विभेदकारी राज्य र सामाजिक नीतिका कारण आफ्नै घरआँगनमा आफ्नै अभिभावकबाट पीडित र अपहेलित हुनुका साथै मृत्युको मुखमा समेत पुग्ने गरेको नेपाली नारीहरूको अवस्थालाई यस कथाले समाउन पुगेको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा शृङ्खलित यस कथाको कथानकको आरम्भ र अन्त्य वर्णनात्मक शैलीबाट भएको पाइन्छ । सामाजिक रुचिक्षेत्रलाई समाहित गर्न सफल रहेको यस कथाको कथानकलाई वर्णनात्मक र संवादात्मक प्रस्तुतिका माध्यमबाट अघि बढाइएको छ । बाबु रामबहादुरले अर्को बिहे गरी छोरी रिमा र उसकी आमालाई तिरस्कार गर्नु, रिमा अत्यन्त जाँगरिली र गुणवती भएकीले आफ्नी आमाको पालनपोषणमा कुनै कमी नराख्नु, रामबहादुरले एकदिन रक्सी खाएर अगुल्टाले हानी रिमाकी आमाको हत्या गर्नु, जेलमा पर्नु, 'म' पात्रले रिमालाई सदैव सचेत र सावधान गराइरहनु, गाउँले र कान्छी आमाको भनसुनभन्दा भाइ कमलको अत्यन्त मार्मिक आग्रह र संवेदनशील परिस्थितिबाट आहत भई हत्यारा बाबु रामबहादुरलाई जेलबाट छुटाइदिनु, अत्यन्त रहस्यात्मक तरिकाले रिमाको हत्या हुनु यस कथाका खासखास घटना हुन् । रिमा क्रान्तिकारी पात्रका रूपमा उभिए पनि षड्यन्त्रकारी समाजको अगाडि उसले हार खानुपरेको छ । रिमा, कमल र 'म' पात्रबाहेक प्रायः अरू सबै पात्र खल, प्रतिकूल र प्रगतिका बाधक नै देखिन्छन् । पहाडी ग्रामीण समाजलाई परिवेश बनाई लेखिएको प्रस्तुत कथामा सम्बन्धित ठाउँको संस्कृति, रहनसहन, छुवाछुत, रूढिवादिता, सामाजिक षड्यन्त्र आदिलाई देखाइएको छ । जम्मा पाँच पृष्ठमा रहेको यस कथामा पात्र, परिवेश तथा विषयवस्तु सुहाउँदो छोटो, छरितो र उपयुक्त संवादको प्रयोग गरिएको छ । अत्यन्त सरल, सम्प्रेष्य र अभिधात्मक भाषाशैलीको प्रयोग गरी लेखिएको प्रस्तुत कथामा भाषाशैलीय पक्ष संरचना पक्षको समतुल्य हुन नसकेकाले संवृत रूपविन्यास पाइन्छ । यहाँ यसै कथाको दृष्टिबिन्दुको विश्लेषण गर्ने अभीष्ट राखिएको छ ।

## २. रिमा कथाको दृष्टिबिन्दु

कथालाई पाठकसमक्ष पुऱ्याउने विधि वा तरिकालाई कथाको दृष्टिबिन्दु भनिन्छ । यस अर्थमा दृष्टिबिन्दुलाई कथाकार र पाठकका बीचको सम्बन्धसूत्र मान्न सकिन्छ । दृष्टिबिन्दु कथाको एक महत्त्वपूर्ण, सबल र अनिवार्य तत्त्व मानिन्छ । यसकै माध्यमबाट कथाकारले आफ्नो दृष्टिकोण, अभिमत, विचार र दर्शनलाई पाठकसमक्ष पुऱ्याउन खोजेको हुन्छ भने दृष्टिबिन्दु पात्रको पहिचान र उसको चारित्रिक विश्लेषणकै माध्यमबाट पाठकले कथाको सारवस्तु ग्रहण गर्ने गर्दछ । दृष्टिबिन्दु पात्रको पहिचान गर्न नसक्दा पाठक अन्योलमा पर्न सक्छ र उसलाई कथाकारको कथारचनाको गर्भ तथा केन्द्रीय अभीष्टसम्म पुग्न हम्मेहम्मे पर्न सक्छ । कथामा आन्तरिक र बाह्य दृष्टिबिन्दुको प्रयोग गरिन्छ । आन्तरिक दृष्टिबिन्दुका पनि केन्द्रीय र परिधीय जस्ता भेदहरू देखिन्छन् । कथावाचक र केन्द्रीय पात्रका रूपमा प्रथम पुरुषीय 'म' पात्र हुँदा केन्द्रीय तथा कथावाचक 'म' र कथाको केन्द्रीय पात्र अर्कै पात्र हुँदा परिधीय दृष्टिबिन्दुको प्रयोग मानिन्छ । परिधीय दृष्टिबिन्दुमा 'म' पात्रले आफ्नो जीवनको इतिवृत्त प्रस्तुत नगरी कुनै अर्कै पात्रको जीवनको इतिवृत्तको वर्णनमा तल्लीन हुन्छ । यस्तो दृष्टिबिन्दुमा 'म' पात्र कथाको परिधिमा हुन्छ भने कथाको केन्द्रमा कुनै अर्कै पात्र ।

प्रथम पुरुषीय पात्र 'म' को प्रयोग गरी कथा लेखिएको, समाख्याताका रूपमा 'म' तथा कथाको केन्द्रीय र दृष्टिबिन्दु पात्रका रूपमा रिमा आएकीले पौडेलको विवेच्य यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । यस कथाकी 'म' पात्रले आफूलाई कथाको केन्द्रमा नउभ्याउनुका साथै आफ्नो जीवनको इतिवृत्त प्रस्तुत नगरी रिमाकै जीवनका दारुण र कारुणिक कथाव्यथालाई प्रस्तुत गर्नमा केन्द्रित रहेको पाइन्छ । यस कथाको परिधिमा 'म' पात्र छन् भने कथाको केन्द्रमा रिमा । रिमा यस कथाकी सर्वाधिक महत्त्वपूर्ण पात्र हो । समग्र कथालाई एउटा छाता मान्ने हो भने रिमा त्यस छाताभित्रको बलियो डन्डी हो । प्रमुख, बद्ध, मञ्चीय, सत्, अनुकूल, गतिशील, संवेदनशील, शिक्षित, कर्तव्यनिष्ठ, मानवतावादी, क्रान्तिकारी प्रतिनिधि आदि जस्ता चारित्रिक विशेषता बोक्न सफल रहेकी रिमा यस कथामा आद्यन्त उपस्थित छे । रिमाकै चारित्रिक विशेषता केलाउने सन्दर्भबाट उठान गरिएको प्रस्तुत कथाको कथानक रिमाको रहस्यात्मक हत्यामा समापन हुन पुगेको छ । कथाकार पौडेलले रिमालाई दृष्टिबिन्दु पात्रका रूपमा उभ्याई उसकै माध्यमबाट नेपाली समाजका कुकृत्य, हृदयहीनता, मानवताको ह्रासोन्मुखता, मानवीय संवेदनाको ऋणात्मकता, नारीहरूको विवशता, पीडा र बाध्यात्मक परिस्थितिको नाङ्गो तस्विर खिच्न खोजेकी छन् । रिमाकै आँखाबाट नेपालमा व्याप्त बहुविवाह प्रथा, सौतासौताका बीचको द्वन्द्व, कान्छी श्रीमतीको आगमनपश्चात् जेठी श्रीमती र तिनका सन्तानको हुने बिचल्ली, स्त्रीलम्पट पुरुषहरूको हृदयहीनता, क्रूरता एवम् कर्तव्यविमूढता, सन्तान र श्रीमतीको हत्या गर्ने अभिभावकको कुकृत्य, सामाजिक षड्यन्त्र, रूढिवादिता, दुर्व्यसन आदिलाई चियाउने प्रयत्न गरिएको छ । अभिभावकीय र संरक्षकीय भूमिका निर्वाह गर्नुका सट्टा आफ्नै सन्तानको भविष्य अँध्यारो, अन्योल र ध्वस्त पार्न खोज्ने पिताको प्रतिनिधि पात्रका रूपमा आएको रामबहादुरको षड्यन्त्र बुझेकी तथा सचेत, चनाखो र प्रगतिवादी चेलीबेटीहरूको प्रतिनिधित्व गर्ने रिमाका मुखबाट बुबाप्रतिको आक्रोश र असन्तोष 'म' पात्रको समुपस्थितिमा भकाभक निस्कन थाल्छ, "तपाईंले बुवाको व्यवहार गर्नुभएको छ र मैले तपाईंलाई पैसा दिने ? आँखा नदेख्ने मेरी आमालाई तारा देखिने छाप्रोमा छोडेर अर्की आमा ल्याएर बस्नुभएको छ । तपाईंले आमालाई छाड्दा म पाँच वर्षकी मात्र थिएँ । गाउँभरि भीख मागेर आमालाई कसरी पालेर यहाँसम्म ल्याइपुऱ्याएँ भन्ने कुरो मलाई थाहा छ । ... मैले तपाईंको के खाइदिएको छु र जैले पनि ममाथि रिस पोख्नुहुन्छ (पृ. ४०/४१) ?"

यसै गरी आफ्नी जेठी श्रीमतीको हत्या गरी आफूले नमारेको स्वाङ पारी रामबहादुर भाग्न खोज्दाको क्षणमा छोरी रिमाका मुखबाट निस्केको अभिव्यक्ति पनि कम मार्मिक, कारुणिक, हृदयविदारक र क्रान्तिकारी देखिन्न, "थुईय' !... पापी ! मेरी आमालाई मारिस् ! अब तँसितको मेरो नाता सिद्धियो । तैंले मेरी आमाको लास छुन पनि पर्दैन । मेरी आमाको लास म आफैं पोल्छु कि कतै लगेर गाड्छु (पृ. ४१) ।" यी हरफले एकातिर रिमाभित्रको आक्रोशलाई अभिव्यक्त गरेका छन् भने अर्कोतिर छोरा मान्छेले मात्रै लासको सत्गति (अन्त्येष्ठि) गर्ने नेपाली सामाजिक परम्परालाई तोड्न वा भञ्जन गर्न चाहेको देखिन्छ । यसरी नै 'म' पात्रका रूपमा उपस्थित भई कथाकार

पौडेलले उत्प्रेरक भूमिकाको निर्वाह गरी क्रान्तिकारी कदम चाल्न पुगेको पाइन्छ, जसबाट प्रेरित भएर दमिनीको लास बोक्न नमानेका पुरुषहरूका विरुद्धमा महिलाहरूले नै लास बोकेर सेमरी खोलामा लगी त्यसको अन्त्येष्ठि गर्दछन् भने रिमा यस्तो अभिव्यक्ति दिन र क्रान्तिकारी कदम चाल्न पुग्छे, "मेरो कपाल मुण्डन गरिदिनोस् । म गर्छु क्रियाकर्म । छोरा र छोरीमा के फरक छ र मैले क्रिया गर्न नहुने ? मेरी अन्धी आमालाई मैले पालेकी हुँ, मैले नै गर्छु क्रिया ।" यति भनेर रिमा नुहाउन गई । नुहाएर आएपछि एक मुठा पराल ल्याएर झोपडीको पेटीमा फैलाएर रिमा क्रियामा बसी (पृ. ४२) । यी पङ्क्तिले पनि पौडेलका क्रान्तिकारी एवम् प्रगतिवादी स्वरलाई रिमाकै चरित्रचित्रणका माध्यमबाट अभिव्यक्त गरिदिएका छन् । षड्यन्त्रकारी समाजमा सोझासाझाहरूलाई कसरी फसाइँदो रहेछ भन्ने कुराको उद्घाटन पनि रिमाकै माध्यमबाट कथामा यसरी गरिएको छ, म रिमाको झोपडीमा पुग्दा ऊ भुल्लो च्यादर ओढेर आगो तापेर बसिरहेकी थिई । मलाई देखेर ऊ धुरुधुरु रुन थाली । "आमा मैले के गरौं ? गाउँका फटाहाहरूले आएर 'मेरो बाबु निर्दोष छन्, मेरी आमा आफैं मरेकी हुन्' भनेर लेखेको कागजमा सही गर भनेका छन् । मसित कहिल्यै सोझो मुखले नबोल्ने सौतेनी आमाले हिजो रातभरि खुबै मायाजस्तो गरेर फकाइन् । ...के गरौं हजुर मैले ?" रिमाले 'मेरो बा निर्दोष छन्' भनेर लेखेको कागजमा सही गरी रे भन्ने कुरा मैले थाहा पाउँदा मेरो मन खिन्न भयो (पृ. ४३) । 'म' पात्रको पटकपटकको मार्गनिर्देशका बावजुद पनि अत्यन्त कारुणिक, मार्मिक र संवेदनशील परिस्थितिको सिर्जना भई भाइ र बहिनीहरूको बिचल्लीलाई हेर्न नसकेकी रिमा अन्ततः मर्माहत भई हत्यारो बाबुलाई जेलमुक्त गराउने प्रमुख परिस्थिति र परिवेशको वर्णन 'म' पात्रसमक्ष यसरी गर्दछे, "के गरौं आमा" अरू कसैले भनेर मेरो मन पग्लिने थिएन । एकदिन कमल भाइ आएर मसँग बिलौना गऱ्यो । "बा जेल परेपछि मेरो पढाइ बिग्रिने भयो" भनेर रोयो । मैले रातभरि सोचें । मेरी आमा त मरिहालिन्, म त दुहुरी भएँभएँ, भाइलाई पनि दुहुरोजस्तै किन बनाउने भन्ने लाग्यो । त्यही सोचेर रामरतनले ल्याएको कागजमा सही गरिदिएँ (पृ. ४३) ।" दुहुरी बनेकी रिमा बाबुलाई जेलमुक्त गराएपछि पुनः हप्कीदप्की एवम् धम्की सहन बाध्य हुन्छे । यस किसिमबाट काम पर्दा मानवता र मानवीय जिम्मेवारीको खोको नाटक रची स्वार्थ पूरा भएपछि पुनः पूर्ववत् कुकृत्य र दुर्व्यवहारमा फर्किने गरेका नेपालीहरूको नाङ्गो तस्बिर रिमाकै आँखाबाट कथाकारले देखाउन खोजेकी छन् । यसै गरी अन्धविश्वास र षड्यन्त्रमा जकडिएको नेपाली समाजलाई अग्रगमनकारी, परिवर्तनमुखी, गतिशील र समुन्नत बनाउन निकै चुनौतीपूर्ण रहेको कुरा पनि रिमाकै माध्यमबाट सञ्चार गर्न खोजिएको छ । एकदुईजनाको असल विचार भएर मात्र सामाजिक रूपान्तरण हुन सक्दैन । सामाजिक रूपान्तरण तथा वैज्ञानिक र विभेदरहित जीवनपद्धतिका लागि समाजका प्रत्येक सदस्यहरूको चेतनामा वृद्धि हुनु पर्ने टङ्कारो आवश्यकता रहेको कुरा पनि केन्द्रीय पात्रकै माध्यमबाट बोध गर्न सकिन्छ । अघोगतितर्फ लम्किरहेको नेपाली समाजलाई उन्नतमार्गमा डोऱ्याउन निकै जटिल र चुनौतीपूर्ण रहेको कुरा कथामा उल्लेख गरिएको यस अभिव्यक्तिबाट आकलन गर्न सकिन्छ, "हामी सबै त्यतै दौडियौं । चिरई खोलाको किनारमा रगतैरगतले लतपतिएको रिमाको लास पल्टिएको थियो (पृ. ४४) ।"

यसरी नै कथाभित्र घटेका प्रत्येक घटना र सम्पन्न भएका प्रत्येक क्रियाकलापहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा रिमाको संलग्नता रहेको पाइन्छ । कथामा आएका प्रगतिका समर्थक तथा बाधक सबै पात्र उसका सामीप्यमा देखिन्छन् । कथामा आएका खलपात्रहरू रामबहादुर, रामरतन, सौतेनी आमा जस्ता पात्रहरू रिमालाई षड्यन्त्रमा पारी दलदलमा फसाउन चाहन्छन् भने 'म' पात्र उसलाई सदैव चनाखो, होसियार र सचेत भई अत्यन्त सावधानीपूर्वक जीवन जिउने मार्गप्रशस्त गरिरहन्छिन् । यसै गरी कथामा सम्पन्न भएका प्रत्येक संवाद प्रत्यक्ष अप्रत्यक्ष रूपमा रिमासित नै सम्बन्धित छन् । कमल र 'म', रामबहादुर र 'म', रिमा र 'म', रामबहादुर र रिमा, कमल र रिमा, रामरतन र 'म' रामरतन र रिमा, सौतेनी आमा र रिमा बीचका संवादहरू पूर्ण रूपमा रिमासित अन्तर्सम्बन्धित छन् । कतै संवादमा उसको प्रत्यक्ष सहभागिता रहेको छ भने कतै ऊ नै संवादको सामल बन्न पुगेकी छे । कथाको शीर्षकीकरण पनि यसै पात्रको नामबाट गरिएको छ । कथामा प्रगति र क्रान्तिको वाहक पात्रका रूपमा आएकी रिमालाई नै पौडेलले मुखपात्र बनाई उसकै चारित्रीकरणका माध्यमबाट नेपाली समाजप्रतिको आफ्नो दृष्टिकोण, क्रान्तिकारी, प्रगतिवादी र मानवतावादी चेत, वैज्ञानिक जीवनपद्धतिको चाहना, रूढिवाद, अन्धविश्वास र सामाजिक जालझेल एवम् षड्यन्त्रको समूल नष्टसम्बन्धी अभिमत, छुवाछुत एवम् लिङ्गीय विभेदको विघटन, समतामूलक समाजको स्थापना, कानुनी राज्यको प्रत्याभूति, महिला जागरण र नारीवादी स्वर, नारी समानता, स्वतन्त्रता र सम्मानको वकालत लगायतका कुराहरूलाई पाठकसमक्ष पुऱ्याउन खोजेकी छन् । तसर्थ यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको तथ्य प्रमाणित हुन आउँछ ।

### ३. निष्कर्ष

नेपाली समाजमा घटिरहेका र घट्न सक्ने यथार्थ घटनाहरूलाई आफ्नो कथाको बीजभूमि बनाई कथा लेख्ने कविता पौडेल आधुनिक नेपाली कथाको प्रगतिवादी धाराकी एक सशक्त महिला हस्ताक्षर हुन् । मूलतः सामाजिक रुचिक्षेत्र, यथार्थवादी रीतिक्षेत्र, प्रसङ्गविषयक सारवस्तु, अभिधात्मक अर्थसापेक्ष, रैखिक, कौतूहलपूर्ण, प्रभावकारी र जीवन्त कथानक, संवृत रूपविन्यास, जिउँदो चारित्रीकरण, विश्वसनीय र यथार्थ परिवेश एवम् छोटो र छरितो संवादको प्रयोग गरी कथा लेख्ने पौडेलका कथाहरूमा बाह्य तथा आन्तरिक दुवै दृष्टिबिन्दुको प्रयोग पाइन्छ । कथात्मक दृष्टिबिन्दुको एउटा प्रकार आन्तरिक परिधीय दृष्टिबिन्दु पनि हो । पौडेलद्वारा लेखिएको 'रिमा' कथामा अत्यन्त कलात्मक ढङ्गले यसै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । प्रस्तुत कथामा समाख्याता पात्रका रूपमा आएकी 'म' पात्रले आफूलाई कथाको केन्द्रमा नराखी तृतीय पुरुषीय पात्र रिमालाई उभ्याएकी छन् । 'म' पात्र कथाको परिधिमा उभिई रिमाका जीवनमा घटेका कहालीलाग्दा मर्मस्पर्शी र कारुणिक घटनाहरूलाई बडो कलात्मक, प्रभान्विति, जीवन्त र वस्तुपरक ढङ्गले केलाउने प्रयत्नमा तल्लीन रहेको पाइन्छ । रिमाका जीवनका आरोह र अवरोहहरूलाई अत्यन्त सावधानीपूर्वक वर्णन गरी 'म' पात्रले रिमाप्रति पाठकबाट सहानुभूतिको वर्षा गराउनुका साथै पाठकमा संवेदना र

मानवताको सञ्चार गर्नमा सफलता हात पारेकी छन् । कथाकार पौडेलले रिमालाई नेपाली नारीहरूको प्रतिनिधि पात्रका रूपमा उभ्याई उसकै माध्यमबाट नेपाली नारीहरूको मार्मिक, कारुणिक एवम् कहालीलाग्दा जीवनका कथा र व्यथालाई पाठकसमक्ष पुऱ्याई सामाजिक रूपान्तरणको चाहनालाई अभिव्यक्त गर्न खोजेकी छन् । रूढि र अन्धपरम्पराको ग्रस्त हुन पुगेको नेपाली समाजको पुनर्निर्माण गरी वैज्ञानिक र तर्कयुक्त जीवनपद्धति अँगाली अघि बढ्नु नेपाली समाजको लागि अनिवार्य हुन गएको छ भने लिङ्गीय विभेद, सामाजिक विषमता र षड्यन्त्रलाई नष्ट नगर्दासम्म नेपाली समाज कुनै पनि हालतमा उन्नत बन्न सक्नेछैन, जस्ता कुराको जानकारी पनि कथाकारले रिमाकै माधयमबाट गराउन खोजेकी छन् । कथात्मक दृष्टिबिन्दुका दृष्टिले प्रस्तुत कथा निकै सबल र सफल बन्न पुगेको निष्कर्ष प्राप्त हुन आउँछ ।

## सन्दर्भग्रन्थसूची


अब्राम्स, एम्.एच्., ई. १९९३, *ए ग्लोसरी अफ लिटरेरी टर्म्स*, रिप्रिन्टेड: मद्रास मेकमिलन इन्डिया लिमिटेड ।

पौडेल, कविता, 'रिमा', चूडामणि रेग्मी र अन्य (सम्पा.), २०६७, *जुही त्रैमासिक कविता पौडेल विशेषाङ्क*, पूर्णाङ्क ६३, पृ. ४०-४४ ।

बरई, त्रिभुवन, २०६५, "रचनाविधानका आधारमा भोकयुद्ध कथासङ्ग्रहको अध्ययन", त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत एम्.ए. नेपाली, अप्रकाशित शोधपत्र ।

बरई, त्रिभुवन, २०६७, 'कथाको रचनाविधानका अङ्गीभूत उपकरणहरू', *शब्दसिन्धु*, वर्ष २, पूर्णाङ्क पृ.२०-३४ ।

शर्मा, मोहनराज, २०५९, *शैलीविज्ञान*, दोस्रो संस्करण, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, हरिप्रसाद, २०५९, *कथाको सिद्धान्त र विवेचन*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (सम्पा.), २०३९, *पच्चीस वर्षका नेपाली कथा*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

... ..., २०६०, *नेपाली कथा भाग- ४*, दोस्रो संस्करण, ललितपुर: साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, 'दृष्टिबिन्दु', भूपहरि पौडेल (सम्पा.), २०६०, *शोध र सिर्जना सिद्धान्त*, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

... ..., २०६६, *अभिनव कथाशास्त्र*, काठमाडौं: पालुवा प्रकाशन प्रा.लि. ।



मर्चवार, रूपन्देही, मो. ९८४७१४६६२४

## दीपा पौडेल

### कविता पौडेलका कथाको विश्लेषण

*बर्दियाकी चली तथा त्रि.वि. कीर्तिपुरकी नेपाली विषय स्नातकोत्तर तहकी शोधछात्रा दीपा पौडेलले २०६५ मा "कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व" शीर्षकमा शोधकार्य गरेकी हुन् । कविता पौडेलका बारेमा गरिएको यो पहिलो शोध हो । 'कविता पौडेलका कथाको विश्लेषण' शीर्षकको यो अंश यही शोधपत्रको एक अंश हो ।*

२०६१ सालमा युगभाका पत्रिकामा 'छोरीको चिठी' कथा प्रकाशित गराएर औपचारिक रूपमा नेपाली साहित्यको कथा क्षेत्रमा देखापरेकी कविता पौडेलका हालसम्म विभिन्न पत्रपत्रिकामा तीनवटा फुटकर कथा प्रकाशित छन् भने सत्रवटा कथाको सङ्ग्रह बेचिएकी चेली प्रकाशनको अभावमा रहेको छ । यहाँ कथाको विश्लेषण लागि खगेन्द्रप्रसाद लुइटेलको कविताको संरचनात्मक विश्लेषण शीर्षकको विद्यावारिधि शोधपत्रमा प्रस्तुत संरचनात्मक पद्धतिलाई आधार बनाइएको छ । यहाँ कविता पौडेलका हालसम्म प्राप्त तीनवटा फुटकर कथाहरूको कथावस्तु, पात्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु भाषाशैली विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

**१. वस्तु**

कविता पौडेलका फुटकर कथाहरूको वस्तुलाई सङ्क्षिप्तमा तल प्रस्तुत गरिन्छ :

| कथा | वस्तु |
|---|---|
| छोरीको चिठी | नेपाली चेली मुनालाई रमेश थारु गुन्डाले बम्बईको वेश्यालयमा बेचेको छ । वेश्यालयमा आफूले पाएका दुःख र अन्य नेपाली चेलीको मोलमोलाई भेडाबाख्रा जस्तो भएको र तिनले पाएका सास्तीलाई देखेर यो यमपुरी हो अन्य नेपाली दिदी महिलाहरूले यस्तो दुःख व्यहोर्न नपरोस् यो चिठी सबैलाई पढ्न दिनु भनी आमालाई चिठी लेखेकी छ । |
| पल्लो पसल | म पात्रको किराना पसलपछाडि भाँडा पसल थियो । यो भाँडा पसल पल्लो पसलवालाका तीन छोरामध्ये जेठो छोरा एम्.ए.मा पढ्थ्यो । उसको विवाह गर्ने इच्छा नहुँदा नहुँदै आमाबाबुको करमा विवाह गर्दछ । विवाहमा दाइजो नपाए पछि त्यस घरमा झगडा उत्पन्न हुन्छ । आमाले बुहारीलाई मर्न भनी मिठाइमा विष |

| | |
|---|---|
| | राखिदिन्छे । त्यो मिठाइ छोराले पनि खान्छ र छोरा बुहारी दुवैको मृत्यु हुन्छ र आमा आफ्नो दुष्कर्मको पछुताउमा पर्छिन् । |
| रिमा | दमाई जातकी रिमा फुर्सदमा पढ्छे, तर बाबुको छोरीले पढ्न हुँदैन, कपडा सिलाएर बस्नुपर्छ भन्ने विपरीत धारणाले गर्दा सधैं मतभेद परिरहन्छ । त्यही रिसमा रामबहादुरले रिमाकी आमालाई मार्दछ र अपराधी भई थुनामा पर्दछ । रिमाको भाइ कमलले दुःख व्यक्त गर्दछ, रिमाले कत्थकागजमा सही गरी अपराधी होइन भनी प्रमाणित गरी जेलमा सड्नबाट बचाउँछे, तर केही दिन पछाडि रिमाको लास चिरइ खोलाको किनारामा भेटिन्छ । यसरी समाजमा दुर्जनको बिगबिगी सज्जनको अन्त्य भएको देखाएको छ । |

कविता पौडेलका कथाहरूको अध्ययन गर्दा यिनीहरूको मुख्य स्रोत सामाजिक यथार्थ रहेको देखिन्छ । समाजमा हुने गरिबी, अशिक्षा, अनिच्छा विवाह, नारी शोषण, चेतना अभाव आदि विषयलाई नै कथाको रूप दिइएको छ । 'छोरीको चिठी'मा मुनालाई गुन्डाले बम्बई वेश्यालयमा बेचेको छ, जहाँ नारीको मोलमोलाइ भेडाबाख्राको जस्तो भएको छ । 'पल्लो पसल'मा छोराको विवाहमा दाइजो पाउने आशमा विवाह गरी दाइजो नपाए पछि छोरासमेत गुमाउनु परेको छ । 'रिमा' कथामा बाबु रामबहादुरले रिमाकी आमालाई मारेको छ भने रिमाको पनि रहस्यमय हत्या गरिएको छ । कथाहरूमा नारी समस्याको बाहुल्य पाइन्छ । सबै कथाका नारीहरू पुरुषबाट पीडित र दमित छन् । कथामा सुखद भन्दा दुःखद तथा निराशा पक्षको बढी चित्रण पाइन्छ । कथाहरू दयानुभूति गर्ने खालका छन् । म पात्रमा मात्र चेतना पाइन्छ । अन्य नारी पात्र शिक्षित भए पनि अशिक्षाको खाडलमा पुरिएका छन् । रिमा, मुना पढेलेखेकी शिक्षित पात्र त हुन्, तर तिनीहरू पुरुषको सिकार बनेका छन् । यी सबै कथाहरू आदि, मध्य र अन्त्यमा क्रमिक रूपमा आएका छन् । कथाहरूको कथानक सुगठित रहेको छ ।

## २. सहभागी र सहभागिता

कविता पौडेलका कथाहरूमा विभिन्न प्रकारका सहभागीहरूको सहभागिता रहेको छ । सरल, सोझा, अशिक्षित, गरिब, टाठाबाठा, दलित सहभागीहरू रहेका छन् । 'रिमा' परिवेश बनाई लेखिएको कथा हो, जहाँ छोरीको पढ्ने इच्छा हुँदाहुँदै बाबुले त्यसको विशेध गर्दछ र जालीको फन्दामा परेर अपराधी बाबुलाई अपराधी होइन भनी जेलबाट निकालेकी छन् र अन्त्यमा आफ्नै हत्या भएको छ रिमा पेढेलेखेकी केटी त हो, तर उसको शिक्षामा जालीफटाहाले विजय प्राप्त गरेका छन् । 'पल्लो पसल' र 'छोरीको चिठी'का केही सहभागीहरू पढेलेखेका छन्, एम्.ए. पढ्ने छोरो जसले विवाह गर्न नमान्दानमान्दै पनि आमाबाबुको ढिपीको कारण विवाह गरेको छ । यहाँ पनि शिक्षित पात्रको अगाडि अशिक्षित पात्रले विजय प्राप्त गरेको छ । 'छोरीको चिठी'मा मुनाले चिठी लेखी नेपाली नारीलाई सन्देश दिएकी छ ।

'रिमा' कथामा रामबहादुर, रामजन 'छोरीको चिठी'मा आमा 'पल्लो पसल' कथामा आमा, बाबु आपढ पात्र रहेका छन् । कथामा स्त्री र पुरुष दुवै सहभागीको

सहभागिता रहेको भए पनि नारी समस्यामा केन्द्रित रहेका छन् । 'रिमा' कथामा रिमाको बाबुले रिमाकी आमालाई मारेको छ । अन्त्यमा लोभमा विवाह गरिएको छ र नपाएपछि विष खुवाई बुहारीलाई मारिएको छ । यसरी पुरुषप्रधान समाजमा नारीप्रतिको हेय दृष्टिलाई छर्लङ्गाइएको छ ।

कथाकार स्वयम् म पात्रका रूपमा आएकी छन् र सहभागीलाई सहयोग गरेकी छिन् । रिमालाई बाबुको पिटाइबाट बचाउने भोला चौबेको दुःख बिसाउने, 'छोरीको चिठी'मा मुनाकी आमाको पीरमर्का बुझ्ने र सहानुभूति प्रकट प्रकट गर्ने पात्र बनेकी छन् । प्रमुख सहभागीको भूमिका कथामा उल्लेख रहेको र उसैको केन्द्रीयतामा कथाको कथ्य केन्द्रित भएको छ । जस्तो 'रिमा'को रिमा, 'छोरीको चिठी'मा मुना र 'पल्लो पसल'को भोला चौबेको सहभागी प्रमुख रहेको छ भने अन्य सहभागीको भूमिका न्यून रहेको छ ।

### ३. परिवेश

परिवेश ग्रामीण र सहरी रहेको छ । ग्रामीण परिवेशमा छोरीलाई नपढाउने, दलित मानिने दमाई जातले अन्य काम गर्न नहुने खाली कपडामात्र सिलाउनु पर्ने भन्ने सोचाइ र रिसको आवेगमा मान्छे नै मार्ने जस्ता सन्दर्भ आएका छन् । सहरी परिवेशमा दुईचार पसल भएका ठाउँ भैरहवा, वर्मेली टोल आएका छन् समयगत परिवेश भने स्पष्ट उल्लेख भएको पाइँदैन । त्यसैले समयको दृष्टिले कथाहरू सार्वकालिक रहेका छन् । सुखद वातावरणको प्रधान्य पाइन्छ । पुरुषवर्गको नारी माथि दया, सहानुभूति प्रकट गरेको कहीँ पनि पाइँदैन । शोषण र दमन गरिराखेका छन् । नारीका दुःखपीडा शोषण यिनका कथामा यत्रतत्र पाइन्छ । स्थानगत परिवेशमा 'छोरीको चिठी'मा भैरहवादेखि बम्बईसम्मका स्थान, 'रिमा' कथामा चिरई खोला र 'पल्लो पसल' कथामा भाँडा पसल आएका छन् ।

सामन्तीहरूको शोषणबाट होइन कि आफ्नै परिवारका सदस्यबाट पीडित रहेका छन् रिमा आफ्नै बाबुबाट, 'पल्लो पसल'मा भोला चौबे आफ्नै आमाबाबुबाट पीडित छन् । समाजमा पढेलेखेका टाठाबाठाहरूले समाजका लागि सकारात्मक काम नगरी ढाँट्ने ठग्ने, चेलीबेटीको बेचबिखन गर्ने दलालीको काम गरेका छन् । यिनै वातावरणले कथाको वातावरण दयनीय निराश र दुःखद बन्न पुगेको छ । यसरी हेर्दा कथामा रमाइलो र उज्यालो पक्षभन्दा दुःखद र कारुणिक पक्ष नै बढी वर्णित भएको छ । त्यसैले यी पढेर कुनै सुखानुभूति गर्न सकिँदैन । सबै कथाहरू दयानुभूति गर्ने खालका छन् ।

### ४. उद्देश्य

हरेक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिए झैँ कविता पौडेलका कथाहरू पनि उद्देश्यमूलक ढङ्गले सिर्जित छन् । उनका कथाको उद्देश्य सामाजिक, आर्थिक, दयनीयता, जालीफटाहा जस्ता विकृतिले समाजमा निम्त्याएको नराम्रो परिणामको यथार्थपरक ढङ्गले प्रस्तुत गर्नुरहेको छ । नारी समस्यालाई हेर्दा ती समस्या समाधानका लागि समाजका पुरुषवर्ग जालीफटाहा र नकारात्मक धारणालाई जरैदेखि उखेल्नु पर्दछ र नारीले आफ्नो अस्तित्व पाउनु पर्छ भन्ने उद्देश्य यिनका सबै कथामा पाइन्छ ।

नारीका हकहितको स्थापना हुनु पर्दछ भन्ने रहेको छ । यसरी यिनका कथाहरू समाजमा पुरुषद्वारा नारीले पाएको समस्यामा केन्द्रित छन् । समाजका कुरीति आदिको सूक्ष्म अवलोकन गरी तिनमा सुधार र सामाजिक परिवर्तनको अपेक्षा राखिएको छ ।

### ५. दृष्टिबिन्दु

कविता पौडेलका कथाहरूमा प्रथम र तृतीय पुरुष मिश्रित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा सहभागीहरूले र कथाकारले आफ्नो कथा सुनाएका छन् भने केही ठाउँमा कथाकारले सहभागीहरूका जीवन घटना, क्रिया प्रतिक्रिया, वेदना, दुःख, पीडा मानसिकता आदिको वर्णन गरेकी छन् । त्यसैले प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'रिमा' कथामा रिमाको जीवनमा आएका घटना कथाकार स्वयम्ले भनेकी छन् र अन्त्यमा रिमाले आफ्नो घटना बताएकी छ । यसरी 'रिमा' कथामा प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको प्रयोग भएको छ । 'पल्लो पसल'मा भोला चौबेको कथा, व्यथा सुनने पात्र बनेकी छन् । त्यसैले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । 'छोरीको चिठी'मा बेचिएकी चेली मुनाकी आमाको पीडा व्यथा वर्णन गरेकी छन् र मुनाले चिठी मार्फत् आफ्नो घटना सुनाएकी छ । यसरी यहाँ प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । दृष्टिबिन्दुगत विविधता पाइने यिनका कथाहरूमा लेखकीय वर्णनाक्रम र सहभागी बीचको वार्तालापका माध्यमबाट प्रस्तुत गरिएको छ । दृष्टिबिन्दुका दृष्टिकोणबाट हेर्दा यिनका कथाहरूमा सहजता पाइन्छ ।

### ६. भाषाशैलीय विन्यास

भाषिक प्रयोगक दृष्टिले हेर्दा कथाकार कविता पौडेलका कथाहरू सरल, सहज, बोधगम्य भाषामा संरचित छन् । यिनका कथामा परिवेश अनुरूपको भाषिक प्रयोग पाइन्छ । ग्रामीण परिवेशमा बोलिने कथ्य भाषाको प्रयोग पाइन्छ । समग्रमा भन्दा यिनका कथाहरू वर्णनात्मक शैलीमा लेखिएका छन् । सरल भाषा र वर्णनात्मक शैलीका कथा छन् । जोसुकै पाठकले अल्छी नमानी एक बनाइमा सहजै पढ्ने र बुझ्न सक्ने सरल, सहज, बोधगम्य किसिमका छन् ।

### ७. निष्कर्ष

कविता पौडेलका कथामा दुःखी गरिबहरूप्रति सहानुभूति छ चेलीबेटी बेचबिखनको विरोध, दाइजो प्रथाको विरोध, अशिक्षा एवम् गरिबीको पीडा छ । पुरुषपधान समाजमा महिलालाई गरिने हीन व्यवहारको विरोध आफ्नो सन्तानको इच्छा विपरीत जबरजस्ती विवाह गरिदिंदा ज्यान नै समेत गएको स्थिति समाजमा छोरा र छोरीलाई भेदभाव गरिने सामाजिक व्यवहारको विरोध छोरीलाई पनि छोरालाई जस्तै शिक्षा दिनु पर्छ र अन्य पक्षमा पनि सबल बनाउनु पर्छ भन्ने सन्देश कथाहरूमा पाइन्छ ।

* * *

कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व (२०६५) बाट

## देवीचरण भण्डारी सरोज

कविता पौडेल र हीरा उपन्यास

*बाहुनी- ८, मोरङमा २०२३ माघ १५ मा जन्मेका देवीचरण भण्डारी यतिखेर धनुषमोड, चन्द्रगढी- ६, झापामा बसोबास गर्छन् । साहित्यमा उनी 'सरोज' उपनामले समेत चिनिन्छन् । कविताबाट भण्डारीको साहित्ययात्रा सुरु भएको हो । २०४९मा (चिरबिर, भोजपुर) 'घोडा' शीर्षकको कविता नै भण्डारीको प्रथम प्रकाशित रचना हो । यिनका केही कवितासङ्ग्रह प्रकाशित छन् । कथा, कविता र निबन्धमा उनको कलम चलेको पाइए पनि कवितामा उनी बढी फुरेका छन् । बालसाहित्यमा पनि भण्डारीको मन डुलेको पाइन्छ । सानी-बैनी (२०६५) बालकविताको पुस्तक प्रकाशन भएको छ । झापाली सष्टाका लाममा भण्डारीको नाम अगाडि नै पर्न आउँछ । यस समालोचनामा कविता पौडेलको हीरा उपन्यासलाई सष्टाकै जीवन भोगाइका अनुभवको अभिव्यक्तिका रूपमा रहेको भनी अध्ययन गरिएको छ ।*

खिदिम, अर्घाखाँचीमा २००२ साल माघ ६ गते जन्मनु भएकी उपन्यासकार कविता पौडेलको हाल महादेवस्थान- ७ काठमाडौँमा बसोबास रहेको देखिन्छ । प्रसिद्ध प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितकी अर्धाङ्गिनी मात्र वहाँको परिचय होइन । वहाँको आफ्नो छुट्टै पहिचान बनिसकेको छ । राजनीतिक रूपमा जसरी आफ्नो परिचय स्थापित गर्नुभएको छ, त्यसै गरी साहित्यिक क्षेत्रमा पनि वहाँले सशक्त रूपमा आफ्नो परिचय स्थापित गराई सक्नुभएको छ । साहित्याकाशमा वहाँको सम्मानजनक र दरिलो उपस्थिति रहेको देखिन्छ । पुस्तकाकारको रूपमा वहाँका हालसम्म (२०६३ चैत्र सम्ममा) ५ वटा कृतिहरू प्रकाशित भइसकेको पाइन्छ । *तिजका गीतहरू* (२०५७), *काँडेघारीको यात्रा* (२०५९), *योगासन र ध्यान* (२०५९), *बालचित्कार* (२०६२), *हीरा* (२०६३) । त्यसै गरी एउटा गीतिक्यासेट आँगनैमा (२०५९) रहेको छ । यस आलेखभित्र उक्त कृतिहरू मध्ये पछिल्लो कृति हीरा उपन्यासभित्र उपन्यासकार कविता पौडेललाई नियाल्ने कोसिस गरिएको छ ।

*हीरा* उपन्यासमा मूलत दुई परिवारभित्रको कथावस्तु र त्यसैको सेरोफेरोमा घुमेको छ । यहाँ एउटा परिवारको रूपमा दिनेश र दीपाको परिवार रहेको छ भने अर्को परिवार अरुण र हीराको परिवार हो । यी दुवै परिवारका अभिभावक भन्न सकिने पुरुष पात्रहरू हुन् अरुण र दिनेश । दिनेश र अरुणले विभिन्न कारणहरू देखाउँदै पहिलेकी श्रीमती छँदाछँदै दोस्रो विवाह गरेको देखिन्छ उपन्यासमा । यी दुई पुरुष पात्रहरूमध्ये दिनेशलाई अविवेकी, क्रूर र कठोर हृदय भएको पात्र र अरुणलाई भने कोमल, संवेदनशील र भावुक पात्रको रूपमा उभ्याइएको छ । अरुणकी पत्नी

हीराबाट कुनै जायजन्म नभएको कारण बाध्यात्मक अवस्थामा अरुणले हरिकलासँग *दोस्रो विवाह गर्न पुग्छ, तर दोस्रो बिहे गरेर बेहुली भिच्याएकै राती जेठी श्रीमती हीरा* अचानक भागेर हिँड्छन् । यद्यपि आफूबाट सन्तान हुन नसक्नुमा आफ्नो या अरुणको शारीरिक कमजोरी हो, त्यसको निर्क्यौल अथवा स्वास्थ्य परीक्षण नगराई अरुणले दोस्रो विवाह गरेकोमा हीरालाई असन्तुष्टि हुँदाहुँदै पनि दोस्रो बिहेको लागि अरुणलाई सहमति दिएकी हुन्छिन् । हीरा बेपत्ता भएपछि अरुण दोस्रो बिहे गरेकोमा पश्चाताप र आत्मग्लानिले विह्वल बन्दछ । हीराको यादमा तड्पिएर जोगी भएर हिँड्दछ । अरुणका काकाहरूले सम्पत्तिको लोभमा परी अरुणकी कान्छी श्रीमती हरिकलाको हत्या गर्दछन् । हीराको खोजीमा भौतारिँदै अरुण जोगीको भेषमा आफ्नो गाउँ आएर आफ्नो घर हड्पेर बसेका काका र काकाको छोरालाई भूत बनी तर्साएको र डराएर भाग्ने क्रममा अरुणको काका हुतराजको हात भाँचिन पुग्छ भने विनय झ्यालबाट बिस्तारै झर्न खोज्दा खुट्टा अल्झेर लड्दा "ऐया" पनि भन्न नपाई त्यहीँ खुत्रुक्क मर्दछ । हुतराजको हात भाँचिनु र उसको छोरो विनय ठाउँको ठाउँ मर्नुले अरूको कुभलो चिताउने, खेदो गर्ने र आपराधिक कार्य गर्नेको कहिलै पनि भलो हुँदैन भन्ने कुरा प्रकारान्तरले बुझिन आउँछ । हीरा जीवनका विभिन्न उतार-चढावहरूलाई सहँदै र पार गर्दै अगाडि बढ्दछन् । उनी शिव आश्रममा पुग्छिन् र आश्रमकी सञ्चालिका शिवकुमारीसँगको सामीप्यता र सम्पर्कले उनीमा पनि समाजसेवाको भावना जागृत हुन पुग्छ । शिव आश्रममा वृद्धवृद्धाहरूको सेवामा जुट्तछन् उनी । संयोगवश शिव आश्रम नजिकै भरखरै जन्मेको बालक भेटिनु र त्यो बालक हीराले छोराको रूपमा स्विकार्नु, तीर्थाटनको क्रममा नेपालका तीर्थस्थलहरू पशुपतिनाथ, देवघाट, स्वर्गद्वारी हुँदै बनारस, काशी र रामेश्वरमा पुग्छन् र धर्मशालामा बास बस्छन् । यसै क्रममा जोगीको भेषमा रहेको अरुणसँग भेटघाट हुन्छ । यसरी लामो समयदेखि बिछोडिएका दुई दम्पत्तिको सुखद मिलन हुन्छ र उनीहरू आफ्नो गाउँमा पुग्छन् । शिव आश्रमकी शिवकुमारी दिदीको शिक्षाबाट हीरामा पलाएको समाजसेवाको उत्कट चाहनाले आफ्नी सौता हरिकलाको नाममा सेवा आश्रम खोल्दछन् । यसबाट हीराको महानता झल्कन्छ । आफूले देख्दै नदेखेकी सौता घरमा भित्रिएकै रात पीडा र जलनले भागेर हिँडेकी हीराको उदार भावना हो यो भन्न करै लाग्छ ।

कथा अगाडि बढ्ने क्रममा दिनेशले सात/सात छोराहरूलाई जन्म दिने श्रीमती दीपा बिसम्भार भएर पाठेघर बाहिर निस्की घाउ पिपको अवस्थामा समेत औषधी उपचार गर्नुको सट्टा आफ्नै आमा मेनकाको मिलेमतोमा प्रधानपञ्चकी छोरी नर्मदासँग बिहे गर्छ । श्रीमती रोगी र असक्त हुँदा दबाइपानी नगरी दोस्रो बिहे गर्नु पितृसत्तात्मक समाजको विकृति र पुरुषहरूको हैकमवादी सोचको उपज हो भनी देखाउन खोजिएको छ उपन्यासमा । आखिरमा नर्मदाबाट पनि सन्तान नहुनु, बुढेसकालमा पहिलेको फुर्तीफार्तीले काम नदिनु, दीपाका छोराहरूले नर्मदाको सेखी झार्नु । आफ्नै पिता प्रधानपञ्चले दीपाका छोराहरूलाई पत्र लेखी आफ्नो गल्ति महसुस गर्दै छोरीलाई पनि अहमता र घमन्ड त्याग्न सल्लाह दिनु तिनै दीपाका छोराहरूलाई आफ्नो छोरा सम्झी मिलेर बस्नु भनी सल्लाह दिनुले 'सत्यमेव जयते' अर्थात् सत्यको सधैं जित हुन्छ भन्ने सकारात्मक सन्देश दिएको छ प्रस्तुत उपन्यासले ।

तत्कालीन अवस्थामा पितृसत्तात्मक समाज, सामन्तवादी संस्कार, अन्धविश्वास र रूढिवादी परम्पराले गर्दा समाजमा महिलाहरूमाथि अत्यन्तै शोषण, दमन र उत्पीडन थियो । बालविवाह, बहुविवाह र रूढिग्रस्त चिन्तनले गर्दा महिलाहरूले खास गरी गाउँघरतिर ठूलो कष्ट भोग्नु पर्दथ्यो र नारकीय जीवन समेत बिताउन बाध्य हुनु पर्दथ्यो । गाउँका अगुवा भनिने जनप्रतिनिधिहरूले आफ्नो स्वार्थका लागि जालसाझ र किर्ते गरेर सोझा साझा र निमुखा जनतालाई उठीबास गराउन बाँकी राख्तैनथे । प्रधानपञ्चले आफ्नी छोरी नर्मदाको नाममा दिनेशको सबै सम्पत्ति नामसारी गर्नु यसको ज्वलन्त उदाहरण हो । प्रधानपञ्च त यस प्रवृत्तिको प्रतिनिधि पात्र मात्र हो । अहिले पनि यस्ता घटना घटिरहेका छन् समाजमा ।

कविता पौडेलको हीरा उपन्यासले सत् र असत् पात्रहरूको बीचमा अन्तर्द्वन्द्व गराई उपन्यासलाई गतिशील र चलायमान गराइएको छ । सत् र असत् पात्रहरूको द्वन्द्वको क्रममा अघिल्ला क्षणहरूमा असत् पात्रको क्षणिक विजय भएको देखाइए पनि अन्ततः सत् पात्रको नै विजय भएको छ यस उयपन्यासमा । यसबाट सत्यको विजय निश्चित हुन्छ र असत्यको पराजय अवश्यम्भावी छ भनी सत्यको पक्षमा लाग्न प्रेरित गरिएको आभाष पाइन्छ । त्यसै गरी नारीमाथिको शोषण, दमन, अन्याय र अत्याचार पुरुषहरूले मात्र होइन, नारीहरूले पनि गर्दछन् भन्ने कुरालाई पनि उपन्यासमा सशक्त ढङ्गले उजागर गरेको देखिन्छ ।

वास्तवमा कविता पौडेलले आफ्नै सङ्घर्षपूर्ण जीवनमा आफूले देखेका, भोगेका र बेहोरेको नारी पात्रहरूका पीडा, आर्तनाद, निराशा, कुण्ठा, निरुपायता जस्ता यथार्थपरक विषयवस्तुहरूमा वशीभूत भई समाजमा विद्यमान गलत संस्कार र संस्कृतिको परिवर्तन र रूपान्तरणको उत्कट इच्छा र चाहना बोकेको यो उपन्यास साँच्चै नै हीरा झैं चम्किलो र स्पातिलो औपन्यासिक कृति बन्न पुगेको छ । यथार्थवादी यस उपन्यासभित्र प्रयुक्त भाषाहरू सरल र बोधगम्य रहेको देखिन्छ । कथावस्तुहरू सँगसँगै सुललित ढङ्गले वाक्यहरू अगाडि बढेका छन् उपन्यासभित्र । ठेट नेपाली शब्दहरू अर्थात् झर्रो नेपाली शब्दहरूको भरमार प्रयोग गरिएको छ यस कृतिभित्र । सङ्क्षेपमा कविता पौडेलको भोगाइ र दुःखाइभित्रबाट सिर्जित यो उपन्यास पठनीय, मननीय र प्रशंसनीय पनि रहेको छ । कविता पौडेलबाट अझ परिष्कृत र गहकिला कृतिहरू आउनेछन् भन्ने अपेक्षा आम पाठकहरूले गरेका छन् । सफलता मिल्दै जाओस् कविताजीलाई ।

मो. ९८४२६३७२१६
*जुही*, पूर्णाङ्क ६३

## देवी पन्थी

### साहसी नारी कविताको हीरा उपन्यास

*देवी पन्थी नेपाली समालोचनामा नयाँ नाम होइन । अर्घाखाँचीको हसपुर- २ मा जन्मेका पन्थी यता आएर लामो समयदेखि मोरङको विराटनगर- १५, बुद्धविहार मार्गमा बसोबास गर्दै आएका छन् । उनले अर्थशास्त्र र अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेका छन् र उनी अङ्ग्रेजी भाषामा पनि गजल लेख्छन् । उनको कलम नाटक, गजल र समालोचनामा बढी दगुरेको छ । समाचोचनाका क्षेत्रमा उनी प्रवासलाई जोड्ने सेतुका रूपमा देखापरेका छन् । प्रस्तुत समालोचनामा उनले कविता पौडेल परिचय दिंदै उनको हीरा उपन्यासको विवेचना गरेका छन् ।*

अर्घाखाँचीको खिदिममा २००२ मा जन्मेकी कविता पौडेललाई मैले धेरै पछि मात्र चिनें । उनका *तिजको गीत* (२०३८), *काँडेघारीको यात्रा* (२०५९), *योगासन र ध्यान* (२०५९), *बालचित्कार* (२०६२), *हीरा* (२०६३) आदि कृतिहरू प्रकाशित भएका छन् ।

भारतको असम राज्यको गुहाटीमा पढ्दादेखि नै मैले कविता पौडेलका बारेमा सुनेको हुँ । कविता पौडेल घर छाउँछिन्, हलो जोत्छिन्, वेद र गायत्री मन्त्र पढ्छिन् भन्ने सुन्दा अचम्म लाग्थ्यो । सन् १९८३ मा नेकपा माले प्रवास कमिटीको निर्णयअनुसार म स्वदेश (नेपाल) फर्कें । पार्टीकै आदेशमा म भैरहवा बसें । मेरो सेल्टर क. दिल साहनीको घर थियो । त्यतिबेला दिल साहनी र राधा ज्ञवाली श्रीमान् श्रीमती हुनुहुन्थ्यो । पछि छोडपत्र भयो । एकदिन दिल साहनीले मलाई कविता पौडेलकोमा पुऱ्याउनुभयो । उहाँ भैरहवामा पसल गर्नुहुँदोरहेछ । साहनीजीले परिचय गराउनुभयो । केही बेरमा एउटा ठिटो त्यहाँ आइपुग्यो । प्रश्रितको छोरा भनेर परिचय गराइएको थियो । अहिले सम्झदा ती ठिटा विजय पौडेल रहेछन् । केहीबेरमा भित्रबाट एउटी नानी आइन् । उनलाई (नाम बिर्सें) छोरी भनेर परिचय गराइएको थियो । घर छाउने, हलो जोत्ने, वेद र गायत्री मन्त्र पढ्ने ती महिला मलाई सरल तर साहसी लाग्यो । यो भेटको एक हप्तापछि दिल साहनीले मलाई अह्राउनुभयो: 'प्रश्रितजी गौर जेलबाट छुट्नुहुने भयो, तपाईं र उहाँका छोरा गौर जानुहोस्, प्रश्रितजी र उहाँका लुगाफाटा किताब लिएर आउनुहोस् ।' म फुर्सदको मान्छे थिएँ । जान तयार भएँ । तर फेरि खबर आयो । 'भो जानुपरेन, प्रश्रितजीलाई अर्को पुर्जी थमाएर नख्खु जेल पठाइसकेछ ।' यसरी गौरको यात्रा स्थगन भयो । केही दिनपछि पार्टीले मलाई तेह्रथुम पठायो । म पूर्वतिर लागें र कविता पौडेलसँग मेरो भेट हुन छाड्यो ।

सन् २००४ को कुरा हो- म भारत नेपाल बीपी प्रतिष्ठानको निम्तो पाएर पश्चिम बंगालको सिलिगुडी गएको थिएँ । त्यहीं मोदनाथ प्रश्रित र कविता पौडेलसँग

मेरो भेट भयो । भारत र नेपालका राजदूतहरूले एउटा पाँचतारे होटलमा दिएको भोजमा होटलको गार्डेनमा बसेर प्रश्रितजी र कविताजीसँग थुपै कुराकानी भयो । त्यतिबेला मेरो पकेट डायरीमा कविताजीले आफ्नो हस्ताक्षरमा नाम ठेगाना र फोन नं. लेखेर दिएको मसँग सुरक्षित छ । त्यसपछि भेट हुन सकेको छैन । तर अझै पनि कविता पौडेल जस्ता साहसी नारी नेपालमा जन्मेका छन् जस्तो लाग्दैन । कविताजी र म एउटै जिल्लाका हौं, हाम्रो विचार, मन र रुचि मिल्छ र पनि भौतिक रूपमा भेट हुन सकेका छैनौं ।

कविता पौडेलका आधा दर्जन कृतिमध्ये दुईओटा कृति मात्र पढ्ने मौका पाएको छु- काँडेघारीको यात्रा र हीरा उपन्यास । यहाँ यी दुई कृतिमध्ये हीरा उपन्यासबारे आफ्नो आत्मीय टिप्पणी पस्कने जमर्को गरेको छु ।

*हीरा* उपन्यास सामाजिक-यथार्थपरक उपन्यास हो । यसमा ग्रामीण परिवेशलाई पृष्ठभूमि बनाइएको छ । परम्परागत समाजमा नारीले भोग्नुपरेका पीडा र समस्या उपन्यासका केन्द्रविन्दु हुन् । दिनेश-दीपा र अरुण-हीरा यी दुई परिवारमा शृङ्खलाबद्ध घट्ने घटनाले उपन्यासमा कौतुहल सिर्जना गरेका छन् । उपन्यासका दुबै पात्र दिनेश र अरुणले दोस्रो विवाह गरेका छन् क्रमशः नर्मदा र हरिकलासँग ।

१. दिनेश - दीपा+नर्मदा

२. अरुण - हीरा+हरिकला

दिनेश क्रूर, अविवेकी पात्रको रूपमा वर्णित छ भने अरुण कोमल र भावुक पात्रको रूपमा चित्रित छ । दिनेश एकपछि अर्को सन्तान जन्माएर पाठेघर बाहिर निस्किएकी दीपालाई औषधिउपचार गराउनुको सट्टा आफ्नी आमाको उक्साहटमा परेर प्रधानपञ्चकी छोरी नर्मदासँग दोस्रो विवाह गर्न पुग्छ भने अरुण आफ्नी श्रीमती हीराबाट सन्तान नजन्मेपछि हरिकलासँग दोस्रो विवाह गर्न पुग्छ । अरुणले हरिकलालाई भित्र्याएकै राति हीरा अचानक भागेर बेखबर हुँदा उपन्यास गम्भीर मोडमा पुग्छ । यस घटनाले अरुणलाई भावुक बनाउँछ र उ जोगीजस्तो भएर बरालिन्छ । यो मौकाको फाइदा उठाउँदै अरुणका काकाहरूले सम्पत्तिको लोभमा हरिकलाको हत्या गर्छन् । यो कुरा थाहा पाएर अरुण भूतको भेषमा आउँछ र काकाहरूलाई तर्साउँछ । भूतको डरले भाग्ने क्रममा काका हुतराजको हात भाँचिन्छ भने उनको छोरा विनय भाग्न खोज्दा अल्झेर लड्छ अनि मर्छ । यो घटनालाई लेखकले कुभलो गर्नेको विनाश हुन्छ भन्ने देखाएकी छन् । अर्कोतर्फ हीरा भौंतारिंदै शिवआश्रममा पुग्छिन् । उनी शिवकुमारीको सम्पर्कमा आउँछिन् र समाजसेवी बन्छिन् । समाजसेवाको फलस्वरूप उनले शिवआश्रम नजिकै एउटा बालक भेट्छिन् । पछि उनको भेट जोगीको भेषमा भौंतारिएको अरुणसँग एउटा धर्मशालामा हुन्छ । यो घटनालाई लेखकले पुनर्मिलनको रूपमा देखाएकी छन् । हीरा उदारमना भएकी हुनाले उनले आफ्नी सौता स्वर्गीय हरिकलाको नाममा सेवा आश्रम स्थापना गर्छिन् । अर्कोतर्फ दिनेशकी कान्छी श्रीमती नर्मदाबाट सन्तान जन्मिदैनन् । दीपाका छोराहरू हुर्किएपछि उनको बजार सेलाउँछ । नर्मदाका बाबुले सौताका छोरालाई आफ्नै छोरासरह मानी मिलेर बस्नुबाहेक अरू कुनै उपाय छैन भन्ने सल्लाह दिएपछि उपन्यासले मिलोमतोबाट शान्ति पाइन्छ भन्ने सन्देश सम्प्रेषण गर्छ ।

यसरी *हीरा* उपन्यासले महिला हिंसा र पीडा पछि कतै महिला आफैं कारकतत्व बनेको त कतै समाज र रूढिगत परम्परा कारक तत्त्व रहेको दर्साउँछ । नेता तथा जनप्रतिनिधिबाटै किर्ते काम हुन्छ भन्ने कुराको प्रमाणको रूपमा नर्मदाका प्रधानपञ्च बाबुले दिनेशको सारा सम्पत्ति नर्मदाको नाममा नामसारी गरिदिएपछि प्रस्ट हुन्छ । यसरी प्रधानपञ्चलाई हिजोको शासन व्यवस्थाको प्रतिनिधिको रूपमा उपन्यासमा चित्रण गरिएको पाइन्छ । पुरुष र महिला पात्रहरूको अन्तर्द्वन्द्वले उपन्यासलाई गतिशील बनाएको छ । सत्यको विजय र असत्यको हार निश्चित छ भन्ने कुरालाई सरल भाषामा घटना र परिघटनाबाट प्रमाणित गरिएको छ ।

आज पनि दीपा र हीरालाई सौता हाल्ने दिनेश र अरुण हाम्रो समाजमा छन् । काका हुतराज र प्रधानपञ्च पनि छन्, तर उनीहरूको नाम फरक छ, भेष फरक छ र ब्यानर फरक छ । तिनीहरूबाट आजका महिला सतर्क हुनुपर्दछ । यसैले *हीरा* उपन्यास आजको सन्दर्भमा पनि उत्तिकै महत्त्वपूर्ण छ । उपन्यासमा नारी विद्रोह पक्ष निकै कमजोर छ । यो सशक्त भइदिएको भए सुनमा सुगन्ध थपिन्थ्यो । अन्त्यमा, उपन्यासकार कविता पौडेलको वैयक्तिक जीवनमा नर्मदाको प्रवेश-प्रयास थिएन भन्न सकिँदैन । लेखकको आफ्नो जीवन पीडाको केही अंश उपन्यासका पात्रमा हुनु अनावश्यक होइन ।

मो. ९८४२०२७६०८

# देवीप्रसाद न्यौपाने 'धीर'

## आमाहरु उपन्यासको विश्लेषण

*बौधा गुम्हा(२, छेर्लुङ, पाल्पामा २०२७ मङ्सिरमा जन्मेका देवीप्रसाद न्यौपाने 'धीर'ले नेपाली विषयमा स्नातकोत्तर र शिक्षाशास्त्रमा स्नातक गरेका छन् । उनी २०४५ देखि पक्लिहवा माध्यमिक विद्यालयमा अध्यापन कार्यमा संलग्न छन् । पाल्पाबाट बसाइसराइ गरी हाल सिद्धार्थनगर न.पा.- ३, खजहनामा स्थायी रूपमा बसोबास गरिरहेका छन् । न्यौपानेको प्रथम प्रकाशित रचना 'स्वागत गीतं' साप्ताहिक लुम्बिनीदूतमा २०४६ मा छापिएको कविता हो । मुक्तक लेखनमा विशेष रुचि राख्ने न्यौपानेको मुक्तक शतक (२०६१) मुक्तकसङ्ग्रह प्रकाशित छ । पत्रपत्रिकामा उनका मुक्तक, गजल, लघुकथा, समीक्षा आदि समेत प्रकाशित छन् । प्रस्तुत समालोचनामा आमाहरू उपन्यासको साङ्गोपाङ्ग अध्ययन गर्ने प्रयत्न गरिएको पाइन्छ ।*

### १. पृष्ठभूमि

समकालीन नेपाली साहित्यिक क्षेत्रमा चर्चाको शिखर छुन सफल नारीवादी स्रष्टा कविता पौडेलको जन्म पिता दुर्गाप्रसाद गौतम र माता बुधकुमारी गौतमकी छोरीका रूपमा वि.सं. २००६ साल माघ ६ गते अर्घाखाँची जिल्लाको खिदिममा स्वस्थानी पूर्णिमा, शनिवारका दिन भएको हो । न्वारनको नाम कोषकुमारी भए पनि बुबाआमाको प्यारी छोरी भएकीले बढी माया गरी रामप्यारीका नामले बोलाउने गरिन्थ्यो । भारतको बनारसबाट माध्यमिक तहको शिक्षा आर्जन गरी स्वाध्ययनबाट बौद्धिक र प्राज्ञिक क्षमताबाट खारिएकी छन् । हाल काठमाडौंको वाणस्थलीमा स्थायी बासिन्दाका रूपमा रहेकी छन् । सामाजिक र राजनीतिक क्षेत्रमा क्रियाशील कविता नेपाली साहित्यका प्रगतिवादी एवम् वरिष्ठ साहित्यकार डा.मोदनाथ प्रश्रितकी जीवन सहयात्री हुन् । २०३५ सालदेखि अक्षरसँग खेल्दै आएकी कविताका हालसम्म प्रकाशित कृतिहरू हुन्- *तिजका गीतहरू* (२०५७) *गीतसङ्ग्रह, आँगनैमा* (२०५९) गीति क्यासेट, *काँडेघारीको यात्रा* (२०५९) आत्मकथा, *योगासन र ध्यान* (२०५९), *बालचित्कार* (२०६२) उपन्यास, *हीरा* (२०६३) उपन्यास र *आमाहरू* (२०६७) उपन्यास लगायत थुप्रै प्रकाशोन्मुख कृतिसमेत रहेका छन् । कविता गीतकार, निबन्धकार, कथाकार, उपन्यासकार, समाजसेवा, योगप्रशिक्षकका रूपमा परिचित छन् । यिनको जीवन सङ्घर्षमय रहेको पाइन्छ । दुःखले साथ कहिल्यै छोड्न नसकेको अनुभूतिको अभिव्यक्त काँडेघारीको यात्राले छर्लङ्ग पारिदिएको छ । नेपाली समाजमा नारीहरूले बेहोर्नु परेका पीडा, व्यथा, सङ्घर्ष र दुःख अभिव्यक्त गर्न सफल कविताको रचनागत प्रवृत्ति भनेको सशक्त नारीचेत, सामन्त र शोषकको विरोध, असहाय, अपाङ्ग र विधवाहरूप्रति सहानुभूति,

राष्ट्रभक्तिको भावना, सामाजिक यथार्थवादी प्रगतिवादी र मानवतावादी चिन्तन आदि कविताका खासखास प्रवृति हुन् ।

## २. आमाहरू उपन्यासको विश्लेषण

सिद्धार्थ साहित्य परिषद् रूपन्देहीबाट सकला सिद्धार्थ वाङ्मय पुरस्कार (२०६६) बाट पुरस्कृत कृति *आमाहरू* नारीचरित्र र घटनाप्रधान ऐतिहासिक सामाजिक यथार्थवादी औपन्यासिक कृति हो । नेपाली राजनीतिक परिदृश्यमा चर्चित तत्कालीन सङ्घर्षरत माओवादी र सरकारबीच २०५२ साल देखि २०६२-०६३ सालसम्म भएको दस वर्षे जनयुद्धको सजीव र सचित्र ऐतिहासिक दस्तावेजको रूपमा रहेको परिघटनाको यथार्थ चित्रण गरिएको कृति हो *आमाहरू* ।

कृति आमाहरूमा पूर्वदीप्तिबाट कथावस्तु प्रस्तुत भएको उपन्यासमा कम्तीमा तीन शब्दको अनुच्छेद (पृ. २०) देखि बढीमा ३८ वटा पङ्क्तिसम्मको एक अनुच्छेद (पृ. १००-१०१) विन्यासमा १८६+३ पृष्ठ उल्लेख गरिएको भए तापनि (पृ. १४५ देखि १६०) सम्मका पृष्ठहरू नभएकाले १७१+३ यथार्थ रूपमा हुनुपर्ने हो त्यो देखिएको छैन । यसरी बाह्यरूपमा केही कसरमसर भए पनि उपन्यासमा बहुल पात्र, बहुल स्थान र बहुल समयको प्रयोगभित्र 'कथा जस्तै व्यथा' मूल शीर्षकभित्र थप १८ वटा उपशीर्षकमा संरचित र सुसङ्गठित छ । ६३ वर्षीया तुलसी आमा र ५२ वर्षीया रुन्जती जस्ता नेपाली ग्रामीण समाजका आमाहरूले बेहोर्नु परेको परिवार विहीनताको पीडा, व्यथा र सङ्घर्षको इतिवृत्तान्त प्रस्तुत भएको उपन्यासमा तत्कालीन द्वन्द्वग्रस्त क्षेत्रको र तत्कालीन नेपाली ग्रामीण समाजको यथार्थ र सजीव शब्दचित्र उतार्न सफलता पाएको देखिन्छ । समग्रमा आमाहरू नारीचरित्र प्रधान भएर पनि अनुसन्धानमूलक, विवरणात्मक, आत्मालाप, पत्रात्मकता, नियात्रात्मकता र कथात्मकता जस्ता बहुमिश्रित शैलीको प्रयोग भएको एउटा यात्रासंस्मरण जस्तो भएको पाइन्छ ।

## ३. कथावस्तु

तुलसी बूढीआमा ६० वर्षको उमेरमा एक दिन साँझ आँगनको डिलमा बसेर आफ्ना चारभाइ छोरा, चार बहिनी छोरी र पतिको वियोगमा भावविह्वल भएकी हुन्छिन् । त्यही बेला तीनजना केटाहरू आएर भात पकाउन आदेश दिंदै गरेका बेला कान्छी छोरी कमला घाँसको भारी ल्याएर बिसाई हँसिया फालेर यताउति नजर डुलाउँदा केटाहरूले भात पकाउन लगाएको कुरा सुनेपछि आफूले निमेक मजुरी गरेर छाक टार्नु परेको अवस्थामा जनताका मान्छे भन्दै खाना पकाएर दिन नसक्ने भनेपछि बीचैमा केटाहरूले हातमा समातेर तान्दै लग्छन् र बेपत्ता पार्छन् । उता आमाका जेठा र माहिला छोरा सोलुखुम्बु र साहिँला छोरा सल्यानको चौकी आक्रमण गर्दा दोहोरो भिडन्तमा परेका र कान्छा कमललाई भने माओवादीले नै लिएर गएका हुन् भने कान्छी छोरी कमलालाई त अपहरण गरेर लगेको र जेठाजुको छोरो उमेश शिक्षक पेसामा नि.मा.वि. तहमा कार्यरत रहेको देखिन्छ । एकदिन माओवादीका कार्यकर्ता आएर पचास हजार रुपैयाँ नदिए मार्ने भनेका केही दिनमा पैसा नपाएकाले घर नजिक एउटा रूखमा बाँधेर काटेर हत्या गरेको कुरा कमलाले पठाएको चिठी विमलले पढेर आमा तुलसीलाई

सुनाउँछ । त्यसै गरी कमलालाई माओवादी केटाहरूले सामूहिक बलात्कार गरेकोले गाउँमा आएर मुख देखाउन नसक्ने भएकी हुन्छिन् । यस्ता कुराहरू चिठीबाट थाहा भएपछि अन्यत्र केके भए छ ? भनी परिवारविहीन बनेकी आमा घर छोडेर हिँड्छिन् । राति एउटा घरको पेटीमा बस्छिन् । त्यहाँ माओवादी कार्यकर्ता आएर सुराकी गरेको कारणले मारेको, भुल्केको चौकी आक्रमणको तयारी गर्दा खाना नखुवाउने, चुक्ली गर्ने आदिलाई सुट गरेको भन्ने कुरा सुन्छिन् । कसैलाई गाउँ निकाला गरेको भन्ने कुरा सुनेपछि तुलसी आमा फेरि अगाडि बढ्दै जाँदा गोटी भन्ने गाउँमा पुग्दा त्यहाँ दुई भाइबहिनी देखिन्छन् । तिनका पति बुबालाई मारेको शोकमा आमा पनि पछि मरेकी र दुई जना दाजुहरूलाई अपहरण गरी लगेकोले आफूहरू एक्लै बस्नु परेको कुरा गरेको सुन्छिन् । साथै खाने अन्न दाना नभएर सिमलका बियाँ खोजेर खान ती केटाकेटी लागेका देखिन्छन् । त्यसपछि बूढीआमा राजुखोलेको घर खोज्दै अगाडि बढ्छिन् । गाग्रामा पानी बोकेर आएका एकजना बूढा मान्छे देखेर उनकै पछि लाग्छिन् । उनका घर पुग्दा तिनकी दुलही भेट हुन्छिन् । आफू भने राजुखोले कान्छा हमालको घर जाने हिँडेको बताउँछिन् । परिचय गरेपछि परिवारका बारेमा सोधपुछ गर्दा आफ्ना दसवटा सन्तान मध्ये ६ वटी छोरी र चारवटा छोरा भएको राजुखोले जेठीले भनिन्छन् । छोराहरू सोलुको भिडन्तमा माओवादीबाट मारिएको सुनाउँछिन् । यी सबै पुलिसमा जागिरे भई सोलुमा पुलिसफोर्स एक ठाउँ बनाउने भनेर लागेको बेला त्यस्तो दुर्घटना भएको र बुहारीहरूको पेटमा बच्चा पनि भएको तर सरकारी पक्षबाट कुनै सरोकार नभएको बरू माओवादी पट्टिबाट भने सान्त्वना दिन आएको कुरा गर्छिन् । त्यसैगरी छोरी मध्ये जेठीको छोरो गोविन्दले लामो चिठी पढ्दै गुलरियाका र पुलिसको दिदी भनेर आमाको हत्या भएको, बुवालाई सुराकीको आरोपमा अपहरण गरेको दुईजना काका र ठूली दिदी बहिनी सुष्माको आफ्नै घरको आँगनमा पुलिसले हत्या गरेको, पाँचवटी छोरीमध्ये दुईवटी भारतमा गएका, एउटी झापामा भएकी, एउटी नेपालगन्जमा र एउटी माओवादीमा लागेर अत्तोपत्तो नभएको बताउँछिन् ।

तुलसी आमा आफ्नी बहिनी रुन्जतीको घर खोज्दै जाँदा साँझपख घरमा पुग्छिन् । रुन्जती र तुलसीको चिनाजानी हुन्छ । रुन्जतीले आफ्नो पतिसँग विछोड भएको दस वर्ष भएको, चारजना छोराछोरीमा अहिले एउटा पनि नभएको बताउँछिन् । आफ्ना पति सल्लेरी स्कुल पढाउने गरेको भन्दै २०५६ असरमा घुँडा दुखने रोग लागेको हुँदा त्यही घरभाडामा लिएर बसेका र एक दिन घर आउन साँझ हिडेका मान्छेलाई गाउँलेले रात परेका बेला नजाउ भन्दाभन्दै नमानेर हिँडदा राति बाटामा पुलिसले यो रातीमा हिँड्ने माओवादी हो भनेर गोली हानेर मारेको कुरा सुनाउँछिन् रुन्जतीले । छोराहरू एक भाइ भारतमा दुई भाइ नेपाली पुलिसमा जागिरे भएका र तिनीहरू किरिया गरेर उम्किने बेलामा माओवादीले हत्या गरेको, बुबा खोज्दै हिँडेकी छोरी सीतालाई पुलिसले बलात्कार गरी फालेको, छ महिनामा पात टिप्न गएका ३ जना बुहारीलाई पुलिसले माओवादी भनेर हत्या गरेको, बाबुको हत्यारा पुलिसको बदला लिन भनी छोरी सीता पनि माओवादीमा लागेर गएकीले अहिले आफू एक्लो जीवन जिउन विवश भएको कुरा रुन्जतीले तुलसीलाई भन्छिन् । राति मान्द्रेको चौकीमा गोली

चलेको आवाज सुनिन्छ । गाउँ छोडेर सबैजना जुके खोला गई बस्छन् । खिम्ती खोलामा बाढी सुस्साएको सुनिन्छ । खेमराजले पुलिसतिरका धेरैजना मरेको कुरा गर्छ । गाउँ सुनसान भएकोले एक्लै बस्न उचित छैन भन्ठानी तुलसी दिदी र रुन्जती बहिनी भएर आफन्तहरू कहाँ जान्छन् । भुल्केमा बहिनी शकुन्तलाको घरको बेहाल देख्छन् । त्यस घरमा माओवादीको आमसभा चलेको देखेर कमल र कमला पनि आएका छन् कि भनेर जाँदा तुलसी दिदीका घर पुग्दा त्यस घरलाई माओवादीले सेल्टर बनाएको देखिन्छन् । आफ्नो घरभए पनि आफू अपमानित भई रातभरि बाहिर पेटीमा रात गुजार्छिन् र त्यहाँबाट अगाडि बढ्छिन् । एउटी बूढीका घर गएर बस्दा ती बूढीले आफ्ना छोराछोरीलाई माओवादीले गाउँ निकाला गरेको हुनाले कोही भारततिर गएका र कसैलाई मानव ढालाको रूपमा प्रयोग गरेको कुरा सुनाउँछिन् । त्यहाँबाट फेरि माग्दै खाँदै अमलेटार पुगेर हिँड्दै तीन दिनमा नेपालगन्ज पुग्छन् । त्यहाँ आफ्नै नातिनी सपना जस्तै देखिएको अनुभूति हुन्छ । तर उसको बानी झर्कने देख्दा कतै यो माओवादीमा लागेर त यस्तो भएको हो कि भन्ठान्छिन् । त्यस केटीले पनि आफ्नी आमा जस्तै मान्छे । तर अर्की एउटी केटीले ढकियामा आलु राखेर ल्याएको देख्छिन् । चापाकलमा लगेर साबुन दिंदै नुहाउन भन्छे । सपनासँग परिचय हुँदैन बरु त्यही अर्की केटीले सपना भर्खर आएर गइ सकेको कुरा गर्छिन् । झर्कोदिन स्कुलमा माओवादी तर्फ ठूलो क्षति भएको हुन्छ । सपनाका सबै परिवारको दोहोरो भिडन्त मृत्यु भएको थाहा पाउँदिन र त्यहाँबाट अम्बुका काका कहाँ दाङ जाने भनेर हिँड्छन् । अम्बुका हातमा कापी कलम देखिन्छन्, तर अम्बुले यी बूढीहरू को हुन् ? के गर्न आएका होलान् ? भनेको कुरा काकाले चिनाउँदै रुकुम कमलकी आमा हजुर आमालाई पनि चिन्न नसक्ने भनेर परिचय गराउँछन् । साँझ खाना खाएर खटियामा बाहिर बसेर गफ गर्दा आफ्ना छोराछोरी कमल, सीता, र कमलाहरूको सम्झनाले सताउँछ ।

बिहान भएपछि अम्बुले आफ्नी हजुरआमा तुलसी र रुन्जतीको कपाल कोररे बसेको बेला 'आमा' भनी सम्बोधन गरेको र 'परर परर' गोली चलेको आवाज सुन्छन् । घरमा सबै सोच्यान् देखेर खेतको आलि समाएर जाँदा एक जना माओवादी कार्यकर्ताले डोकाका मरेको मान्छे ओसारेको देखिन्छ । त्यहीं 'गुहार' भन्दै पानी मागेको आवाज पनि सुन्छन् । त्यहाँ पुगेर हेर्दा मान्छेको चित्कार र रगतको भल बगेको देख्छन् । त्यतैतिर एक जना सैनिकले मोबाइलमा गोली सकिएकोले पठाइदिन अनुरोध गरेको कुरा पनि सुन्छन् । अर्को दिन आकाशमाथि हेलिकप्टर उडेको, वरिपरि घुमेको देख्छन् । थानाका अगाडि मुढा पल्टे झैं लास पल्टेका हुन्छन् । सेना पुलिसले लास लतारेको देख्छन् । यता अम्बुका काका-काकी सबै अम्बुको खोजी गर्न हिंड्छन् । गाउँघरतिर डुल्छन् । रिमाले सातु ल्याएर खान दिंदै गरेको बेला रेडियो खोल्दा एकोहोरो माओवादी हताहत भएको भनी सबैलाई झुक्याउने झुठो समाचार सुन्छन् । पुलिस र सैनिक मरेको कुरै गर्दैनन् । उता एउटा केटाले दिनेश काकाले घर खोज्दै आएको बताउँछ र अम्बुका गोडाबाट डाक्टरले गोली झिकेको कुरा गर्छ । तुलसी आमाले त्यससँग कमल हमालको बारेमा सोध्दा आफूले थाहा नपाएको कुरा गर्दै कालिकोटका साथी धेरै जना मरेको तर कमान्डरलाई केही पनि नभएको कुरा गर्छ । एउटा केटाले राति

अम्बुलाई बोकेर ल्याउँछ । तुलसी आमाले त्यस केटासँग पनि कमलका बारेमा सोध्दा पार्टीमा दसथरि नाम हुने भएकाले आफूले नचिनेको बताउँछ र अम्बुलाई दिउँसो बाहिर नबस्न र कसैले देखे घुँडा मर्केको भन्न सिकाएर जान्छ । आमाहरू त्यहाँबाट ओखलढुङ्गामा पनि आक्रमण भएको तुलसीले सुनेकी हुन्छिन् । अम्बुका काकाले बाटा खर्च बापत दुई हजार दिन्छन् । आमाहरू नारायणघाट पुग्दा काठमाडौंबाट पूर्व जान आएको बसमा चढ्छन् । राती बाह्र बजेतिर केही समूहले आगजनी गर्छन् । त्यहीं एक जनाले माओवादीको चर्को विरोध गर्छन् । पुलिसको गाडीमा चढेर इटहरी पुग्छन् । त्यहाँ पत्रिकावालाले माओवादीले गाडी जलाएको, दोहोरो भिडन्त हुने र अतिश्चितकालीन नेपालबन्द जस्ता शीर्षक चिच्याईचिच्याई पत्रिका बेचेको देख्छन् । एक जनाले पत्रिका किनेर पढ्छ । त्यसैसित आफूहरू ओखलढुङ्गा जाने बाटो सोध्छन् । ऊ पनि उदयपुर जाने भएकोले सुनसरी हुँदै जाने कुरो गर्छ ।

एक जनाको घरमा पुग्दा आफूहरूलाई माग्ने आइमाई भनेर कुटुरा र थाङ्ग्रा ढिकमुनि फाल्दिन्छन् । उसका घरमा थुप्रै माओवादी कार्यकर्ताहरू आउने जाने गरेको देख्छन् । ऊसित आफ्नी छोरीको घर जान लाग्ने समय सोध्दा पन्ध्र दिन लाग्ने कुरो गर्छ । बाटाखर्च र दुईवटासम्म झोला पनि दिन्छ । बाटोमा जाँदा पाँच, सातजना केटीहरू आएको देखेर सोध्दा त्यहाँ कोही शिक्षक, कोही, व्यापारी, कोही किसानहरू हुन्छन् । तिनीहरूलाई प्रशिक्षण दिइएको हुन्छ । एक जनाले झोला खानतलासी लिन्छ । आफूहरू सोझो मनले छोरो कमललाई भेट्न हिँडेको कुरा गर्छन् । एक जनासँग आमाले आफ्नो छोरो कमल र छोरी कमला माओवादीमा लागेर हिँडेको हुनाले उनीहरूलाई भेट्ने धोको रहेको कुरा गर्दा एक जना नेताले कमलको गोडामा गोली लागेर घाइते भएको र कमला विराटनगर जेलमा रहेको जानकारी गराउँछन् । रुन्जतीले पनि आफ्ना तिन भाइ छोराहरू मारिएकोले न्याय माग्दा राजुखोलेहरूलाई आफूहरूले नमारेको, सीता माथिल्लो पदमा पुगेकी र थानेदारको सफाया गरिएको र रुन्जतीका पतिको हत्यारो गुण्डा पुलिसलाई जनअदालतमा पुऱ्याएको बताउँदै छानबिन आयोग गठन गर्ने कुरा सुनाउँछ र उनीहरू सबैभन्दा इमान्दार कमरेड भएको बताउँछ भने सल्लेरी आक्रमण गर्न र सफल पार्नमा सीताको महत्त्वपूर्ण योगदानहरू रहेको बताउँछ ।

राति पुलिसको घेराबन्दीबाट फुत्केर आउन सफल भएको केही कार्यकर्ताले भन्छन् । नेताहरूले मास्टरहरूलाई जनवादी शिक्षाको उद्देश्य र माओवादीको धारणा सहितको शिक्षा दिन निर्देशन गर्छन् । आफूहरू जनताको लागि सङ्घर्षशील रहेको बताउँछन् । त्यहाँ शिक्षक, व्यापारी सबैले सक्दो सहयोग गर्ने विचार व्यक्त गरेका हुन्छन् । आफू साईंली छोरी उषाकी आमा भएको जानकारी तुलसी आमाले गराउँछिन् । त्यहाँ एक जनासँग त्यहीं खाना खान्छन् । त्यहाँ नीलम नाम गरेकी एकजना महिलासँग आफ्नो छोरी उषाको घर बताइदिन अनुरोध गर्छिन् । नीलमका पतिले आफूहरू धेरै बोल्न नभएको, यदि बोलेको माओवादीले थाहा पाएमा धम्की दिने गरेको र पुलिसले देखे पनि माओवादीको आरोप लगाउने गरेको बताउँछन् । सुमनले भने आफ्नो भाइ श्यामकी पत्नी उषा भएको बताउँछन् । गाउँले एक जना माओवादीले आफूलाई पनि

त्यतै लगाएको कुरा गर्छन् । आफ्नी दिदी नभएको भाइ आउने तिहारमा र छिमेकी अञ्जुसँग उनका दाजुभाइसँग बसेर टीका लगाउने गरेको बताउँछन् । त्यही बेला अञ्जुसहित सातजनाको हत्या भएको, माओवादीलाई चन्दा दिएको निहुँमा उषा र तीन वर्षको छोरालाई पनि हत्या गरेको भन्ने कुरा गर्छन् ।

आमाहरू त्यहाँबाट रुन्जतीका आफन्तलाई भेट्न भनेर विराटनगर पुग्छन् र बसपार्कको प्रतीक्षालयमा रात काट्छन् । उज्यालो भएपछि हिँड्दै जाँदा कोन्टी गाउँमा शङ्करका घर बास बस्छन् । घरभित्रबाट एक जना बूढाबाले बैंक लुट्ने, जनताका झुप्रामा गई पैसा माग्ने, खाना खान नदिनेलाई गोली हान्नेलाई बास नदिने कुरा गर्दै झर्किन्छन् । आमाहरूले आफूहरू यात्रु भएको र माओवादी नभएको कुरा गर्छन् । बूढीले भने भित्रबाट निस्केर यस बेला बास दिनु ठीक हुने कुरा गर्छिन् । रेनुसँग एउटीले आमाहरूतिर हेरेर परिचय सोध्छे । त्यहाँ तीनजना सेता लुगा लगाएका कलिला उमेरका महिला देखेर आमाहरूले कारण सोध्दा आफूहरू तीनवटा मात्र नभई पाँचजना दिदीबहिनी भएको कुरा गर्दै माओवादी र हुतिहारा सरकारका कारणले आफूहरूको यस्तो अवस्था भएको बताउँछन् । बूढा बा, बूढी आमा सबैले आफ्नो बेहाल भएको कुरा सुनाउँछन् । रुन्जतीले पनि आफ्नो यस्तै कारणले विधुवा भएर जोगी बनेर घर छोडी हिँडेको कुरा गर्छिन् । नेपालभरि नै आफन्तहरू खोज्दै हिँडेको कुरा पनि गर्छन् । तुलसी आमाले आफ्नो घर अर्घाखाँची र बिहे भएको रुकुम भएको कुरा गर्दै रुन्जती र आफू मामा-फूपूकी छोरी भएको कुरा गर्छिन् । त्यहीँ एक जना मान्छे जमिन्दार जस्ताले आफ्नी श्रीमतीको माइत काठमाडौं भएको र ससुराली हमाल नै भएकाले कतै आफ्नो नाता त परेन भन्ठान्छ । श्रीमती काठमाडौंबाट गाडीमा आउँदा माओवादीले गरेको आगजनीमा पर्दा हाम्फालेर घाइते भएकीले भरतपुर अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको र नारायणी नदीमा सतिगति गरेको कुरा बताउँछ । आमाहरू हिँड्दै जाँदा एउटा झुपडीमा पुग्छन् र त्यहाँकी बूढीले लघार्न खोज्छे । त्यहाँबाट पनि हिँड्छन् र होटलमा पुग्दा चारपाँच जनाले दारु खान खोज्छन् । होटलवालाले खाना खाएको पैसा तिर्दिने भए सबै कुरा खान सक्ने बताउँछन् । खानाको पैसा दिन्छन् ।

तुलसी आमाले बुटवल गएर काकाको छोरो भेट्न भनेर हिँड्छन् । पत्थरकोट बजारमा उनीहरूलाई खाना खुवाउने केटाहरू देख्छन् । तिनीहरूले उतातिर गाडी जल्दै गरेको हुनाले त्यता नजान भन्छन् । बूढीआमाहरू नमानेर हिँड्छन् र बेथरीको जङ्गलमा एउटा गाउँमा पुगेर थारू बूढासँग मकै मागेर खान माग्दा लठ्ठीले हान्ला झैं गरेर लघार्छ । सधैं खुवाउन परेको खार पोखेको गाउँलेहरू पनि सुनेर भेला हुन्छन् र बूढीहरूलाई गाली गर्छन् । राति परिचयको क्रममा आफूहरू माओवादी र पुलिसको दोहोरो मारबाट पीडित भएको बताउँछन् । आफूहरू दाङबाट आक्रमणको चपेटामा परेर घर छोडी यहाँ आउनु परेको कुरा गर्छन् । वन फडानी गरी बसेको बताउँछन् । बूढी आमाहरू त्यहीँ रूखमुनि बास बस्छन् र सातु दिएको खान्छन् । उज्यालो भएपछि त्यहाँबाट हिँड्छन् र अलिपर एउटा बजारदेखि त्यहाँ आएर एक जनासँग बटौलीको अञ्चल अस्पतालमा आफ्नो काकाको छोरो भएकोले भेट्न हिँडेको बताउँछन् । त्यहाँका

मान्छेले गोरुसिङ्गे बजार भएको बताउँछन् । त्यहाँ अलि पर भित्तामा बाकस जस्तो भाँडामा कोही नाचे झैं मानेर त्यसबारे सोध्दा होटलवालाले टि.भी हो भन्ने कुराको जानकारी गराउँछन् र बूढीआमाहरूलाई नि:शुल्क खाना खान दिन्छन् । त्यसपछि त्यहाँबाट हिँडेर चार दिनमा बटौली पुग्छन् र त्यहाँबाट फेरि पोखरातिर लाग्छन् । बस चढेर भाडा माग्दा बसमा आफूहरूले तिर्न नसक्ने अवस्था भएको, बिपतमा परेको कुरा आमाहरूले गर्छन् । तर गाडीवालाले बसबाट ओराल्छ र पैदल हिँड्छन् । चार दिनमा स्याङ्जा पुग्छन् । त्यहाँ एउटा चिया पसलमा बसेको बेला माओवादीले पुलिस चौकी आक्रमण गर्ने योजना बनाउन लागेको थाहा पाउँछन् । रुन्जतीलाई पनि आफ्नो छोरो त्यसमा छ कि भन्ने आशङ्का गर्छिन् । त्यहीबेला एक जना केटाले यिनीहरूलाई सि.आइ.डी. भन्ठानेर थर्काउँछन् । राति हल्लाखोर हुन्छ । नजिकै एउटा केटो छट्पटाएको हुन्छ । रुन्जतीले पानी ल्याएर खुवाउँछिन्, केटो अलिकति तङ्ग्रिन्छ । हेल्थपोस्ट लगेर उपचार गराउँछन् । आमाहरूले उसलाई घर पुऱ्याउँदा स्वागत र सम्मान पाउँछन् । त्यहाँ घरवालाले एक हजार रूपैयाँ दिन्छन् । यिनीहरू बागलुङ जान हिँड्छन् । सुमा पोखरीतिर फुपूको घर छ भनी लाग्छन् । बेलुका त्यहाँ पुग्दा बरिपरि, घर गोठ सबैतिर सुनसान देख्छन् । रात त्यहीं काटेर पल्तिरका मान्छेलाई सोध्दा आफन्तकै घर भएको तर कब्जामा लिएर सेल्टर बनाएको बताउँदै गर्दा केही केटा आएर सि.आई.डी.को शङ्का गरी सरकारका भरौटेले यो घरका एकजना परिवारलाई सफाया गरेको हुनाले घर कब्जामा लिएको बताउँछन् । त्यस घरमा एक जना स्वास्नीमान्छेले पुलिसलाई खाना खुवाएको तर आफूहरूलाई खान नदिएको हुनाले घरकब्जा गरी बाँकी परिवारलाई घर निकाला गरेको भन्छे ।

बूढी आमाहरू लुम्ले जान भनी हिँड्छन् । तर बाटो बिराएर बागलुङ पुग्छन् । बाटामा एक जना मान्छे भेटिन्छ । आफ्ना छोराहरू सबै माओवादीले लगेको हुनाले बेहालमा परेको बताउँछ । आफ्ना चार दाजुभाइ भएर पनि आज कोही नभएको हुन परेको कुरा गर्छ । कुरा गर्दै पसलसम्म पुग्दा त्यो फुपूको छोरा सोमनाथ रहेको कुरा गर्छन् । घरमा पुग्दा यस्ता बूढीहरूलाई नल्याउनु पर्ने भन्दै गाली गर्दा बूढाले आफ्ना बहिनीहरू भएको कुरा गर्छ ।

बूढाले आफ्ना कान्छा भाइका छोरा रमेश र हरि दसैंमा बिहे गर्ने भनेर आएका बेला माओवादीहरूले पुलिसको जागिर छोड्न दबाब दिंदा नमानेको भन्दै केही काम छ भनी बोलाई अलिपर लगेर खोलानिर हत्या गरेको कुरा गर्छन् । पुलिस आएर माओवादीको सेल्टर बनाउने भनी देशको सुरक्षा दिनेकै घरमा यस्तो आतङ्कारी गतिविधि गरेको भनी सानो छोरालाई थानामा लग्छन् । कहिले पुलिस त कहिले माओवादी आएर रातिमा खाना पकाउन भन्ने गरेकोमा बूढाले नमान्दा दाजु चाहिँलाई बोलाएर अलि पर लगेर हात काटिदिएको, आँखा फोरि दिएको पीडा भरिएको व्यथा सुनाउँछन् ।

आमाहरू बागलुङ् बजार रामेश्वर उप्रेतीका घर पुग्छन् र त्यहीं खाना खान्छन् । राति गाउँमा गाइँगुइँ हल्ला सुनेर तुलसीले सोध्दा माओवादीको मिटिङ भएको बताउँछन् । रामेश्वरले आफ्ना भाइहरू पनि त्यहीं गएको कुरा गर्छन् । तुलसीले

आफ्ना छोराछोरी सीता, कमल र कमलाको मर्दो जिउँदो अवस्थामा बारे सोध्छिन् । दुई तीन त्यहाँ बसेर काठमाडौं जाने कुरा गर्दा दाइले दुःख हुने सम्भावना व्यक्त गर्छन् ।

विभिन्न ठाउँ घुम्दा डुल्दा पाएको पैसा हेर्दा दस हजार रुपैयाँ जम्मा भएकोले केही गर्ने सोच राख्छन् । त्यहाँबाट हिँड्दै पोखरा आइपुग्छन् । एउटा होटेलमा बास माग्दा साहुनीले यस्ता माग्ने बूढीहरूलाई खान दिन नसकिने भन्दै झर्किन्छे । पछि परिचय गर्दा भने आफू रूकुम टेकबहादुरकी छोरी भएको बताउँछिन् । यसरी डुलेर हिँडेको तीन वर्ष भइसकेको कुरा गर्दा उनले फेरि आफू पोखराका फुपूकहाँ पढ्न बस्दा एक जना शिव नाम गरेको मगर केटासँग पढ्दापढ्दै बिहे गरेको सुनाउँछिन् । एस.एल.सी. परीक्षामा सामेल हुन नपाउँदा पढाइ पनि अधुरो भएको कुरा गर्छिन् । श्रीमान् माओवादीमा लागेर कमाउन थालेपछि आफूलाई पनि युद्ध जिते मन्त्री बनाइदिने प्रलोभन दिएर त्यता लागेको कुरा गर्छिन् । पाल्पा आक्रमणको योजनाको तयारी भएकोले श्रीमान्ले आएर आफूलाई लगेको र त्यही आक्रमणमा परी पतिको मृत्यु भएको भन्छिन् । आफ्नो पेटमा बच्चा रहेको र पछि अस्पतालमा सुत्केरी भई बच्चा पाउँदा आमा बेहोस भएको कुरा सुनाउँछिन् । माइतमा गएर बस्दा दाजुभाउजुको टोकसो सहन नसकी घरै फर्केर बसेको कुरा गर्छिन् । सासूले पचास हजार दिएर अन्तै गई पसल खोलेर बस्न सुझाउ दिएकी र सासू, ससुरा र देवरले आफूलाई विदाइ गरेको भन्छिन् । डेढ वर्षको छोरो लिएर हिँड्दै दाङ पुगेर होटेलमा बस्दा राति ३ बजे एउटा डाक्टर र होटलकी साहुनीले आफूलाई डाक्टरसँग बिहे गर्न दबाब दिएको कुरा गर्छिन् । तर उनले लोग्ने बिनाको जीवन पनि जिउन सकिने बताउँछिन् र आफ्नो सबैभन्दा ठूलो सम्पत्ति छोरोको भविष्य सम्झेर साहस लिएको कुरा गर्छिन् । आमाहरू र उनी आफ्नो छोरोलाई लिएर बुटवल जान भनी गाडीमा चढ्छन् । बच्चाले दूध खाइरहेको देखेर तुलसी आमाले धेरै दूध चुसाउँदा क्यान्सर हुने डर हुन्छ भन्ने कुरा गर्दै आफूले ल्याएको बिस्कुट निकालेर खान दिन्छिन् । मुनाले तुलसी आमालाई डाक्टर ठान्छिन् । राता कपडा नलगाइ बिधवाले सेता लगाएको पहिरनका बारेमा सोध्दा तुलसी आमाले पाँच महिनाको पास्नीमा रातो टीका, राता कपडा आमाले दिएको र बिहे पछि रातो पहिरन गर्नु महिलाको अधिकार भएको कुरा गर्छिन् । कुरा गर्दागर्दै बुटवल पुग्छन् । मुना तुलसीकी फुपू बहिनी भएकोले पनि आत्मीयता जाग्छ । त्यहाँबाट काठमाडौंको पशुपतिमा गएर मागेर खाने निर्णय गरी काठमाडौंतिर लाग्छन् । केही समयसम्म पशुपतिको धर्मशालामा बसेर त्यहाँको तछाडमछाडको कोलाहलमय वातावरण मन नपरेपछि बरू काम गरी खान बेस हुन्छ भन्ठानी बाफलमा एउटा बूढाका घरमा कोठा महिनाको एक हजारमा लिन्छन् र कालीमाटीमा गएर एउटा होटेलमा गई काम माग्दा दिन नमानेकोले अन्यत्र जाने कुरो गर्छन् । त्यस होटलमा बसेका दुईवटी सेतो पहिरनका युवतीहरू देख्छन् । त्यहीं एक जना लोग्ने मान्छे भित्रबाट निस्कँदै गर्दा कसैले 'अछामी दाइ' भनेर सम्बोधन गरेको देखेर आमाले परिचय गर्दा ऊ पनि आफ्ना छोरा सेनामा भएका बखत दसैंमा घर आउन खोज्दा गाउँमा चौकी आक्रमणको हल्ला चलेकाले नआउन भनेको तर छोरा दुबैजना सरुवा भई साँफेबगर गएको बेलामा सेनाको जागिर छाड्न धम्की दिंदा नमानेका कारण हातखुट्टा बाँधेर घाँटी रेटेर हत्या गरेको हुँदा गाउँमा

बस्न खान नभएर काठमाडौं आई भाडामा घर लिएर होटेल खोलेको कुरा गर्छन् । आफूले धेरै दुःख पाएकोले अरूलाई पनि मागेर हिँड्न-खानभन्दा मिहिनेत गरेर खाने बस्ने गर्दा सुख पाइने अर्ति दिन्छन् । आमाहरू पनि उनकै सल्लाह मानेर कालिमाटी गई दुई सय रुपैयाँका कागतीका दाना किनेर बेच्दा एकसय रुपैयाँ नाफा भएकोले महिनाभरि बेच्दा हजार रुपैयाँ बच्ने गरेको अनुभव गर्छन् । त्यसपछि अलि राम्रो कोठा खोजेर अलि मिठो खाने सुखमय जीवन व्यतित गर्ने गर्छन् ।

देशमा माओवादी र सरकारी पक्षबाट जनताको पक्षमा काम गरेको आफूहरूले नठानेको बरू दुबै पक्षबाट सनतान विहीन आमाहरू आफ्ना छोराछोरीको बेपत्ता भएको बारे सोधखोज गर्दै देशका ७० वटा जिल्ला पैदल हिँडेर पनि भेट्टाउन नसकेको अवस्थामा छोराछोरीले भने आमाहरूको अवस्था बारे कतै पनि सरोकार नराखेको प्रति दुखित हुन्छन् । आफ्नै छोरा कमल छोरी कमला समेत माओवादीमा लागेर जनतालाई दुःख दिएका र कोही सन्तान पुलिस, सेनामा रहेर यिनी आफ्ना दाजुभाइ दिदी बहिनी बीच शत्रुता मोलेर युद्ध गर्दै हिँडेको हुनाले जसले विजयी भए पनि देशमा शासन चलाए तापनि यिनीहरूले सुख कहिल्यै नपाउने श्राप दिन्छिन् । तुलसी आमाले आफूले नखाईनखाई तिनै सन्तानका लागि जन्मदेखि जीवनभरि नै सम्झिरहेको तर ती सन्तानहरूले आफ्ना आमाहरूलाई कहिल्यै नसम्झेकोले ती बन्दुक बोक्ने हातहरूले बन्दुक फालेर समाजलाई, जनतालाई र आफ्ना आमाहरूलाई माया गर्ने गरेको हेर्न र सुन्न पाउने धोको रहेको आमाहरूको उत्कट अभिलाषा हुन्छ र उपन्यासको कथावस्तु पनि समाप्त हुन्छ ।

यसरी २०५४-०५५ सालदेखि २०६०-०६१ सालसम्म माओवादी र सरकारी पक्षबाट भए गरेका हिंसात्मक घटनाहरूको एक सूत्रमा उन्ने र सुसङ्गठित गर्ने काम भएको छ । यहाँ उपन्यासकार द्रष्टा बनेर देशका विभिन्न क्षेत्रमा भएका घटनाहरूको निरीक्षण गर्ने र समाज वा जीवनका यथार्थ टिप्ने गरेको हुनाले पनि लेखकका निजी विचार धाराले खासै प्रकट हुने अवसर पाएका छैनन् । तसर्थ यो उपन्यास सामाजिक यथार्थवादी उपन्यासको धरातलमा उभिएको ठानिन्छ । त्यसै गरी एउटा ऐतिहासिक कालखण्डको सर्वेक्षण गरी राष्ट्रिय र सामाजिक परिस्थितिमा ऐतिहासिक द्वन्द्वकालिक सत्यलाई उद्घाटित समेत गर्न सफल भएकोले एउटा ऐतिहासिक यथार्थवादी उपन्यासका रूपमा पनि लिन सकिन्छ । आमाहरू मूलतः एउटा सामाजिक, ऐतिहासिक, प्रगतिवादी र यथार्थवादी उपन्यास हो ।

**४. पात्र विधान**

पात्र विधानलाई चरित्र चित्रण पनि भनिन्छ । उपन्यासमा चरित्रको महत्ता सर्वोपरि मानिन्छ । कथावस्तुलाई अगाडि बढाउने काम पात्र विधानले गर्छ । पात्रका विविध क्रियाकलापले गर्दा उपन्यासले गतिशीलता प्राप्त गर्छ । सामाजिक शास्वत सत्यलाई उद्घाटन गर्ने प्रतिनिधित्व पात्रले नै गर्ने भएकाले आमाहरू उपन्यासमा पनि बहुल पात्रविधानको प्रयोग देखिन्छ । तुलसी आमा, रुन्जती, कमला, गोविन्द पाण्डेमध्ये तुलसी आमालाई प्रमुख पात्रका रूपमा रुन्जती, कमला तथा गोविन्द सहायक पात्रका रूपमा लिन सकिन्छ भने अन्य गौण पात्रका रूपमा रहेका देखिन्छन् ।

४.१ तुलसी

आमाहरू उपन्यासकी प्रमुख नायिका वा मुख्य पात्र भनेकै तुलसी हुन् । ६० वर्षे वृद्धावस्थामा आफ्ना चारभाइ छोरा र चार बहिनी छोरीसँग बिछोडिएर सन्तान वियोगमा छट्पटाएर पनि साहस बटुलेर नेपालका ७० वटा जिल्ला पैदल यात्रा गरी नेपाल आमाको यस भूमिलाई रणभूमिमा रूपान्तरण गर्दै अनाहकमा एउटा नेपालीले अर्को नेपालीलाई हत्या, बलात्कार र बेपत्ता पार्ने जस्ता विसङ्गतिपूर्ण क्रियाकलापको अध्येताका रूपमा रहेकी नेपाली आमा, छोरी, बहिनी, दिदी, बुहारी आदि सबैकी प्रतिनिधि पात्र हुन् । रूकुमबाट सरकार र विद्रोही माओवादी बीचको द्वन्द्वमा परेर आफ्ना कान्छा छोरा कमल तथा कान्छी छोरी कमलाको अवस्था पत्ता लगाउन विभिन्न द्वन्द्वग्रस्त क्षेत्रमा रुन्जतीका साथ यात्रामा निस्केर अन्ततः काठमाडौंमा कागतीको व्यापार गरी जीवन गुजारा गर्ने श्रमजीवी नेपाली नारी हुन् । जेठो र माहिलो छोरो सोलुखुम्बु पुलिसमा जागिरे हुँदा आक्रमणमा परी मरेका, साहिँलो सल्यान चौकीको दोहोरो भिडन्तमा परी मरेको र कान्छो कमललाई माओवादीले लगेको र कान्छी छोरी कमला माओवादी अपरहणमा परेकी र सामूहिक बलात्कारको सिकार भएकी हुँदा यिनकै खोजीमा नेपालका विविध भौगोलिक क्षेत्रको भ्रमणमा निस्किएकी हुन्छिन् । भ्रमणका क्रममा जहाँजहाँ जोजो भेटिन्छन् त्यहाँका पीडा, व्यथाका कथाहरू सुन्ने-सुनाउने, देख्ने, भोग्ने सबै परिस्थितिको अभिव्यक्तिको उद्घाटन गराउने काम यिनकै माध्यमबाट भएको छ । तसर्थ तुलसी आमा श्रोता, द्रष्टा र भोक्ताका रूपमा रहेकी छन् । अन्ततः आफ्नो घर बास बस्न आउँदा बास नपाएर घर माओवादीको सेल्टर भएको देखेर देशाटनमा भौंतारिएकी, हत्याहिंसाको चपेटामा सन्तानविहीन भई यायावरीय जीवन भोग्न विवश नेपाली नारी जातिकी प्रतिनिधि नारी चरित्र हुन् । तुलसी आमा ६३ वर्षको उमेरमा घर छोड्न बाध्य भएकी तुलसी ७० वर्षको उमेरमा राजधानी छिरेर बाँकी जीवन जिउन विवश बनाइएकी नारी हुन् । यिनी सत्, निर्भिक, साहसी, अरूलाई प्रेरणा दिने बौद्धिक नारी पात्र हुन् । विभिन्न ठाउँमा पुग्दा तुलसीले पीडा र व्यथामा छटपटाएकाहरूलाई यसरी साहस दिन्छिन्- "उठ न नानी, के भो बताऊ । धेरै नरोऊ मेरो पनि उस्तै बिजोक छ । सबै आमाहरूको जीवन यस्तै छ" (पृ. २८)। त्यसै गरी हत्या र हिंसाको विरुद्धमा यस्तो अभिव्यक्ति पनि प्रकट भएको छ । "पापी दुष्टहरूको कहिलै भलो नहोस् । उनीहरूको राजनीति कहिल्यै सफल नहोस् । आतङ्क मच्चाउने माओवादीको पनि नहोस् र यो नालाइक सरकारको पनि नहोस् ।" (पृ. ३३) त्यस्तै "जनताका सन्तान, कति दुःख गरेर पालेका छोराछोरी, दस महिना कोखमा राखेर जन्माएर आमाहरूले माया गरेका, छाती चुसाएका सन्ततिहरू माओवादीलाई र भतुवा सरकारलाई भए, अब हामी बुडाखाडाले के गर्ने, कता जाने ? यो देशको दुर्भाग्य यस्तै छ (पृ. ५०-५१) । यसरी आमाले कतै पुग्दा निराशामा रहेका परिवारलाई साहस, सान्त्वना र आत्मबल बढाइदिने प्रेरक व्यक्तित्वका रूपमा रहेकी छन् ।

समग्रमा भन्दा उपन्यास आमाहरूकी केन्द्रीय पात्र तुलसी आमाकै वरिपरि कथ्य वस्तु केन्द्रित रहेको र उपन्यासको समाख्याता पनि तुलसी नै भएकी छन् । मानवीय मूल्यको खोजी गर्ने, आतङ्कारी, भय, त्रासमय र हिंसात्मक गतिविधि मच्चाउने

माओवादी तथा सरकारी सेना, पुलिसका गतिविधिहरूको विरोध गर्ने देशमा शान्ति र विकासको तीव्र चाहना राख्ने गतिशील, सङ्घर्षशील, सत्, प्रेरक, निर्भीक, द्वन्द्वपीडितकी पक्षपाती, निम्न मध्यम वर्गीय नेपाली ग्रामीण समाजकी चेतनशील नारीहरूकी प्रतितिधि पात्रका रूपमा रहेकी तुलसी आमा हुन् । तुलसी शिक्षित, तार्किक र बौद्धिक व्यक्तित्व भएकी नारी हुन् भन्ने प्रमाण यी अभिव्यक्तिले प्रस्ट पार्दछन्- "धेरै छाती चुसाइ रहनु हुँदैन, अब त अरू थोक पति खान सिकाउनु पर्छ । लौ, बाबुलाई यो बिस्कुट देऊ । हेर त, जिउमा केही तागत छैन, छाती चुसाउँदा नसा पनि निलै भइ सकेका छन् । केही नभएको छाती चुसाइ रहँदा त क्यान्सर हुन पनि सक्छ । आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्छ । अब देखि जाउलो साउलो पनि ख्वाउने गर्नु ।" (पृ. १७७) उक्त अभिव्यक्तिले एउटा शिक्षित व्यक्तिले दिने सल्लाह त्यो पनि चिकित्सा क्षेत्रको ज्ञान भएको प्रस्ट हुन्छ । त्यस्तै गरी राता लुगा बिधवा नारीले लगाउन हुने तर्क यसरी गर्छिन्- "यो रातो कपडा बा-आमाले दिएको रातो हो । पाँच महिनाको पास्नीमा रातो टीका, राता कपडा बाआमाले दिन्छन् । श्रीमान्ले दिएको रातो त सिन्दुर मात्र हो । रातो लगाउनु हाम्रो अधिकार हो ।" (पृ. १७८) यसरी एकल बिधवा नारीका पक्षमा, स्वाथ्य सम्बन्धमा एउटा शिक्षित व्यक्तिले दिने तार्किक अभिव्यक्ति तुलसी आमाले पनि अभिव्यक्त गरेकी हुँदा यिनी शिक्षित, सचेतक र कुशल नारीकी प्रतिनिधि चरित्रका रूपमा समेत रहेकी छन् भने माओवादी तर्फबाट बढी पीडित नारीहरूलाई आत्मबल बढाउने पात्र पनि यिनी देखिन्छिन् ।

४.२ रुन्जती

प्रमुख पात्र तुलसी आमाकी सहयात्री मामाकी छोरी उमेरले ५२ वर्षमा पतिबाट बिछोड हुन परेकी छवटी मुनि चार भाइ छोरा गरी दसओटा सन्तानकी आमा हुन् । चारै भाइ जागिरे भएका, जेठो पुलिस इन्स्पेक्टर र अरु भाइ हवल्दार-जमदार भएका तर सोलुकाण्डको दोहोरो भिडन्तमा सबै सोत्तर भएकाहरूको पीडामा छटपटाएकी रुन्जती दिदी तुलसीसित भेट भएपछि आफ्नी जेठी छोरीको छोरो नाति गोविन्द पाण्डेले गुलरियामा भएको नरसंहार घटनाबारे लेखिएको पत्रको कथाभित्रको मार्मिक व्यथा सुनाउँछिन् । पाँचवटी छोरीमध्ये बस्न खान नभएको हुनाले दुइवटी भारततिर जीविको पार्जन गर्न गएका, एउटी पूर्व झापामा, एउटी नेपालगन्ज, एउटी माओवादीतिर र कान्छीलाई पुलिसले झुटो आरोपमा जेलमा हालेको व्यथा सुनाउँदै आफ्नो पति दस वर्षदेखि थाहा नभएकीले पति र सन्तान विहीनतामा एक्लो जीवनमा भौतारि रहेकी थुप्रै नेपाली चेलीहरूकी प्रतिनिधि पात्रका रूपमा रहेकी छन् । पति सल्लेरीमा नि.मा.तहमा शिक्षक रहेका र घरबाट आइजाइ गर्न टाढा मानेर त्यहीँ बसी शुक्रबार बेलुका घर आउँछ । पुलिसले रातिमा हिँड्ने माओवादीको आरोप लगाई गोली हानेर मारेकोले बिधवा, सन्तानहीन एकल नारीपात्रका रूपमा चित्रण गर्न सकिन्छ । सरकारी पक्षबाट पुलिस सेनाबाट पीडित भएकी बेपत्ता पारिएका र मारिएका परिवारका नारीहरूको प्रतिनिधि पात्रका रूपमा चित्रित छन् । द्वन्द्वको दोहोरो मारमा परेका नारीहरूले न्यायको खोजी गर्दै माओवादी र पुलिस पक्षमा गुहार गर्दा कतैबाट पनि न्याय पाउन नसकेका आम द्वन्द्व पीडित नेपाली नारीहरूकी प्रतिनिधि पात्रका रूपमा रुन्जतीलाई उपन्यासमा

चित्रण गरिएको छ । अन्याय सहन नसकी प्रतिवाद गर्ने आँटिली, साहसिली र हिम्मतिली र सत् नारी पात्र हुन् भन्ने कुराको पुष्ट्याँइ थानेदारसँगको संवादमा यसरी अभिव्यक्त गर्दिन्- "कसलाई घिसार्ने हँ ? तुरुन्त मेरी छोरी निकाल, नत्र यो थानामा आगो लगाइदिन्छु । के सोचिका छौ तिमीहरूले मलाई ? अब तिमीहरूको अकालमा ज्यान जान्छ । (ऐ.पृ. ४२) पुलिसलाई अन्धा कानुन पढाएर जनता मार्न लगाउने प्रसङ्गको यसरी विरोध र तर्क गर्छिन्- "हान् गोली मेरा छोरा पनि तँ जस्तै पुलिस थिए । गिरिजाको सरकारले अन्धो कानुन पढाउँछ भन्थे, यस्तो पो रैछ । ऐ.पृ.ऐ- यसप्रकार एकल जीवन जिउन विवस पार्ने सरकारी पक्षबाट दमन र हिंसा गर्ने सरकारी पक्षबाट गरिएका आततायी, हिंसात्मक क्रियाकलाप गराउने सरकारको विरोध गर्ने र मुकाबला गर्ने हिम्मत भएकी सङ्घर्षशील, साहसी र विद्रोही स्वभावकी आमाहरू उपन्यासकी सहायक नारी तथा ग्रामीण नेपाली द्वन्द्वपीडित नारीहरूको प्रतिनिधि पात्र हुन् । विशेष गरी सरकारी पक्षबाट पीडित एवम् अन्यायमा परेकी नारी हुन् ।

४.३ अन्य पात्रहरु

यस उपन्यासमा थुप्रै पात्रहरू सत् र केही असत् पात्रहरू पनि रहेका छन् । कमला, विमल, गोविन्द पाण्डे, सीता, राजु खोले हमाल, अम्बु, विष्णु, अम्बुका काका, उषा, अञ्जु, नीलम, केही माओवादी युवा, केही पुलिस, अछामी दाइ आदि यस उपन्यासका सत् सहयोगी भावना भएका थप सहयोगी पात्रका रूपमा चित्रण गरिएको छ । केही माओवादी कार्यकर्ताहरू, केही पुलिसहरू, बाटाघाटामा बास मागदा नदिने व्यक्तिहरू आदि उपन्यासका असत् र असहयोगी पात्रका रूपमा रहेका छन् । कृतिमा बहुल पात्रका रूपमा उल्लेख गर्न मिल्ने केही नामहरू यस प्रकारका छन्- आरुबोटे, बिना, रामनाथ, हिमाल, लक्ष्मी, बेदुराम, रोशन, अमर, बाबुराम, उमेश, रिमा, दिनेश, श्रीधर, शिला, नन्दप्रसाद, हर्कबहादुर तामाङ, व्यापारी, शिक्षक, किसान, विद्यार्थी, केटाकेटी, लालबहादुर, श्याम, सुमन, चेते, रवीन्द्र, सइ, रेनु, जमुना, पवन, जीवन, शङ्कर, रामलखन, अजय, राजु, गीता, धनीराम, सोमनाथ, हरि, रमेश, बेदराज, रामेश्वर उप्रेती, कान्छा दमाई, विष्ट, शिव, टेकबहादुर, मुना, राजन, शिवे, भिमे, मीना, बिरे, राउत लगायत थुप्रै पात्रहरूको उल्लेख भएको छ । यिनीहरूको भूमिका कतै सक्रिय, कतै गौण रहेको पाइन्छ ।

## ५. परिवेश

आमाहरू उपन्यासमा भौगोलिक परिवेश, भौतिक परिवेश, घण्टा, महिना, दिन, रात, बिहान, दिउँसो, बेलुका, राति, वर्ष जस्ता समयगत परिवेश, खेतीपाती, कृषि, बाढी, हावा, चन्द्र, सूर्य, तारा वन, खोला, नदी जस्ता प्राकृतिक परिवेश जस्ता सन्दर्भहरूको प्रयोग देशकाल, परिस्थिति, वातावरणको रूपमा उल्लेख भएको पाइन्छ । उपन्यासमा फ्याउरेताल, सुके खोला, लाम्चे खोला, काउले, सेमीखोला भुल्के पानी, डोटा, बेल्टार, सिस्ने खोला, भुल्के डाँडा, गोटी, गुलरिया, बेलाहा, खैरी खोला, नेपालगन्ज, दाङ, झापा, सल्लेरी, लिस्नेभिर, कमेरे पानी, मान्द्रेको चौकी, जुके खोला, खिम्ती खोला, मल्ले खोला, मिर्मिरेपारि, भुल्केको लेक, राजु खोला, मालु खोला, कुजु, रूकम, मेल्चे डाँडो, सुमानिया

खोला, नेटा, अमलेटार, रूपौडिया बजार, कपिलवस्तु, सोलु, सल्यान, सेमराहा, अर्घाखाँची, कालिकोट, नारायणगढ, काठमाडौँ इटहरी, रामेछाप, उदयपुर, गाईघाट, सुनसरी, वीरगन्ज, दुबी चउर, कटारी, ताकुकोट, ढल्के आँप, कोन्टी, दोलखा, भरतपुर, बेथरी, पानीघाट, चुत्रावेसी, पोखरा, लखनउ, गक्षे खोला, सन्धिखर्क, वीर अस्पताल, बुटवल, अञ्चल अस्पताल, पत्थरकोट, गोरुसिङे, स्याङ्जा, बागलुङ, सुमापोखरी, बेनी, लुम्ले, बेसारे, चिर्बिरे खोला, शिपाङ, बुटवल मिलनचोक, काठमाडौँ पशुपति, बाफल, कालिमाटी, सुन्धारा, स्वयम्भू, साँफेबगर, सामाखुसी लगायत थुप्रै देशभित्रका प्राकृतिक खोला, पहाड, विभिन्न ठाउँहरूको सान्दर्भिक प्रयोग भएको नेपाली देशकालको परिवेश छ । यस्ता परिवेशका बीच बीचमा तुलसीको मोठ, बोडी, मकै, सिमी, कोदो, फर्सी, काँक्रो, आँटी, पानी, सातु, दाल, भात, तरकारी, जस्ता कृषि बाली र खानपानको सन्दर्भले नेपाली ग्रामीण जीवन शैलीको झझल्को दिन सफल छ भने तिज, दसैं, तिहार जस्ता सांस्कृतिक जस्ता विविध परिवेशका प्रयोगले उपन्यासलाई जीवन्तता प्रदान गरेको पनि छ ।

उपन्यासमा पहाड, तराई, मधेस, हिमाली क्षेत्र लगायत पूर्वी, पश्चिमी, उत्तरी र दक्षिणी भू-भागको परिवेशगत चित्रणले 'आमाहरू'लाई स्वाभाविकता र सजीवता प्रदान गर्न सफल रहेको देखिन्छ । विभिन्न चौकी, बन्दुक, होटल, बस, टेलिभिजन, पैसा आदिको भौतिक परिवेशले आधुनिकताको सङ्केत पनि गरेको छ । जताततै भएका हत्या, हिंसा, बलात्कार, लुटपाट, लास आदिको चर्चाले विभत्स हृदयको भवावह स्थितिमा समग्रमा भन्दा यहाँ २०५२-०५३ देखि २०६२-०६३ सालसम्म देशमा माओवादीले गरेको जनविद्रोहको बीचमा आम नेपालीले भोग्नु परेका द्वन्द्वकालीन पीडा, व्यथा र अन्यायमा रुमल्लिएका नेपालीहरूका पीडाका रूपमा रहेको सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासले मातृत्व, वात्सल्य, भगिनित्व, भ्रातृत्व, हार्दिकता, मानवीयता, जस्ता मानव मूल्य र अस्तित्वको खोजी गरेको छ । त्यसैगरी युद्धको विभीषिका, मानवजातिको बर्बरता, आतङ्ककारी, क्रुर, हत्या-हिंसा, बाल-वृद्ध, युवा-युवती सबैको चीत्कारको अन्त्य र विसङ्गतिपूर्ण मानवीय ध्वंसात्मक प्रवृत्तिको भण्डाफोर गर्दै मानव अस्तित्व र मूल्यवान जीवन, सुखशान्ति र विकासको अपेक्षा गरेको पाइन्छ । माओवादीलाई खान दिंदा पुलिसले मार्ने र पुलिसलाई खान दिंदा माओवादीले सुराकीको आरोप लगाएर मार्ने यस्तो दानवीय, आतङ्ककारी, विध्वंशात्मक, क्रियाकलापमा बाँचेका नेपाली समाजको स्थानगत, समयगत, सांस्कृतिक र वैचारिक परिवेशको चित्रणले आमाहरू एउटा दस वर्षे द्वन्द्वात्मक कालखण्डको ऐतिहासिक सामाजिक यथार्थवादी दस्तावेजका रूपमा दर्ज हुन सफल भएको छ ।

## ६. द्वन्द्वविधान

द्वन्द्वविधानका दृष्टिकोणले यस उपन्यासलाई प्रभावकारी बन्न मदत पुऱ्याएको छ भन्न सकिन्छ । उपन्यासको द्वन्द्वविधान भनेको सङ्घर्ष हो । कथावस्तुमा गरिने पात्रहरूको क्रियाकलापमा देखा पर्ने सङ्घर्षको परिणाम सत् र असत्पक्षको उजागर हुन्छ, जसले द्वन्द्वको सिर्जना गराउँछ । एकातिर पात्रहरूका चाहना हुन्छन् भने भोगाइ

अर्कोतिर भइदिन्छ परिणामस्वरूप पात्रहरूको जीवनमा द्वन्द्व उत्पन्न भइदिन्छ । यसले गर्दा मानसिक द्वन्द्व, सामाजिक द्वन्द्व, वैयक्तिक द्वन्द्व, वर्गीय द्वन्द्व, सांस्कृतिक द्वन्द्व आदि देखा पर्छन् । यिनै द्वन्द्वका आधारमा अध्ययन गर्ने जमर्को भएको छ । उपन्यासको प्रारम्भमै तुलसीलाई पारेको मानसिक द्वन्द्वलाई यसरी उल्लेख गर्न सकिन्छ- "...छोराहरू सबै पुलिसमै छन् भने पनि भयो । तीनओटा त पुलिसमा छन्, एउटा कता हो कता? झन् सबैभन्दा कान्छो चाहिँ धेरै आउँदैन के काम गर्छ के खान्छ, कता बस्छ कता, म बुढीलाई के थाहा ? डाँडाकी जून ।" (पृ. १) त्यसै गरी माओवादीले जबरजस्ती खान पकाउन दिने धम्कीपूर्ण व्यवहारको वैमनस्य जन्माउने मानसिक तनावमूलक द्वन्द्वलाई यसरी हेर्न सकिन्छ- "ए बुढिया छिटो पका भात, नत्र तेरो खैरियत छैन । हेर् सुट गरिदिउँला ।" (पृ. ?) त्यस्तै वर्गीय द्वन्द्वलाई यसरी उल्लेख गर्न सकिन्छ- "के हो तिमीहरूको चाला ? अन्यायको विरोध गर्न हिँडेको भन्छौ तर सबैको रगत चुस्छौ । के यही हो न्याय ? एउटा नि.मा.वि.को मास्टरले कति कमाउँछ र ? एकैचोटि पचास हजार दिने, भन ।" (पृ. ४) त्यतैगरी पुलिसको अभिव्यक्ति हेर्दा पनि द्वन्द्व सिर्जना भएको पाइन्छ । "ए बूढा, कसलाई खाना पुऱ्याउन गएको हो । जङ्गलमा ? भन् । नत्र तँलाई पनि अहिल्यै ठहरै पार्छौं ।" (पृ. ९) यस्तैयस्तै द्वन्द्वहरूको बीचमा आएको राजनीतिक द्वन्द्वलाई चर्काउने काम माओवादी मात्रबाट नभई सरकारी पक्षबाट समेत अनाहकमा नेपालीले दुःख पाउनु पर्ने परिस्थितिको द्वन्द्वलाई यसरी लिन सकिन्छ- "होइन नानी, दुबै पक्ष उतिकै जिम्मेवार छन् । पुलिसले पनि कम सताएको छैन ।" (पृ. १८६) द्वन्द्वपक्ष त्यति सबल भने देखिँदैन । समग्रमा भन्दा यस उपन्यासमा द्वन्द्वको सिर्जना स्वाभाविक रूपमा रहेको पाइन्छ । मूलतः तुलसीले माओवादीसँग, पुलिससँग, गाउँले युवायुवतीसँग गरेको संवादले कतै द्वन्द्वको सकारात्मक प्रभाव परेको छ भने कतै अन्यौलको वातावरण सिर्जना पनि गरेको छ । जे होस् तुलसीको विद्रोहीसँग र सरकारीपक्ष सँगको द्वन्द्व वा सङ्घर्षले उपन्यासको औपन्यासिक वस्तुलाई सफलतातिर लैजान महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । अतः उपन्यासमा सत् असत् पक्षको द्वन्द्वात्मकताले प्रश्रय पाएको छ । संवादैसंवादले भरिएको आमाहरूमा द्वन्द्व विधानले गर्दा जीवन्तता प्रदान गरेको छ ।

## ७. दृष्टिबिन्दु

उपन्यासको समाख्याता तुलसी हुन् । हुन त उपन्यासको सुरु पूर्वदीप्तिबाट भएको छ । तुलसीकी छोरी कमलाले पठाएको चिठी विमलले पढ्छ । रुन्जतीकी ठूली छोरीका छोरा गोविन्द पाण्डेले गुलरियाबाट पठाएको चिठी रुन्जतीका बूढाले पढ्छन् । डुल्दै अन्य ठाउँहरूको भ्रमण गर्दा त्यस्ता ठाउँमा भएका घटनाहरूको विवरण र वर्णन गरेको तुलसीले सुन्नु परेको हुँदा उपन्यासको मुख्य विषयलाई अगाडि बढाउने भूमिका तुलसी आमाकै भएको देखिन्छ । उपन्यासमा वर्ण्य विषयवस्तु तुलसी आमा कै माध्यमबाट प्रक्षेपित भएको हुँदा प्रथम पुरुष दृष्टिविन्दु रहेको पाइन्छ । समग्रमा भन्दा उपन्यासमा रहेका घटनाहरूको वर्णन तुलसीबाट मात्र नभएर अन्य पात्रहरूबाट पनि भएकोले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भन्न सकिन्छ । उपन्यासको कथनपद्धति

प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुमा अँगालिएको देखिन्छ । आन्तरिक प्रथम पुरुषको केन्द्रीय दृष्टिविन्दुमा उपन्यासकी समाख्याता तुलसी 'म' पात्रको रूपमा विभिन्न घटनाक्रममा कथा सुन्ने भएकीले आन्तरिक केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने उपन्यासको विषयवस्तुलाई अगाडि बढाउने क्रममा बहुल चरित्रहरूले घटनाका कथाहरू अभिव्यक्त गरेको पाइएकोले बाह्य तृतीय पुरुष, सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । तसर्थ यस उपन्यासमा आन्तरिक प्रथम पुरुष केन्द्रीय र बाह्य तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ८. शैली पक्ष

उपन्यासको शैली पक्षलाई अध्ययन गर्दा बाह्य पक्षभन्दा आन्तरिक पक्ष संवेदनशील छ । मातृत्वमा चोट पुऱ्याएको पितृ वात्सल्यको हत्या गरेको, दिदी बहिनीहरूको भागीनित्व समाप्त पारेको, भातृत्व र मैत्रित्त्वको हार्दिकता समाप्त गराएको माओवादी र सरकारी पक्षको चेपुवामा नेपाली जनताले घरबास त्याग्न परेको र स्वदेशभित्र पनि परदेशी शत्रुवत् व्यवहार एक अर्को नेपाली दाजुभाइ बीच गरेर नारीहरूमाथि गरिएको मध्ययुगीन बर्बरता र क्रूरताले सबैको हृदय ओइलाइएको भाव पक्षले सबैलाई झकझकाएको छ । संवादात्मक अभिव्यक्ति शैलीको प्रचुरता छ । पत्रात्मक, विवरणात्मक, निबन्धात्मक एवं संस्मरणात्मक शैलीको पक्षले मिश्रित शैलीको सङ्केत तुलसीको मोठ, साइतको प्रसङ्ग, पढ्न नसकेको चर्चाले गरेको छ भने अन्तर जाति बिहे, औषधि खाने कुरा, व्यवसाय गरी सुखी बन्ने सन्दर्भले आधुनिक जीवन शैलीको सङ्केत गरेको छ ।

त्यसै गरी संरचना पक्षमा मुख्य शीर्षक ‘कथाजस्तो व्यथा (पृ. १), र उपशीर्षकहरू 'विमलले चिठी पढेर आकाशतिर आँखा लगाए (पृ. ७),' मान्द्रेको चउरमा मान्छेको लासु (पृ. ३६), 'सीताले माओवादीमा जाने निधो गरी' (पृ. ५१), 'हामीपूर्व ओखल ढुङ्गातिर जाने निधो गऱ्यौं' (पृ. ५५), 'छोरी खोज्ने क्रम सुरु (पृ. ६१), 'दाङ घटना हेर्ने मौका' (पृ. ७८), उषा मेरी बुहारी (पृ. १०६), सेतै लस्कर (पृ. १३१) ज्वाईंहरूको पनि लास- (पृ. १२७), अब अर्घाखाँचीतिर (ऐ. पृ. १२८), राजु त भेटियो तर... (पृ. १३१) आठ बजेदेखि भिडन्त (पृ. १४४), बिचरीको व्यथा (पृ. १७०) आदि रहेका छन् ।

## ९. उद्देश्य

आमाहरू उपन्यास सरकार र विद्रोही माओवादीको तत्कालीन (२०५२-०६३) समयमा भएका अराजक, उदण्ड, हिंसात्मक, क्रुर र पाशविक प्रवृतिलाई उजागर गर्दै मानव मूल्यको अस्तित्वको खोजी गर्नु रहेको देखिन्छ । साथै भ्रमण शैलीमा तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक परिस्थितिको चित्रण गर्दै समाजमा शान्तिपूर्ण जीवन यापन गर्न पाउनु पर्ने उद्देश्य लिएको पाइन्छ । विशेषगरी नारी समानता र न्यायको खोजी गर्न थप उद्देश्य लिएको पनि छ । समग्रमा भन्नु पर्दा प्रस्तुत उपन्यासले तत्कालीन युद्धमा नारीजाति अर्थात् आमाहरूले भोग्नु परेका पीडा, उत्पीडन, छटपटी आदि परिस्थितिलाई यथार्थ रूपमा प्रस्तुत गर्नु र सरकार र माओवादी बीचको द्वन्द्वको सर्वेक्षण गर्दै अभिलेखीकरण समेत गर्नु पनि प्रस्तुत उपन्यासको सन्देश रहेको पाइन्छ ।

## १०. भाषा

उपन्यासको भाषिक पक्षको अध्ययन गर्दा सामान्यतया नेपाली ग्रामीण जीवनमा बोलिने बोलचालको पुर्बेली पर्वते भाषिकाको प्रयोग गरेको पाइन्छ । किम्ला, डाँडाभाटा, जोरी, खुजल्नु, निस्लोट, बतास, सन्जे, दैलो, खाल्टो, बाबै, परान, सोत्तर, सुर्जे, बालखा, गुन्द्री, सर्बत, झम्टन, खोपा, बर्खा, दलान, थुम्को, जाउलो, दाप, चुलो, रैछ, जाम्, असर्जे, गरेपार, आँटी, डाइरेट, पुन्तुरा, जाद्रै, अर्जेन्छ, नारानघाट, भाइना, मजेरी, खानजोर्न, धार्जे, मोतो, मटर बाटो, जातिबिदी, बौसिनी, टोकेटुक्रा, चिथर्न, स्यानो, तिमोर, दिम्ला, आदि जस्ता ग्रामीण जनजिब्रोमा झुन्डिने भाषिक प्रयोगले उपन्यासको भाषा सरल र सम्प्रेषणीय बनेको देखिन्छ भने खानओर्न, मारामार आँसुआँसु बल्लबल्ल, माओवादीसाओवादी, जुगजमाना, जुल्क्याइँजुल्क्याइँ जस्ता द्वित्व शब्दले अझ उपन्यास रोचक बनेको छ । त्यसै गरी उपन्यासमा उखानको प्रयोग भएको देखिन्छ । केही उदाहरणहरू साँढेको जुदाइ, बाच्छाको मिचाइ (पृ. १०) काँचो पिँडालु, निल्नु न थुक्नु (पृ. १३), नखाउँ त गाईको दूध, खाऊँ त रौ परेको (पृ. ), नरहे बाँस नबजे बाँसुरी (पृ. १५) के खोज्छस् काना आँखो (ऐ. पृ. २०), नमरे बाँचे कालले साँचे (पृ. ५५), गासे गासे एकै बासे (पृ. ) बाघको मुख खाए पनि रातै नखाए पनि रातै (पृ. ६७), 'एउटा बिउ थियो त्यो पनि गयो' (पृ. ९२), 'राजाको काम कहिले जाला घाम' (पृ. ९८), 'उल्टे खुकुरी पल्टे धार पल्टे खुकुरी उल्टे धार' (पृ. १०५), 'टाढाको माया गहिरो हुन्छ' (पृ. १०६) 'भालुको रिस खन्युमाथि' (पृ. १२०), जता जाला जोगी भात खाला (पृ.१२०), 'नबिराउनु नडराउनु' (पृ. १३५) 'हग्नेलाई भन्दा देख्नेलाई लाज' (पृ. १३६), 'आकाशको फल आँखा तरी मर' (पृ. १५१), 'साँपलाई पालेपछि यस्तै हुन्छ' (पृ. १७९) आदि जस्ता उखानहरूको प्रयोगले उपन्यासलाई अझ रोचक बनाएको छ । भने डाइरेट, स्टोरी, सेन्लेस, डयुटी, सिबिर, सेल्टर, मिसयुज, पिस्तोल, कमान्डर, पुलिस, डिस्टप आदि बोलचालका विदेशी आगन्तुक शब्दको प्रयोगले उपन्यासलाई प्रभावकारी र पठनीय बनाउँदै उपन्यासलाई जीवन्तता प्रदान गरेको छ । समग्रमा भाषाशैली सरल-सहज छ ।

## ११. शीर्षकको सार्थकता

व्याकरणिक दृष्टिले प्रस्तुत आमाहरू एक पदीय बहु वचनान्त स्त्रीलिङ्गी नाम पद हो । प्रस्तुत शीर्षकले कृतिमा वर्णित विषयवस्तुलाई अर्थपूर्ण ढङ्गले समेटेको पाइन्छ । ठाउँठाउँमा आमाहरू शब्दको प्रयोग भएको छ । त्यसकारण उपन्यासले उठान गरेको विषयवस्तु नेपाली आमाहरूले माओवादी र सरकारी पक्षबाट भएका दमन, क्रूरता, हिंसा, बलात्कार, हत्या जस्ता विसङ्गतिपूर्ण क्रियाकलापलाई भन्डाफोर गर्दै नारी अस्मिता र बाँच्ने अधिकारको खोजीमा यायावरीय र देशाटनको भूमिकामा तुलसीमाया दाहाल र रुन्जती पाण्डे जस्ता 'आमाहरू'का रूपमा पात्रहरूले द्वन्द्वग्रस्त क्षेत्रको भ्रमण गरी तत्तत् स्थानको विवरण पता लगाउँदै पीडा, व्यथा र दयनीय अवस्था समेतको अनुभूति गर्दै हिड्ने गरेकोले औपन्यासिक कथ्यवस्तु र शीर्षकका बीच एकान्विति वा तादात्म्य कायम भएको हुँदा शीर्षक औचित्यपूर्ण र उपयुक्त ठहर्दछ ।

"जताबाट पनि पीडित हामीजस्ता सर्वसाधारण हुनु परेको छ । हामीले एउटा सन्तान जन्माएर हुर्काउन कति दुःख हुन्छ, उनीहरूले छिनभरमै सिद्याउँछन् । हामी जस्ता आमाहरू सबभन्दा पीडित छौं ।" (पृ. १८६) भन्ने वाक्यले पनि शीर्षकको मूल चुरोलाई समातेको हुनाले उपन्यासको शीर्षक सार्थकता प्रदान गरेको देखिन्छ । तसर्थ पनि शीर्षक सार्थक रहेको पाइन्छ । हुन त 'आमाहरू'को अभिधार्थ सन्तानवती, मातृवात्सल्यप्रेमी नारी भन्ने बोध हुन्छ भने उपन्यासमा लाक्षणिकार्थका रूपमा नेपाल जननी जन्मभूमिलाई सङ्केत गरेको पनि छ । जहाँ युद्धको विभिषिकामा जिउन बाध्य नेपालीहरूको मर्मस्पर्शी आवाजलाई उजागर गर्दै युद्ध र द्वन्द्वग्रस्त क्षेत्रमा भएका नेपालीहरूका छोरी, बुहारी, आमा, दिदी, बहिनीले सन्तानहीन भई, विधवा एकल नारीका रूपमा जीवन यापनको खोजीमा भौंतारिनु परेको परिस्थितिको यथार्थ चित्र उतार्न समेत सफल रहेको छ आमाहरू । तसर्थ उपन्यासको शीर्षक अत्यन्त उपयुक्त औचित्यपूर्ण, अर्थपूर्ण र सार्थक रहेको पुष्टि भएको छ ।

## १२. निष्कर्ष

मूलतः आमाहरू नेपाली राजनीतिक क्षेत्रमा तत्कालीन माओवादी र सरकार पक्षको द्वन्द्वात्मक परिस्थितिको आकलन तथा जनयुद्धको (२०५२-०६२) को वास्तविकतालाई विवरणात्मक रूपमा उपन्यासमा अभिव्यक्त गरिएको पाइन्छ । उपन्यास वास्तवमा सामाजिक यथार्थवादी, ऐतिहासिक धरातलमा उभिन सफल छ । घटना प्रधान भएर पनि विवरणात्मक र वर्णनात्मक रहेको प्रतीत हुन्छ । उपन्यासले सुरुदेखि अन्त्यसम्म नारी चरित्रद्वय तुलसी र रुन्जतीहरूको पीडा, व्यथा, हत्या, हिंसा, क्रुरताको अनुभूतिलाई व्यक्त गरेको छ । यी दुई आमाहरूको पीडा, व्यथा र आहत समग्र नेपाली आमाहरूको मर्म हो । द्वन्द्वकालमा हजारौं नेपाली चेलीहरूका आँसु र रगतले मुछिएको तीतो यथार्थतालाई उजागर गर्ने काम उपन्यासले गरेको छ । आमाहरूले द्वन्द्वग्रस्त क्षेत्रको भ्रमण गर्दा जनहित विपरीत माओवादी र सरकारी पक्षबाट भए गरेका क्रियाकलापहरूको र विभिन्न घटनाहरूको द्रष्टा, स्रोता र भोक्ता बनेर तत्कालीन अवस्थाको यथार्थ चित्र उतार्न सफलता प्राप्त गरेको हुनाले अन्ततः उपन्यासकारले पनि देशमा शान्तिपूर्वक बाँच्न पाउनु पर्ने नेपालीहरूको नैसर्गिक अधिकार खोसिएको भन्दै मानवअस्तित्व र मानवता गुमेकोप्रति चिन्ता प्रकट गरेको पाइन्छ ।

• • •

## सन्दर्भ सामग्री सूची


गुरागाई, कमल, २०६७, 'आमाहरू उपन्यासभित्र हेर्दा', *जुही*, पूर्णाङ्क ६३, पृ. ६६-६७) ।

जोशी, कुमारबहादुर, २०५४, *पाश्चात्य साहित्यका प्रमुख वाद*, तेस्रो संस्करण, ललितपुरः साझा प्रकाशन ।

पागल, उपेन्द्र, २०६७, 'आमाहरूभित्र चञ्चु प्रवेश गर्दा', *जुही*, पूर्णाङ्क ६३, पृ.९७-१०० ।

पोखरेल, डी.आर., २०६७, *समालोचनाको रूपरेखा*, चितवनः साहित्य सङ्गम ।

पौडेल, कविता, २०६६, *आमाहरू*, काठमाडौंः तन्नेरी प्रकाशन ।

... ..., २०४९, *काँडेघारीको यात्रा*, काठमाडौंः पसिना प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, २०५१, *नेपाली उपन्यास र उपन्यासकार*, तेस्रो संस्करण, ललितपुर: साझा प्रकाशन ।

भुसाल, गुणाकर, २०६१, *आधुनिक नेपाली आख्यान*, दोस्रो संस्करण, कीर्तिपुर: क्षितिज प्रकाशन ।

लामिछाने, कपिल, २०६७, 'युद्ध विभीषिकाको अभिलेखका रूपमा आमाहरू उपन्यास', *जुही*, पूर्णाङ्क ६३, ६३, पृ. ४८-५८ ।

श्रेष्ठ, दयाराम (सम्पा.), २०५७, *नेपाली कथा भाग- ४*, ललितपुर: साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम सम्भव र मोहनराज शर्मा, २०६४, *नेपाली साहित्यको संक्षिप्त इतिहास*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

* * *

मो. ९८४७०२३९८०
सिद्धार्थनगर- ३, रूपन्देही
email: dpn41@yahoo.com

## पुण्यप्रसाद खरेल

### काँडेघारीको यात्रा मेरो बुझाइ

*थेचम्बु- ३, ताप्लेजुङमा २००७ चैत्र २५ मा जन्मेका पुण्यप्रसाद खरेल लामो समयदेखि मेची नगर- १०, काँकरभिट्टा, झापामा बसोबास गर्दै आएका छन् । लामो समयसम्म विद्यालय शिक्षकका रूपमा कार्य गरी यतिखेर उनी सेवानिवृत्त जीवन यापन गरिरहेका छन् । खरेलका आधा दर्जनभन्दा बढी पुस्तकाकार कृति र दर्जनौं फुटकर लेख रचनाहरू प्रकाशित भएका छन् । यहाँ कविता पौडेलको काँडेघारीको यात्रालाई उनको आफ्नो कथामात्र नभएर नेपालका अधिकांश नारीहरूको पनि कथा भएको निष्कर्ष निकालिएको छ र यसलाई एउटा अत्यन्त उपयोगी र अद्वितीय कृतिका रूमा मूल्याङ्कन गरिएको छ ।*

काँडेघारीको यात्रा स्रष्टा कविता पौडेलको आफ्नै कथाको रूपमा आएको एउटा महत्त्वपूर्ण कृति हो । यो उहाँको आफ्नै कथामात्र नभएर नेपालका अधिकांश नारीहरूको पनि आफ्नै कथा हो । अझ हीनताबोध गरेर सदैव कुण्ठित भई बाँचेका धेरै महिलाहरूको निम्ति अप्ठेराहरूसँग जुध्न तथा कस्तै कठिनाइमा पनि साहस र लगनशील भएर अप्ठेरा पार गर्ने प्रेरणा दिने यो एउटा अत्यन्त उपयोगी र अद्वितीय कृति हो ।

सुखपूर्ण जीवनको जीजीविषा र दुःखैदुःखका पत्रहरूबीचको द्वन्द्वमा बाँचेकी कविता पौडेलको यो कृति साहसी भएर र कहिल्यै हतोत्साहित नभै बाँच्नका निमित्त गरिएको सङ्घर्षको आत्मवृत्तान्त नेपाली समाजलाई पस्किएको आजसम्मका कुनै उपन्यासहरूभन्दा कम महत्वको छैन । यस कृतिका स्रष्टाको जीवनमा आइपरेका क्रमबद्ध आपत्ति, अप्ठेरा, सङ्कट र दुःखलाई म चिनिया लेखक याङ मोको 'युवाहरूको गीत'की नायिका लिन ताओ चिङ्का दुःखहरूसँग तुलना गर्न पुगें । मैले पढेका पुस्तकका नायक-नायिकाहरूमध्ये सो पुस्तकको नायिकाका जीवनमा आइपरेका लामबद्ध दुःखहरू देखेर म अति दुखित भएको थिएँ । कृति टुङ्ग्याउँदा म दुब्लाएको थिएँ जस्तै लाग्छ मलाई ।

ठीक त्यस्तै प्रकारले काँडेघारीको यात्रा साँच्चै काँडेघारीकै यात्रा नै छ । लेखिका काँडेघारीबाट बाहिर निस्किन नितान्त रूपमा पञ्चायती व्यवस्था ढल्न जरुरी त छँदैथियो तथापि पञ्चायतको अवसानसँग उहाँको काँडेघारीको अन्त्य भएन । त्यस दुःखद यात्राले अन्त्य हुन अरू आधा दशक पर्खनु पऱ्यो । मलाई लाग्छ अब मात्र उहाँको खुट्टामा काँडाले चोट पुऱ्याउन पाउन छोडेको छ । अब मात्र उहाँका पैतालाले चप्पल प्राप्त गरेको छ । यति भैकन पनि पहिलेका काँडाका खिलहरूले उहाँलाई सुख अनुभूति गर्नबाट अवरोध गरिरहेका होलान् ।

काँडेघारीको यात्रा उच्चकोटिको उपन्यासको रूपमा लेखिएको छ । घटना र पात्रहरू सत्य भएकाले यसलाई ऐतिहासिक उपन्यास भन्न पाइन्छ या पाइन्न त्यो विवेचना हुँदै गर्ला, तर यो एउटा अमूल्य र उपयोगी बनेर निस्केको छ । यसले कविता पौडेललाई सार्वजनिक बनाएको छ । अब उहाँ बरिष्ठ प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितकी श्रीमती होइन कुशल लेखिका कविता पौडेल बन्नुभएको छ । प्रश्रितजीको कलमभन्दा छुट्टै विशेषता र त्यतिकै सरल, त्यतिकै हृदयग्राही बनेर आएको यो काँडेघारीको यात्रा स्रष्टा आफैं कविता पौडेलकै लागि पनि चुनौती बनेको छ । अब निस्कने उहाँका कृतिहरूले यस कृतिले प्राप्त गरेको उचाइ कायम गराउन सक्नुभयो भने कविता पौडेल एकाएक उदाएको जाज्वल्यमान साहित्यिक सूर्य ठहरिनु हुनेछ । यो पुस्तकको भाषा त साहित्यमा जस्तो हुनुपर्छ भनेर म अपेक्षा गर्थें त्यस्तै पाएर असाध्यै खुसी लागेको छ । कतिपय शब्दहरू पूर्वतिरका नेपाली भाषीहरूका निमित्त नयाँ छन् जस्तैः भट्ट, कड्कुँरो, थारो, झिलंगी, छापो काट्नु, अर्नी इत्यादि तथा केही शब्दहरू भने रूपमा बदलिएर आएका छन् जस्तै धुन्खुन् (हाम्रातिर धानधुन्), ठाईंले पाउँदैन (हाम्रातिर ठाँगेले छुँदैन), चौपारी (हाम्रातिर चौतारी), बर्मन्नी (हाम्रातिर ब्रह्माण्ड) इत्यादि । यति भैकन पनि बुझ्नमा कुनै कमी आउँदैन । ठाउँठाउँमा जनताले प्रयोग गर्ने उपयुक्त उखान टुक्काहरूको प्रयोग गर्दै लेखिएको यो कृति पढ्दा कहीं कतै पट्यारलाग्दो छैन वा बुझ्न कठिन छैन ।

मैले त काठमाडौंको गोङबु बसपार्कमा रात्री बसमा चढेपछि अपरान्ह चार बजे उघारेको यो पुस्तक त्यहीं बसभित्र पढ्दा-पढ्दै भोलिपल्ट बिहान दसबजे सप्तरीको कल्याणपुर पुग्दा अन्तिम पृष्ठ सिध्याएको थिएँ । बीचबीचमा त्रिशुली-नारायणीसँगै, राप्ती-बागमतीहरूसँगै, बाँके-कमलामाईसँगै म पनि पानीजस्तै बग्दैरहें । छेउमा बसेकी श्रीमतीलाई थाहै नदिईकन मैले धेरैचोटि आँखा पुछें । यस उपन्यासले प्रश्रितजीको परिवार, कविता दिदीको परिवार मेरो आफ्नै जस्तो बनायो । कविता दिदीलाई म असाध्य कठोर र दुःखद जीवन बाँचेकी मेरी जेठी दिदीमा देख्न थालें, अर्थात् उहाँ मेरी सहोदर दिदीमा रूपान्तरित हुनुभयो । मलाई बिच्छुकी भयो यसकारणले कि यसपाली उहाँलाई भेट्नुपूर्व यो पुस्तक आद्योपान्त पढिसक्न पाएको थिएँ भने त्यहीं मसँग भेट भएका कान्छो ज्वाइँ नवीन र छोरी रचना, ठूलो ज्वाइँ घनश्याम र छोरी शैलु तथा छोरा विजयजीहरूका बारेमा म सोध-पुछ गर्ने थिएँ । तर मेरो यो बिच्छुकी अर्को भेटसम्मको लागि काँचै पल्टियो ।

यस पुस्तककी स्रष्टा कविताले हलो जोत्नु पर्ने बाध्यात्मक स्थितिको चित्रण, दमाईको नानी मर्दा त्यस्को लास उठाउन मदत गरेको हृदयस्पर्शी दृश्य, स्वयम् स्रष्टाउपर उहाँकै अस्मितामाथि पटकपटक आइपरेका अनेक सङ्कटको साहसपूर्ण प्रतिरोधको वर्णन, थरौलीमा बस्ताका दिनहरू, छोरीहरूलाई तिज खुवाउन सामान किनेर आउँदा बाढी आएर खोलापारि अँध्यारामा आफू अल्झिएको र आफूलाई खोज्दै वारिपट्टि किनारमा लालटिन बोकेर आइपुगेका छोरीहरूले "आमा" आमा ... भनी कराउँदा र आफूले जवाफ फर्काएको नसुनिने बाध्यताको अवस्था कति दर्दनाक वर्णन छन् ? काँडेघारीको यात्रा लेखिकाको साँच्चैको जीवनको काँडेघारीको यात्रा वर्णन नै हो । त्यसकारण पनि यो जीवनको उपन्यास भएको छ ।

यो पुस्तक नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास सम्बन्धी पनि एउटा सान्दर्भिक पुस्तक भएको छ । प्रश्रितजी जो नेपाली कम्युनिस्ट आन्दोलनमा एउटा महत्त्वपूर्ण चरित्रको रूपमा हुनुहुन्छ, उहाँको वरिपरि घुमेको यो पुस्तक नेपाली कम्युनिस्टहरूको पनि एक सान्दर्भिक र महत्त्वपूर्ण कृति त अवश्य हुँदै हो । यति भैकन पनि यस संस्मरणात्मक पुस्तकमा केही सीमित अनुच्छेद नपरेका भए हुन्थ्यो जस्तो मैले ठानें । ती अनुच्छेदले उहाँको संस्मरणको महत्त्वलाई बढाउन सकेका मैले देखिन । ती अनुच्छेदहरू हुन् पेज नं १५४को तेस्रो अनुच्छेद र पेज नं १६० को पनि तेस्रो अनुच्छेद (थाना र जेलमा थुनिने मेरो पालो देखि मुनिको पहिलो अनुच्छेद) । जे होस् पहिलैपल्ट यस्तो दुईसय पृष्ठको जीवन्त उपन्यास लेखेर हामी पाठकमाझ अर्पण गर्नुहुने दिदी कविता पौडेल नेपाली जनता, अझ विशेषगरी नेपाली पीडित महिला वर्गको निमित्त ठूलो प्रशंसाको पात्र हुनुहुन्छ । उहाँका अन्य यस्तै गहकिला कृतिहरू पढ्न पाइयोस् । उहाँको बीसासय आयु र सुस्वास्थ्यको कामना सहित ।

• • •

जनसंसद, २०६२।७।१९
फोन नं. - ०२३ ५६२४२७
Email : punyaprasadkharel@gmail.com a

## भागीरथी श्रेष्ठ

### काँडेघारीको यात्रा: एउटा साहसको यात्रा

*भागीरथी श्रेष्ठ विख्यात नारी स्रष्टा हुन् । गुल्मीको रिडी बजारमा जन्मेकी श्रेष्ठ गुल्मीबाट भैरहवा हुँदै धेरै पहिल्यैदेखि काठमाडौंमा स्थिर भएकी छन् । कविता, गीत, नाटक र उपन्यास लेखेर ख्याति कमाएपछि खासगरी २०३७ पछि यिनी कथा लेखनमा केन्द्रित छन् । यिनी कथामा नारीसुलभ मानसिकतालाई सूक्ष्म रूपमा उतार्न सिपालु देखिन्छन् । यस लेखमा कविता पौडेलको काँडेघारीको यात्रालाई गाउँका र सुखमा बसेका सहरिया स्वास्नीमान्छेहरूले पढ्नु पर्ने, सम्झनु पर्ने र बुझ्नु पर्ने अनिवार्य किताब भन्दै यो किताब प्रत्येक शिक्षित स्वास्नीमान्छेको दराजमा हुनु पर्छ, किनभने उनले भोगेका अनगन्ती दु:खकष्ट, साहस, निर्भयता, डरलाग्दा अभाव र विपन्नताका क्षणहरूसँग साक्षात्कार हुन्छ भनेकी छन् ।*

अर्घाखाँची जिल्लाको खिदिम गाउँकी एउटी युवतीको अकल्पनीय साहसलाई सलाम । जीवनको अथाहा पीडा र दु:खको शृङ्खलामा नटुङ्गिईकन एकपछि अर्को शृङ्खला जोडिँदै जान सक्षम कविता पौडेललाई अभिवादन ।

कठोर सङ्घर्ष र यातनाका अनेकौं खाल्डामा जाकिँदै र निस्कदै सिर्जनाको यो यात्रामा आउन सक्ने खुबी र धैर्यतालाई बधाई । साधारण अक्षर पढेर आफ्नै मेहनत, स्वाध्ययन र आफ्नै अनुभवले साहित्यको फाँटमा लेखिकाका रूपमा सम्मान पाएको कविता भाउजूलाई धन्यावाद र शुभकामना ।

काँडेघारीको यात्रा एउटी सरल दु:खी, शोषित, पीडित गाउँकी स्वास्नीमान्छेको जीवन्त दस्तावेज हो, जुन किताबमा एउटा जीवनले भोगेका आश्चर्यजनक दु:खका पहाड, गल्छी, जङ्गल, नदी, खहरे, भूकम्प, आँधीहुरी सबै छन् । गाउँमा त्यस्ता स्वास्नीमान्छेहरू पनि हुन्छन् जो दु:खको कहाली लाग्दो लामो पहाड चढ्न नसकेर आत्महत्याको कालो बाटोतिर लाग्छन् । कोही सहनशीलता र अन्यायको हिलोमा हिलाम्ये भएर निरीह जीवन बिताउँछन् । कोही जीवनको दु:ख र पीडाको सागरमा साहस, आत्मविश्वास र जीवनप्रतिको आस्था र भरोसाका सामग्रीहरू बोकेर जीवनको सागर पार गर्न सक्षम छन् । कविता पौडेल काँडेघारीको यात्रामा अत्यन्त निर्भीक साहसी र शारीरिक जोशले भरिपूर्ण देखिन्छिन् । उनको निडरता नै उनको सफलताको महत्त्वपूर्ण पक्ष हो ।

किताब पढ्दापढ्दै लाग्यो प्रत्येक दु:खपूर्ण घटनादुर्घटनाका तातो फलामले उनीभित्रको साहसलाई आँट आई अझै सुदृढ र खँदिलो बनाएको अनुभव हुन्छ । उनी आफूलाई खार्दै लैजान्छिन् । दु:खमा नयाँ बाटाहरू आफैं निर्माण गर्छिन् । सारा दु:खका

जङ्गललाई फाँडिदिन्छिन् । उनी बस्ने घर मात्र होइन आफूभित्र साहसको घर पनि सृष्टि गर्छिन् । खेतमा हलो जोतेर परम्परालाई तोड्छिन् । सबैको हप्की, खप्की र अपमान खाएर पनि उनी डग्दिनन् । लोग्ने मान्छेको कामुकतालाई पनि उनले आफ्नो साहसको खुकुरीले छ्यालब्याल पारिदिन्छिन् ।

आफ्नो लोग्ने मोदनाथ प्रश्रित, छोरा विजय, छोरीहरू शैलु र रचनाका लागि काँडे यात्रा गर्न थालिन् । उजाड जङ्गललाई पनि आवाद गर्छिन् । बाँझो जग्गामा पनि अन्न फलाउँछिन् ।

उनी आफैं वैद्य, सिकर्मी, डकर्मी, नकर्मी सबै बन्न सक्छिन् । हुन त कतिपय निराश र दिक्क भएर जीवनको मूल बाटोबाट किनारातिर नलागेकी होइनन्, तर अन्त्यमा नदीको भेलले पनि उनलाई जीवनदान दियो ।

यो किताब एकैदिन पढेर सिध्याएँ । पढेपछि छोड्नै मन लागेन- एउटा कष्टको आकर्षणले घेरिर-यो, सोचें अचम्म मान्दै कविता पौडेलले आफ्नो जीवनमा सोच्चै नसकिने पीडा र दुःखका भँगालाहरू पार गरेकी रहिछिन् ।

अत्यन्त स्वभिमानी, मेहनती, लगनशील, धैर्यवान्, आँटिली र केही गरूँ भन्ने भावना भएकी आफ्नो अस्तित्व र पहिचानप्रति सजग कविता पौडेलको यो किताबमा उनका अनुभवहरू अत्यन्त मर्मस्पर्शी, हृदयविदारक, पीडादायी र प्रेरणादायी छन् ।

यो किताब पढ्दै जाँदा एक ठाउँमा मेरो गला अवरुद्ध भयो । शक्तिको निस्तब्धतामा कतिपय हिक्का नै छुट्यो । यो उनको लेखनको सफलता हो ।

आफ्नी आमाप्रतिको उनको प्रेम र भावनात्मक सम्बन्धले मेरो मनलाई साह्रै रुवायो । आमाप्रतिको उनको समर्पण, माया र सम्बन्ध साँच्चै नै मनमोहक, लोभलाग्दो र कारुणिक छ । मात्र दस वर्षको बिहे भएर पनि उनले सानो अवस्थामै जीवनको दुःखसुख र मर्म बुझिन् । आमा र बुबाको दुःख बुझिन् ।

सासूको तीतो मीठो व्यवहार पनि अनुभव गरिन् । सामन्ती, जाली, फटाहा र शोषकहरूको फटाइ जालझेलसँग राम्ररी परिचित हुन सकिन् ।

आर्थिक सङ्कटका क्षणहरू भोग्नु उनको नियति नै थियो । क्षधिकांश उनको जीवन अर्थाभाव नै थियो । भाग्दासम्म भोगिन् जीवनका विपन्ताहरू ।

भैरहवाको पोखरा भिन्डवामा बस्दा उनको दुःखको सीमा नै थिएन । एउटा किताबको भरमा हेमोप्याथिक डाक्टर भएर तीन सन्तानलाई पालिन् ।

त्यस्तो दुःखमा पनि श्रीमान् लागेको राजनीतिमा आफू पनि त्यही बाटोमा समर्पित भएर लागिन् । अनेकौं हन्डर खाँदै अन्त्यमा अखिल नेपाल महिला सङ्घ रूपन्देही जिल्लाको अध्यक्ष भएर आफ्नो दुःखको इतिहासलाई सार्थक गर्न सक्षम भएको उनकै जीवनकथा पढेपछि ज्ञात हुन्छ । राजनीति र जुलसमा भाग लिँदा तत्कालीन पञ्चायती शासकले उनलाई पक्रेर कठोर यातना पनि दिएको हुन्छ । आफ्ना राजनीतिज्ञ र साहित्यकार पति मोदनाथ प्रश्रितकै बाटोमा अग्रसर कविता पौडेल राजनीतिक क्षेत्रमा पनि सचेत देखिन्छिन् । वास्तवमा उनको जीवनकथाका अधिकांश बाटाहरू काँडेघारी जस्ता छन् ।

जीवनको प्रत्येक मोडमा र प्रत्येक पलमा उम्रिने काँडेघारीको यात्रा पार गर्न उनले जीवनमा केकस्तो कर्म गर्नुपऱ्यो, के के आपदविपद सहनुपऱ्यो, कुन कुन

बाटोमा पछारिनुपर्‍यो, कुन कुन बाटोमा उठ्न सक्यो यी यावत् घटनाहरू यो किताबामा रोमाञ्चपूर्ण तरिकाले वर्णन गरिएको छ । इमानदार र सत्यताको गन्ध जहाँतहींबाट आएकाले यो किताबले आकर्षित गर्न सफल छ पाठकहरूलाई ।

उत्कृष्ट शैलीमा यो किताब नलेखिए पनि आफ्नो जीवनको सत्य घटनाहरू आफ्नै अनुभव र अनुभूतिको कलमले लेखिएको हुँदा निकै सरल, सहज, स्वाभाविक र मिठासपूर्ण लाग्छ । उनको साहसी अनुभवबाट हामीलाई दुःखमा तत्कालै उपायको खोजी गर्ने शैली र आँट भरिदिन्छ ।

मलाई लाग्छ, यो किताब गाउँका र सुखमा बसेका सहरिया स्वास्नीमान्छेहरूले पढ्नु पर्ने, सम्झनु पर्ने र बुझ्नु पर्ने अनिवार्य किताब हो । मलाई लाग्छ, यो किताब प्रत्येक शिक्षित स्वास्नीमान्छेको दराजमा हुनु पर्छ, किनभने उनले भोगेका अनगन्ती दुःखकष्ट, साहस, निर्भयता, डरलाग्दा अभाव र विपन्नताका क्षणहरूसँग साक्षात्कार हुन्छ । कविता पौडेललाई धेरैधेरै धन्यवाद र बधाई । उनीबाट अरू कृतिहरूको पनि अपेक्षा गरेकी छु ।

• • •

*अन्नपूर्ण पोस्ट* २०६० कार्तिक १५

## मञ्जु थापा

अरु पनि लेखिनुपर्छ

*गुल्मीमा जन्मेकी मञ्जु थापा एउटी सशक्त नारी लेखिका हुन् । महिला आन्दोलनलाई पत्रकारिता र साहित्य दुवै मोर्चाबाट उनले बल पुऱ्याएकी छन् । यहाँ कविता पौडेलको काँडेघारीको यात्रा को खुलेर प्रशंसा गर्दै नारी जागृतिको अभिवृद्धिका लागि अन्य महिलाहरूले पनि आफ्ना जीवनका कथाहरू लेख्नु पर्ने आवश्यकतामा जोड दिएकी छन् ।*

काँडेघारीको यात्रा नामको एउटा किताब केही समयअघि प्रकाशित भएको थियो । कविता पौडेलले लेख्नुभएको सो किताब उहाँका जीवन भोगाइ र अनुभवहरूको सँगालो रहेछ । एउटी निरक्षर महिलाले जीवन बाँच्ने क्रममा आफैँ पढ्न लेख्न सिक्दै, भोग्दै, सङ्घर्ष गर्दै, छोराछोरी हुर्काउँदै र राजनीतिक सक्रियता समेत जोगाउँदै एउटा निश्चित सार्वजनिक हैसियत बनाउन कसरी सफल भइन् भन्ने तथ्यहरू सँगेटेको खुला दस्तावेज हो उक्त पुस्तक । कविताको त्यसै पुस्तकमा उल्लिखित तथ्यहरू त लेखकका आफ्नै भोगाइहरू भए, त्यसमा कसैको प्रश्न भएन तर पनि प्रस्तुतिको कलात्मकता वा शैली जस्ता अन्य पक्षहरूमा धेरैका धेरै मत हुन सक्छन् । तर पनि त्यस पुस्तकको महत्त्व उच्च साहित्यिक अभिव्यक्ति वा कलात्मक शैलीभन्दा पनि जीवन भोगाइका कटु यथार्थ तथा त्यसको सामना गर्दा लेखकले गरेका सङ्घर्षका पक्षहरू लिपिबद्ध हुनु नै हो । कम्तीमा मेरा लागि त एउटी सङ्घर्षशील महिलाका जीवनका आरोह-अवरोहहरू किताब आकारमा प्रकाशित भएर आउनु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो ।

यो किताब पढ्ने जो कसैलाई पनि सजिलै थाहा हुन्छ कि कविता पौडेल नाम गरेकी महिलाले जीवनमा कति धेरै हन्डर, दुःख र पीडाहरू सहेर आफूलाई अहिले नेकपा एमालेको जनवर्गीय सङ्गठन अखिल नेपाल महिला सङ्घको नेताको रूपमा उभ्याउन सफल भएकी रहिछन् । साथै प्रसिद्ध बामपन्थी साहित्यकार मोदनाथ प्रश्रितललाई अहिलेको उचाइमा पुऱ्याउनमा पनि उनको कति ठूलो भूमिका रहेछ । त्यसो त कतिपयलाई पुस्तक पढ्दा यो पनि लाग्न सक्छ, यसरी दुःख पीडा सहेर पनि जीवनमा हिम्मत नहार्ने कविता जस्ता महिलाहरू अरू पनि धेरै छन्, त्यसैले त्यस्ता कुराहरू लेखिनु कति ठूलो कुरा हो र ? तर मूल कुरा यहीनेर छ कि कविता पौडेलका जीवन भोगाइहरू लेखिनु तथा छापिनु नै ठूलो पक्ष हो ।

हामी बारम्बार भन्ने गर्छौं कि नेपाली महिलाका अथाह समस्याहरू छन्, उनीहरूले धेरै पीडा भोगेका छन्, उनीहरूको अवस्था तथ्याङ्कगत रूपमा हेर्दा यस्तो छ आदि आदि । यी सामान्यीकरण गरिएका सबै तथ्यहरूले महिलाहरूको अवस्था र

जीवनयात्रा जटिल छ भन्ने त स्पष्ट गरेका छन् । तर त्यो सामान्य अवस्थाभित्र पनि निजी तहमा महिलाहरूले एकएक रूपमा कस्तो जीवन बाँचेका छन्, कस्तो पीडा भोगेका छन्, दु:ख र पीडाबाट भागेका छन् कि त्यसलाई हिम्मत गरेर जीवनको नौका पार गरेका छन् जस्ता कुराहरू त्यति बाहिर आउन सकिरहेका छैनन् । महिलाहरूले अझै पनि आफ्ना अनुभव र कथाहरू विस्तृत रूपमा सार्वजनिक गर्न सकिरहेका छैनन् । यस्तो स्थिति रहिरँहदासम्म महिलाका वास्तविक भोगाइहरू इतिहासमा लेखिन सक्दैनन् । न त मानिस अजमबरी हुन्छ न त समय एक ठाउँमा रोकिन्छ । त्यसैले मानिसका जीवन सङ्घर्ष र साहसका कथाहरू जबसम्म लिपिबद्ध हुँदैनन्, ती क्रमश: विस्मृतिको गर्भमा हराउँदै जान्छन् । इतिहास त्यसैको बन्छ र कोरिन्छ जसको कथा कुनै न कुनै रूपमा अभिलेखहरूमा रहन्छ । अहिलेसम्मको इतिहासमा महिलाका कुराहरू कम चर्चामा आउनुको कारण पनि उनीहरूका सम्बन्धमा कम लेखिएको र कम अभिलेख राखिएकाले नै हो । जब विभिन्न कालखण्डका महिलाहरूले आफ्ना बारेमा लेख्दैनन् र बोल्दैनन्, उनीहरूको जीवनका वास्तविक पक्षहरूका सम्बन्धमा पछिल्लो पुस्ताले कसरी थाहा पाउने ? जस्तो हामीभन्दा तीन/चार पुस्ताअघि महिलाहरूको जीवनशैली र भोगाइबारे तथ्यगत कुराहरू थाहा पाउने प्रशस्त सामग्रीहरू हामीसँग छैनन् । यिनै कारणहरूले गर्दा अन्तर्राष्ट्रिय नारीवादीहरू पनि पटकपटक महिलाहरूलाई आफ्ना कथाहरू भन र लेख भनेर आह्वान गर्ने गर्छन् । यस्तो अवस्थामा कविता पौडेलका सङ्घर्षशील अनुभवहरू उहाँकै भाषा र शैलीमा पुस्तक बनेर आउनु अत्यन्त सकारात्मक पक्ष हो ।

मानिसका यथार्थ जीवनकथाहरूले अन्य मानिसलाई जीवनको सत्य पहिल्याउन, त्यो समयको समाज बुझ्न, सङ्घर्षशील कुराहरूबाट दु:खमा धैर्य लिन र अगाडि बढ्न प्रेरणा दिन्छन् । एउटा निश्चित समयमा नाम चलेका वा प्रसिद्धि कमाएका व्यक्तिहरूको जीवनी (बायोग्राफी) लेखिने कारण पनि उनीहरूबाट अरूले प्रेरणा लिन सकून् भन्ने नै हो । सामाजिक र राष्ट्रिय हैसियत बनाएका यस्ता व्यक्तिहरूमध्ये कतिले आफैं आफ्नो जविनका अनुभवहरू लेख्छन् भने कतिपय आफैं नलेख्नेहरूका बारेमा अरूले पनि लेखिदिने गर्छन् । तर यसरी नाम चलेका भनेर जीवनी लेखिन पुगेका नेपाली महिलाहरूलको सङ्ख्या पनि अत्यन्त थोरै छ । तीमध्ये रेवन्तकुमारी आचार्यका (टंकप्रसाद आचार्यको समेत संयुक्त) जीवनका झाँकीहरू देखाउने एउटा पुस्तक एक जना विदेशीले लेखेका छन् भने मंगलादेवी सिंहले आफैं आफ्नो अटोबायग्राफी लेख्नुभएको छ । साहित्यकार पारिजातले त आफ्ना जीवनकथा बताउनुभएको छ र साथै अरूले पनि उहाँको जीवनी लेखेका छन् । दुर्गा पोखरेलले पनि एउटा निश्चित अवधिसम्मको आफ्नो जीवनयात्रा झल्काउने पुस्तक लेखेको पाइन्छ । केही समयअघि मात्र मेची आमाका नामले चिनिने दिलकुमारी श्रेष्ठ र पञ्चायतकालीन नेता सरस्वती राईका सम्बन्धमा अन्य चिनारु तथा आफन्तहरूले लेखेका लेखहरूको सँगालो अलग-अलग दुई पुस्तक प्रकाशित भएका छन् । यी केही नाम चलेका नेपाली महिलाहरूका जीवनका सम्बन्धमा लेखिएका केही पुस्तकका उदाहरणहरू मात्र हुन् । यस्ता पुस्तकहरू थप अरू केही हुन सक्छन् तापनि प्रशस्त सङ्ख्यामा लेख्नु र लेखिनु पर्ने नेपाली महिलाहरू पनि निकै धेरै नै छन् ।

माथि उल्लेख गरिएभन्दा भिन्न सामान्य हैसियत भएका तर अद्वितीय र अकल्पनीय जीवन अनुभवहरू सँगालेका नेपाली महिलाहरू अनगन्ती छन्, जसका

जीवनका भोगाइहरू लेख्नु वा अभिलेखहरूमा राख्नु पर्छ भनेर सायदै सोचिएको छ । सन् १९९५ मा इभा किप नाम भएकी एक जना विदेशी लेखकले बेन्डिङ ब्याम्बू: चेन्जिङ विङ्स शीर्षकमा विभिन्न जनजातिका चौधजना सामान्य नेपाली महिलाका जीवन कथाहरू अङ्ग्रेजी भाषामा लेखेकी थिइन् र त्यसलाई भारतको बुक फेथ भन्ने प्रकाशनले छापेको थियो । ती महिलाहरूका जीवनका सुख-दुःख र आरोह-अवरोहरू समेटिएको त्यो किताब त्यतिखेर राम्रै चर्चामा आएको थियो र त्यसका सम्बन्धमा केही गम्भीर समीक्षाहरू पनि पत्रपत्रिकामा प्रकाशित भएका थिए । त्यस किताबको उद्देश्य पनि सामान्य महिलाहरूको जीवनको यथार्थलाई सार्वजनिक रूपमा उजागार गर्नु थियो । त्यसैगरी करिब तीन वर्षअघि अस्मिता मासिकले एक जना सङ्घर्षशील सामान्य महिला गुहेश्वरी दलीका विषयमा आवरण लेख प्रकाशित गरेको थियो । जीवनमा धेरै-धेरै हन्डर र ठक्कर खाएर पनि नथाकेकी ती महिला (हाल वृद्धा) का सङ्घर्षका कथाहरू कथाहरू पढेपछि धेरै पाठकहरूले आफूले कथाहरू वास्तवमै उनको औपचारिक अनौपचारिक रूपमा व्यक्त गरेका थिए ।

यसै सन्दर्भमा टेवा नामक एक सामाजिक संस्थाले विगत केही वर्षदेखि "महिलाहरूले सम्झना र कदरमा" नामको आवधिक प्रकाशन गर्दै आएको छ । त्यस प्रकाशनमा आफ्नो नजिकको महिलाका सम्बन्धमा उनका आफन्त वा साथीहरूले परिचय र अन्य कुराहरू लेखेर तस्बिरसहित छाप्ने गर्छन् । यस प्रकाशनले अत्यन्त छोटो रूपमा भए पनि आम महिलाको परिचयलाई लिपिबद्ध गर्ने कामको थालनी गरेको छ । २०५६ सालमा स्पेस नामक एक संस्थाले होन्डुरसकी महिलाको हृदयको आवाज शीर्षकको एक अनुवाद पुस्तक छापेको थियो, जसमा होन्डुरसकी एक सामान्य किसान महिला कसरी किसान आन्दोलनको नेता बन्न पुगिन् भनेर उनले गरेको सङ्घर्षका कथाहरू समेटिएका छन् । त्यो किताब छाप्नुको त्यस संस्थाको उद्देश्य उनको जीवनकथाबाट नेपाली पाठकहरूले प्रेरणा र हौसला लिन सकून् भन्ने नै थियो, तर वास्तवमा नेपालभित्र नै त्यस्ता अनगन्ती महिलाहरू होलान्, जसको जीवनका पत्रपत्रहरू केलाउन र नियाल्न सकियो भने त्यहाँभित्रै प्रेरणाका अजस्र स्रोतहरू छन् । तर कुरा कतिमात्र हो भने ती लुकेका धैर्य, सहनशीलता, सङ्घर्ष र प्रेरणाका कथाहरू खोजिनु र लिपिबद्ध भएर आउनुपर्‍यो ।

यसरी लेखिनु र छापिनुको यही महत्त्वभित्र माथि उल्लिखित काँडेघारीको यात्राले एउटा उल्लेखनीय कदम थपेको छ । आफूभित्र अनगिन्ती अनुभवहरू सँगालेर पनि त्यसलाई सार्वजनिक गर्न महिलाहरूलाई आफ्ना बारेमा भन र बोल भनेर यस पुस्तकले हुटहुटी जगाउन सक्छ । पुस्तक भनेको केबल उच्च साहित्यिक अभिव्यक्ति र कलात्मक शैलीले नै भरिपूर्ण हुनु पर्छ भन्ने छैन । आफ्नो जीवनका गहकिला भोगाइहरूलाई सरसरती लेख्दा पनि उत्तम कृतिहरू जन्माउन सकिन्छ र त्यो समाज, मुलुक तथा भावी पुस्ताका लागि सुन्दर उपहार हुन सक्छ । महिलाहरूलाई आह्वान गर्न मन लाग्छ, आफ्ना बारेमा जस्तो जान्नुहुन्छ त्यस्तै लेख्नुहोस्, बोल्नुहोस् र आफैं लेख्न नसक्नेहरूको कथा पनि लेख्न थाल्नुहोस् किनकि इतिहास बनाउन अरू पनि धेरै धेरै लेखिनु पर्छ काँडेघारीको यात्राहरू ।

* * *

*कान्तिपुर २०५९ माघ ६*

## मुक्तिनाथ शर्मा

### हलो जोत्ने नारीको काँडेघारीको यात्रा

*मुक्तिनाथ शर्माको 'हलो जोत्ने नारीको काँडेघारीको यात्रा' शीर्षकको प्रस्तुत लेखमा कविता पौडेलको काँडेघारीको यात्रा उनको आत्मवृत्तान्त हो भन्दै यसबाट सम्पूर्ण सङ्घर्षशील नेपाली नारीले शिक्षा लिन सक्ने बताएका छन् ।*

सामान्य अर्थमा यात्रा भन्नाले एक ठाउँबाट अर्को ठाउँमा जाने कार्यलाई जनाउँछ । यद्यपि यात्रा शब्दको शाब्दिक अर्थ भने ज्यादै व्यापक रहेको छ । यात्रालाई जीवनयात्राको रूपमा पनि लिने गरिन्छ । जीवनलाई नै यात्राको रूपमा लिनेहरूले यसलाई आफ्नै ढङ्गले स्पष्ट पारेका छन् । जीवनको यात्रामा सुख-दुःख, उकाली-ओराली, आँसु-हाँसोको हिँडाइ रहेको हुन्छ । बाल्यावस्थाबाट प्रौढावस्था हुँदै वृद्धावस्थामा पुऱ्याउँछ । .... आत्मवृत्तान्त वा जीवनवृत्तान्तको संज्ञा दिने चलन पनि छ । जे होस् जीवन वास्तवमा यात्रा नै हो । एक ठाउँबाट अर्को ठाउँसम्म पुग्ने यात्रा भने यात्रुको बाध्यता वा रहरले समेत हुन्छ । यो यात्रा स्थानसँग सम्बन्ध राख्दछ र निश्चित समयको पनि हुन्छ । अहिलेको संसारमा यात्रा भन्नासाथ यो दोस्रो खालको यात्रालाई सम्झन्छन् मान्छेहरू । तर वास्तवमा यहाँ भनिएको दुवै खाले यात्रा यात्रा हुन् र एउटा यात्रा हो र अर्को जीवनयात्रा । जीवनयात्रा भन्नाले व्यक्तिको जन्मदेखि मृत्युपर्यन्तको समष्टिलाई जनाउँछ भने अर्को यात्रा भन्नाले एक स्थानबाट सुरु भई अर्को कुनै निश्चित स्थानमा गएर टुङ्गिनेलाई जनाउँछ । वास्तवमा यी दुवै खालका यात्राहरू समाजको लागि कुनै न कुनै रूपमा महत्त्वपूर्ण हुन्छन् । त्यसैले यात्राको विवरणलाई समेटेर पुस्तक नै तयार गर्ने गरिन्छ । यही मेसोमा आफ्नो जीवनयात्रालाई पुस्तकको रूप दिई एक विदुषीको रूपमा देखापर्नु भएको छ साहित्यकार श्रीमती कविता पौडेल । कविता पौडेललाई अब नेपालीहरू प्रायः जसोले चिन्दछन् । कविता पौडेल एउटी साहसी र समाजसेवी महिला हुनुहुन्छ । साँच्चै नै भन्ने हो भने अन्याय, अत्याचार, शोषण र सामाजिक अन्धविश्वासका विरुद्ध सशक्त आवाज उठाउँदै आएकी महिला नेतृत्वको नाम हो कविता पौडेल । त्यतिमात्र यो कलम चित्त बुझाउन सक्दैन । उहाँ त नेपालका वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितकी धर्मपत्नी हुनुहुन्छ । प्रस्तुत सन्दर्भमा यिनै दम्पत्तिको यात्रा वर्णन केन्द्रित छ ।

प्रस्तुत पुस्तक काँडेघारीको यात्रामा कविता पौडेल र मोदनाथ प्रश्रितको जीवनयात्रामा भएका संस्मरण समावेश गरिएको छ । यो यात्राभित्र माथि वर्णन गर्न खोजिएका दुवै किसिमका यात्रासंस्मरणहरू रहेका छन् । तसर्थ यो यात्रा नेपाली साहित्यमा नौलो रूपमा रहेको छ भन्दा सायद अनुपयुक्त हुँदैन ।

मोदनाथ प्रश्रितको बाल्यकालको नाउँ हो गौरीशङ्कर पौडेल । कविताजीले बाल्यकालमा चिन्दाको नाउँ यही हो र हर्राबोटे दाइ पनि उहाँकै नाम हो । उहाँ सानैदेखि पढ्न लेख्नमा खप्पिस हुनुहुन्थ्यो । चित्र बनाउन उस्तै खप्पिस । उहाँले उच्च शिक्षा प्राप्त गर्नुभयो, महान महाकाव्य जस्ता उत्कृष्ट काव्यको रचना गर्नुभयो, नेपाली कम्युनिस्ट आन्दोदलनमा लागेर जेलनेल सहनुभयो । गरिब परिवारमा जन्म भएको भए पनि आदर्श र परिश्रमशील जीवन बिताउनुभयो । हुँदा हुँदै उहाँ नेपालका वरिष्ठ साहित्यकार हुनुभयो । नेपाल कम्युनिस्ट पार्टी एमालेको सरकार हुँदा शिक्षा मन्त्री पनि हुनुभयो । उहाँ अहिले पनि परिश्रम र सादा जीवनमा विश्वास राख्नुहुन्छ ।

कविता पौडेल उहाँकी धर्मपत्नीको नाम हो । कविता प्रश्रित र परिवारजनको जीवन वृतान्त हो काँडेघारीको यात्रा । यो दम्पतिले आफ्ना जीवनमा कस्ता कस्ता सङ्घर्ष गर्नु पर्‍यो, कसरी आफ्ना व्यक्तिगत ... सुखसुविधा नभनी जनता र सिद्धान्तका निम्ति आफूलाई समर्पित गर्नुभयो आदि इत्यादि कुराको खुलस्ती यो पुस्तकमा छ । फेरि अर्को के पनि छ भने कुनै वैचारिक आस्थामा प्रतिबद्ध महामानवको यात्रा सर्वथा जोखिमपूर्ण र पीडादायी पनि हुन सक्छ । हो, यो जोडीले पनि गर्‍यो त्यो यात्रा । पति पत्नीमा मात्र सीमित भएन यो यात्रा, छोराछोरीले समेत भोगे काँडेघारीको यात्रा । जे भए पनि यी यात्रीहरूले हार खाएनन्, निरन्तर लागिरहे । काँडेघारीको यात्रा यिनीहरूकै यात्राको टिपनटापन हो ।

काँडेघारीको यात्रा १८२ पृष्ठको छ । यसमा लेखिकाबाट 'प्रेम विवाह कि झगडा विवाह'बाट सुरु गरी अन्तिम अनुरोधसम्म पुऱ्याइएको छ । लेखिएकाको लेखाइमा कुनै बनावटी नक्कलीपना वा कृत्रिमता छ जस्तो लाग्दैन । भोगेका राम्रा नराम्रा सबै खाले कुरा सर्लक्क लेखिए जस्तो लाग्दछ । पढ्दै जाँदा दृश्य नै प्रत्यक्ष देखिएको जस्तै हुन्छ । भाषा सरल छ र गाउँघरका बोलीचालीका शब्दले अर्घाखाँची नै पुगियो कि जस्तो अनुभव हुन्छ । समाजको स्तरलाई छर्लङ्ग देखाउन पुस्तक सफल छ । जस्ताको तस्तै लेखिएको देखिन्छ । कोही कसैका विषयमा लेख्दा कलमलाई कुनै सङ्कुचनमा राखे जस्तो देखिँदैन । विषय पीडादायी भए पनि अदम्य साहस र हिम्मतले परिपूर्ण देखिन्छ । यो यात्रा वृत्तान्त काँडेघारीको यात्रा ।

मोदनाथ प्रश्रितले काँडेघारीको यात्रा साझा यात्रा लेख्नुभएर पुस्तकलाई जीवन्तता प्रदान गर्नुभएको छ । लेखिकाको भूमिका स्वरूप 'मेरो पहिलो प्रयास कस्तो भयो कुन्नि ?' ले पनि शोभा थपेको छँदै छ । पुस्तक पढ्दा लेखिएका जीवनमा घटेका घटनाहरूले पाठकलाई नै दिक्क बनाउन पुग्दछ । हाम्रो समाजमा त्यस्ता नकामहरू कति भएका छन् र कति पीडितहरू आँसु लिएर बाँचेका छन् भनेर लामो सास लिनु पर्ने हुन्छ । त्यस्ता घटना सर्लक्क लेखिएको हुँदा पुस्तकबाट आँखा अन्त लैजान मन मान्दैन । यस्तो छ यो आत्मवृतान्त । नारी रुनमात्र सक्छिनको खरो जवाफ हो काँडेघारीको यात्रा ।

पुस्तकको पहिलो शीर्षक 'प्रेम विवाह कि झगडा विवाह' मै लेखिए अनुसार रामप्यारी र गौरीको विवाहयोग्य उमेर भएको थिएन तापनि चिनाजानी थियो । रामप्यारी गौरीलाई मन पराउनुहुन्थ्यो । त्यस्तै रामप्यारीकी आमा पनि गौरीलाई मन

पराउनुहुन्थ्यो र छोरी उनैलाई दिन चाहनुहुन्थयो । तर पिताजी मान्नुहुँदैन्थ्यो । यसै विषयमा पति पत्नीबीच झगडा पर्थ्यो । रामप्यारी छिपिछिपि बाआमाका कुरा सुन्नुहुन्थ्यो । लेखिएको छ- 'तर गौरीको नाम सुनेपछि भने मलाई सारै खुसी लाग्यो । २०१३ साल वैशाख ३१ गते चौध वर्षका गौरीदाई दुलाहा म्यालपानी आउनुभयो । मलाई सिँगारपटार गरेर राखेका थिए ।' विवाहपछि रामप्यारी घरमा बस्नुभयो गौरीजी अध्ययनमा लाग्नुभयो । बनारसतिर पुग्नुभयो । यही समयबाट यो जोडाका दुःखका दिन सुरु भएका हुन् । प्रश्रितजी राजनीतिमा लागेपछि दुःखका पत्रैपत्र भएर देखा परे । प्रश्रितजीले एकातिर गोता खानुभयो भने कविताजीले घर गाउँमा सासूको बुहार्तन, घरको गरिबी, आमाको लल्लाह विल्लह, जोरी वैरीको व्यवहारबाट हुने कष्ट हुँदाहुँदा आफ्नो अस्मिताको सुरक्षा गर्न समेतमा आपत् व्यहोर्नुभयो । जीवन सङ्घर्षका चक्कर ठक्कर सुरु भए । तर पनि कविताजी प्रश्रितजीको सहयोद्धा भएर हिँड्नुभयो । गाउँघरका कुरिती, कुसंस्कृति, अन्धविश्वास, रूढिवादको विरुद्ध छाती फुलाएर लड्नुभयो । उहाँमाथि बलात्कारका असफल प्रयास हुँदा वा तन्नेरीहरूले गिद्धे नजरले हेर्दा समेत रोएर होइन डटेर जीवन रक्षा गर्नुभयो । बेसहा नुनतेल बोक्न बटौली र पत्थरकोटसम्म ढाक्रेका रूपमा हिँड्नुभयो । आफैं हलो जोतेर कीर्तिमान कायम गर्नुभयो, दमाइको मलामी गएर असहायहरूको सेवा गर्नुभयो, यस्ता यस्ता प्रगतिशील कामहरूलाई तत्कालीन गाउँले समाजले पचाउन सकेन । उहाँको विरुद्धमा कचहरी बस्यो । माफी माग्न भनियो, तर कविता दब्नु भएन । बरु सानका साथ भन्नुभयो, "महिलाले हलो जोत्न हुँदैन भनेर कुन शास्त्रमा लेखेको छ ? लौ वेद पुराणहरूका पाना पल्टाएर देखाउनुहोस् ।"

राजनीतिमा प्रश्रित र कविताको विचार मिल्दोजुल्दो थियो । दुवै कम्युनिस्ट विचारधाराका प्रगतिशील थिए । दम्पत्तिका बीचमा न्यायो माया पिरती थियो र कार्यमा सहयात्री थिए । प्रश्रित छेकथुन, जेल सजाय र प्रवास वास हुँदा घर परिवारले पाउनु दुःख पायो । आर्थिक, सामाजिक समास्या एकातिर थिए भने राज्यसत्ताले दिने दुःखहरू छँदै थिए । कहिले कता, कहिले कता लुकीछिपी बस्नुपर्दा पनि यो जोडी न विचलित भयो न आपसमा समझदारीमा कमी आयो । यिनीहरू जङ्गलको किनारमा झुप्रो बनाएर बसे । डाङ्डर-डाङ्डराइन् भएर जनसेवामा लागे । यस्तो कुरामा पनि छोराछोरीलाई पढाउन सक्दो प्रयास भइर-यो । प्रश्रितलाई ज्यान बचाउन भूमिगत जीवन समेत बिताउन पऱ्यो । यस्तोमा कविताले सहनशील भई परिवारको लालनपालनमा लाग्नुपऱ्यो । ... कविताले गरेको बिलौना उहाँकै शब्द हेरौं त- "यस्तो नरमाइलो आपत्-विपत्को परिस्थितिमा तिज आइपुग्यो । तिज चाड चेलीबेटीका निम्ति कति महत्त्व हुन्छ, सबैलाई थाहै छ । तर म त्यस विकट परिस्थितिमा दुईटी सानी छोरी ।" गाउँलेको बिरामी उपचार गर्नुहुन्थ्यो । त्यसैले उहाँ डाङ्डराइन् बन्नुभएको थियो । समाजले मान्थ्यो । तापनि हातमुख जोर्न कठिन थियो । एकदिन रातमा उहाँको जङ्गल किनारमा भएको घरमा गुन्डाहरू आई भागबन्डा गर्न लागे । एक किलो जति सुनका गहना उहाँको भाग भनेर दिन खोजे, तर उहाँले लिनुभएन । लेखिएको छ "उनीहरू त्यो राख्न मलाई निकै कर गरे तर मै मानिन । अगुवाले ती गहना मेरै हातमा राखिदिन खोज्यो । मैले भनें, त्यस्तो जबरजस्ती गर्दा राम्रो हुनेछैन । खाना खानका लागि मैले

ढोका खोलिदिएकी हुँ । अब तपाईहरू जानोस् । एउटाले भन्यो र पहाडीहरू लोभि हुँदैनन् छोडिदिनोस् ।"

यस्ता यस्ता दुःख हुँदा र मौका पर्दा पनि यो जोडा न लुटको धनतिर आकर्षित भयो न आफ्ना कर्तव्यबाट विचलित भयो । उत्तरोत्तर उन्नति प्रगतितर्फ लागिरह्यो । छोराछोरीलाई पठनपाठनमा लगाइरह्यो । छोराको विवाह आफू थुनिएको जेलको प्राङ्गणमा बिनाखर्च सुसम्पन्न गर्न समेत पुग्नुभयो- प्रश्रितजी । सपरिवार त्यसमा सहमत भए । यस कुराको सुविस्तार वर्णन छ काँडेघारीको यात्रामा ।

यी त कता कति टिपिएका कुरा हुन् । पुस्तक पढ्दा थाहा पाइन्छ यो जोडाको जीवनयात्रा कसरी अगाडि बढ्यो ? वास्तवमा त्यो यात्रामा काँडैकाँडा थिए, दुःखै-दुःख थिए र काँडामाथिकै यात्रा थियो यो यात्रा वा जीवन यात्रा । त्यसैले यो पुस्तकको नाम काँडेघारीको यात्रा राखेको देखिन्छ जो सयमा सय उचित छ ।

पुस्तक काँडेघारीको यात्रामा जतातत्तै दुःखैदुःख देखिन्छ । हाँस्ने रमाउने ठाउँ छैन । एक ठाउँमा भने प्रश्रितले एउटा लामो ठट्टा गरेको देखिन्छ । त्यो के भने कविताजी घरमा नबसी माइत गएकोले आमाले दुःख पाएको खबर प्रश्रितलाई पुग्यो । प्रश्रितजीले म दोस्रो विवाह गर्दैछु । यो केटीसँग भनेर एउटी केटीको फोटो राखी चिठी पठाउनु भएछ । कविताको सातो गयो- भरे बुझ्दै जाँदा त त्यो फोटो कुनै सिने अभिनेतृको रहेछ ।

अन्त्यमा के भन्न मन लाग्छ भने यो पुस्तक पढ्नै पर्ने खालको छ । यो पुस्तक पढेपछि जीवनमा सुखदुःख आइपर्छन्, तर धैर्यसाथ अगाडि बढ्नु पर्दछ एकपटक सुख पनि पाइन्छ भन्ने सन्देश प्राप्त हुन्छ । महिलाहरूले त झन् यो पुस्तक पढ्नै पर्ने खालको छ ।

• • •

*नवोदित साप्ताहिक*, २०६० पुस २५

## डा. मोदनाथ प्रश्रित

### स्वास्थ्य सेवा क्षेत्रमा कविता पौडेल

*नेपालको राजनीति, सामाजिक रूपान्तरण र नेपाली साहित्य आदिका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएर शीर्ष व्यक्तित्व बनेका मोदनाथ प्रश्रितलाई चिनाइरहनु पर्दैन । उनको परिचयका लागि 'प्रश्रित' मात्र पर्याप्त छ । कविता पौडेलका सहयात्री, सय जति पुस्तकका लेखक, धेरैका प्रेरणाका स्रोत प्रश्रित आफ्नो निश्चित विश्वदृष्टि र दृष्टिकोण भएका जुझारु र सङ्घर्षशील व्यक्तित्व हुन् । प्रस्तुत लेखमा कविता पौडेलको स्वास्थ्यकर्मी व्यक्तित्वमाथि सङ्क्षेपमा प्रकाश पारिएको छ ।*

कविता पौडेल जीवन सङ्घर्षका विविध क्षेत्रमा छन् । जीवनको उत्तरार्धमा साहित्य सिर्जनामा उनले निकै प्रगति गरेकी छन् र उनका कृतिहरू धमाधम प्रकाशित हुँदै छन् । स्वास्थ्य सेवा उनका जीवनको अर्को महत्त्वपूर्ण पक्ष हो ।

उनले योग र प्राकृतिक चिकित्साका क्षेत्रमा पारिवारिक अनुभवको आधारमा पहिलेदेखि नै सामान्य अभ्यास गर्ने गराउने क्रियाकलाप चलाउँदै आइन् । म आयुर्वेद क्षेत्रको चिकित्सक भएकोले हाम्रो घर या प्रवासी जीवनमा औषधिहरूको सामान्य सङ्ग्रह भइरहन्थ्यो र उपचारनिम्ति विरामीहरू आइरहन्थे । त्यस क्रममा रोग परीक्षण र उपचारको सामान्य अभ्यास उनलाई हुँदै आयो ।

देशको राजनीतिक विशेष स्थितिको कारणले म २०२८ सालदेखि भूमिगत रूपमा काममा क्रियाशील थिएँ । त्यसबेला पुष्पलाल नेतृत्वका कम्युनिस्ट पार्टीको निर्णय अनुसार म भारत प्रवासमा बसी नेपाल र भारतका विभिन्न क्षेत्रमा सम्पर्क गर्दै सांस्कृतिक मोर्चा सञ्चालनमा लागेको थिएँ । त्यसबेला स्थायी सम्पर्क केन्द्र बनारसमा थियो । त्यस सन्दर्भमा कविता पौडेलले बनारसमा बसी २९ वर्ष उमेरमा हाईस्कुल परीक्षा दिइन् । त्यसमा उनले विज्ञान विषय पनि लिएकी थिइन् । त्यसबेला हाम्रो निवासमा 'दीनबन्धु स्वास्थ्य निकेतन' नामक सानो उपचार केन्द्र पनि चलाइएको थियो । त्यस माध्यमबाट कविताले रोग परिचय र उपचारको अभ्यास गरिन् ।

२०३५ सालदेखि कविता पौडेल कपिलवस्तु जिल्लाको धरौली, गुगौली क्षेत्रतिर बस्न पुगिन् । ती गाउँतिरि उपचार गर्ने कुनै स्वास्थ्य संस्था र चिकित्सकहरू थिएनन् । त्यसबेला उनले आफ्नो निवासमा केही औषधि राख्ने, आफूले पनि केही आयुर्वेदिक औषधि बनाउने र गाउँका विरामीहरूको प्राथमिक उपचार गर्ने काम गर्न थालिन् । 'रचना औषधि पसल' नाम राखेर त्यो अभ्यास गर्ने क्रममा उनले आयुर्वेद र एलोप्याथिक चिकित्साका किताबहरू पनि पढ्दै गइन् । गाउँमा उनको उपचार सफल हुन थालेपछि कपिलवस्तु जिल्लाको पश्चिमी किनारतिर र छेउछाउको भारतीय क्षेत्रमा समेत चिकित्सकको रूपमा उनको नाम चल्दै गयो । नेपालतिरका चार-पाँच गाउँ पञ्चायतका

र सीमावर्ती भारत क्षेत्रका विरामीहरू पनि कवितासँग उपचार गराउन आउन थाले । २०३४ देखि २०३९ को बीचमा थरौलीमा विरामीहरूको ओइरो लाग्न थाल्यो । गाउँमा शल्यक्रियादेखि बाहेक सबैजसो रोगको उपचार गर्नुपर्थ्यो । आफूलाई थाहा नभएका कुरा उनले कृष्णनगरका डा. भोलासँग सल्लाह लिन्थिन् । काम गर्दै जाँदा प्रस्तुति सेवामा उनी विशेष सफल हुँदै गइन् । उल्टो-सुल्टो जुनसुकै रूपमा रहेर जन्मन कठिन भएका बच्चाबच्ची निकाल्ने काममा कुशलता हासिले गरेकीले उनलाई टाढाटाढा प्रसूति समस्यामा पनि बोलाउन थालियो । उनलाई बोलाउन मध्यरात पनि मोटरसाइकल, लरिया र जीप लिएर मानिस आउन थाले । त्यस क्षेत्रका अवधी भाषी मानिसहरूले 'डाड्डाराइन्' भनी कवितालाई चिन्न थाले ।

२०४० मा थरौलीबाट गुगौली भन्ने ठाउँमा सरेपछि उनको उपचारको व्यस्तता झन् बढ्दै गयो । निकै जटिल रोग कविता पौडेलले आयुर्वेदिक औषधि बनौषधि (जडीबुटी) र एलोप्याथी औषधि पनि गर्थिन् । २०४१ सालमा कविता गुगौलीबाट भैरहवा आएर बसिन् । त्यहाँ सामान्य रूपमा उनले उपचारका काम गर्दै रहिन् । २०४३ मा रूपन्देहीको पोखरभिँडमा (हाल बुद्धनगर) मा बसाई सरेपछि 'रचना औषधि पसल' फेरि चालु भयो । केही महिनाभित्रै उनको नाम चारैतिर फैलियो । उनी महिला सङ्गठनको काममा पनि सक्रिय भइन् । गाउँमा जाँदा झोलाभरि औषधि लिएर हिँड्न थालिन् । जहाँ रोगी भटिन्थे त्यहीं उपचार गर्थिन् । उनले त्यहाँ स्वास्थ्य केन्द्र खोलेपछि कपिलवस्तु र सीमापारि भारतका रोगीहरू बुटवल नजिक रहेको बुद्धनगरसम्म आउन थाले । उनले जनतामा कति राम्रो प्रभाव पारेकी रहिछन् भन्ने कुराको यो ज्वलन्त प्रमाण हो ।

२०१२ सालमा सानै उमेरमा विवाह भएपछि हामी पतिपत्नी स्थायीरूपले सँगै बस्न पाएका थिएनौं । २०४६ को राजनीतिक परिवर्तनपछि बल्ल हामीलाई काठमाडौंमा स्थायीरूपले बस्ने अवसर मिल्यो । त्यसपछि यहाँ नियमित भ्रमणको प्रभाव र योगको सामान्य अभ्यास सुरु भयो । त्यो सिक्ने र सिकाउने क्रम चल्दै गयो । २०५७ को असारदेखि पुससम्म कविता पौडेलले काठमाडौं, कालीमाटीको 'योग एन्ड नेचर क्योर रिसर्च सेन्टर'मा अध्ययन र प्रयोग गरी डिप्लोमा प्राप्त गरिन् । त्यसपछि आफ्नो अभ्यास बढाउने र अरूलाई पनि योग र प्राकृतिक चिकित्सा सिकाउने क्रम चल्दै गयो । हामी त्यसताक स्वयम्भूमा बस्दा बिहान ५:३० मा स्वयम्भू डाँडाको वरिपरि घुमी माथि चढेर योगासन, प्राणायाम र ध्यानको अभ्यास गर्थ्यौं । हाम्रा छोराछोरीहरूले पनि त्यो अभ्यास गर्दै गए । केही मात्रामा छिमेकीहरू पनि त्यसमा सहभागी हुन थाले ।

हामीले 'विज्ञान तथा प्रविधि सङ्घ' स्थापना गरी देशका विभिन्न जिल्लामा योग, प्राकृतिक चिकित्सा, जडीबुटी परिचय र चिकित्साको प्रशिक्षण शिविर चलाएका थियौं । कविता पौडेल त्यहाँ प्रशिक्षकको रूपमा सहभागी भएकी थिइन् ।

## कविताको नियमित योग शिविर

हामी २०६१ मा स्वयम्भूको निवास बेचेर स्वास्थ्यका लागि उपयोगी ठाउँ खोजी थानकोट, चेकपोस्टनिर 'वाणस्थली'मा घर किनी बस्न थाल्यौं । यहाँ मातातीर्थको

स्वच्छ पानी प्रयोग गर्न पाइन्छ । चन्द्रागिरिको फेदमा रहेको यो ठाउँ प्राकृतिक दृष्टिले रमणीय छ र नागढुङ्गाबाट आउने नियमित हावाले गर्दा स्वच्छ पनि छ । नजिकमा नै १२४ रोपनीमा फैलिएको सुन्दर त्रिभुवन पार्क पनि छ । हामी त्यहाँ भ्रमण र योगाभ्यास गर्न बिहान ५ बजे नियमित रूपमा जान्छौं । कविताले घरमै आएका मान्छेलाई पनि योग, प्राणायाम र ध्यानको प्रशिक्षण दिन्छिन् । नियमित रूपको प्रशिक्षण शिविर भने बिहान ५ देखि ६:३० सम्म त्रिभुवन पार्कमा चलाउँछिन् । उनको शिविरमा गाउँ र छिमेकका सामेल हुन्छन् । कहिले प्रशिक्षार्थीहरूका सङ्ख्या १५-२० जति पुग्छ भने नियमित रूपमा गाउँका छिमेकी महिलाहरू ५-७ या ८-१० जनाको प्रशिक्षण र अभ्यास शिविर नियमित रूपमा चल्छ ।

जाडोको बेला बिहान राति नै पाँच-साढेपाँचतिर महिलाहरू उठेर पार्कतिर जाने गर्दा यहाँ गाउँका मानिस छक्क पर्थे । योगाभ्यास गरेको हेर्न मानिसहरू वरिपरि उभिन्थे । तर क्रमशः गाउँका महिला र पुरुषहरूमा योग र प्राकृतिक चिकित्सातिर रुचि र जागरण बढ्दै गयो । छाती, पेट र ज्यान दुःखने रोगीहरू मधुमेह, रक्तबसा (कोलेष्ट्रोल वृद्धि) रक्तचाप, युरिकएसिड आदिका अनेक रोगीहरू कविताको योग प्रशिक्षण शिविरबाट निको हुँदै गएका छन् । स्थानीय गाउँले जनताको बीचमा योग प्रशिक्षकको रूपमा चर्चित भएकी छन् ।

मानिसको स्वास्थ्य सुधार र विकासमा स्वच्छ पर्यावरणको ठूलो महत्त्व हुन्छ भन्ने कुरा विदित नै छ । काठमाडौंका अरू ठाउँमा बस्दा पनि हामी प्रातः भ्रमण योगाभ्यास आदि गर्दै रहन्थ्यौं, तर थानकोट आएर त्रिभुवन पार्कमा गई नियमित योगासन, प्राणायाम, ध्यान आदि गर्न थालेपछि कविताको र मेरो स्वास्थ्यमा पनि झन् राम्रो प्रभाव परेको छ । उनले योग अभ्यास नियमित रूपमा गर्न गालेपछि अहिले उनको अनुहार झन् उज्ज्वल र लालिमायुक्त हुँदै गएको छ । उनका सहयात्रीहरूका चेहरामा रौनक बढ्दै गएको देखिन्छ । ६४ वर्षकी कवितालाई देख्नेहरूले ५० को उमेरकी जस्तो अन्दाज गर्न थालेका छन् । वास्तवमा योग जस्तो उच्चकोटिको स्वास्थ्य विज्ञान संसारमा अरू कुन छ र ?

*जुही*, पूर्णाङ्क ६३

# रमा पौडेल 'प्रभात'

## हीरा उपन्यासको औपन्यासिक पर्यावलोकन

*रमा पौडेल 'प्रभात' नेपाली समालोचनामा अवश्य पनि नयाँ नाम हो । अर्घाखाँचीको अङ्गुरी- ४, शिखरडाँडामा २०४३ साल असोज ७ मा जन्मेकी रमा पौडेलले नेपाली विषयमा स्नातकोत्तर तह गर्दै छन् । उनी कविता पौडेलको आख्यानकारिता विषयमा शोधकार्य पनि गर्दै छन् । उनका कान्तिपुर, दैनिक लुम्बिनी, नयाँसत्ता, नयाँभावना, मेचीकाली, दैनिकपत्र, पाणिनि, हामो पुरुषार्थ, जुनकिरी, नयाँ बिहानी, जुही लगायतका पत्रपत्रिकाहरूमा फुटकर रूपमा केही कविता, कथा, लेख, समालोचना आदि छापिएका छन् । उनी एक लगनशील र अध्ययनशील लेखकका रूपमा उदीयमान प्रतिभा हुन् । उनमा हुने बिरुवाको चिल्लो पात देखिन्छ । यहाँ उनले हीरा उपन्यासलाई सामाजिक यथार्थपरक घटनाहरूलाई टिपेर तयार गरिएको एक सामाजिक नारीप्रधान उपन्यासका रूपमा प्रस्तुत गरेकी छन् ।*

### १. विषयप्रवेश

आगोले फलामलाई तताएर गलाए जस्तै सङ्घर्षले नै मान्छेलाई चर्चित बनाउँछ । त्यही सङ्घर्षपूर्ण जीवन यापनबाट खारिँदै नेपाली समाजमा चर्चित बनेको नाम कविता पौडेल हो । उनको नाम नेपाली सामाजिक इतिहासमा हलो जोत्ने महिलाको रूपमा नामङ्कित भएको छ । तात्कालीन समयमा पुरुषले मात्र गर्ने भनिएको हलो जोत्ने परम्परा तोड्दै उनले २०२९ वैशाख महिनामा हलो जोत्ने काम गरिन् । उनले बाँझो खेतमा गोरु नारेर हलो जोतेर अन्न फलाए जस्तै नेपाली वाङ्मयलाई पनि मसिनो गरी जोतेर नेपाली साहित्यका भावकलाई साहित्यका आस्वाद्य फलहरू चखाएकी छन् ।

कविता पौडेलको जन्म अर्घाखाँची जिल्लाको खिदिम गाविस रयेले गाउँमा २००२ माघ ६ गते बुधकुमारी गौतम र दुर्गाप्रसाद गौतमकी छोरीका रूपमा भएका हो । प्रवेशिकासम्मको औपचारिक अध्ययन र व्यापक स्वाध्ययनबाट ज्ञानको दायरा फराकिलो पारेकी कविताको साहित्यिक यात्रारम्भ २०३७ सालमा तिजगीत लेखनमार्फत् भएको हो । *तिजको गीत* (२०३८), *काँडेघारीको यात्रा* (२०५९), *आँगनैमा* (२०५९), *योगासन र ध्यान* (२०५९), *हीरा* (२०६३), *विस्थापित आमाहरू* (२०६६, २०६७ को आमाहरूको परिमार्जित संस्करण) लगायतका पुस्तकाकार कृतिहरू प्रकाशित छन् भने *जुही* साहित्यिक पत्रिकाले उनको सम्मानमा आफ्नो प्रकाशनको अङ्क ६३ लाई *कविता पौडेल विशेषाङ्क*को रूपमा प्रकाशित गरेको पाइन्छ ।

आख्यान, गीत, आत्मसंस्मरण जस्ता विधामा कलम चलाउने पौडेलको विशेष साहित्य साधनाको क्षेत्र आख्यान हो । आख्यानअन्तर्गत पनि उपन्यासमा अझ बढी

रुचि राख्ने कविता पौडेलका अहिलेसम्म तीनवटा उपन्यासहरू प्रकाशन भइसकेका छन् । तीमध्ये एउटा प्रमुख उपन्यास *हीरा* (२०६३) हो । यसले नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गरेको छ । उपन्यासलाई जीवनको नवीन रस सृजना गर्ने वस्तुका रूपमा लिने गरिन्छ । उपन्यासमा जीवनका यावत् क्रियाकलापहरूलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घटनाको प्रयोग गरिएको हुन्छ । पात्रहरूको यथार्थ जीवन प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा वस्तुलाई शिल्पले र शिल्पलाई विषयले संयोजन गरिदिएको हुन्छ । जीवनमा आएका परम्परा र संस्कृति, चिन्तन परम्परा र सभ्यताका मापदण्डहरू उपन्यासमा समीकरण गरिएको हुन्छ (सुवेदी, २०६४:१२) । *हीरा* उपन्यासमा पनि त्यसको उपयुक्त संयोजन गरिएको छ । यहाँ औपन्यासिक तत्त्वका आधारमा *हीरा* उपन्यासको विश्लेषण गरिएको छ ।

## २. कथावस्तु

कविता पौडेलद्वारा लिखित *हीरा* उपन्यासमा सामाजिक यथार्थपरक घटनाहरूलाई कथावस्तुका रूपमा प्रयोग गरिएको छ । यस उपन्यासमा हाम्रो समाजमा घट्ने सासूले बुहारीलाई हेला गर्ने, लोग्नेले बहुविवाह गर्ने, अनमेल विवाह गर्ने लगायतका घटनाहरूलाई औपन्यासिक विषयवस्तुको रूपमा प्रयोग गरिएको छ । उपन्यासको थालनी परिवेशको चित्रणबाट भएको छ । "असारको महिना । रातभरि झमझम पानी परेको थियो । तर बिहान भने छ्याङ्गै आकाश खुल्यो, घाम झुल्क्यो र तातो हावा चल्न थाल्यो ।" (पृ. १) ग्रामीण समाजमा घट्ने यथार्थ घटनाहरूलाई उपन्यासको मुख्य विषयवस्तु बनाएको पाइन्छ । उपन्यासमा दीपालाई धेरै सन्तान जन्माउन बाध्य र सुत्केरी अवस्थामा स्याहारसुसार नपाएका महिलाहरूको प्रतिनिधि पात्रको रूपमा उभ्याइएको छ । दीपाले आफ्नै लोग्नेबाट माया पाएकी छैन । उसको लोग्ने दिनेशले दीपाको जवानी छँदासम्म यौनिक रूपमा माया गर्छ, तर दीपा सात सन्तानकी आमा भइसकेर आठौं सन्तान जन्माउने क्रममा उचित स्याहारसुसारको साटो प्रसवव्यथा लागेको बेलामा पनि आफ्नो लोग्नेबाटै काममा जान बाध्य पारिएको छ । दिनेशले झर्केर भनेको छ: किन यति अबेला गरिस् ? भोलिको रोपाइँ छ, आज यति धेरै काम सक्नु छ । तँ लखर-लखर यति अबेला आउने ? तँलाई देख्दा त मलाई पनि दिक्क लाग्न थाल्यो । असार के हो ? भदौ के हो ? सधैं उस्तै । तेरो काम भनेको जहिले पनि खाली छोरा पाउने मात्र भयो । तँ घर आएदेखि गतिलोसित काम गरेको कहिल्यै थाहा छैन । जहिले पनि मजाले गोडा पसारेर घ्यू भात खायो सुत्यो बस- स्याहारसुसारको अभावमा अशक्त बनेकी दीपाको हेरविचार नगरी दीपाको लोग्ने दिनेशले श्रीमतीको स्याहारसुसार र औषधिउपचार गर्नुको साटो अर्को विवाह गरेर बस्दछ ।

समाजमा महिलाहरूले महिलाका समस्या बुझ्नुको साटो झन् पीडा दिन्छन् भन्ने कुरा दीपाकी सासू मेनकाले बुहारीलाई लागेको सुत्केरीको व्यथामा सहयोग नगरी उल्टै गाली गर्नुबाट पुष्टि हुन्छ भने मेनकाले छोरा दिनेशलाई दोस्रो विवाह गर्न उक्साएकोबाट पनि यो कुरा प्रस्ट हुन्छ । उपन्यासको भाग दुईमा दिनेशकी बहिनी हरिकलाको बाह्र वर्षको उमेरमा ४५ वर्षको अरुणसँग अनमेल विवाह हुन्छ । हीराको लोग्ने अरुणले हीरातिरबाट सन्तान नजन्मेकोले कुलको नाश नहोस् भनेर काका

हुतराजको सल्लाहमा हरिकलासँग विवाह गर्दछ । अरुणले कसको कारणले बच्चा नजन्मेको हो भन्ने केही जाँचबुझ नै नगरी १२ वर्षकी बालिकासँग बच्चा जन्माउने आशमा विवाह गर्दछ । यो विवाहको घटनाबाट हीराको जीवनमा बज्रपात पर्दछ । उपन्यासको भाग तीनमा हीरा सौता आएको सहन नसकेर घर छोडेर हिँड्छिन् । ग्रामीण समाजमा घरभन्दा पर गरिने अनेक किसिमका कुराहरूले हीरालाई घर छोड्न बाध्य बनाएको छ । अरुण हीराको खोजीमा लाग्छ । भाग चारमा सुत्केरी हुने समयमा देखापरेको पाठेघरको सङ्क्रमण दीपाको शरीरभरि फैलिन्छ । पाठेघर पनि पाकेर पिप बग्न थाल्छ । हीरा वीभत्स नारीका रूपमा परिणत हुन्छे र परिवारका लागि एक बोझ हुन्छे । "अब त मलाई यस घरमा बस्न पनि मन लाग्न छोड्यो । यो सीनो न मर्ने भई न सन्चो भएर उठ्ने भई । घर नै डुङ्डुङ्ती गनाएको छ, माखा भन्केका छन्, घाउहरू हेरी नसक्नु छन् । मलाई त टप्प टिपेर भीरबाट खसालिदिऊँ जस्तो लाग्न थाल्यो । बरु मरिहाले यसको पनि दुःख लुक्ने थियो, यो देखिनसक्ने टन्टा पनि खल्लास हुने थियो (पृ. ३७)।" जस्ता भनाइबाट दीपा परिवारको लागि बोझ बनेको कुरा पुष्टि हुन्छ । दीपा अशक्त भएपछि दिनेशले नर्मदासँग दोस्रो बिहे गरे । नर्मदाको व्यवहार उदण्ड किसिमको देखापर्‍यो । नर्मदाले लोग्ने दिनेशलाई र सौता (दीपा) का छोराहरूलाई एकदमै हेला गर्न थालिन् । सासू मेनका र लोग्ने दिनेशलाई पनि उनले अत्यन्तै हेला गर्न लागिन् । दीपा शारीरिक रूपमा नै पीडित थिइन् भने झन् पीडा थपियो । साथमा मेनका र दिनेश पनि पीडित भए । दीपा घर छोडेर माइत गइन् ।

भाग छमा अरुणले हरिकलासँग विवाह गरे पनि हीरालाई खोजीखबर गरे । वरिपरि कतै पत्ता नलागेपछि हरिकलालाई अराइसिकाइ गरेर हीराको खोजीमा हिँडे । भाग सातमा हीरा घर छोडेर हिँडेपछि अत्यन्त कठिनपूर्वक जङ्गलमा यात्रा गर्दै 'शिव आश्रम' नामक बृद्धाश्रममा पुगिन् । भाग आठमा अरुण घरबाट हिँडेर भारततर्फ लागे । भाग नौमा दीपा माइतबाट पाल्पा मिसन अस्पताल गई उपचार गर्न गइन् । उनका दाजु गरिबीका कारण उपचार खर्च तिर्न नसक्ने भएपछि भागेर हिँडे । दीपाले अस्पतालका कर्मचारीसँग हार गुहार गरेर अस्पतालबाट छुटकरा पाइन् । त्यहाँबाट फर्केपछि उनी घर आइन् । घर आउँदा नर्मदाका कारण दुई छोराले संसार त्यागेर गइसकेछन् । दीपाले नर्मदाको उद्दण्ड व्यवहार सहन नसकेर आरुपाटामा बस्न थाल्छिन् । त्यहाँ बस्दा पनि नर्मदाले दीपालाई शान्तिसँग बस्न दिइनन् । आरुपाटाको थोरै बारीमा लगाएको मकै पनि भाँचेर लैजाने, दीपालाई अनेक आरोप प्रत्यारोप लगाउने, बेलाबेलामा गएर पिट्ने गरिरहिन् । भाग दसमा अरुण हीरालाई खोज्दै गोहाटी हीराको माइती घर गए । त्यहाँ उनले आफ्ना घटनाहरू बताएर हीरा हराएको र खोज्न आएको बताए । काकाले अरुणलाई यसरी गाली गरे, "बेशरम मान्छे - आधा उमेर ढल्केको मान्छेले आफूभन्दा अठ्ठाइस तीस वर्ष कान्छी छोरी जस्ती केटीलाई बिहा गर्न हुन्छ ? त्यो केटी कहिले बढेर जवान भएर सन्तान हुन्छन् र तपाईंको किरिया गर्छन् ? अहिलेदेखि नै तपाईंलाई मरेर पिण्ड खाने लोभ लागिसक्यो हैन ? लोभले गर्दा त्यो कलिली केटीको जीवन बर्बाद गर्न लाग्नुभयो ? तपाईंले आफूबाट सन्तान हुने नहुने पनि त जाँच गराउनु भएको छैन । तपाईंकै कमजोरीले हीराबाट

सन्तान नभएको भए अहिलेकी केटीबाट पनि सन्तान हुन्छन् भन्ने के निधो छ त ? (पृ. ८६) ।" यसरी अरुणले गाली खाए र विनोद हीरालाई खोज्न नेपाल आए । भाग एघारमा अरुणले विवाह गरेकी हरिकला सोह्र वर्षमा लागिन् माइतीमा नर्मदा भाउजूले हेला गर्न लागिन् । स्वच्छ चरित्रकी हरिकलालाई अनेक आरोपप्रत्यारोप गर्न लागिन् । अरुणले हरिकलालाई घर गएर राम्रो केटा खोजी विवाह गर्न भनेर चिठी पठाए । हरिकला बेसाहरा भएर अरुणको घरतिर गइन् । अरुणका काका हुतराजले "अब त कति ठूली भैछ, काम मजाले गर्छे सुख हुने भो (पृ.९२)।" भन्दै कामको लोभ गर्न लागे । हुतराजले हरिकलालाई पन्छाएर अरुणको सम्पत्ति हात पार्ने लोभ गर्न लागे । हरिकलालाई फसाउने अनेक षड्यन्त्र गर्न लागे । हरिकला आफ्नो घरमा बस्न लागिन् । अरुण जोगीको भेष धारण गरी गाउँको हालखबर बुझ्न आए । हरिकलासँग हीराको बारेमा बुझे उनमा एउटा स्वच्छ छवि भेटाए । अरुणले हुतराज काका र गाउँले लगायतसँग हालखबर बुझ्दै हिँडे । काकाका बाबुछोरा मिलेर हरिकलालाई मारेर पसाडमा झुन्ड्याएर छोडे । हरिकलाको चोला समाप्त भयो । भाग बारमा नर्मदाले कुटेपछि थला परेकी दीपा अझ थला परिन् । दिनेशसँग दुःख बिसाइन् । नर्मदा आएर फेरि कुटिन् । छोराहरू आए उनीहरूलाई अराइसिकाइ गरिन् "भो अब मेरा निम्ति तिमीहरूले दुःख नगर । मेरो बाँच्ने आश छैन । म मरिहालें भने पीर नगर्नू । हिम्मत नहारेर अघि बढ्दै गयौ भने तिमीहरूले ठूल्ठूलो काम गर्न सक्नेछौ । बिहा गरेपछि आ(आफ्नी दुलहीहरूलाई सदैभरी माया गर्नु कहिल्यै पनि हेला नगर्नु । दुलहीमाथि कहिल्यै पनि सौता नहाल्नु (पृ.१०५) ।" छोराहरू यताउति लागेपछि आफू बस्ने छाप्रोमा आगो लगाई आफ्नो जीवनलीला समाप्त गरिन् । भाग तेरमा नर्मदालाई चालीस वर्षको उमेरसम्म पनि छोराछोरी नभएको । "बिहा भएको पनि बीस वर्ष बितिसक्यो तर सन्तानको मुख देख्नै पाइएन । भाकल र पूजाको पनि केही लागेन भन्दै उनी लामो सास फेरेर पुर्पुरामा हात राखी टोलाउन थालिन् । मेनका रोगाइन् । नर्मदाको अत्याचार चरम अवस्थामा पुग्यो । उनले रोगी सासू र श्रीमान्लाई पनि खान नदिई आफैं मात्र खाइन् । सम्पत्तिको धाक लगाउन थालिन् । "मैले त खाएँ, तिम्रा खलकले आफैं पकाएर खाओ । तिमीहरूको रित्तो चाकरी गर्नु भन्दा बरु माइतै गएर हाइसन्चले बस्छु । यो मेरो सम्पत्तिमा उतैबाट आएर खेती लगाउँछु र उतै लैजान्छु (पृ. १०८)।" यो भनाइ नर्मदाको घमन्डको चरम शिखर हो । माइतमा बाबुको प्रधानपञ्चबाट अवसान भइसकेको थियो । भाउजू, बुहारीले पनि नटेरेपछि उनको सेखी झऱ्यो । भाग चौधमा अरुण जोगीको भेष लिएर गाउँमा आए । हरिकलालाई काकाले मारेको थाहा पाएपछि रातमा आएर उनको परिवारलाई तर्साएर सजाय दिन लागे । उनीहरू पनि गल्ती गरेकोले डराए । अरुणले तर्साउँदा हरिकला भूत बनेर आएको भनेर भाग्न खोज्दा विनयको ज्यान गयो । हुतराजको हात भाँचियो । जस्तालाई तस्तै ढिँडालाई निस्तै भने झैं उनीहरूको अवशान भयो । भाग पन्ध्रमा हीरा शिवकुमारी आश्रममा बस्न लागिन् । एकदिन त्यहीं बस्दै गर्दा आश्रम नजिकमा एउटा बच्चा फेला पऱ्यो । त्यो बच्चालाई हीराले स्याहारसुसार गरेको हुनाले हीराको छोरोको हरि नामकरण गरियो ।

भाग सोरमा शिवकुमारीको बालक उमेरमा बृद्धसँग अनमेल विवाह भएको र श्रीमान्को मृत्यु पश्चात माइतमा बसेको । उनका फुपूहरू पनि विधवा भएकोले फुपू भदै मिलेर शिव आश्रम चलाएको कुराको चर्चा गरिएको छ । हरि पनि हुर्किएर स्कुल जाने भएको छ । भाग सत्रमा दीपाका छोराहरूले आफ्नो घर कब्जा गरेको चर्चा छ । नर्मदा रिसले मुर्मुरिएको र दिनेश खुसी भएको चर्चा छ । भाग अठारमा शिव आश्रमका बृद्धबृद्धाहरू तीर्थ गर्न भारतको बनारसतिर जाने भए । हीरा पहिले पनि भारत गएकी हुनाले उनीसँगै सबैजना तीर्थ गर्न हिँडे । त्यहाँ हीरा र अरुणको भेट भयो । उनीहरू अत्यन्त खुसी भए । जोगीको भेष लिएका अरुण सामान्य भेषमा तीर्थयात्रीसँगै नेपल फर्के । भाग उन्नाइसमा हीरा र अरुणको मिलन हुन्छ । उनीहरू पनि आसाम घुम्दै गाउँ फर्के । भाग बीसमा शिव दिदीको सङ्घर्षको प्रशंसा छ । अरुण र हीरा पनि गाउँ गए । समाज सेवा गर्ने आशयले *'हरिकला सेवा आश्रम'* नामक आश्रम बनाएर समज सेवामा गर्ने आफ्नो मनलाई फराकिलो बनाएर सेवा गर्न लागे । यसरी यो उपन्यास संयोगमा टुङ्गिएको छ ।

उपन्यासमा छोरालाई मात्र खास सन्तान र पुरुषार्थी ठान्ने समाजमा शिवकुमारीले छोरी पनि असल, उद्यमी, समाजसेवी सन्तान हुन सक्छन् भन्ने बाटो देखाएकी छन् । हीरा उनकी ज्यादै योग्य र असल चेली हुन् । उनकै सङ्गतले अरुणले पनि समाज सेवाको बाटो अँगाले । सन्तान जन्माउन नसक्नेहरू जीवनभर तड्पेर रोइरहेका देखिन्छन् । तर हीराले हृदयको माया बढ्न सक्नेका निम्ति जसको सन्तान पनि आफ्नो सन्तान बन्न सक्छ भन्ने आदर्श देखाएकी छन् । अज्ञानी छँदा जुन सौताको चिन्ताले गर्दा घर छोडेकी थिइन्, ज्ञानी भएपछि उनकै नाममा आश्रम खोल्ने विशाल हृदय देखाइन् । आश्रममा हुर्केका हरि आदर्श आमाका आदर्श सन्तान बने । हीराको समाज सेवाले धेरै मानिसलाई प्रेरित गर्दै गयो । उनको प्रसङ्ग चल्नासाथ मानिसहरू उनी हजारौँ वर्षसम्म मानिसको हृदयमा चम्किरहने साच्चिकै हीरा हुन् भन्न थाले ।

### ३. पात्रविधान

*हीरा* उपन्यास पात्रबहुल उपन्यास हो । यो उपन्यासमा सत् पात्र र असत् पात्रको उचित संयोजन गरिएको छ । यस उपन्यासमा स्त्री पुरुष पात्रको समान प्रयोग गरिएको छ । यस उपन्यासको पात्रलाई प्रमुख, सहायक र गौण पात्र गरी विभाजन गर्न सकिन्छ ।

(क) प्रमुख पात्र

*हीरा* उपन्यासमा प्रमुख पात्रको रूपमा दीपा, दिनेश, हीरा, अरुण, हरिकला, नर्मदा रहेका छन् । यी पात्रहरूमा प्रमुख अनुकूल पात्रको रूपमा दीपा, हीरा, अरुण, हरिकला पर्दछन् । उपन्यासमा हीरा र दीपाले वर्गगत पात्रको भूमिका खेलेका छन् भने अरुण र हरिकलाले व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेको पाइन्छ । हरिकलाले स्थिर पात्रको भूमिका निर्वाह गरेकी छन् भने अरुणले गतिशील पात्रको भूमिका निर्वाह गरेका छन् । माथि उल्लिखित सबै पात्र उपन्यासमा मञ्चीय रूपमा देखा परेका छन् । हीरा उपन्यासमा हीरा प्रमुख पात्रहरूमा पनि प्रमुख पात्र हो । उनकै केन्द्रीयतामा उपन्यास अगाडि बढेको छ भने उनकै नामबाट उपन्यासको पनि नामकरण गरिएकोले

उपन्यासकारको मूल विचारसँग सहभागी पात्रको रूपमा उनलाई राख्न सकिन्छ । यस उपन्यासमा प्रयोग भएका प्रमुख प्रतिकूल पात्रको रूपमा दिनेश र नर्मदा प्रयोग भएका छन् । दिनेशले बिरामी दीपाको उपचार नगरी नर्मदासँग विवाह गरेको छन् । नर्मदाले सात सन्तानको बाबु दिनेशसँग विवाह गरेकी छ । विवाह अगि नै जालझेल गरेर दिनेशको सबै सम्पत्ति आफ्नो नाममा बनाएपछि मात्र विवाह गरेकी नर्मदाले दीपा र उसको परिवारलाई सताउने र परिवारमा विचलन ल्याउने काम गरेकी छन् । यस उपन्यासमा दिनेश र नर्मदा दुवै व्यक्तिगत, गतिशील र मञ्चीय पात्र हुन् ।

(ख) सहायक पात्र

मेनका, हुतराज, शिवकुमारी, हरि, नरेशले सहायक पात्र हुन् । यी पात्रहरूले उपन्यासको कथानक अगाडि बढ्नमा सहयोग गरेका छन् । यस उपन्यासमा मेनका र हुतराजले खल पात्रको भूमिका निर्वाह गरेका छन् । मेनकाले दीपालाई हेला गर्ने र दिनेशलाई दोस्रो विवाह गर्न उक्साएकी छन् भने हुतराजले अरुणलाई दोस्रो विवाह गर्न बाध्य बनाएका छन् । अरुणको सम्पत्ति आफ्नो हात पार्ने लोभमा हरिकलालाई मार्ने सम्मको कार्य गर्दछन् । त्यसैले हुतराज यस उपन्यासको खल पात्र हुन् । यी पात्रहरूले व्यक्तिगत चरित्रको रूपमा आफ्नो भूमिका निर्वाह गरेका छन् । शिवकुमारी र हरि सहायक सहयोगी पात्र हुन् । यी दुवै अनुकूल चरित्रका छन् । शिवकुमारीले हीरालाई आश्रय दिएर सहयोग गरेकी छन् । उनी समाजसेवी महिला भएको हुनाले वर्गीय चरित्रको रूपमा देखापरेकी छन् । हरि आश्रमको नजिकमा भेटिएको बालक हो । नरेश नर्मदाको बाबु हो । सुरुमा दिनेशको सम्पत्ति जालपूर्ण तरिकाले नर्मदाको नाममा गराए पनि पछि माफ मागेर दिनेशका छोराहरू घर फर्काउन सहयोग गरेकोले अनुकूल सहायक चरित्रको रूपमा देखिएका छन् ।

(ग) गौण पात्र

लाउरेनी दिदी, मिना, उपल्लाबारीकी जेठी, मानबहादुर, वीरबहादुर हवल्दार, उमेशबहादुर, दलबहादुर, कुमाल, सीता, श्याम, दिवस, रेनु, पण्डितनी कान्छी, सुन्तली आदि गौण पात्रहरू हुन् ।

यसरी हीरा उपन्यासको पात्र विधान पक्ष सबल छ । यहाँ हाम्रै समाजमा रहेका पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा प्रयुक्त धेरै पात्रको पारिवारिक नाता सम्बन्ध देखाइएको छ । यसका पात्रहरू विषेशत: बहुविवाह, परम्परागत रूढिवादी सोचाइ, व्यक्तिगत कमजोरी आदि कारणबाट उपन्यासमा घटना घट्ने कारण बनेका छन् ।

## ४. परिवेश

हीरा उपन्यासमा विशेषत: सामाजिक परिवेशको चित्रण गरिएको छ । यसमा आर्थिक, शैक्षिक, भौगोलिक परिवेशले पनि उचित स्थान पाएको छ । उपन्यास लेखन समय २०६३ भन्दा निकै पहिलेको जस्तो लाग्ने यस उपन्यासमा पाल्पा, अर्घाखाँची, रूपन्देही र नेपाल बाहिरका केही ठाउँहरूको पनि स्थानगत परिवेश चित्रण गरिएको छ । यस उपन्यासमा नाम उल्लेख गरिएका केही स्थानहरूमा भालुखोला, मसिनाको लेख, छहरा, तानसेन, बुटवल, भैरहवा, मिसन अस्पताल लगायतका ठाउँ र भारतका

बनारस, गोहाटी, आसाम, हरिद्वारको परिवेश चित्रण यो उपन्यासमा गरिएको छ । यसमा सामाजिक ग्रामीण परिवेशको चित्रण गरिएको छ । पञ्चायतकालीन समयको भरखर अवशान भएको चित्रण छ । समाजमा विद्यमान बालविवाह र बहुविवाहको चर्चा छ । दीपाका धेरै सन्तान जन्मिनु र सुत्केरी गराउन तालिमप्राप्त सुडेनी वा स्वास्थ्यकर्मीको सल्लाह लिने कुरा नगरिएकाले जनचेतना स्तर कमजोर भएको सामाजिक परिवेशको चित्रण गरिएको छ । सात छोराछोरीको बाबुले २० वर्षीया केटीसँग विवाह गर्ने तथा बच्चा नजन्मदा १२ वर्षे बालिकासँग विवाह गर्न राजी हुने तथा राजी गराउने अन्धो पुरुष समाज र त्यतिबेलाको बालविवाह तथा बहुविवाह प्रथाको परिवेश उल्लेख छ । तुलसीको जल खाने, मन्दिरमा गएर भगवान् सम्झिने गर्नाले आध्यात्मिक परिवेशको चित्रण छ । प्रकृति चित्रणले उपन्यासलाई रोचक बनाएको छ । असार, साउनको प्रकृतिको रौद्र रूप, पुस-माघको शीतकालीन रूप, डाडाँकाडाँको र वनपाखाको हरियाली खोलानालाको सुसाहट, बाघ-भालुको डरलाग्दो हुँकार, अधेरी रात, सिमसिमे तथा मुसलधारे वर्षा, चर्को घाम तथा जुनेली रातको शान्त तथा भयानक प्राकृतिक परिवेशको चित्रण गरिएकोले यो उपन्यास थप रोचक र मार्मिक बनेको छ । यस उपन्यासमा सांस्कृतिक परिवेशको पनि चित्रण भएको कुरा दसैं, तिहार, साउने सङ्क्रान्ति, विवाह उत्सव जस्ता चर्चाले प्रस्ट पार्दछन् ।

**५. द्वन्द्व**

*हीरा* उपन्यासमा द्वन्द्वको सबल प्रयोग छ । उपन्यासमा देखा पर्ने द्वन्द्वलाई मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारणले दुवैमा वैमनस्य जन्माउने द्वन्द्व, मान्छे मान्छेसँगका विषमताका कारणले दुवैमा वैमन्स्य जन्माउने द्वन्द्व, मान्छेको आफैँभित्र देखापर्ने द्वन्द्व गरी तीन तहमा विभाजन गरिएको हुन्छ (सुवेदी, २०६४:२४) । यस उपन्यासमा देखापरेका द्वन्द्वहरू यी तीनै तहका छन् । *हीरा* उपन्यासकी हीरामा देखापरेको द्वन्द्व मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारणले देखापर्ने द्वन्द्व हो । उनको अरुणसँगको एकनाससँग चलिरहेको जीवनमा अरुणले दोस्रो विवाह गरेपछि उनमा द्वन्द्व देखापरेको छ । उनी घर छोडेर हिँडेकी छन् । त्यसै गरी त्यो द्वन्द्वलाई हीरामा अरुण, हुतराज, विमलाका माध्यमबाट उत्पन्न भएको छ । दीपा, मेनका, नर्मदा र दिनेशमा पनि मानवीय बाह्य द्वन्द्व छ । दीपामा आन्तरिक द्वन्द्वको प्रयोग गरिएको छ । दीपाले घर छोडेपछि जीवन मृत्युको द्वन्द्व प्रबल रूपमा देखापरेको छ । त्यसैले दिनेशले नर्मदालाई विवाह गरको दुई तीन दिनमा नै नर्मदाको उग्र व्यवहार देखेपछि द्वन्द्वमा परेका छन् । "दिनेश किंकर्तव्यविमूढ भएर घोरिइरहे । अब के गर्ने ? घरमा पसेको दुईतीन दिनभित्रै यसले यस्तो उत्पात गर्न थाली । दीपालाई खोजेर ल्याउँ भने यसको रिसको डडेलो झन्झन् बढ्दै जानेछ । खोज्न नजाऊँ भने यो सन्तानको बगाललाई कसरी समाल्ने ? विचरा सानो बालकलाई कसरी समाल्ने ? विचरा सानो बालकलाई पछारेरै मारी भने के गर्ने ? यस्तो बेला म के गरौँ ? उसलाई खोज्न जाऊँ भने कता जाऊँ ? उनको मनमा तर्क वितर्कका लहर चल्दै रहे (पृ. ४५)।" यसबाट दिनेशको मनमा भएको द्वन्द्व प्रस्ट हुन्छ । यो दिनेशको मनको आन्तरिक द्वन्द्व हो । यसरी *हीरा* उपन्यासमा द्वन्द्वको सबल प्रयोग गरिएको छ । यो द्वन्द्व बाह्य र आन्तरिक रूपमा प्रकट छ ।

## ६. कौतूहल

*हीरा* कौतूहलपूर्ण उपन्यास हो । यसमा घटनाहरू एक पछि अर्को गर्दै घट्दै गएकोले ती घटनाहरूको संयोजन कौतूहलपूर्ण तरिकाबाट भएको छ । दीपाको जीवनका घटना, हीराको जीवनका घटना, हरिकलाका जीवनका घटनाहरूको सफलतापूर्वक समायोजन गरिएकोले यो उपन्यास कौतूहलपूर्ण छ । उपन्यास पढ्दै जाँदा पाठकको मनमा अर्को औपन्यासिक घटनाले तान्दै अगाडि बढाउँछ । एक घटना पछि अर्को घटना के होला ? भन्ने प्रश्न निरन्तर उब्जिरहने हुनाले यो उपन्यास कौतूहल पूर्ण छ ।

## ७. हीरा उपन्यासमा नारीवाद

*हीरा* उपन्यासकी लेखक कविता नेपाली साहित्य आकाशकी नारी हस्ताक्षर भएकोले उनका उपन्यासमा नारीवादको झलक देखापर्नु स्वाभाविक हो । नेपाली साहित्यमा पारिजातलाई आदर्शका रूपमा स्थापना गरेर साहित्य रचना गर्ने पौडेल (त्रिपाठी, २०६७: २१२) को *हीरा* उपन्यासमा पनि नारीवादको झलक पाइन्छ । दीपा घरमा अपहेलित भएपछि माइत जान लागेको समयमा बाटोमा भेटिएकी सुन्तलीसँग भनेको "जबसम्म यो देशमा बाबुआमाले छोरी चेलीलाई पढाएर आफैं बाँच्न सक्ने बानाउन्नन् अथवा छोरालाई सरह छोरीलाई अंश दिँदैनन् तबसम्म हामी महिलाको समस्या यस्तै हो । आफ्नो केही सीप-इलम हुँदो हो या साथमा केही धन हुँदो हो त म यसरी रित्तो हात बस्नु पर्ने थिएन । रोगाएर यो हालतमा पुग्नु पर्ने पनि थिएन । अलिकति जग्गा भए सके आफैं गरेर, नसके अँधियामा खेती गराएर पनि त ज्यान पाल्दी हुँ । अब केही गरेर खाने कुरा त परै रहोस्, म त बाँच्न सक्ने हालतमै छैन । सुन्तली मलाई मरेर दुःख लुकाउन दे । तँ सारसौंदी छस्, दिदी बहिनीसित मिलेर महिलाका पीर व्यथाबाट समाजको आँखा खोल्ने र महिलाको आफ्नै खुट्टामा टेकेर बाँच्न सक्ने समाज बनाउने काममा अगाडि बढ । ...मेरा दुःख र आपतको कथा समाजलाई सुनाइदिनू । तिमीहरूले दिदीबहिनीलाई चेतनशील र सङ्घर्षशील बनाउनू । अबका सबै महिला पढ्न-लेख्न पाऊन् । आफ्नो हक इजेतका लागि सङ्घर्ष गर्न सकून् । गाउँ गाउँमा डाक्टर पुगून्, अस्पताल खोलियून् (पृ. ४६-४७) ।" भन्ने भनाइबाट यो उपन्यासमा नारीवादी विचार भएको कुरा स्पष्ट हुन्छ ।

*हीरा* उपन्यासमा प्रयोग भएका दीपा, शिवकुमारी, हीराबाट नारीवादी विचार उजागर भएको छ । शिवकुमारीले नारीहरूले पनि केही गर्न सक्छन् भनी शिव आश्रम चलाएर समाजमा उदाहरणीय काम गरेकी छन् । हीराले पनि समाजले आफूलाई तड्पाए पनि आगामी समाजमा यस्तो नहोस् भन्ने चाहना व्यक्त गरेको पाइन्छ ।

## ८. उपसंहार

सामाजिक यथार्थपरक घटनाहरूलाई टिपेर तयार गरिएको यो उपन्यास एक सामाजिक नारीप्रधान उपन्यास हो । यसमा नारी चरित्रको प्रधानता छ । यस उपन्यासमा हीराको परिवारमा घटेका जस्ता घटनाहरू हाम्रो समाजमा पनि घटेको पाइन्छ । दीपा जस्ता पीडित महिलाहरू पनि समाजमा छन् । नर्मदाको जस्तो व्यवहार भएकाहरू पनि समाजमा नै छन् । हुतराज जस्ता बदमास मान्छेहरू पनि समाजमा नै छन् ।

दिनेश जस्ता हुतिहारा लोग्ने पनि हाम्रो समाजमा छन् । अरुण जस्ता अव्यावहारिक मान्छे पनि यसै समाजमा छन् । उपन्यासमा अरुणलाई अलि बढी आदर्शका रूपमा देखाइएको छ । बच्चा जन्माउनको लागि १२ वर्षे बालिकासँग विवाह गराउनु अस्वाभाविक छ । जोगीको भेषमा रातमा आएर काकाको परिवारलाई तर्साएको प्रसङ्ग अलि अमिल्दो छ । हीराहरूले समाज सेवा गर्नको लागि हरिकला सेवा आश्रम भनेर शिवकुमारीले जस्तै शैली अँगाल्नुको साटो राम्रो स्वस्थ्य जाँच गर्ने ठाउँको अवधारणा ल्याएको भए हीरा जस्ता महिलाले बच्चा नजन्मिएको कारण सौता बेहोर्नु पर्ने अवस्था, दीपा जस्ता महिलाले पनि केही राहत पाउने देखिएर उपन्यास अझ राम्रो बन्ने थियो । समग्रमा हीरा उपन्यास एक सामाजिक यथार्थवादी उपन्यास हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


खनाल, यदुनाथ, २०४९, *समालोचनाको सिद्धान्त*, ललितपुर: साझा प्रकाशन ।

त्रिपाठी, सुधा, २०६७, *नारीवादको कठघरामा नेपाली साहित्य*, ललितपुर: साझा प्रकाशन ।

... ..., २०६२, *महिला समालोचक र नेपाली समालोचना*, ललितपुर: साझा प्रकाशन ।

नेपाल, डिल्लीराज, २०६७, 'उपन्यास हीराभित्र विचरण गर्दा', *जुही कविता पौडेल विषेशाङ्क*, पूर्णाङ्क ६३, पृ. २७/२९।

पौडेल, कविता, २०६३, *हीरा*, काठमाडौं: पसिना प्रकाशन ।

पौडेल, दीपा, २०६५, "कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व", त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

सुवेदी, राजेन्द्र, २०६४, *नेपाली उपन्यास: परम्परा र प्रवृत्ति*, ललितपुर: साझा प्रकाशन ।



Email : paudelrama698@gmail.com

## रमेश पोखरेल

### हीरा उपन्यास: नेपाली समाजको यथार्थ दर्पण

*माम्खा- ४, ओखलढुङ्गामा २०१८ वैशाख १५मा जन्मेका रमेश पोखरेल एक कुशल कवि हुन् । यिनी अचेल काठमाडौंमा बस्दै छन् । यिनको एउटा कविता सङ्ग्रह (बज्दैनन् शोकधूनहरू) प्रकाशित भएको छ । पत्रपत्रिकामा यिनका थुप्रै फुटकर रचनाहरू छापिएका छन् । प्रस्तुत समालोचनामा कविता पौडेलको हीरा उपन्यासको विश्लेषण गर्दै यस उपन्यासलाई नेपाली ग्रामीण क्षेत्रको सामाजिक यथार्थको चित्रण भएको उपन्यासका रूपमा चित्रण गरिएको छ ।*

### १. विषयप्रवेश

साहित्यकार कविता पौडेल (२००२) समकालीन नेपाली साहित्यका क्षेत्रमा अपरिचित नाम होइन । समग्र नेपाली महिलाको मुक्तिका निम्ति शिक्षा र सम्पत्तिमा समान अधिकार आवश्यक छ, तबमात्र नेपाली समाजको आधा अङ्गले भोगेको विभेद, असमानतामा रूपान्तरण सम्भव छ भन्ने अभियानमा होमिएकी कविता पौडेलका *तीजका गीतहरू* (२०५७), गीति क्यासेट, *आँगनैमा* (२०५९), *काँडेघारीको यात्रा* (आत्मकथा, २०५८), *योगासन र ध्यान* (२०५९), *बालचित्कार* (२०६२) जस्ता कृतिहरू यस अघि नै नेपाली साहित्यका भण्डारमा भण्डारण भइसकेका छन् । मध्यपश्चिमी नेपालको अर्घाखाँची वरिपरिकै सेरोफेरामा कहालीलाग्दा निरङ्कुशताका कहर खेपेकी, भोगेकी र नेपाली महिलाले भोगेका वीभत्स पीडा, यातना र बेहोरेका मृत्यसम्मका आकाशै गुञ्जायमान पार्ने चित्कारहरू नजिकबाट नियालेकी उपन्यासकारको कलम तिनै शोषित पीडित महिलाका पक्षमा, समानताका पक्षमा र चेतनाका पक्षमा सोझिएको छ भन्न सकिन्छ । जीवनको निकै लामो समयसम्म नेपाली महिलाले र स्वयम् आफूले भोगेका भोगाइहरू आफैँभित्र उकुसमुकुस पारेकी उपन्यासकारले पचासको दशकदेखि आफ्ना साहित्य सिर्जना प्रकाशनका माध्यमबाट नेपाली साहित्यका पाठकसमक्ष पुऱ्याउन थालेको देखिन्छ । मूलत: साहित्यकार पौडेलका सिर्जनामा तत्कालीन राजनीतिक, सामाजिक, सांस्कृतिक परिवेश, विकृति, विसङ्गति, विरोधाभास अनि नेपाली समाज र यसै नेपाली समाजमा महिलाले हकअधिकारविहीन दोस्रो दर्जाको तुच्छ नागरिकको रूपमा मेसिन भएर बाँचिदिनु पर्ने, बुहार्तन, प्रताडना, मानसिक/शारीरिक यातना, हेलाँहोचो, अर्घेल्याइँ, तिरस्कार, खुट्टाको जुत्तासरह फेर्न, साट्न र मिल्काउन मिल्ने वस्तु र अन्तत: मृत्यु रोज्नेसम्मको सामाजिक यथार्थको चित्रण गर्ने प्रयत्न गरिएको पाइन्छ । २०६३ चैतमा पसिना प्रकाशन, काठमाडौंले प्रकाशित गरेको *हीरा* उपन्यास कृतिगत तहमा उपन्यासकारको छैटौँ कृति हो ।

## २. उपन्यासले खिचेको यथार्थ चित्र

बीसओटा खण्डमा रचित *हीरा* उपन्यासले बहुपात्र प्रयोगका माध्यमबाट नेपाली समाज र नेपाली महिलाले भोगेका पीडा, व्यथा र यातनालाई घटनाहरूकै माध्यमबाट उजागर गर्ने प्रयत्न गरेको छ । त्यतिमात्र होइन, नेपाली महिलाहरू स्वयम् महिलाहरू (सासू, नन्द, आमाजू) बाटै प्रताडित भएका छन् भन्ने शाश्वततालाई तस्बिर सरह छर्लङ्ग्याउने काम उपन्यासले गरेको छ । उपन्यासको पहिलो खण्डमा नै पहाडी परिवेशको चित्रण गरिएको छ । लगातार सातओटा सन्तान त्यो पनि छोरा जन्माएर पनि आठौँ सन्तान जन्माउन बाध्य दीपा, उनकी सासू मेनका, लोग्ने दिनेश, नन्दलगायत पात्रको उपस्थिति देखिन्छ । आठौँ पटक सुत्केरी हुनलाग्दा पनि आराम र पोषिलो खानाको त के कुरा दीपाले अपमान, प्रताडना र कामको बोझभन्दा बढी केही पाउँदिनन् । लोग्ने दिनेश अत्यन्त क्रूर एवम् निरीह लोग्नेका रूपमा देखिएको छ । ऊ ठान्छ स्वास्नी भनेकी सन्तान जन्माउने र कहिल्यै कमजोर नभई दरोखरो काम गर्ने मेसिन हो । दीपा सुत्केरी व्यथाले च्यापेर मर्न लम्पसार हुँदा पनि न सासू, न लोग्ने कोही सोध्दा पनि सोध्दैनन् बरु स्वास्नी मरी भने सात जना छोराहरूको लालनपालन र घरको काम कसरी चल्ला भन्ने मात्र चिन्तामा हुन्छ लोग्ने । सासू मेनका दयाहीन, मानवताहीन क्रूर पात्रका रूपमा चित्रित छिन् । नारी भएर नारीको पीडा, वेदना, र प्रसवका बारेमा चिन्ता गर्नु पर्ने र त्यस्तो जीवन-मरणको बेलामा दयामाया, सहयोग, हेरचाह गर्नु पर्नेमा मरे अर्को विवाह गर्नू भनेर छोरालाई उक्साउने, लोग्नेले लाजगाल पानी खुवाउँदा पनि अन्धविश्वासको ढोँग रची सुत्केरी हुन लागेकी स्वास्नीलाई छुनै नहुने भन्दै गाली गर्नुले नेपाली ग्रामीण नारीहरूले भोगेको हेलाँ, प्रताडना, अन्याय, अत्याचार र बेहोरेको मृत्युमा पुरुषको भन्दा पनि नारीकै बढी हात रहेको तथ्यलाई छर्लङ्ग पारेको छ । दीपाको प्रसव पीडाको मर्मान्त र वीभत्स कारुणिकताले सामाजिक यथार्थको उजागर मात्र भएको छैन उपन्यास पढ्दा पाठकका आँखा आगाडि खडा हुने क्रूरतम तस्बिरले पाठक भावविह्वल हुनपुग्दछ । लोग्नेले दीपालाई उसको अशक्ततापृति विचार गर्नु पर्नेमा २२/२४ महिनामा दुइटा सन्तान जन्माउन मात्र जानेकी भनेर गाली गर्दा पाठकलाई रनाहा छुट्छ- के सन्तान घ्यालघ्याल्ती जन्माउनुमा दीपाको मात्र भूमिका हुने हो र ? यो क्रूरताले कसरी पाउँछन् महिलाले न्याय ? र कसरी फेरिन्छ हाम्रो समाज ? भन्ने बग्रेल्ती प्रश्नहरू खडा गरेको छ ।

उपन्यासको दोस्रो खण्डले अर्कै घटनालाई प्रस्तुत गरेको छ । करिब ४५ वर्षको लाहुरे अरुण, ३५ वर्षीय उसकी निसन्तान श्रीमती हीरा, अरुणका काका हुतराज, उनको छोरा दिनेश र १२ वर्षकी अबोध कलिली हरिकला जस्ता पात्रहरू देखिन्छन् । विवाह भएको धेरै वर्षसम्म हीराबाट सन्तान हुँदैनन् । अरुणका काका हुतराज ढोलक, पशु र नारीलाई पिटेर ठीक गर्नु पर्छ भन्ने रूढिवादी, अन्धविश्वासी, हैकमी, तानाशाही, पितृसत्तात्मक चिन्तनले गाँजेका व्यक्ति हुनाले नै अरुण र हीराको सन्तान नहुनुमा नारी र पुरुष कसको दोष हो भन्नेसम्म पनि नखुट्याई हीरामाथि सौता हाल्न उक्साउँछन्, लागिमेली गर्छन् र सौता खोजिदिने कामसमेत गर्दछन् र अरुणले त्यति धेरै नमान्दानमान्दै जबरजस्ती बालिका हरिकलासँग अरुणको दोस्रो विवाह गराइदिन्छन् । माया, प्रेम, अधिकार तथा पराइघरमा आएर गरेका दुःख, सङ्घर्ष आदि बिर्सेर सौता हाल्नुले सौता भनेको मुटुको किलो हो सन्तानविहीनता भनेको महिलाको लागि निको नहुने मुटुको

सुल हो, त्यसको पीडा असैह्य हुन्छ र अन्ततः महिलाले तुलनात्मक रूपमा दीपाले जस्तो प्रताडना नबेहोरे पनि आफूलाई सारै माया गर्ने लोग्ने र मन्दिर जस्तो घर पनि त्याग्न सक्छन् भन्ने यथार्थलाई सौता हरिकलालाई भित्र्याउँदा सन्तानविहीन हीराले हेर्नुसम्म हुँदैन भनेर गरिएको अपमानबोधका कारण हीराले फर्केर घरमै नटेकी घर र माया गर्ने लोग्ने चटक्कै त्यागेर हिँडेको यथार्थलाई उद्घाटन गरेको छ उपन्यासले । कसको कमजोरीका कारण सन्तान नभएको हो भन्नेसम्म नखुट्याई ४५ बर्से अधबैंसेले उमेर ढाँटेर १२ बर्से कलिली बालिका भित्र्याउने अनमेल विवाह पद्धतिको अन्त्यको आग्रह उपन्यासले ध्वन्यार्थमा गरेको छ । पहिलो अङ्कमा दीपा र यहाँकी हीरा दुवैले मातृ-पितृ वात्सल्यता नपाएका र शारीरिक एवम् मानसिक पीडाको समता पाइन्छ ।

घरमा सौता भित्रिएर मन हुँडलिएको बेला, मुटुमा बज्रपात परेको बेला, अब माया बाँडिन्छ र लोग्नेले हेला गर्ला कि भनेर सन्त्रस्त भएको बेला हीराको मनलाई थामथामथुमथुम बनाइदिनु पर्ने, सम्झाइदिनु पर्नेमा छिमेकी ज्योतिषिनीले थारी आइमाईले अपमान नै बेहोर्नु पर्छ भन्दै घर छाड्ने सल्लाह दिन्छिन् । त्यसैले घर नफर्कने बरु मर्ने निष्कर्ष निकाल्छ हीराको मनले र हिँड्छिन्, हिँड्दाहिँड्दै अनकण्टार जङ्गल हुँदै ओढारमा पुग्छिन् । त्यहाँ आफूलाई असाध्य माया गर्ने लोग्ने, दुःख गरेको घर, बनाएको संरचना सम्झिन्छिन् र आइमाईले कहिल्यै पनि घर खान नसक्ने, सधैं असुरक्षित हुनु पर्ने सामाजिक संरचनाको मारले निम्त्याएको पीडा सम्झिन्छिन् अनि भरखर ल्याएकी सौता र माया गर्ने विगतको लोग्नेलाई वर्तमानमा नभोगी, नबेहोरी घर छाडेकोमा थोरै पछुतो पनि गर्छिन् । मर्न नसकी बाँचेपछि जीवनका आवश्यकता र तिनको जोहोका बारेमा चिन्ता पनि गर्छिन् ।

उता दीपा सुत्केरी हुन नसकी रगत र पीपमा डुबेकी छिन् । उनलाई खाको, नखाको, खान्छेस्, खान्नस् कसैले सोध्दैन । उपचारको सट्टा लोग्ने दिनेशले बरु मरे हुन्थ्यो भनेको वचनले दीपाको मन क्षत-विक्षत भएको छ । झन् उल्टो अनिरुद्धले प्रधानपञ्चकी छोरी नर्मदालाई दीपाको सौताका रूपमा मागिदिन्छन् र सारा सम्पत्ति नर्मदाकै जिउनी लेखिदिने सर्त मञ्जुर गरी दिनेशले नर्मदासँग दोस्रो विवाह गर्छन् र दीपालाई घरैबाट बाहिर निकाल्छन् । दीपाको असहमति उपर कुटपिट समेत गरिन्छ । दीपालाई घरबाट निकालेर भैंसीगोठको टाँडमा सुत्न भनिन्छ । जिउ दरो हुन्जेल, काम गर्न सकुन्जेल महिलाले घर खान्छिन्, तर जब अशक्त हुन्छिन्, बिरामी पर्छिन् जतिओटा छोरा जन्माएकी आमा नै किन नहुन् प्रताडित हुनु पर्छ, निकालिनु पर्छ भन्ने अत्यन्त दुर्दान्त, मर्मान्त एवम् पीडायुक्त तस्बिर खिचेको छ उपन्यासले ।

घरबाट निकालिएको अपमानबोधले दीपाको जीर्ण र रोगग्रस्त शरीर पनि टाँडमै लम्पसार परिरहन अस्वीकार गर्छ र घर छाडेर हिँड्छिन् । उनले घर छोड्दा बरु कुकुरले पुच्छर हल्लायो, घाँसपानी दिने मान्छे ठानेर भैंसी करायो, तर घरका कुनै पनि मान्छेले वास्तासम्म गरेनन् । दुःख बिसाउन जाने ठाउँ कतै नभएर माइत जाने निधो गरिन् । आखिर महिलाको एउटा सहारा त्यही जन्मघर हुँदो रहेछ । सौता नर्मदाले सारा सम्पत्ति हत्याएर सौताका रूपमा घर भित्रिनेबित्तिकै रडाको मच्चाउन थालेकी छिन् । माइत हिँडेकी दीपाले बाटोमा वनमा उनकी बालसखा सुन्तली भेट्छिन् र दुःख साटासाट गर्छन् र रुन्छन् । सुन्तलीले आफू पनि बुहारी हुनुको बाध्यता स्विकार्दै माइत नै जाने सल्लाह दिन्छिन् । त्यतिखेर दीपाले आखिर काम गर्न नसक्ने महिलाको

जीवन नै निरर्थक रहेको आफ्नो भोगाइ सम्झिन्छिन्, छोरीलाई पढाएर आफैं बाँच्न सक्ने बनाउने र छोरा सरह अंश दिने हो भने मात्र हातमा सीप, इलम र धनका कारण नारीहरू बेसहारा, पत्कर र जुठेल्नामा फाल्ने वस्तु नभई सम्मान्य हुन्छन् भन्ने धारणा राखेकी छन् । उनको अन्तस्करण बोलेको छ । सामाजिक रूपान्तराणको अचुक अस्त्र दुःखी पात्र दीपाका माध्यमबाट अभिव्यक्त भएको छ । बालसखी सुन्तलीसँग दीपाले आफू मृत्युको मुखमा पुगेकीले मर्न दिन्न र आत्मनिर्भर महिला समाज निर्माणमा लाग्न आग्रह गरेकी छिन् । महिला भनेको हावाले उडाएको पत्कर सिवाय केही नहुने, आफूले जन्माएको सन्तान, आफूले सर्वस्व ठानेको लोग्ने र दुःख गरेको घर केही पनि आफ्नो नुहने कुरूप सामाजिक संरचनाका कारण ग्रसित र पीडित छन् महिलाहरू । दीपा माइत जान्नन् र मर्नका लागि रूखमा चढेकी हुन्छिन्, सुन्तलीको सूचनाका आधारमा भाइ दीपक र सुन्तलीका श्रीमान् रामु खोज्न आउँछन्, दीपालाई जसरीतसरी माइत लैजान्छन् । दीपाले भोगेको पीडा, प्रताडना, पाएको दुःखको वर्णनले सपरिवार रुन्छन् मात्र हैन यातनाले, अपमानबोधले, पीडाले साँच्चै मान्छेको ज्यान जाँदो रहेनछ भन्ने अत्यन्त करुणभाव उत्पन्न हुन्छ पाठकको मनमा ।

चिन्ता र आशङ्काका फरकफरक रूपहरू हुन्छन् भने झैं दीपा माइतमा आएर सबै रुवाबासी गरिरहँदा उनकी भाउजू भने नन्दको आगमनका कारण घरझगडा हुने हो कि भन्ने चिन्तामा छिन् । लाजगाल दीपालाई खोज्दै ससुराली आएका दिनेशलाई सासू, जेठान र साली मीनाले भन्नसम्म भने, वेवास्ता गरे र अन्ततः तिरस्कृत दिनेश पहिलेको मानसम्मान सम्झेर बाहिरबाटै दुःखी भएर फर्के ।

उता अरुण हीराको खोजीमा निस्के । ज्योतिसिनी आमाले जथाभावी ठेस पुग्ने कुरा गरिदिएकाले हीराको मन झन भाँडिएको थाहा पाए । सारा संसार हरसम्भव खोजे, तर केही पत्ता लागेन । उनी बहुलाहा झैं भए, काका र गाउँलेको उक्साहटमा लागेर आफूले कुकर्म गरेको, विश्वासमा धोका दिएको, हीराको माया र भरोसा ठुकराएकोमा उनलाई ज्यादै नै पछुतो भएको छ । देशविदेश घुमेर देखेजानेको भए पनि आफ्नै कमजोरीका कारण सन्तान नभएको थियो कि भन्ने यकिन समेत नगरी सन्तानको चाहनामा कलिली हरिकलालाई विवाह गरेकोमा अरुणलाई पछुतो भएको छ । हीराको मायाले उनलाई पागल सरह बनाएकाले हरिकलालाई सारा जग्गाजमिन, धनसम्पत्ति सुम्पने र आफू नफर्कने निधो मात्र गर्दैनन्, उमेर पुगेपछि अर्को उपयुक्त घरजम गरी आफ्नै घरमा बस्ने सल्लाह समेत दिन्छन् र आफू विरक्तिएर दसैंको टीकाका दिन नवदुलहीलाई टीका समेत नलगाई घर छाडेर हिँड्छन् । उनबाट भएको यो कर्मले पहिले गल्ती गर्ने र पछि पछुताउने सामाजिक प्रवृत्तिको उजागर भएको छ, हीरालाई भएको अन्याय नदोहोरिनु पर्नेमा हरिकलामा समेत थप भएको छ । हीराको अतिशय मायाका कारण विरक्तिनु स्वभाविक हो तर त्यही विरक्तिका कारण हरिकलाको पनि उपेक्षा थप अन्याय हो, विश्वासघात हो । त्यसमा पनि सारा सम्पत्ति हरिकलाकै नाममा नामसारी गरेर हिँड्ने उनको चाहना पनि हरिकला बालिका भएकाले पूरा हुँदैन । नेपाली परिवेश त्यसमा पनि ग्रामीण परिवेशमा महिलाले अर्को विवाह गरेर पुरुषकै घरमा बस्नु त्यति सम्भव कुरा होइन । लाहुरे अरुण तुलनात्मक रूपमा माया, दया, करुणा र समान व्यवहार गर्ने पात्रका रूपमा देखिएका छन्, तापनि हरिकलाका हकमा भने उनले न्याय दिन नसकेको देखिएको छ ।

उता मर्न भनेर हिँडेकी हीरा जङ्गल घुम्दै र बाघभालुबाट जोगिँदै शिवकुमारीले चलाएको आश्रममा पुग्छिन् । उनको प्राण त्याग गर्ने प्रयत्न केले केले टार्दै लगेको छ । यसबाट प्राण त्याग्नै चाहिँ मान्छेले हत्तपत्त सक्तैन, अर्थात् बाँच्ने चाहना रहिरहन्छ भन्ने सत्यलाई स्थापित गरिएको छ । घर छोडेर हिँडेका अरुण तानसेन-बुटवल-नौतनवा हुँदै मनभरि हीराका सम्झना र विदेसिनुको पीडामा पीडित हुँदै आसामको गौहाटी स्टेसन पुग्छन्, बेहोसीले रेलमा उनको झोला समेत हराउँछ ।

यता प्रधानकी छोरी नर्मदाले दिनेशलाई भएनभएको पोल लगाएर र आफैँले कुटेर माइतबाट अपहेलना बेहोर्न नसकी घर आएकी दीपाको हात भाँचिदिएकी मात्र छैनन्, बाबुको पदको प्रभाव र सामन्ती व्यवहारले दीपा र उनका पाँच भाइ छोरालाई घरबाट निकाल्छिन् । सानो छोरालाई त पहिले नै कुटेर मारिसकेकी छन् । सारा सम्पत्ति नर्मदाको नाउँमा बकसपत्र गरेको कागज देखाएपछि नर्मदाको जतिसुकै अत्याचार देखे पनि गाउँले कोही त्यसको विरुद्धमा बोल्न सक्तैनन् । बारीको पाटाको गोठमा दीपा र लालाबालाको बिजोग छ । त्यहीँ गएर पनि नर्मदाले दीपालाई भकुरेकी छन् । नानाथरीका आरोप लगाउने, दुःखले रोपेका एकदुई डोको मकै समेत भाँचेर आफैँले ल्याउनेसम्मको अत्याचार नर्मदाले गरेकी छन् ।

हीरालाई खोज्न भौँतारिएका लाहुरे हीरालाई पाल्ने आमाबाबुकहाँ आसाम पुग्छन् । हीराका बारेमा सुनेर उनीहरू दुःखी र आक्रोशित हुन्छन् । लाहुरेले कम्तिमा पनि आफ्नो कारणले सन्तान नभएको हो कि भन्ने नजँचाइ हीरा र हरिकला दुवैलाई दुःख दिएकोमा गाली गर्छन् । त्यतैबाट लाहुरे पल्टनमा हाजिर हुन जान्छ । हीराको भाइ विनोद नेपाल आएर १५ दिनसम्म हीरालाई खोज्छन्, तर केही पत्तो नलागेकोले दुःखी हुँदै फर्कन्छन् ।

लाहुरे अरुणकी कान्छी श्रीमती हरिकला माइतमै थिइन् । उनी १६ वर्षकी भएपछि भाउजू नर्मदाले अनेक भएनभएका आरोप लगाई धपाउने प्रयत्न गरिन् र हरिकला आफ्नो घरमा गइन् । घरमा लाहुरेका काका हुतराजले अरुणको धनसम्पत्ति कब्जा गरी छोराबुहारीलाई राखेका थिए । काकाले हरिकलालाई एक वर्षसम्म आज-भोलि भन्दै घरसम्पत्ति फिर्ता नगर्ने बरु कसैसँग बात लगाएर सम्पत्ति हडप्ने चाल रची मानबहादुरलाई मध्यराति बोलाउँछन् । हरिकलाले गाउँले गुहारेर अरुणले कमाएको जति सम्पूर्ण छुट्याउन लगाउँछिन् । यसबाट तिल्मिलाएका हुतराज र उनको छोरो दिनेश राति घरमा छिरेर हरिकलालाई मार्ने षड्यन्त्र गर्छन् । साँझैमा घरभित्र छिरेर लुक्छन् र राति हरिकलालाई मार्छन् अनि झुन्ड्याइदिन्छन् अनि उनको सारा सम्पत्ति हडप्छन् । उता लाहुरे अरुण पेन्सन भएपछि जोगी हुन हरिद्वार जान्छन् । जोगीकै भेषमा हरिकलालाई भेट्न पनि आउँछन्, तर हीराको खबर सोधेर फर्कन्छन् । हीरामाथि सौता हाल्ने गलत निर्णय गरिसकेका अरुणले जेजस्तो भए पनि जागिर पेन्सन भइसकेपछि त्यहीँ घरजम गरेर बसिदिएका भए निरपराध हरिकलाको ज्यान सामन्ती एवम् अपराधी हुतराजहरूबाट कम्तिमा जाने थिएन । यहाँ पनि अरुणले हरिकलामाथि पटक्कै न्याय नगरेको देखिएको छ ।

उता दीपालाई सौता नर्मदाले पिटेर थला पारेकी छन् । एक दिन दीपाका लोग्ने दिनेश उनलाई हेर्न जान्छन्, तर नर्मदाले देखेर दिनेशलाई लाठोले हान्छिन् । गाउँमा गोठाला बसेका दीपाका दुई छोराहरू बाहेक परदेश गएका दुई भाइ छोराहरू

दसैंमा पनि आएनन् । अस्वस्थ, जीर्ण शरीर लिएर सौताको कुटाइका लागि नबाँच्ने निष्कर्षमा पुगेर दीपाले शरीरमा आगो लगाएर आत्महत्या गरिन् । सिङ्गो गाउँ स्तब्ध हुन्छ, दिनेश पनि दुःखी हुन्छन्, तर नर्मदा खुसी छन् । अन्याय, प्रताडना र तिरस्कार भोगेकी दीपाले मर्नुअघि गाउँमा रहेका छोराहरूलाई "अन्यायको सदैव विरोध गर्नू र आफ्ना दुलहीहरूलाई माया गर्नू" भन्ने आशीर्वाद दिन्छिन् । हुनत नर्मदालाई पनि सन्तान प्राप्त भएनन् । सासू मेनका थला परिन् । दिनेश पनि बूढा हुँदै गए । सासूलाई नर्मदाले खान नदिने, गाली गर्ने, सताउने गर्न लागेकी र ज्यादै नै बढी भएपछि दिनेशले गाली गर्दा नर्मदाले मुख छाडिन्, सहन नसकेर दिनेशले एक चिर्पट हाने । भोलिपल्ट दिनेश खेतबाट धानको भारी लिएर असिनपसिन भई फर्कंदा आमा भोकै लम्पसार परिरहेकी, जुठा भाँडा हाँसिरहेका र नर्मदा माइत जान ठिक परेको देखेर दिनेश रिसाए, झगडा पऱ्यो, चिर्पटले बजाए अनि घरबाट निकालिदिए । नर्मदा आफ्ना बाबुको पहिलेको प्रधानपञ्चे रबाफमा थिइन्, तर समयले कोल्टो फेरेर बाबु रोगी र बृद्ध भइसकेका थिए । नर्मदाको तामसा देखेर उनका बाबु नरेशले छोरीकै गल्ती भने र दिनेशको सारा सम्पत्ति नर्मदाको नाउँमा लेखाएको जालसाजीप्रति पछुतो माने, भाउजूले पनि नन्दकै सिको गर्ने हो भने बाबु र नन्दलाई पनि त्यस्तै व्यवहार गर्ने त होला नि भनेर टोकसो गरेपछि नर्मदाको घैंटोमा घाम लाग्यो र आफ्ना कुकर्मको गल्तीबोध गरी आफ्नै घर फर्कने निधो गरिन् ।

उता अरुण जोगीको भेषमा आफ्नो घर आए । आफ्नो घरमा काकाका छोरा-बुहारी बसेको देखेर हात हेर्ने निहुँमा हरिकलाको खोजखबर गरे । हरिकलाले आत्महत्या गरेको जानकारी पाएपछि एक महिना पहिले आफू आएर हरिकलालाई भेट्दा यसै घरमा बस्ने, दिदीलाई खोज्ने कुरो गरेको सम्झेर आत्महत्या गरेको विश्वास नलागी ज्योतिषीका घरमा गएर बुझ्छन् । हुतराज काकाकै कैंपियतले हरिकला मरेकी अनुमान हुन्छ । अरुण हीरा जीवितै रहेकी र आफ्नो भेट हुने विश्वासमा छन् र हीरालाई भेटे आफैं घरबार चलाउने सोचेका छन् । गाउँका सबैका बारेमा उनलाई थाहा छ । त्यसैले हात हेरे जस्तो गरेर सबैलाई झस्काउँछन् । दिनभर ओढारमा सुतेर राति आई तर्साउँछन् । यस जुनीमा मान्छेले गरेका पापको फल अर्थात् कुकर्मको फल पनि यसै जुनीमा भोग्नु पर्छ भन्ने मान्यता यहाँ स्थापित गर्ने प्रयत्न भएको छ । अरुण साँझमा आएर कसैले नदेखी धनसारमा लुक्छन्, राति तर्साउँछन्, किम्ती मालसामान लान्छन् पनि । उनले तर्साएकाले भाग्न खोज्दा काका हुतराजको हात भाँचिन पुग्यो, उनको छोराको त लडेर मृत्यु नै भयो ।

भौंतारिएर मर्न भनी हिँडेकी हीरा शिवकुमारीले चलाएको शिव आश्रममा पुग्छिन् । दुःखका कथा सुनाउँछिन् र आफू पनि त्यहीं बस्ने निर्णय गर्छिन् । धेरै जनासँग बस्दा आफ्ना दुःख, पीर भुल्छिन् । एक दिन राति बच्चा रोएको आवाज सुन्छिन् । शिवकुमारी र हीरा बाहिर निस्कन्छन् । हीरा अलिक पर पोखरी छेउसम्म पुग्छिन् । उनलाई भूतप्रेत हुने कुरामा विश्वास छैन र बाघको पनि डर छैन । बच्चा फेला पार्छिन् र ल्याउँछिन्, स्याहार-सुसार गर्छिन् । हीराको अभाव केही हदसम्म पूरा भएको छ । बच्चालाई आफ्नो लाम्टो चुसाउँछिन् । आश्चर्य - बच्चाका लागि दूध आउन थाल्छ, बच्चा हुर्कंदै जान्छ, एक वर्षको हुन्छ । एक दिन हीराले शिवकुमारीका बारेमा सोध्छिन् । उनको जीवनकथा झनै कठोर छ । शिवकुमारी आठ वर्षकी हुँदा

सात सन्तानका बाबु ४५ वर्षका विधुरसँग विवाह भएको, विवाह भनेको केही पनि नबुझ्ने बालापन भएकाले विवाहमा खुसी पनि लागेको, १५ वर्षकी हुँदा सन्तान जन्मेको तर त्यही दिन दमले ग्रस्त रोगी बूढाको मृत्यु भएको, केटाकेटी उमेर सुत्केरी अनि पतिको काजक्रिया, दैनिक चिसो पानीमा नुहाउनु पर्ने, खान केही नदिने आदि यावत् प्रताडनाका कारण दूध नआएर बच्चा बिरामी भयो र दुई महिनामा मऱ्यो । त्यसपछि आफूभन्दा ठूला छोराबुहारीले दिएको प्रताडना र अपमानको पीडाले घर छाडेर माइत आएकी । माइतमा दुइटी फुपूहरू बालविधवा रहेकाले तीनओटी विधवाको लस्कर भएको, दाइले अर्को विवाह गरिदिन खोजेका तर पहिलेकै भुक्तमान सम्झेर बिहे नगरी खोलाले बगर बनाएको भालुखानीको खेत माइतीसँग मागेर आश्रम खोल्ने तीनओटी विधवाको सल्लाह अनुसार यहाँ मिहिनेत गरेको, आश्रम चलाएको शिवकुमारीको जीवन कथा झनै कष्टपूर्ण, पीडादायी र सङ्घर्षपूर्ण रहेको छ । हाम्रो समाजले छोरीलाई जसरी पनि पन्छाउने, फगत धन हेरिने, उमेर मिल्छमिल्दैन, रोगीनिरोगी के छ, सन्तानको लस्कर कस्तो छ, सम्पत्ति नै भए पनि त्यो बालिकाले कसरी भोग गर्न सक्छे, केही नहेरिने गलत र रूढिवादी सामाजिक संरचनाले छोरीले सम्पूर्ण यातना भोग्नु पर्ने सामाजिक यथार्थको जीवन्त तस्विर सहितको रहस्योद्घाटन भएको छ ।

यता दिनेशकी आमा दुःख पाएर मरिन् । नर्मदाका बाबुले आफूले गरेको कुकर्मको पश्चात्ताप स्वरूप दीपाका पाँचै भाइ छोराहरूलाई आफ्नो घर गएर सम्पत्ति स्याहारेर बस्न चिठी लेखेकाले सबैजना सपरिवार घरमा आउँछन् । एकछिन त नर्मदाले पूर्ववत् दुष्ट व्यवहार गर्न खोज्छिन्, तर उमेरदार पाँच भाइ छोराहरू र नर्मदाको टोकसोले वाक्क भएका दिनेशले पनि छोराहरूको आडमा नर्मदाको जालसाजीले दीपा र छोराहरू उपर अन्याय भएको पछुतो मान्दै नर्मदालाई मिलेर बस्न चेतावनी दिएपछि कतै जाने ठाउँ नरहेकी नर्मदा अन्ततः आत्मग्लानिले राति घर छाडेर हिँड्छे । अर्काप्रति गरेको क्रूर अन्याय चिरस्थायी हुँदैन, समयको चक्रमा अवश्य पिसिनु पर्छ भन्ने तथ्यलाई उपन्यासले चित्रण गरेको छ ।

एक दिन शिव आश्रममा तीर्थ गर्न जाने कुरा चल्छ, जानेको टोली बन्छ, टोलीमा हीरा पनि पर्छिन् । भक्तिनीहरू पशुपति-बनारस-रामेश्वर पुग्दा अचानक नेपाली बोल्ने साधुसँग भेट हुन्छ । धेरै कुराकानीपछि अरुण भएको थाहा लाग्छ । अरुणले त पहिल्यै चिने झैँ घरिघरि फर्केर हेरेका पनि छन् । अन्ततः दुबैजनाको चिनाजानी हुन्छ, अत्यन्त खुसी हुन्छन् । शिवकुमारीले त रामेश्वर भनेको त बिछोडिएका भेटिने ठाउँ पो रहेछ भन्दै खुसी व्यक्त गर्छिन् । अरुण र हीराको भेटपछि आसामको गौहाटी पुगेर हीरालाई पाल्ने बाआमालाई भेट्ने इच्छा हुन्छ । सबैजना सँगै गएर आसामको कामाख्यादेवीको दर्शन गर्ने कुरा गर्छन्, सल्लाह मिल्छ । जोगी बनेका अरुण सफाचट भएर सुटेडबुटेड बनेर आउँदा त कसैले पनि चिन्नै नसक्ने बने । त्यही बेला शिवकुमारीले सम्झिन्- "पारिवारिक पीडाले मान्छेलाई कहाँ पुऱ्याउँदोरहेछ ।" उनीहरू सबैजना आसाम गए । हीराका बाआमालाई भेटे, कामाख्यादेवीको दर्शन गरे र सँगै नेपाल फर्के ।

शिव आश्रममा फर्केर आएपछि शिवकुमारीको हिम्मत र साहसले त्यस्तो कठोर यातनायुक्त जीवनलाई स्वदेशमै आश्रम खोलेर त्यत्रो गौरवपूर्ण काम गरेको, आफ्नी मुटुकी हीरालाई आश्रय दिएको तर आफू भने देश-परदेश देखेको व्यक्ति भएर

पनि उमेरमा अर्काका देशका लागि अर्काको बन्दुक बोकेको र पछि जोगी बनेर विरक्तिएर हिँडेकोमा अरुणलाई पछुतो भएको छ । आश्रममा केही दिन बसेर आफ्नो घर जाने निधो गर्छन् । घर लथालिङ्ग छ । काका हुतराज आफ्ना कुकर्मका कारण पत्नीविहीन रोगी जीवन बाँचेका छन् । उनले बाँचेको दीनहीन, दारुण जीवनबाट कर्मको फल सबैले भोग्नु पर्छ भन्ने देखाउन खोजिएको छ । सबै गाउँलेले अरुण, हीरा र छोरो हरि सबै आएकामा खुसीले गद्गद हुँदै सहयोग गर्छन् र चार दिनमै घर तयार हुन्छ । हीरालाई पनि हुतराज काकाप्रति घृणा जाग्छ । शिव आश्रममा प्रशिक्षित हीरालाई आफ्नो जग्गामा आश्रम खोल्ने इच्छा जाग्छ । सबै सहमत पनि हुन्छन् । हरिकला आश्रम नाम राख्ने प्रस्ताव राख्छिन् हीराले । हीराको यो उदारताको सबैले प्रशंसा गर्छन् । आश्रममा सयौँ मान्छे बस्छन् । दीपाकी सौता नर्मदा पनि त्यही आश्रममा सेविका बनेर बस्न आउँछिन् । आश्रमभित्रै विद्यालय, स्वास्थ्य चौकी सञ्चालित छन् । मेरो आफ्नो भन्ने सङ्कीर्णता छाडेर उदात्त मनले काम गर्ने हो भने संसारै आफ्नो हुन्छ भन्ने सन्देश प्रवाह गरेको छ घटनाले ।

### ३. परिवेश

उपन्यासले परिवेशलाई गौण नै बनाएको छ । यद्यपि उपन्यासमा गोगने डाँडो, जुकेपानी, मसिनाको लेक, पाल्पा अस्पतालको प्रसङ्ग, अमराई खोलो, भालुखानी, मैनाताल, छहरादेखि तानसेनसम्म, सेमरी खोला, बुटवल, तानसेन जस्ता आञ्चलिकताको उल्लेख छ । उपन्यासको खण्ड १५ मा रामेश्वरमा तीर्थयात्री पुगेपछि भेटिएका नेपाली बाबा अरुणसँगको परिचयमा तानसेन पश्चिमको साउनेपानीमा आफ्नो घर भएको बताएपछि मात्र पश्चिम नेपालको परिवेशलाई उपन्यासले चित्रण गरेको स्पष्ट थाहा हुन्छ । यद्यपि उपन्यासमा परिवेशीय प्राधान्यताभन्दा घटनाको प्रधान्यता रहेको पाइन्छ । घटनाहरू एक पछि अर्को जबरजस्त रूपमा आएका छन् । उपन्यासकार नारी हस्ताक्षर भएका कारण पनि हुन सक्छ, नेपाली ग्रामीण समाजमा महिलाले भोगेका पीडा, यातना, तिरस्कार, हेलाँहोचो जस्ता यावत् बेथिति, रूढिवादिता, अन्धविश्वास आफैँले देखे/भोगेकी हुँदा त्यही सामाजिक यथार्थलाई प्रस्तुत गरेर त्यही यथार्थका माध्यमबाट रूपान्तरणका पक्षमा, शिक्षा र सम्पत्तिमा महिलालाई समान अधिकार नहुँदासम्म नेपाली महिलाको साँचो अर्थमा मुक्ति असम्भव छ भन्ने सन्देश सबैका सामु पुऱ्याउने उद्देश्यका साथ नारीले भोगेका भुक्तमानको तस्बिर खिच्ने काम भएको होला भन्न सकिन्छ । उपन्यासमा घटनाहरू एक पछि अर्को गर्दै आएका छन् । उपन्यासकी प्रमुख पात्र हीरा हुन् । उनले बरु यातना, प्रताडना र पीडा भोगेकी होइनन्, उनको लोग्ने अरुणले उनलाई ज्यादै माया गरेको छ, तर सौता बेहोर्नु र निसन्तान हुनुको पीडाले उनी आहत बनेकी छन् । नेपाली महिलाहरूले यी दुइटा कुरालाई बेहोर्न र पचाउन सक्तैनन् भन्ने यथार्थको उजागर हीराका माध्यमबाट गरिएको छ । अर्की सहायक मुख्य पात्र दीपाले भोगेको यातना, पीडा, तिरस्कार, अवहेलना नेपाली ग्रामीण समाजको यथार्थ चित्र हो । दीपाले पाएको दुःख, पीडा र यातनाको वर्णनले पाठक भावविह्वल मात्र बन्दैन, यातना र पीडाले प्राण चाहिँ जाँदो रहेनछ भन्ने ठानेर दुःखी हुन्छ । त्यसै गरी महिलालाई दुःख र यातना दिने काम महिलाबाटै भएको सामाजिक यथार्थपूर्ण दृष्टान्त दीपाकी सासू मेनका र सौता नर्मदाका माध्यमबाट देखाइएको छ ।

वास्तवमा सौतेनी आमा घरमा भित्रिएपछि कसरी छोराछोरी जिउँदै टुहुरा हुन्छन्, कान्छी श्रीमतीका प्रति बाबु कसरी नतमस्तक हुन्छन् र आफ्नो सम्पत्ति हुँदाहुँदै कसरी छोराछोरीले गोठालो बस्नुपर्छ भन्ने जीवन्त तस्बिर खिच्ने काम उपन्यासले गरेको छ । छोरी भनेका पन्छाउने जात हुन् भोलि दुःख, सुख जेसुकै पाउन् भन्ने प्रवृत्तिका कारण हरिकला र शिवकुमारीहरू जस्ता नेपाली छोरीले बेहोरेको पीडा, यातना र मरणले छर्लङ्ग्याएको छ । वास्तवमा नेपाली समाजको यथार्थ यही नै हो । उमेरको मेल, स्वस्थ-अस्वस्थ केही नेहरी सम्पत्ति मात्र हेर्दा त्यो बालिकाले कसरी भोग गर्न सक्छे भन्ने सामान्य विवेक पनि प्रयोग गर्दैन नेपाली समाज, हो त्यसैका प्रति सशक्त प्रहार गरेको छ उपन्यासले ।

### ४. भाषा-शैली

उपन्यासले सरल, सरस, सलल बगेको गद्यलाई अङ्गिकार गरेको छ । उपन्यास सिङ्गो जीवनवृत्तमा घुम्नुपर्छ भन्ने मान्यतालाई यसले सम्वहन गरेको छ । उपन्यासमा प्रयुक्त भाषा र केही जनबोली जस्तै मौरी, खाँदै राख, जतानामका छौंडा, मिच्छिएको स्वर, मसमन्न निदाएका, जातिवित्ती थकाइ, आखत, जाद्रै, कामको माँचो, खेतारा, उच्छारै, बतासी, घाँडा, बिर्पट, घुर्पाइलो, सन्तानको भुटो, मनारी, मिच्छिन, पँडेल्ना, भैना, लैनछोकडी, आखर, कानउनासी, कान ठनास्दै जस्ता शब्दहरूको बग्रेल्ती प्रयोगले आञ्चलिकताबोध गरेको पाइन्छ ।

### ५. निष्कर्ष

उपन्यास पढिसकेपछि नेपाली ग्रामीण समाजको यथार्थका बारेमा जानकारी नभएको पाठक नेपाली ग्रामीण समाजको तहसम्म पुग्न बाध्य हुन्छ । हाम्रो समाजमा नेपाली महिलाले भोगेका पीडा, व्यथा र प्रताडनाको जीवन्त चित्र खिचेको प्रस्तुत उपन्यासले जबसम्म नेपाली महिलालाई शिक्षा, सीप र सम्पत्तिले समान पार्न सकिँदैन, तबसम्म नेपाली महिलाले यातना, पीडा र तिरस्कारको भारी बोकिरहनुपर्छ भन्ने वैचारिक मान्यता स्थापित गर्दै समग्र रूपान्तरण र महिला मुक्तिका पक्षमा, सङ्घर्षका पक्षमा अविचलित भई उभिन उपन्यासले प्रेरणा दिएको छ । उपन्यासकारको वैचारिक दृष्टिकोण पात्रमार्फत् प्रस्तुत गरेर औपन्यासिक कौशलताको प्रदर्शन भएको छ । नेपाली आख्यान साहित्यका भण्डारमा सामाजिक यथार्थवादी उपन्यास भण्डारण हुन आएको छ । यसका लागि उपन्यासकार बधाइकी पात्र छन् ।

* * *

### सन्दर्भग्रन्थ सूची

पोखरेल, बालकृष्ण (सम्पा.), २०५८, *बृहत् नेपाली शब्दकोश*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पौडेल, कविता, २०६३, *हीरा*, काठमाडौं: पसिना प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, २०३७, *नेपाली उपन्यास र उपन्यासकार*, ललितपुर: साझा प्रकाशन ।

* * *

*शब्दसंयोजन*, पूर्णाङ्क ३८, २०६४

## रमेश शुभेच्छु

### कविता पौडेलको बालचित्कार

*सुभाङ ९, पाँचथरमा २०३६ मा जन्मेका रमेश शुभेच्छु (रमेशकुमार लुइटेल) बानेश्वर क्याम्पस, काठमाडौंमा यतिखेर नेपाली विषयको उपप्राध्यापक पदमा कार्यरत छन् । एम्.ए., एम्.एड्. र एम्फिल समेत गरेका रमेश शुभेच्छु लेखन, प्राध्यापन, साहित्यिक पत्रकारिता र रेडियोकर्मी पनि हुन् । कविता लेखेका भए पनि रमेशको समालोचनाप्रति गहिरो अभिरुचि छ । यिनका गजल, कविता र समालोचनाहरू विभिन्न पत्रिकामा छापिएका छन् भने एक दर्जनभन्दा बढी पुस्तकाकार कृति पनि प्रकाशित भइसकेका छन् । यस लेखमा कविता पौडेलको बालचित्कार उपन्यासको समीक्षा गरिएको छ ।*

कविता पौडेल नेपाली समाजकी सङ्घर्षशील नारीको नाम हो । उनको साहित्यमा उपस्थिति २०६०को दशकपछि मात्र भए पनि समाजका अगाडि अनेक हाँक दिने नारीका रूपमा उनको परिचय पुरानो भइसकेको छ । बरिष्ठ साहित्यकार एवम् संस्कृतिविद् मोदनाथ प्रश्रितकी सहयात्री पौडेल राजनीति सचेत नारी, चिकित्सक, समाज परिवर्तनकी अभियन्ता र असल गृहिणी आदि अनेक रूपमा परिचित छन् । बालचित्कार २०६२ मा दोभान प्रकाशनबाट प्रकाशित औपन्यासिक कृति हो ।

*बालचित्कार* अधिकांश बाल उमेरमा समाजबाट यातना दिइएका सङ्घर्षशील पात्रलाई समेटेर लेखिएको छ । आत्मकथात्मक शैलीमा बरुण, टुल्की, खिमा, विनोद शर्मा, शर्मिला आदि पात्रहरूलाई उपन्यासकारले एकएक पक्षलाई समाएर आफ्ना कथा भन्न लगाएकी छन् । यहाँ धेरै ओटा कथाहरू समेटिएका छन् । जतातत्तै शोषण, वियोग र व्यथा गोग्दै हिँडेका पात्रहरू अन्तिममा आफ्नै सफ्नै सङ्घर्षले समाजमा स्थापित बन्न सकेका छन् । यहाँ प्रयोग भएका बरुण टुल्की, विदोद शर्मा, जयनारायण यादव, राम नरेश, रामपाल हरिजन, गणपत बोध डा. विजय कुमार श्रीवास्तव, ज्योति शुक्ल आदि जीवन्त देखिन्छन् । उपन्यास पढ्दा लाग्छ यी कोही पनि काल्पनिक पात्र होइनन् । बरुण बसेका घर मालिकहरू शन्तराम र हरिजन, बरुणका जेठाबा जेठीआमा, शिव कार्की, राम किसुन चौधरी, दीपक आदि कोही काल्पनिक लाग्दैनन् । समाजका अनेक तह र तप्का, अनेक वर्ग जात र परिवेशका पात्रको प्रयोग यस उपन्यासको धनात्मक पक्ष हो । कुनै न कुनै पात्रले कुनै न कुनै क्षेत्र पक्ष वा वर्गको प्रतिनिधित्व गर्न सकेबाट कविताको कलम सुरुमै सशक्त बनेर देखापरेको छ । विषयवस्तुका रूपमा यो एउटा सामाजिक उपन्यास हो । यहाँ सामाजिक अन्धविश्वास, रूढि, नारी हिंसा, दाइजो प्रथा, छुवाछुत प्रथा, बालअधिकार, एकल महिलाका समस्या, राजनीतिक जागरण जस्ता अनेक पक्षलाई समेटिएको छ । ती पक्षहरूलाई विशेष त वर्गीय द्वन्द्व र नारी

जागरणका केन्द्रीयतामा अगाडि बढाएको छ । यस आधारमा उपन्यास प्रगतिशील कित्तामा राख्न सकिने खालको छ ।

नेपालका जुम्ला, अर्घाखाँचीतिरको प्राकृतिक परिवेश, विभिन्न जेलको यातनापूर्ण परिवेश, अवसरका खोजीमा विदेसिएका नेपाली पुगेका भारतका नागाल्यान्ड, दिल्ली हुँदै नेपालका सिमानासम्म जोड्ने परिवेशले यस उपन्यासलाई नेपाल र भारतका सीमावर्ती जिल्लाबाट दुबै देशका राजधानी काठमाडौँ र दिल्लीसम्म समेटेको छ । पात्रहरूका आन्तरिक मनोवैज्ञानिक अन्तरद्वन्द्व पनि त्यतिकै भेटिन्छन् । भाइना, हाम हाल्नु, पोस्कर (खोस्टा), डाँठ (खोयो) अर्नी (खाजा) छिटो (पवित्र पार्ने काम), जेठीयाँ (जेठीआमा), झाइ (बहाना), काउलो पार्नु (बनावटी माया गर्नु), थारो (गोठ जोडेको घर), माझारे (माझ घरे), कसला (कष्ट), डबलफसल (छलफल), डाडी (कोको), कड्कुरो (खोलिया) चुकुनी (चाना) गन्टेउना (गन्थन), बोट्को (बटुको), आँठी (बिउको मुठो) राम (रमाइलो) जस्ता स्थानीय पश्चिम नेपालको अर्घाखाँची आसपासमा बोलिने भाषाको प्रयोग, त्यहींको स्थानीय रङको परिवेश र घटना एवम् प्रथाहरूले यस उपन्यासलाई आञ्चलिकताको नमुनाका रूपमा समेत प्रस्तुत गरेको छ । लेखकले निर्माण गरेको आत्मकथात्मक शैली आफैँमा रोचक र पाठकको मन जित्ने खालको छ । यहाँका प्रत्येक पात्रले आफ्नो कथा आफैँ भनेका छन् । यसलाई केही नवीन शैली पनि मान्न सकिन्छ । यसको भाषाशैलीमा कतैकतै गुरुप्रसाद मैनालीकै शैली भेटिनु र केही आदर्श वर्णन पट्यार लाग्दो देखिए पनि बुद्धि विलासी प्रयोगमुखी पाँचसात जनाले मात्र बुझ्ने कृतिका पाठक बाहेकका आम नेपाली पाठकलाई बोध्य र उपयोगी समेत छ ।

*बालचित्कार* उपन्यासले बालबालिकाका उत्पीडनहरूलाई केन्द्रमा राखेर अनाथ बालबालिकाका समस्या, बालविवाह, बालविधवा, बालश्रम जस्ता बालहिंसाको उद्घाटन गर्दै तिनको अन्त्यको चाहाना राखेको छ । नारीका अनेक समस्या उठाउँदै विशेषत: दाइजो प्रथा, नारी बेचबिखन, वेश्यावृत्ति र बालविधवाका समस्यालाई टुल्की, खिमा, शर्मिला, पुष्पा आदि पात्रका माध्यमबाट उठाउँदै तिनको अन्त्य र पुन:स्थापनाको माग अगाडि सारिएको छ । विभिन्न पात्रका दर्जन जति अलग अलग कथा रहे पनि तिनलाई म पात्रले एउटा मालामा उनेर औपन्यासिक स्वरूप प्रदान गरेको छ । विषय अनुकूलको परिवेश निर्माण, परिवेश अनुकूलको पात्रविधान र पात्रैपिच्छेका भाषाशैली र उद्देश्य योजनाले उपन्यासलाई सफल बनाएको छ । यसको शीर्षकीकरण समेत प्रत्येक पात्रले बालक छँदै पाएका दु:ख र सङ्घर्षका आधारमा जुराइएको छ- बालचित्कार आर्थिक सम्पन्नताले मानवताका ठाउँ अहम्ले ओगट्ने अन्यायी प्रवृत्तिको आलोचना र निम्नवर्गीय मानिसभित्र हुने मानवताको सम्मानमा सिर्जित यस उपन्यासले कविता पौडेलका कलमबाट अरू धेरै उपन्यास लेख्निे र ती सफल पनि हुने सम्भावना बोकेको छ ।

मो. ९८४१४५३१३९
shubechchhu_ramesh@yahoo.com

## रामकला खड्का

### हलोक्रान्ति र सामाजिक विद्रोह

*यहाँ रामकला खड्काले कविता पौडेलको काँडेघारीको यात्रा र उनका कथा-उपन्यासका सन्दर्भमा उनलाई एक क्रान्तिकारी नारीका रूपमा उभ्याएकी छन् । नेपाली समाजमा महिलाका लागि निषिद्ध कार्यहरू गरेर नारी अस्मिता तथा नारीको शक्ति र सामर्थ्य प्रदर्शन गर्नमा कविता पौडेलको अहम् भूमिका रहेको जिकिर गरेकी छन् । कविताका कार्यलाई यहाँ सामाजिक विद्रोहका रूपमा लिइएको छ ।*

गाउँघरमा महिलाले गर्न नहुने काम भनेर मार हान्ने, मलामी जाने, घर छाउने र हलो जोत्नेलाई लिने समयमा साहित्यकार कविता पौडेलले भने आफ्नो खेत आफैँले जोतेर समाजलाई चुनौती दिनुभयो । त्यसै गरी आफ्नो घरको छानो आफैँ छाउनुका साथै साउने सङ्क्रान्तिमा घरमै खसी ढालेर चाड पनि मनाउनुभयो । आफूले गरेको सामाजिक विद्रोहका क्षण सम्झँदै कविता भन्नुहुन्छ, 'मैले काटेको मासु, कसैले खाए कसैले खाएनन् ।'

२००२ सालमा अर्घाखाँचीमा जन्मिएकी पौडेलको नौ वर्षको उमेरमै विवाह भएको थियो । उहाँको पढ्ने इच्छा भए पनि त्यति बेला छोरीलाई पढाउने चलन थिएन । सोह्र वर्षको भएपछि भित्रैदेखिको पढ्ने इच्छालाई रोक्न नसकेर कविता भागेर माइत जानुभयो र दुई वर्षसम्म माइतीले घरमै मास्टर राखेर उहाँलाई पढाए । त्यति बेलासम्म उहाँ सधैँभरि माइतीमै बस्ने निर्णयमा पुगिसक्नु भएको थियो, तर आमाले घर जानु पर्छ भनेर सम्झाएपछि जीवनमा आइपर्ने सङ्घर्षसँग डट्ने निधो गरेर कविता घर फर्कनुभयो ।

पढाइप्रति उहाँको लगावका कारण घरमा मात्रै नभई दाउरा काट्न वन जाँदा पनि पढ्ने गर्नुहुन्थ्यो । यसरी दुःख गरेर आर्जेको ज्ञानको सदुपयोग गर्दै उहाँले आफ्नी कान्छी छोरीको न्वारनको दिन २०३२ सालमा बनारस गएर एसएलसी दिनुभयो । तर हिन्दीमा अनुत्तीर्ण भए पनि दोहोऱ्याएर जाँच दिन भने पाउनुभएन ।

राजनीतिमा लागेका आफ्ना श्रीमान् मोदनाथ प्रश्रित चौध वर्षका लागि भूमिगत उहाँले पनि बालबच्चा लिएर गाउँ छाड्नुभयो । भैरहवामा श्रीमान्ले बनाएको घर बेचेर आएको २५ हजार रुपैयाँले उहाँले पश्चिम थरौलीमा थोरै खेत किन्नुको साथै एउटा सानो घर बनाएर सोही घरमा औषधिपसल राखेर बस्नुभयो । केही वर्ष बितेपछि सो घरखेत पनि बेचेर उहाँले अर्को ठाउँमा खेत जोड्नुको साथै धान कुट्ने एउटा मिल स्थापना गर्नुभयो । जीविकोपार्जनका लागि गरेका दुःख सम्झँदै कविता भन्नुहुन्छ, 'अलिकति बेच्दा अलिकति बढ्छ ।' २०४८ सालमा काठमाडौँ कैयौँ पटक घरको किनबेच गर्नुभएको छ । यसरी कविताले जीवनमा बनाएका घरमध्ये हाल थानकोट चेकपोस्टनजिक रहेको घर नवौँ नम्बरमा पर्छ ।

सत्ताइस सालमा उहाँका श्रीमान् पुनः एघार वर्षको लागि कारावासमा पर्नुभयो । विवाहको ४६ वर्ष बितिसक्दा पनि आफ्नो श्रीमान्सँग भने उहाँको भेटघाट कहिलेकाहीँ मात्र हुन्थ्यो । एक्लै आफ्नो श्रीमान्सँग मात्र हुन्थ्यो । एक्लै आफ्नो परिवारलाई हाँक्दाका दिनहरू कविताका लागि निकै कष्टप्रद रहे । तर उहाँ भने हिन्दी र नेपाली उपन्यासहरू पढेर रात बिताउनुहुन्थ्यो । यसरी लेख्नु पर्ने रहेछ भनेर अनुभव बटुलेपछि सादा पानामा उहाँले लेख्न थाल्नुभयो । तर लेख्यो हरायो हुने गर्थ्यो । धेरैपछि गएर आफ्नो लेखनलाई व्यवस्थित बनाउनुभयो । धेरैलाई देखाएर छाप्न योग्य भएको सुझाव पाएपछि उहाँले *काँडेघारीको यात्रा*लाई प्रकाशनमा ल्याउनुभयो । यसपश्चात् प्रकाशित *बालचित्कार*मा बाबुआमा गुमाएका टुहुरा बालबालिका र बिधुवा भएका महिलाको पीडालाई पोखिएको छ भने *हीरा*मा एउटी महिलाको सुत्केरी हुँदाको पीडा र आफ्नो श्रीमान्ले अर्को श्रीमती ल्याउँदा मनमा हुने बज्रपातलाई प्रस्तुत गरिएको छ ।

आफूलाई महिलावादी लेखिका भन्न नरुचाउने कविता भन्नुहुन्छ, "समस्या महिलालाई मात्रै पर्दैन, पुरुषका पनि त्यति नै हुन्छन्, त्यसैले म आफ्ना रचानामा दुवैका समस्यालाई समेट्ने गर्छु ।" लाहुरेको धोको, भाषाको धोको, बेचिएकी चेली लगायतका १२ वटा कृति उहाँले तयार पारिसक्नु भए तापनि प्रकाशकको अभावमा ती थन्किएर बसेका छन् । पढेर नै लेखन क्षेत्रमा पाइला चालेकाले उहाँका अधिकतम कृति उपन्यास नै छन् । आफ्ना बायाँ हातलाई गालामा राखेर लेख्न बसेपछि धारावाहिक रूपमा लेखनलाई अगाडि बढाउने क्षमताकी धनी कविताले थुप्रै लोकगीत र तिजका गीतहरू लेख्नुका साथै गाउनुभएको छ । यी बाहेक अभिनय पनि उहाँको रुचिको विषय हो । हालसम्म 'सहयात्री' नामक सिरियल र 'दमन' नामक चलचित्रमा उहाँले काम गरिसक्नुभएको छ । मान्छेले संसारमा आफ्नो कृति बाहेक अरू केही पनि छाडेर जान नसक्ने विचार राख्ने कविता समयलाई निकै मूल्यावान् ठान्नुहुन्छ । यही कारणले गर्दा उहाँ कुनै पनि समय खाली हात बस्नुहुन्न । बिहान पाँचदेखि छ बजेसम्म कविता त्रिभुवन पार्कमा करिब पन्धजना जति स्थानीय महिलालाई योग सिकाउनुहुन्छ । दिउँसो लेखनलाई समय दिनुहुन्छ भने फुर्सदको बेला आफ्नै बारीमा तरकारी र फूलको गोडमेलमै उहाँको समय बित्छ ।

जीवनमा थुप्रै उकाली ओराली गरेर मन्त्राणीसम्मको पदमा पुगिसक्दा पनि उहाँले आफ्ना दिन भने अझै बिर्सनुभएको छैन । तिजको दर खाने दिन घरमा अन्नको दाना पनि नभएपछि ल्याउँछु भनेर दुई छोरीलाई सम्झाई उहाँ आफ्नो घर थरौलीबाट कृष्णनगर जानुभयो । फर्केर आउँदा बाटैमा नौ बजिहाल्यो । ठूलो पानी परिरहेकाले बाढी आएको खोलो तर्ने आँट उहाँले गर्न सक्नुभएन । वनमा बसे बाघले खाइदेला भनेर रूख चढेर बस्नुभयो । भोकले डाहा भएर पेट मिचीमिची खोलापारिबाट छोरीहरूले आमा हो, आमा.... भनेर बोलाएको अनि प्रतिउत्तरमा आफूले जाओजाओ घर जाओ, म आउन सक्दिन भनेको पीडादायी, आवाजले उहाँको कानलाई अझै सताइरहन्छ ।

* * *

*अन्नपूर्ण पोस्ट* २०६४ असार ९

## लक्ष्मी पौडेल

### कविता पौडेल: व्यक्ति एक व्यक्तित्व अनेक

*२०२४ साल माघ १४ मा जन्मेकी लक्ष्मी पौडेल शिक्षण सहायक पदमा रही मेची क्याम्पस, भद्रपुरमा प्राध्यापन कार्यमा संलग्न छन् । चन्द्रगढी- ६, मैत्रीटोल, झापामा बसोबास गर्ने पौडेलको लोकसाहित्यको अध्ययन अध्यापनमा विशेष रुचि रहेको छ । यस लेखमा कविता पौडेलका विभिन्न साहित्यिक व्यक्तित्वका विविध पाटाहरूको पहिचान गर्ने जमर्को भएको छ ।*

अर्घाखाँचीको खिदिममा २००२ साल माघ ६ गते पिता दुर्गाप्रसाद गौतम र आमा बुधकुमारी गौतमका काखमा जन्मिएकी कविता पौडेल नेपाली साहित्याकाशमा एक चम्किलो नक्षत्रका रूपमा परिचित छन् । छोरीले पढ्नु हुँदैन भन्ने मानसिकता बोकेको त्यस समाजमा ढिलै गरी १६ वर्षको उमेरमा कखरा चिनी २९ वर्षको उमेरमा प्रवेशिका परीक्षामा सामेल भएकी कविताले आफ्नै स्वअध्ययनबाट आफ्नो बौद्धिकता र प्राज्ञिकतालाई उच्च पारेको देखिन्छ । समस्या र अप्ठ्याराहरूसँग जुध्दै जीवनलाई सङ्घर्षको पर्याय बनाएकी कविताले आफूले जीवनयापनका क्रममा भोगेका, देखेका र अनुभूत गरेका कुराहरूलाई समेटी आफ्नो लेखनीलाई अगाडि बढाएकी छन् । उनका हालसम्म आधा दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भइसकेका छन् भने केही प्रकाशोन्मुख अवस्थामा छन् । उनका व्यक्तित्वका दुई पाटाहरू रहेका छन् । साहित्यिक व्यक्तित्वका रूपमा उनी गीतकार, निबन्धकार र आख्यानकार हुन् भने साहित्येतर व्यक्तित्वका रूपमा उनी सामाजिक र राजनैतिक कार्यकर्ता हुन् । यसका साथै आरोग्यशास्त्रीय व्यक्तित्व पनि उनलाई चिनाउने अर्को पाटो हो । व्यक्तित्वका यी सबै पाटाहरू समुन्नत अवस्थाका रहे तापनि उनको साहित्यिक व्यक्तित्व चाहिँ पछिल्लो समयमा आएर अझ प्रमुख र फराकिलो हुँदै गएको देखिन्छ । यहाँ उनका साहित्यिक व्यक्तित्वका विविध पाटालाई सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### १. गीतकारका रूपमा कविता

कविता पौडेलको साहित्य रचनाको प्रारम्भ गीतबाट भएको देखिन्छ । उनी एक सशक्त नारी गीतकार हुन् । उनको पहिलो गीत तिजको गीत हो । *तिजका गीतहरू* (गीतिसङ्ग्रह २०३८, २०५७), *दुई गीति क्यासेट आँगनमा* (२०५९), *बादलपारी माइती देश* (२०५९), *दोहोरी गीत* (२०५५) *कानुनलाई जाऊँ फेर्न* (गीतसङ्ग्रह २०५५), *जनताका आँसुले देला सराप* (गीत २०५५), *केटी बेच्ने दलाललाई फाँसी* (गीत २०५५), *गिरिजाको कुर्सी पल्टियो* (गीत २०५८) आदि गीति रचनाहरूले उनलाई गीतकारका रूपमा स्थापित गराएका छन् । यिनका अन्य फुटकर गीतहरू विभिन्न सङ्ग्रहमा

सङ्कलित र पत्रपत्रिकामा प्रकाशित छन् । यिनका सङ्कलित गीतहरूमा सामाजिक, सांस्कृतिक, राजनैतिक तथा योगासन सम्बन्धी विषयवस्तु रहेका छन् । तिजका गीतमा परम्परागत रूपमा महिलाले घर-माइतमा पाएका दुःख वेदनाका कुराहरूलाई व्यक्त गरेकी छन् भने अन्य गीतहरूमा राजनैतिक विषय, महिला समस्या, श्रमिक जनताका समस्याहरू देशभक्ति, राष्ट्रियता, महिला जागरण आदि विषयलाई पनि प्रस्तुत गरेकी छन् । योग र योगासनबाट हुने फाइदालाई पनि उनले आफ्ना गीतमा समेटेकी छन् । उनका गीतमा नारी भावना, वेदना पीडा र विचारहरू सहज ढङ्गले आएका छन् । तिजको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका साथै यसमा बढेका विकृतिहरू केलाउँदै आधुनिक सन्दर्भमा नारी चेतना जगाउने माध्यम बनाउँदै उनले नेपाली नारीहरूको अवस्थालाई यसमा चित्रण गरेकी छन् । यसका साथै राजनैतिक विषयवस्तु, राजनीतिमा महिलाहरूको भूमिका, नारी हकहित आदि सम्बन्धमा पनि गीत मार्फत् अवगत गराएकी छन् । ग्रामीण परिवेश, बाल्यकालमै विवाह, सङ्घर्ष, पति वियोग, अभाव, पीडा, व्यथा आदि कुराहरू नै उनका गीतका प्रेरक हुन् भने जस्तो लाग्छ । जे होस् उनका गीतहरूले ग्रामीण नेपाली महिलाहरूले भोग्नुपरेका पीडा, गर्नु परेका सङ्घर्ष, खेप्नुपरेको दमनलाई बुलन्द आवाजका रूपमा प्रस्तुत गरेकी छन् । उनका गीतले उनलाई एक सशक्त महिला गीतकारका रूपमा उभ्याएको छ ।

## २. निबन्धकारका रूपमा कविता

कविता पौडेलको सिर्जनात्मक यात्रा गीतबाट सुरु भए तापनि उनलाई साहित्यकारका रूपमा चर्चामा ल्याउने, चिनाउने र स्थापित गराउने काम उनको निबन्धात्मक कृति *काँडेघारीको यात्राले* गरेको छ । उनका प्रकाशित कृतिहरूमा सवैभन्दा गहकिलो, रोचक र चर्चित पुस्तकका रूपमा यो कृति पर्दछ । अन्य फुटकर निबन्धात्मक लेखरचनाका रूपमा *तिज पर्वको जन्मकथा* (२०६४), *योगासन र ध्यान* (२०५९) पनि प्रकाशित छन् । *काँडेघारीको यात्रा* आत्मवृतान्तमा आधारित एक सशक्त निबन्धात्मक कृति हो । १९२ पृष्ठमा लेखिएको यो कृति १०८ शीर्षकहरूमा विभाजित छ । एउटै कृतिका माध्यमबाट निबन्धकारका रूपमा चर्चा पाएकी कविताको यस पुस्तकमा आफ्नै जीवनका घटनालाई जस्ताको त्यस्तै इमान्दारितापूर्वक उतारेकी छन् । यस कृतिले उनलाई एक साहसी, निर्भीक र सङ्घर्षशील नारीका रूपमा चिनाएको छ । यात्रा वृत्तान्तका रूपमा रहेको यस कृतिको महत्वपूर्ण पक्ष भनेको नारी क्षमता तथा नारी शक्तिलाई चिनाउनु पनि हो । यो साहसिक यात्रा कविताको मात्र नभएर सम्पूर्ण नेपाली नारीहरूको हो । सानो उमेरमा विवाह, सासूको रुखो व्यवहार, पतिवियोग, घरव्यवहारका समस्यासँग जुध्नु पर्दाका अनुभव र स्मृतिहरूलाई यस कृतिमा अङ्कन गरिएको छ । तत्कालीन समाजमा नारीहरूले छोरीको रूपमा बुहारीका रूपमा, राजनैतिक व्यक्तिको श्रीमतीका रूपमा आमाका रूपमा भोग्नुपरेका समस्याहरूलाई यसमा चित्रण गरिएको छ । बालविवाह, गरिबी, अशिक्षा राजनैतिक अवस्था आदिले जनजीवनमा पारेको प्रभावलाई पनि यस कृतिले छर्लङ्ग पारेको छ । यद्यपि यो कृति कविताको जीवनमा घटित घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति हो, उनको जीवन सङ्घर्षको यथार्थ कथा हो, तथापि यसले आम नेपाली नारीहरूको वास्तविकतालाई प्रतिनिधित्व

गर्न सकेको छ । कविता पौडेललाई नजिकबाट निबन्धकारका रूपमा चिनाउन यस कृतिले नेपाली संस्मरण लेखनको इतिहासमा एउटा महत्त्वपूर्ण स्थान ओगटेको छ । आत्मसंस्मरणका संरचनात्मक तत्त्वका रूपमा जीवनभोग, परिवेश चित्रण, सहभागी आत्मसंस्मरणका संरचनात्मक तत्त्वका रूपमा जीवनभोग, परिवेश चित्रण, सहभागी तटस्थता, इमान्दारिता, विश्वसनीयता, सुसङ्गठन र भाषाशैली जस्ता कुरालाई लिइन्छ । यस दृष्टिले पनि यो कृति सबल रहेको छ । ज्यादै रोचक र सरल भाषामा लेखिएको यस कृतिले सबै खाले पाठकलाई आकर्षित गर्न सक्छ भने विशेषत: महिलाहरूका लागि त यो प्रेरणादायी नै छ । पुस्तकका प्रत्येक घटनाले दु:खबाट आतिनु हुँदैन र सुखबाट मातिनु हुँदैन भन्ने नेपाली आव्हानलाई चरितार्थ गर्दै धैर्य र साहसका साथ अघि बढेमा अवश्य जीवन सफल हुन्छ भन्ने सन्देशलाई प्रवाह गरेको छ । कृत्रिमताबाट टाढा रहेको यस कृतिमा प्रशस्त मात्रामा स्थानीय लवजहरूको प्रयोग भएको छ, जसले गर्दा पाठकहरूलाई अलमलको स्थितिमा पारेको पनि देखिन्छ ।

### ३. कथाकारका रूपमा

कविता पौडेलको साहित्यिक व्यक्तित्वको अर्को पाटो उनको कथाकारिता हो । उनका कथाहरू हालसम्म सङ्ग्रहका रूपमा नरहे पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित अवस्थामा छन् । वैचारिक आस्थामा प्रतिबद्ध, साहस र हिम्मत भएकी क्रान्तिकारी जुझारु नारी हस्ताक्षर कविताले कथाका क्षेत्रमा पनि आफूलाई स्थापित गरिसकेकी छन् । 'रिमा' (*समष्टि*, २०६३), 'छोरीको चिठी' (*युगभाका*, २०६१), 'पल्लो पसल' (*मधुपर्क*, २०६३) आदि उनका प्रकाशित कथा हुन् । उनका यी कथाहरूले नेपाली समाजको पुरुष मानसिकता, समाजमा नारीको स्थान, चेलीबेटी बेचबिखन, दाइजो प्रथा जस्ता समाजिक कुरीतिहरूको चित्रण गरेका छन् । उनी नारीवादी कथाकार हुन् । उनका सबै कथाहरू नारीलाई नै केन्द्रविन्दु बनाएर लेखिएका छन् । 'रिमा' कथामा रिमालाई आफ्नै बाबुले मारेको छ भने 'छोरीको चिठी'मा मुनालाई गाउँकै पुरुषले मुम्बइ पुऱ्याएर बेचेको छ, त्यस्तै रक्सी खाएर कुटपिट गर्ने क्रममा लोग्नेले आफ्नै स्वास्नी मारेको छ र कानुनी तवरबाट पनि ऊ सुरक्षित हुन्छ । दाइजो नल्याएको निहुँमा सासुले बुहारीलाई विष खुवाएर मारेको घटनालाई 'पल्लो पसल' कथाले प्रस्तुत गरेको छ । यसरी उनले आफ्ना कथाहरूको मूल भूमिकामा नारी पात्र राखेर कथाको सिर्जना गरेको देखिन्छ । उनका कथाहरू ज्यादै मार्मिक छन् । कथा पढ्दा कुनै पनि पाठक भावविह्वल बन्न पुग्छ, पीडा अनुभूत गर्न सक्छ । दलित परिवारकी रिमाले उच्च शिक्षाको चाहना राख्दा ज्यान गुमाउनु परेको छ भने गरिबीका कारण दाइजो ल्याउन नसक्दा बुहारीहरू मारिएका छन् र समाजका अपराधीहरूले गर्दा नेपाली चेलीबेटीहरूले विदेशका कोठीमा नाटकीय जीवन बिताउन बाध्य हुनुपरेको छ ।

कथाकार पौडेलका कथाहरू आर्थिक पक्षसँग पनि सम्बन्धित देखिन्छन् । एक सचेत नागरिकका हैसियतले उनले आफ्ना कथाहरूमा जबसम्म नारीहरूले पुरुषसरह आर्थिक अधिकार प्राप्त गर्दैनन् तबसम्म उनीहरूले यस्तै दु:खदायी नियति खेपिरहनु पर्नेछ र समाज र देशको आर्थिक रूपान्तरण पनि कठिन छ भन्ने भावलाई प्रत्यक्ष-अप्रत्यक्ष प्रकट गरेकी छन् । सरल र सहज भाषा, आदि, मध्य र अन्तको रैखिक

ढाँचामा रचिएका उनका कथाहरू आयामका दृष्टिले छोटा तथा मझौला देखिन्छन् । निम्न वर्गीय गाउँले जीवनबाट टिपिएका पात्रहरू, अनुकूल परिवेश, यथार्थका नजिकका घटनाहरूले गर्दा कथा विश्वसनीय बन्न पुगेका छन् । आफैंले देखेका, भोगेका र अनुभूत गरेका कुरालाई टपक्क टिपेर विषय बनाइएका उनका कथामा भावना र कल्पनाको प्रधानता भन्दा यथार्थको सघनता पाइन्छ । आर्थिक विषमताले निम्त्याएको दुःख, दर्द बिलौना र करुणा उनका कथामा जीवन्त बनेर आएका छन् । नारी कथाकार भएकाले उनका कथा नारीकै जीवनका परिधिमा रहेका छन् । उनका कथामा स्थानीयता र आञ्चलिकताको राम्रै निर्वाह भएको देखिन्छ ।

## ४. उपन्यासकारका रूपमा

साहित्यकार कविता पौडेलका तीन उपन्यास *आमाहरू* (२०६६), *बालचित्कार* (२०६२) र *हीरा* (२०६३) प्रकाशित भइसकेका छन् भने 'लाहुरेको धोको', 'पुतली दिदी', 'सीमापारी' प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनी समाजको यथार्थ चित्रण गर्ने सामाजिक यथार्थवादी उपन्यासकार हुन् । कथामा जस्तै उपन्यासमा पनि उनी प्रखर नारीवादी स्रष्टा भएर देखा परेकी छन् । नेपाली समाजमा महिलाहरूले भोगेका पीडा, व्यथा र यातनाको जीवन्त चित्रण उनका उपन्यासमा भएको पाइन्छ । *बालचित्कार* उनको आत्मकथात्मक उपन्यास हो । प्रस्तुत उपन्यास सामाजिक सङ्घर्षको कथामा आधारित छ । समाजमा विद्यमान बालविवाह, यौन अपराध, सामाजिक शिक्षा र चेतनाको अभाव, बालश्रम, दुहुरा दुहुरीको अवस्था, धनीहरूको थिचोमिचो आदि कुराहरू यस उपन्यासमा विषय बनेर आएका छन् । सुरुमा बालचित्कार शीर्षकले दुःखात्मक अनुभूति गराए पनि उपन्यासभित्रको विषयवस्तु र अन्त्य सुखात्मक रहेको छ ।

उनको अर्को औपन्यासिक कृति *हीरा* हो । सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी शिल्पपद्धति अँगालेको प्रस्तुत कृतिले ग्राम्य परिवेशलाई वरण गरेको छ । नारीमाथि परम्परागत रूपमा थोपरिँदै आएका सामाजिक एवम् सांस्कृतिक अन्यायको विरुद्धमा आवाज उठाउने काम यस उपन्यासले गरेको छ । उपन्यासको मुख्य कथा मूलतः दुई परिवारमा केन्द्रित छ । दीपा र दीनेशको परिवार अनि अरुण र हीराको परिवार । दिनेश अत्यन्त क्रुर अमानवीय र अविवेकी पतिको रूपमा उपन्यासमा चित्रित छ भने अरुण पत्नीप्रति समर्पित कर्तव्यपरायण, उदार हृदयको भए तापनि एउटा विवश पात्र बनेर हरिकलालाई न्याय गर्न सकेको छैन । दुई परिवारका माध्यमबाट उपन्यासकारले समाजमा अपहेलित, दलित र शोषित नारीहरूको व्यथालाई मसिनो गरी केलाउन खोजेको देखिन्छ । साथै नारीलाई शोषण गर्ने पुरुष मात्र नभएर स्वयम् नारी नै सासू, भाउजू, बुहारी, सौता आदिका रूपमा जिम्मेवार छन् भन्ने कुरालाई उपन्यासकारले महत्त्व दिएको देखिन्छ । सामाजिक संरचना र व्यवस्थाकै कारण नारीहरूको दयनीय अवस्था भएको र यसको निराकरणका लागि सामाजिक तथा आर्थिक रूपान्तरण आवश्यक छ भन्ने तथ्यलाई पनि उपन्यासकारले अघि सारेकी छन् । नारी पुरुष दुवैको सहयात्राबाट नारी मुक्ति सम्भव छ भन्ने सन्देश यस उपन्यासले दिएको छ । भाषागत दृष्टिले आञ्चलिक भन्न सुहाउने यो उपन्यास सत् र असत् पात्रहरू बाहेक अन्तर्द्वन्द्वले गतिशील बन्न पुगेको छ । नेपाली नारीहरूले भोगेको लोग्नेबाट भएका यातना,

सासूबाट लादिएका अनावश्यक बुहारतन गर्भिणी, सुत्केरी अवस्थामा पनि पुरुष सरह काममा लादिनु पर्ने विवशता, सन्तान नभएर भोग्नु पर्ने पीडा, सौताको दुर्व्यवहार, एक्लो जीवन बाँच्न गर्नु पर्ने सङ्घर्ष आदि समस्यै समस्याको चित्रण उपन्यासमा भएको छ ।

पुरुषप्रधान मानसिकताबाट उन्मुक्ति खोजिरहेको बेलामा स्वयम् महिलाहरूले महिलाहरूबाटै शारीरिक तथा मानसिक यातना भोग्नु परेको तीतो यथार्थलाई उपन्यासले प्रस्तुत गरेको छ । प्रस्तुत उपन्यासमा उपन्यासकार जीवनवादी र मानवतावादी भएर देखिएकी छन् । मीठो भाषा, सरल शैली, निश्चल अभिव्यक्तिले उपन्यासमा रोचकता भरेको छ भने समाजको वास्तविक र सजीव चित्रणले पठनीय र चिताकर्षक बनेको छ ।

आमाहरू नारीप्रधान नेपाली उपन्यास हो । नेपालको १० वर्षे जनयुद्धलाई विषय बनाएर लेखिएको यस उपन्यासमा युद्धले निम्त्याएका विविध समस्या गासबासको समस्या, पारिवारिक विघटन, भविष्यप्रतिको निराशा र वितृष्णा आदिलाई चित्रण गरिएको छ । सत्ता पक्ष र विद्रोही पक्षको द्वन्द्वमा सर्वसाधारण जनता पिसिएका र त्यस विकराल पीडालाई भोग्नु परेको तथ्यलाई उपन्यासले उजागर गरेको छ । रुकुम जिल्लाको एउटा गाउँबाट कथावस्तु सुरु भएर नेपालका विभिन्न भूभाग हुँदै अन्तमा काठमाडौं पुगेर कथाको अन्त्य भएको छ । उपन्यास द्वन्द्व र युद्ध विभीषिकाको एक अभिलेख बन्न पुगेको छ । उपन्यासमा नारी पात्रको प्रधानता छ र समख्याताका रूपमा पनि नारी नै रहेका छन् । नारी केन्द्रीयतामै रचित यस उपन्यासमा मान्छेले शान्तिपूर्वक बाँच्न पाउनु पर्छ भन्ने मानवतावादी सोचलाई अघि सारेको छ । युद्ध र युद्धजन्य दुष्परिणतिको अभिलेखन नै उपन्यासको मूल अभीष्ट रहेको देखिन्छ । उनका प्रकाशित तीन उपन्यासलाई आधार मानेर हेर्दा कविता पौडेल एक सामाजिक यथार्थवादी, मानवतावादी, प्रगतिशील, नारीवादी उपन्यासकारका रूपमा देखिन्छिन् ।

## सन्दर्भ सूची


पौडेल, कविता, २०५९, *काँडेघारीको यात्रा*, काठमाडौं : पसिना प्रकाशन ।

*जुही, कविता पौडेल विशेषाङ्क*, २०६८, चन्द्रगढी, झापा ।

श्रेष्ठ, दयाराम, २०३९, *पच्चीस वर्षका नेपाली कथा*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

सुवेदी, राजेन्द्र, २०५३, *नेपाली उपन्यास: परम्परा र प्रवृत्ति*, बाराणसी: भूमिका प्रकाशन ।



फोन: ०२३-४५५६०१

## शालिकराम पौड्याल

सामाजिक रूपान्तरणमा 'रिमा' कथाको भूमिका

*सेमलार- ४, रूपन्देहीमा २०३४ मा जन्मेका शालिकराम पौड्याल नेपाली विषयमा स्नातकोत्तर गरी त्रि.वि. बुटवल क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत छन् । उनका एक दर्जन जति पुस्तकहरू प्रकाशित भएका छन् भने विभिन्न समालोचनात्मक लेखहरू पनि प्रकाशित भएका छन् । पौडेलको सिर्जना र समालोचनाप्रति गहिरो अभिरुचि र लगाव छ । यिनका समालोचनाहरू विभिन्न प्रतिष्ठित साहित्यिक पत्रिकाहरूमा छापिएका छन् । प्रस्तुत समालोचनामा 'रिमा' कथाले नेपाली समाजको रूपान्तरणमा खेल्ने भूमिकालाई पहिल्याउने जमर्को गरिएको छ ।*

### १. विषयप्रवेश

नेपाली साहित्यका विविध विधामा कलम चलाउने कविता पौडेल आधुनिक नेपाली कथाको प्रगतिवादी धाराकी चिरपरिचित नारी प्रतिभा हुन् । *बालचित्कार* (२०६२), *हीरा* (२०६३), *आमाहरू* (२०६६) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित गरिसकेकी पौडेलका 'राँको', 'लाहुरेको धोको' र 'बेचिएकी चेली' जस्ता कथासङ्ग्रहहरू प्रकाशनका क्रममा रहेका देखिन्छन् । नेपाली समाजको वास्तविक स्थितिको अत्यन्त जीवन्त ढङ्गले चित्रण गर्ने पौडेलले आफ्नो कथाको आधारभूमि नेपाली समाजलाई नै बनाएको देखिन्छ । नेपाली समाजमा विशेष रूपमा नारीहरूले भोग्ने गरेका पीडा, दमन, शोषणलाई बडो मार्मिक, जीवन्त र प्रभान्वितिपूर्ण ढङ्गले अङ्कन गर्ने पौडेलका कथाहरूमा क्रान्तिकारी भावना, जनमुखी शासन व्यवस्थाको स्थापना, मानवतावादी र नारीवादी चेत, प्रगतिवादी र समय सुहाउँदो व्यावहारिकताको अपेक्षा, अन्धविश्वास एवम् लिङ्गीय विभेदको अन्त्य लगायतका मार्गदर्शन पाइन्छन् । चेतना र शिक्षाको अभावका कारण आफ्नै घरपरिवारमा पीडित हुन पुगेका नेपाली महिलाहरूलाई मुख्य पात्र बनाई रचना गरिएको 'रिमा' कथा सामाजिक रूपान्तरणको लागि एउटा उत्कृष्ट कृतिको नमुनाका रूपमा देखिएको छ ।

### २. सामाजिक रूपान्तरणमा रिमाको भूमिका

'रिमा' कथाकी केन्द्रीय चरित्र रिमा हो । रिमा सानै छँदा उसको बुबा रामबहादुरले रिमा र उसकी आमालाई तिरस्कार गरी अर्को विवाह गर्छ । अत्यन्त सङ्कटमा परेकी रिमाले आफ्नो प्रतिभा र कपडा सिउने कलाले आफू र आमालाई समेत पालिरहेकी हुन्छे । छोरी र जेठी श्रीमतीलाई देखिनसहने रामबहादुर नानाथरिका गाली गर्दै छोरी रिमासित पैसा माग्छ । यसै क्रममा रिमाकी आमालाई अगुल्टाले हानेर मृत्युको मुखमा पुऱ्याई रामबहादुर जेलमा पर्छ । यता दमिनीको लास छुन नमानेको परिस्थितिमा 'म' पात्रले आफू अगाडि आई अन्य महिलाहरूको समेत सहयोग लिई

रिमाकी आमाको सत्गति गर्नमा अहम भूमिका खेल्छिन् । आमाको क्रियामा बसेकी रिमा 'म' पात्रद्वारा बारम्बार सचेत गराईँदा पनि भाइ कमलको आग्रहबाट आहत भई हत्यारा बाबुलाई जेलबाट छुटकारा दिलाउँछे । यता जेलबाट छुटेर आएपछि रिमालाई रामबहादुरले पुनः सताउन थाल्छ । एक दिन बडो रहस्मय तरिकाले रिमाको हत्या हुन्छ । यहींनेर यस कथाको कथानकको अन्त्य हुन्छ ।

नेपाली समाजको वास्तविक स्थितिको उद्घाटनका साथै सामाजिक रूपान्तरणको चाहना राख्नु प्रस्तुत कथाको मूल ध्येय रहेको पाइन्छ । यस कथाले नेपाली समाजका कुकृत्य, रूढिवाद, अन्धविश्वास, बहुविवाह, मानवता र मानवीय मूल्यको ह्रासोन्मुखता लगायतका पक्षहरूको नाङ्गो रूप पहिल्याउने प्रयास गरेको छ । समाजका खराबीहरूलाई समाजसमक्ष प्रस्तुत गरी समाजलाई सुधारको बाटोमा हिँडाउन खोजेको पाइन्छ । आफ्नै सन्तानको प्रगति हेर्न नसक्ने अभिभावकहरूको गैरउत्तरदायित्वपूर्ण स्वभावलाई कथामा यसरी प्रकट गरिएको छ, ऊ पढाइमा पनि मेहनती थिई । उसको बाबु रामबहादुरलाई रिमाले राम्रो लुगा सिलाएको र चिटिक्क परेर पढ्न गएको पटक्कै मन पर्दैन्थ्यो (पृ. ४०) । यी हरफले एकातिर नारीहरूको शिक्षाप्रतिको मोहलाई प्रकट गरेका छन् भने अर्कोतिर नेपाली समाजमा लैङ्गिक विषमता भएको, लोग्नेमान्छेले आफ्ना चेलीबेटीहरूलाई शिक्षाको घामबाट टाढै राख्न खोजेको कुरालाई पनि स्पष्ट पारिदिएका छन् । एक्काइसौं शताब्दी व्यतीत भइरहेको वर्तमान अवस्थामा यस्ता तर्कहीन र प्रगतिवाधक स्वभावमा आमूल परिवर्तन गरी समानताको व्यवहार गरी समाजमा रहेका जोकोहीले पनि आफ्नो निजी व्यक्तित्वको विकास गर्न पाउनु पर्ने कथाकार पौडेलको धारणा रहेको पाइन्छ ।

नेपाली समाजलाई अधोगतितर्फ धकेल्ने, आफ्नै चेलीबेटीहरूलाई अँध्यारो खाडलमा पुऱ्याउन खोज्ने कर्तव्यविमूढ अभिभावकहरूको कुकृत्य र कर्तुतलाई यथार्थवादी ढाँचा र साँचामा प्रस्तुत गर्ने काम कथामा यसरी हुन पुगेको छ, मलाई देख्नेबित्तिकै रामबहादुरले भन्यो, "हेर्नुस् न हजुर, यो मेरी छोरी भनाउँदी, मैले एक अक्षर नपढेर पनि काम गरेकै छु; विष्टका कपडा सिलाएकै छु । यो राँडलाई भने दस पास गरेपछि पनि अझै पढ्नुपन, जति पढे पनि दमाईकी छोरी बाहुनी हुने छैन क्यार,.... बढ्ता ठूली हुन्छेस्, पख् तँलाई सौतामाथि नदिई त किन पो छाडौँला र (पृ. ४०-४१) ?"

चरित्रहीन, कर्तव्यविमूढ एवम् प्रगतिवाधक अभिभावकहरूको आडम्बरीपना, बनावटीपना, शोषकप्रवृत्ति आदिको भण्डाफोर गरी उनीहरूको विरुद्धमा आवाज बुलन्द गर्ने काम पौडेलले कथाकी केन्द्रीय पात्र रिमाकै मुखबाट अभिव्यक्त गर्न खोजेकी छन्, "तपाईंले बाबुको व्यवहार गर्नुभएको छ र मैले तपाईंलाई पैसा दिने ? आँखा नदेख्ने मेरी आमालाई तारा देखिने छाप्रोमा छोडेर अर्को आमा ल्याएर बस्नुभएको छ । तपाईंले आमालाई छाड्दा म पाँच वर्षकी मात्र थिएँ । गाउँभरि भीख मागेर आमालाई कसरी पालेर यहाँसम्म ल्याइपुऱ्याएँ भन्ने कुरो मलाई थाहा छ । सबै विष्टहरूले र स्कुलका सरहरूले माया गरेका हुनाले पढ्न पाएँ । मैले तपाईंको के खाइदिएकी छु र जैले पनि ममाथि रिस पोख्नुहुन्छ (पृ. ४०-४१) ।"

लोग्नेमान्छेले मात्र हलो जोत्न हुने नेपाली समाजको परम्परालाई तोडी प्रथम पटक हलो जोत्न पुगेकी कविता पौडेल यहाँ पनि 'म' पात्रका रूपमा उपस्थिति भई लोग्ने मान्छेले मात्र लासको सत्गति गर्ने तथा तल्लो जातको लाससमेत छुन नमान्ने

आधारहीन क्रियाकलापक विरुद्धमा उभिई क्रान्तिकारी कदम चाल्न पुगेको पाइन्छ, 'दमेनीको लास' भनेर कसैले पनि उठाउन नमानेपछि म अगाडि सरें । मेरो अनुरोधमा लास उठाउन गाउँका आठदसजना महिलाहरू तयार भए । हामीहरूले लास लगेर सेमरी खोलाको किनारमा गाड्यौं । त्यसपछि कसले क्रियाकर्म गर्ने भन्ने समस्या उठ्यो । रिमाले भनी, "मेरो कपाल मुण्डन गरिदिनोस् । म गर्छु क्रियाकर्म (पृ. ४२) ।"

यी हरफले नेपाली समाजमा अन्धविश्वासले जरा गाडेको, नेपाली समाजमा लैङ्गिक विभेद कायम रहेको, महिलालाई हरेक काममा बाधा पुऱ्याइएको लगायतका वास्तविकताको उद्घाटन गर्दै कथाकार पौडेलका प्रगतिवादी, क्रान्तिकारी, अग्रगमनकारी, नारीवादी दृष्टिकोणलाई अभिव्यक्त गरिदिएका छन् । कथाकार पौडेलले कथाकी प्रमुख नारीचरित्र रिमालाई आफ्नी आमाको क्रियाकर्म गर्न लगाई पितृसत्तात्मक परिवारको आधारहीन मान्यतालाई भञ्जन गरी महिलाले क्रियाकर्म गरेको देखेर आश्चर्य मान्ने र नानाथरिको टीकाटिप्पणी गर्ने रामरतनको परम्परित सोचाइप्रति कथामा यसरी व्यङ्ग्यप्रहार गरिएको छ, मैले भने, "ए रामरतनजी, के आमाले छोरालाई छुट्टै तरिकाले जन्माउँछन् र ? आखिर पीरव्यथा त उस्तै हो नि, यसले आमालाई पाली, सत्गत् पनि आफैंले गरी, क्रिया पनि गरोस् न त, यसको सौतेला भाइ सानै छ (पृ. ४२) ।"

यसै गरी यस कथामा पापकर्ममा संलग्न जोकोहीलाई पनि त्यसको परिणाम भोग्नै पर्ने, पापी जोसुकै भए पनि त्यसलाई छुटकारा दिलाउन नहुने, बहुविवाहले समाजलाई अधोगतितर्फ डोऱ्याउने, दुर्व्यसनले जीवनलाई ध्वस्त पार्ने, सचेत र चनाखो नभई जीवनयापन गर्दा आइ पर्ने सङ्कट र चुनौती कर्तव्य पथबाट विचलित भइदिंदा उतपन्न हुन सक्ने परिस्थिति, चेतना र संवेदनाको अभावमा सिर्जित परिवेश, मानिसहरूको स्वार्थलिप्सा लगायतका पक्षहरूको चित्रण बडो सूक्ष्मतापूर्वक गरिएको छ । महिलाहरू बढी संवेदनशील, कर्तव्यनिष्ठ, कोमल र मानवतावादी हुन्छन् भन्ने कुराको रहस्योद्घाटन पौडेलले यस कथामा गर्न पुगेकी छन्, "के गरौं र आमा, अरू कसैले भनेर मेरो मन पग्लिने थिएन । एकदिन कमल भाइ आएर मसँग बिलौना गऱ्यो । 'बा जेल परेपछि मेरो पढाइ बिग्रने भयो' भनेर रोयो । मैले रातभरि सोचें । मेरी आमा त मरिहालिन्, म त टुहुरी भएँभएँ, भाइलाई पनि टुहुरो जस्तै किन बनाउने भन्ने लाग्यो । त्यही सोचेर रामरतनले ल्याएको कागजमा सही गरिदिएँ (पृ. ४३) ।" समाजमा जीवनयापन गर्दा महिलाहरू बडो सचेत, सावधानी र होसियारीसाथ जीवन बिताउनु पर्ने सल्लाह कथाकार पौडेलले दिन खोजेकी छन्, "अब तिमी पनि ठूली भएकी छौ । बाँकी जिन्दगीको ख्याल गर । तिमीले जति दया देखाए पनि तिम्रो बाबु र गाउँका अरू फटाहाहरूले तिमीमाथि दया देखाउने छैनन् । झोपडी नै भए पनि तिम्रो घर भएको एक कठ्ठा जग्गा गाउँको चौबाटोमा छ । त्यही पनि खाइदेलान्, होस गरे (पृ. ४३) ।"

नेपाली समाजमा व्याप्त रहेको रुढिवाद, लैङ्गिक विभेद, नारीशोषण, षड्यन्त्र, दुर्व्यसन, अशिक्षा लगायतका पक्षको समूल नष्ट नहुँदासम्म नेपाली समाजले कोल्टो फेर्न नसक्ने तर्क कथाकारको रहेको देखिन्छ । समाजमा सामाजिक न्याय तथा राज्यमा भरपर्दो कानुनीव्यवस्था हुनु पर्ने अभिमत समेत कथाकारको रहेको छ । महिला र पुरुष सबै समान छन्, सबैले सम्मानपूर्वक बिना कुनै भेदभाव जीवन जीउन पाउनु पर्दछ । महिलालाई पाखा लगाएर कुनै पनि हालतमा मानवरथ अगाडि बढ्न सक्दैन, महिलालाई

अप्ठ्यारोमा पार्दा मानव जीवन ध्वस्त हुन सक्छ भन्ने कुरा पनि कथाले बोध गराएको देखिन्छ । समाजमा महिलाले पनि पुरुष जस्तै बाँच्न पाउनु पर्दछ, पुरुषबराबरको हक पाउनु पर्दछ, पढ्न लेख्न, व्यक्तित्व विकास आदि हरेक कुरामा अधिकार पाउनु पर्दछ ।

यस किसिमबाट कथाकार पौडेलले आफ्ना दृष्टिकोण र अभिमतहरूलाई बडो नाटकीय ढङ्गले पाठकसमक्ष पुऱ्याएकी छन् । यस कथाको सारवस्तु विचार वाक्यका रूपमा नआई आधुनिक कथाकै सिद्धान्त अनुसार मुखरित भएको पाइन्छ । आधुनिक कथाकारहरूले समस्यालाई पाठकसमक्ष पुऱ्याई त्यसको समाधानको जिम्मेवारी पाठकलाई नै सुम्पने गर्दछन् । यहाँ कथाकार पौडेलले नेपाली समाजको वास्तविक स्थितिको तस्बिर पाठकसमक्ष पुऱ्याई पाठकको प्रतिक्रिया बुझ्न चाहेको देखिन्छ । कथाकारले यस कथाको जीवनदर्शनलाई पाठकसमक्ष पुऱ्याउनका लागि पाश्चात्य साहित्यिक रङ्गमञ्चमा स्थापित यथार्थवादको सहयोग लिएकी छन् भने प्रगतिवादी साहित्य सर्वसाधारणको साहित्य भएकोले त्यसको भाषा पनि सहज र सम्प्रेषण हुनु पर्दछ भन्ने अभिमतबाट समेत अभिप्रेरित भई प्रस्तुत कथा लेखेकी छन् । कथाको अद्यान्त अध्ययनपश्चात् पाठकले सजिलै गरी अभिधात्मक अर्थसापेक्षको मध्यमबाट बिना कुनै तगारो कथाको सारवस्तु ग्रहण गर्न सक्छन् । कथाकार पौडेलले रैखिक, कौतूहलपूर्ण, जीवन्त र कारुणिक कथानक, कथानक, विषयवस्तु र परिवेश सुहाउँदो पात्रविधान, यथार्थवादी र विश्वसनीय परिवेश, संवृत रूपविन्यास, अत्यन्त छोटो, छरितो र उपयुक्त संवादयोजना, आन्तरिक परिधीय दृष्टिविन्दु आदिको सुव्यवस्थित संयोजन गरेर आफ्नो प्रगतिवादी दृष्टिकोणहरूलाई पाठकसमक्ष पस्कने प्रयास गरेकी छन् । कथाकार पौडेलले कतै वर्णनात्मक र कतै संवादात्मक प्रस्तुतिलाई आफ्नो विचार प्रदर्शनको माध्यम बनाएकी छन् । रिमालाई केन्द्रीय चरित्रका रूपमा उभ्याई त्यसकै आँखाबाट नेपाली समाजका हरेक खराबी र प्रगतिबाधक परिस्थिति र कारक तत्त्वहरूलाई चियाउने प्रयत्न गरेकी छन् । प्रस्तुत कथाको माध्यमबाट पौडेलले जर्जर अवस्थामा पुगेको नेपाली समाजको पुनर्निर्माण गर्न खोजेकी छन् । नेपाली समाजका खराबीहरूको समूल नष्ट नगर्दासम्म नयाँ नेपालको परिकल्पनै हुन नसक्ने, नेपाली समाजले काँचुली फेर्न नसक्ने कुरा प्रायः निश्चित रहेको कुरा समेत कथाकारले साङ्केतिक रूपमा बोध गराउन खोजेको देखिन्छ ।

नेपाली समाजमा व्याप्त अन्याय, अत्याचार, रूढिवादिता, महिलाशोषण, लैङ्गिक विभेदको अन्त्य हुनु पर्ने, महिला स्वतन्त्रता र अधिकारको ग्यारेन्टी हुनु पर्ने, समाजमा चेतना र शिक्षाको सञ्चार गर्नु पर्ने, समाजका हरेक कुकृत्यहरूको भण्डाफोर गरिनु पर्ने, महिलाहरू बडो सचेत, सावधान र होसियार भई जीवनयापन गर्नु पर्ने, मानवताको विरुद्धमा काम गर्ने जोकोहीलाई कठोर सजाय दिनु पर्ने, समाजमा राम्रो काम गर्नेलाई सम्मानित गर्नु पर्ने, प्रत्येक नेपालीमा मानवीय मूल्य, मान्यता, संवेदनशीलता आदिको सञ्चार हुनु पर्ने, सामाजिक जालझेल र षड्यन्त्रको अन्त्य हुनु पर्ने, लगायतका सन्देशहरू पाठकसमक्ष पुऱ्याई पौडेलले नेपाली समाजको रूपान्तरण गर्न खोजेकी छन् । माथि उल्लिखित कुराहरूलाई मनन गरी नेपाली समाज अघि बढेको खण्डमा नेपाली समाजको रूपान्तरण प्रायः निश्चित र अकाट्य देखिन्छ ।

## ३. निष्कर्ष

सामाजिक रुचिक्षेत्रलाई आफ्नो कथाको मुख्य विषय बनाई कथा लेख्ने कविता पौडेल नेपाली समाजकी वास्तविक द्रष्टा व्यक्तित्व हुन् । नेपाली समाजको वास्तविक तस्बिर कथामा उतारी त्यसका माध्यमबाट नेपाली समाजको पुनर्संरचना गर्ने चाहने पौडेल आधुनिक नेपाली कथाको प्रगतिवादी धाराकी एक सशक्त प्रतिभा हुन् । नेपाली समाजमा व्याप्त नारीसमस्या र नारीहरूका कथा र व्यथालाई मुख्य विषय बनाई पौडेलद्वारा लेखिएको 'रिमा' एउटा महत्त्वपूर्ण प्रगतिवादी कथा हो । यस कथाका माध्यमबाट कथाकार पौडेलले नेपाली समाजको रूपान्तरण र समतामूलक समाजको स्थापना गर्न चाहेको देखिन्छ । पौडेलले त्यस्तो खालको सामाजिक संरचनाको परिकल्पना गर्न चाहन्छिन्, जुन समाजमा महिला शोषित र पीडित नहोऊन्, महिला स्वतन्त्रता र अधिकारको ग्यारेन्टी होस्; नारीजातिको उच्च सम्मान होस; पुरुषरूपी अहम् र अहङ्कार, जालझेल र षड्यन्त्रको आभास नहोस् । यस किसिमबाट प्रस्तुत कथाले कविता पौडेललाई एक प्रगतिवादी, क्रान्तिकारी र सुधारवादी कथाकारका रूपमा उभ्याइदिएको छ ।

## सन्दर्भग्रन्थसूची


अब्राम्स, एम्.एच्., ई. १९९३, *ए ग्लोसरी अफ लिटरेरी टर्म्स*, रिप्रिन्टेड: मद्रास मेकमिलन इन्डिया लिमिटेड ।

पौडेल, कविता, 'रिमा', चूडामणि रेग्मी र अन्य (सम्पा.), २०६७, *जुही कविता पौडेल विशेषाङ्क*, पूर्णाङ्क ६३, पृ. ४०-४४ ।

बरई, त्रिभुवन, २०६५, "रचनाविधानका आधारमा भोकयुद्ध कथासङ्ग्रहको अध्ययन", त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत एम्.ए. नेपाली, अप्रकाशित शोधपत्र ।

बरई, त्रिभुवन, २०६७, 'कथाको रचनाविधानका अङ्गीभूत उपकरणहरू', *शब्दसिन्धु*, वर्ष २, पूर्णाङ्क ८, पृ. २०-३४ ।

शर्मा, मोहनराज, २०५९, *शैलीविज्ञान*, दोस्रो संस्करण, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, हरिप्रसाद, २०५९, *कथाको सिद्धान्त र विवेचन*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (सम्पा.), २०३९, *पच्चीस वर्षका नेपाली कथा*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

..... ....., २०६०, *नेपाली कथा भाग-४*, दोस्रो संस्करण, ललितपुर: साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, 'दृष्टिबिन्दु', भूपहरि पौडेल (सम्पा.), २०६०, *शोध र सिर्जना सिद्धान्त*, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

... ..., २०६६, *अभिनव कथाशास्त्र*, काठमाडौं: पालुवा प्रकाशन प्रा. लि. ।

## सुकुम शर्मा

### नारी समस्याको प्रतिबिम्ब हीरा उपन्यास

*स्याङ्जामा जन्मेका गोविन्दप्रसाद शर्मा नै नेपाली भाषा साहित्यका क्षेत्रमा सुकुम शर्मा नामबाट परिचित छन् । नेपालीमा स्नातकोत्तर गरी त्रि.वि. कीर्तिपुरमा प्राध्यापन कार्यमा संलग्न शर्मा सिर्जना र समालोचनामा बढी रमाउँछन् । भाषा, साहित्य र लोकसाहित्य सम्बद्ध उनका थुप्रै पुस्तकहरू छापिएका छन् भने दर्जनौं लेख समालोचनाहरू पत्रपत्रिकामा छरिएर रहेका छन् । यसमा कविता पौडेलको हीरा उपन्यासको विवेचना गर्दै यस उपन्यासलाई नारी अधिकारको खोजीमा सामाजिक सङ्घर्ष उठ्नुअगिको चेतनामूलक दियोका रूपमा लिएका छन् ।*

### १. प्रवेश

कविता पौडेल (२००२) नेपाली साहित्यमा क्षेत्रमा समसामयिक हस्ताक्षर मध्ये एक हुन् । उनको लेखन आख्यान विधामा केन्द्रित देखिन्छ । उपन्यास विधामा *बालचित्कार* (२०६२) र *हीरा* (२०६३) उनका प्रकाशित कृति हुन् । उनको आत्माकथ्यमूलक कृति *काँडेघारीको यात्रा* (२०५९) पनि प्रकाशित छ । सामाजिक सन्दर्भभित्र रहेर नारी जीवनका मार्मिक पक्षहरूको चित्रण गर्नु यिनको उपन्यास लेखनको मूल पक्ष हो । यस लेखमा *हीरा* (२०६२) उपन्यासको चिनारीमूलक टिप्पणी गरिएको छ ।

### २. औपन्यासिक सन्दर्भ

*हीरा* उपन्यासको धरातल सामाजिक सन्दर्भमा आधारित छ । यो उपन्यास पश्चिम नेपाल र विशेषत: लुम्बिनी अञ्चलको मूल धरातलमा केन्द्रित छ । यो उपन्यास गाउँको सामाजिक सन्दर्भमा लेखिएको छ । नारीकेन्द्रित समाज पठनको उत्सुकता यसमा देखिन्छ । यस उपन्यासको वैचारिक धरातलको निर्माण सामन्ती नेपाली समाजका मान्यताबाट पीडित पक्षको आवाजसँगै भएको छ । नारीका शोषण, अत्याचार, बुहार्तन, सङ्घर्ष आदि पक्षभित्रबाट समाजको अध्ययन गर्नु उपन्यासको सबल पक्ष हो । समाजका रूढि, अन्धविश्वास हृदयहीन कुसंस्कार आदि पक्षसँगै अशिक्षा र अन्धविश्वासका कारण पात्रहरूको जीवनचर्या कसरी अस्तव्यस्त हुन्छ भन्ने चारित्रिक धरातल यस उपन्यासमा निर्माण भएको छ । मातृत्वको भोक र त्यसका मर्मभित्रको नारी जीवन अनि सामन्ती संस्कारले विकास गरेको पुरुष मानसिकताको चित्रण नै यस उपन्यासको औपन्यासिक बनोटको केन्द्र हो । यही केन्द्रभित्रबाट नेपाली परिवेशका समष्टि नारी समस्याको आकलनको प्रयत्न यस उपन्यासमा भएको छ । यस उपन्यासको आयाम बीस खण्डमा विस्तार भएको छ । यिनै औपन्यासिक सन्दर्भभित्र रहेर *हीरा* उपन्यासको निर्माण भएको पाइन्छ ।

### ३. सामाजिक स्रोतबाट कथाचयन

हीरा उपन्यासमा सामाजिक स्रोतबाट कथ्य चयन गरिएको छ । यस उपन्यासमा कथाको कथन भन्दा पनि मूल घटनाको चित्रणमा जोड दिइएको छ । कथाको क्रमबद्ध प्रस्तुति भन्दा पनि अचानक भएका घटनाहरूको चित्रणबाट नै यस उपन्यासको कथानक निर्माण भएको छ । यस उपन्यासमा दुईवटा कथाको प्रस्तुति छ । पहिलो कथा दीपा र दिनेशको हो भने दोस्रो कथा हीरा र अरुणको हो । पहिलो कथा अर्थात् उपन्यासको आरम्भ दीपाको स्थितिको कारुणिक चित्रणबाट भएको छ । सात सन्तानकी आमा दीपाको आठौं सन्तान जन्माउने समयको मर्म उनको त्यस अवस्था नबुझ्ने लोग्ने र सासू, बर्सम्टै सन्तान जन्माउने भनेर एकोहोरो दीपामाथि लगाइएको दोष अनि काममै खट्नु पर्ने परिस्थिति आदिका पक्षबाट उपन्यासको आरम्भ भएको छ । दीपाको शारीरिक र मानसिक मर्मको कारुणिक चित्रणमा उपन्यासको कथाले गति लिएको छ । दीपाको उपचार स्याहासुसार नभई घरपरिवारबाट भएको अपहेलना उनको शारीरिक पीडा मन पगाल्ने गरी चित्रण गरिएको छ । सुत्केरीको त्यही रोग बल्झिएर उनी जीवनभर रोगी बनेकी छन् र जीवनका अनेक पीडादायी क्षण स्वागत गरेकी छन् । लोग्नेले सौता हुलेकै दिनबाट अपमानित भएर लखेटिएकी दीपा र सम्पूर्ण सम्पत्ति आफ्ना नाममा बनाएर भित्रिएकी नर्मदाका दुई पृथक् सन्दर्भबाट यस उपन्यासको पहिलो कथा अगि बढेको छ । यी दुई सन्दर्भबाट नारी स्वभावका दुई वास्तविकता चित्रण गर्ने प्रयत्न उपन्यासमा भएको छ । दीपाको असीम पीडा भोगाइको जीवनकथा आत्महत्यामा पुगेर टुङ्गिएको छ । नर्मदासँग दोस्रो विवाह गरेपछि दिनेशको पारिवारिक सुख लुटिएको र नर्मदाको दम्भ, संस्कारहीनता, सम्पतिको धनभित्रको जीवनशैलीको सटिक चित्रण उपन्यासमा गरिएको छ । नर्मदाले दीपा र दीपाका छोराहरूलाई घरबाट निकालेर एक्लै घरमा बस्ने सपना सँगालेर गरेका क्रूर र मानवताहीन व्यवहारको चित्रणको पराकाष्ठा सौताको कान्छो छोरालाई पछारेर मार्नु अत्याचार सहन नसकेर माहिलोचाहिँ नदीमा हामफालेर मर्नु, रोगी दीपालाई कुटपिट गर्नु, लोग्ने र सासूलाई डाँको र हातले वशमा पार्नु जस्ता घटनाचित्रणबाट देखाएको छ । यस कथाको उज्यालो पक्ष दीपाका छोराहरूले नर्मदाले अँठ्याएको घर कब्जा गर्नु र नर्मदाको दम्भ चूर्ण हुनु हो । यस्तै, दिनेशले आफ्ना कार्यको र प्रधानले आफ्नो किर्ते र कुकार्यमा पश्चात्तापबोध गरेका छन् । यसलाई उपन्यासको सकारात्मक पाटो मान्न सकिन्छ । समाजका यी घटनाभित्र उपन्यासको पहिलो कथा हिँडेको छ ।

उपन्यासको दोस्रो कथा अरुण र हीराको हो । अरुण र हीरा मिल्ने दम्पति भए पनि सन्तान नभएका कारण अरुणले दोस्रो विवाह गर्छ । दोस्रो विवाह गरेर ल्याएकी हरिकला (दिनेशकी बहिनी) प्रति अरुणको कुनै आकर्षण देखिँदैन । अरुण र हरिकलाको बिहेका लागि स्वीकृति दिने हीरा बिहेकै दिन घर छोडेर हिँड्छे र अनेक दुख खेप्दै शिवआश्रममा पुग्छे । अरुण हीरा हिँडेदेखि हुँदै मानसिक शिथिलता अनुभव गर्छ । अनि ऊ नवविवाहित पत्नी घर र पैसा छोडेर जोगी बन्छ । सम्पतिका कारण कलिलै उमेरमा अरुणका काका र छोराले हरिकलाको हत्या गर्छन् । यो घटना जोगी भेषको अरुणले थाहा पाउँछ र जोगीका स्वरूपबाट उनीहरूलाई मनोवैज्ञानिक सजाय दिन ऊ

सफल हुन्छ । वृद्धाश्रममा बसेकी हीराले आश्रममा फालिएको बालकको हेरचाह गर्दै छोरो बनाएर पालनपोषण गर्छे शिव आश्रमबाट तीर्थ गएकी हीरा र अरुणका नाटकीय भेट भारतको रामेश्वर मन्दिर परिसरमा हुन्छ र दुवै खुसीसाथ घर फर्केर समाजसेवामा लाग्छन् । उनीहरूले हरिकला आश्रम खोल्छन् । यही कथासँग शिवकुमारीको कथा पनि जोडिएको छ शिवकुमारीको जीवनको दुखद यात्रासँगै वृद्धाआश्रम खोलेर समाजसेवा गर्ने पाटो यस उपन्यासको कथ्यको उज्यालो पक्ष छ ।

उपन्यासको यो कथानक नारी केन्द्रबाट समाजपठनका लागि रोजिएको छ । अन्धविश्वास र समाजका कुप्रवृत्तिको यथार्थीकरण गर्ने प्रयास यस उपन्यासमा भएको छ । सामाजिक परिवेशले नारीसत्तामाथि गरेको शोषणको चित्रण यसमा आएको छ । बहुविवाह, अनमेल विवाह, भोग्यावस्तु ठान्ने सबै कमजोरी नारीका मात्र हुने देखाउने पुरुष मानसिकता आदिको स्वाभाविक प्रस्तुति छ ।

यस उपन्यासका कथानकमा सामाजिक अत्याचारको चित्रण भए पनि सङ्घर्ष र द्वन्द्वको अभाव पाइन्छ । उपन्यासकी पहिलो कथाकी पात्र दीपा दुख मात्र भोग्नका लागि जन्मिएकी र दुःख मात्रै भोगेर मरेकी पात्रको सन्दर्भ उनका छोराहरूसँग जोड्दै आमा यो घरको चापी तपाईंको हातमा आएको छ भनेर दिँदा जति सामाजिक सङ्घर्षतिर पुऱ्याउथ्यो त्यति नै उनका मृत्युले उपन्यासको कथानक सङ्घर्ष र द्वन्द्वका अभावमा पुगेको छ । हरिकलाले कुनै गल्ती नै नगरी मृत्युदण्डको सजाय पाएकी छ । यस प्रकरणमा अरुणले जोगी भएर हत्यारालाई दिएको मनोवैज्ञानिक सजाय सामाजिक सङ्घर्षको अभीष्ट होइन । किशोरी हरिकलालाई दुलही बनाएर भित्र्याएपछि अरुणले कुनै कर्तव्य केही पूरा भएको छैन । यस किसिमका घटनाहरूले गर्दा उपन्यास रोमान्टिक बनेको छ र त्यही स्वच्छन्द आदर्शीकरणको घेराबाट फुत्कन सकेको छैन । उपन्यासमा सामाजिक कथा र यथार्थको चित्रण गर्ने सुचेष्टा भए पनि सुगठित कथानकबाट सामाजिक सङ्घर्ष या सामाजिक द्वन्द्वको प्रकटीकरणबाट सामाजिक यथार्थवादी स्वर अभिमुख हुन सकेको छैन । अरुणको जोगी प्रमुख हीराको भक्तिनी र तीर्थव्रतको सन्दर्भ, सेवा आश्रमभित्रको धार्मिकपनले कथानकको गतिमा निर्णायक प्रभाव पारेको हुँदा उपन्यासको कथानक सामाजिक यथार्थवादी धरातलबाट फुत्केर आदर्शीकरणमा पुगेर टुङ्गिएको छ ।

## ४. चारित्रिक अस्तव्यस्तता

*हीरा* उपन्यासका चरित्रहरू सुगठता भन्दा अस्तव्यस्ततामा नै छरिएका छन् । उपन्यासमा दिनेश र दीपाको होस् वा अरुण र हीराको कुनै चारित्रिक उचाइ आएको छैन । उपन्यासकारले हीराको जीवनसन्दर्भको अनुकरण गर्ने पक्ष देखाए पनि उसको विपत्ति र समाजसँगको सङ्घर्ष के हो त ? भन्ने बारेमा उदाहरणीय पक्ष देखाउन सकिँदैन । जीवनको चारित्रिक उदाहरण अरुणको जस्तो अस्तव्यस्तता हो कि दिनेशको जस्तो हुस्सुपन र कर्तव्यहीनता जस्तो दम्भी र मानवताहीन चरित्र अनि हरिकलाको जस्तो रहरको हत्या अथवा हीराको जस्तो आवेगको निर्णय र मातृत्वको भोक । यी सबै चरित्र अस्तव्यवस्ततामा नै सिर्जना भएका छन् । शिवकुमारीका कार्यबाट सामाजिक सेवा नै धर्म हो भन्ने सोलोडोलो उत्तर उपन्यासले दिएको छ । उपन्यासना समाजका विद्यमान सामन्ती संस्कारसँग सङ्घर्ष गर्ने र उपन्यासमा चित्रण भएको हृदयहीनता

मानवताहीनता विरुद्धमा जुझारु हुने भन्ने बारेमा चारित्रिक सबलता छैन । दीपाका अर्तीले नै समाजसुधार हुन्छ त ? प्रधानको पश्चात्ताप नै सामाजिक परिवर्तनको पक्ष हो त ? यी प्रश्नहरूको संश्लेषण गर्दै चारित्रिक उचाइ लिने पात्र उपन्यासमा हुन सकेको छैन । त्यसैले उपन्यासमा चारित्रिक निर्माण अस्तव्यवस्ततामै टुङ्गिएको छ । समाजसुधारको मूल धार सङ्घर्ष र सामाजिक द्वन्द्वको नेतृत्वमा चारित्रिक संश्लेषण हुन सकेको छैन ।

## ५. सुधारोन्मुख वैचारिक आग्रह

*हीरा* उपन्यासमा महिला चेतना र त्यसअनुसारको सुधारोन्मुख पक्षलाई वैचारिक आग्रह बनाइएको छ । नारी समस्या र चेतना नै उपन्यासको मूल पक्ष हो । यस केन्द्रबाट सामन्ती संस्कार शोषणको विरोध र पुरुष अत्याचारको विरोध गर्नु उपन्यासको वैचारिक धरातल हो । महिलाहरूका शत्रु महिला नै भएको सामाजिक यथार्थमा परिवर्तन ल्याउने महिलाका सहयोगी महिला हुन् र पुरुष पनि हुन् भन्ने देखाउनु यस उपन्यासको वैचारिक आग्रह देखिन्छ । उपन्यासका यी पङ्क्ति वैचारिक सन्दर्भमा स्मरणीय छन् :

- जबसम्म यो देशमा बाबुआमाले छोरीलाई पढाएर आफै बाँच्न सक्ने बनाउन्न् अथवा छोरालाई सरह छोरीलाई अंश दिँदैनन्, तबसम्म हामी महिलाको समस्या यस्तै हो ।
- दिदीबहिनीसित मिलेर महिलाको पीर व्यथाबाट समाजको आँखा खोल्ने महिलाले आफ्नै खुट्टामा टेकेर बाँच्न सक्ने समाज बनाउने काममा अगाडि बढ ।
- तिमीहरूले दिदीबहिनीलाई चेतनशील(सङ्घर्षशील बनाउन । (पृ.४६)
- आखिर महिलाहरू पनि महिलाकै शत्रु हुँदारहेछन् । (पृ.१०५)
- धिक्कार छ मेरो जुनीलाई पण्डितहरूले पापको फल अर्को जुनीमा भोग्नुपर्छ भन्ये वास्तवमा यसै जुनीमा भोग्न पर्दो रहेछ । (पृ.१४३)
- हामीले पनि आफ्नै गाउँमा दुखी मानिसको साँचो सेवा गरेर आफ्नो जीवनलाई सफल पार्न सक्नेछौं । (पृ.१६२)
- सबभन्दा महत्त्वपूर्ण कुरा छोरालाई मात्र खास सन्तान र पुरुषार्थी ठान्ने समाजमा शिवकुमारीले छोरी पनि असल, उद्यमी समाजसेवी सन्तान हुन सक्छन् भन्ने बाटो देखाएकी थिइन् । हीरा उनैकी ज्यादै योग्य र असल चेली थिइन् । उनैको सङ्गतले अरुणले पनि समाजसेवाको बाटो अँगाले । (पृ.१६३)

यसबाट समाजमा छोराछोरीका बीच भेद रहेकाले महिलाका पीरव्यथा, चेतनाका पक्षमा रहेर सुधारात्मक कार्य गर्नु पर्छ भन्ने आग्रह उपन्यासमा रहेको स्पष्ट हुन्छ । त्यसैले समाजसुधारको वैचारिक आग्रहमा यो उपन्यास रोचक भएको छ ।

## ६. क्रूर, दीन र कारुणिक प्रस्तुति

यस उपन्यासमा मानवभित्र क्रूर प्रवृत्तिको चर्चा छ । दिनेश, प्रधानपञ्च, नर्मदा, मेनका अरुणका काका र छोराको क्रूर प्रवृत्तिको चित्रण यसमा भएको छ । कुहेर गनाउँदै हिँड्दा पनि दीपामाथि दयामाया नदेखाउने घरपरिवार अनि दुःख पाई

भनेर खान दिने समाज त्यस किसिमको रोगमा किन मौन रहेको छ ? यसैले यो क्रूर प्रवृत्तिको कारक तत्त्वको खोजी उपन्यासले उठाएको महत्त्वपूर्ण पक्ष हो ।

यस्तै उपन्यासमा दीन अवस्थाको चित्रण छ । गरिबीका कारण नै दीपाको अवस्था दयनीय बनेको छ । गरिबीले गर्दा नै दीपाको दाजु रोगी बैनीलाई छोडेर अस्पतालबाट भागेका छन् । गरिबीले बनाएको हरिप अवस्थाको चित्रण उपन्यासमा छ । उपन्यासमा कारुणिक सन्दर्भ र मर्मको प्रस्तुति आरम्भदेखि अन्तसम्म नै भएको छ । उपन्यासको आरम्भदेखि नै मार्मिक चित्रणका कारण कारुणिक पक्ष प्रबल बनेको छ । यस कारुणिक क्षेत्रकी एक मात्र दीपाको उपस्थिति नै यस सन्दर्भमा पर्याप्त बनेको छ । क्रूर, दीन र कारुणिक प्रस्तुतिका कारण उपन्यास सम्प्रेषणीय बनेको छ ।

### ७. नारीशोषणको विरोध

उपन्यासले नारीशोषणको विरोध गरेको छ । नारीमाथिका अनेक प्रकारका शोषणको चित्रण, मातृत्व, गर्व र छोरीका लागि अंशको पक्षमा नारीसङ्घर्षको अपेक्षा उपन्यासमा भएको छ । यस सङ्घर्षलाई नेतृत्व दिने पात्र निर्माणमा उपन्यासकार सफल नभए पनि त्यस किसिमको चेतना उपन्यासमा आएको छ । सामाजिक शोषणको मूल जडमा पुग्न नारी समस्याबाट साइत सारेको यथार्थ यस उपन्यासका सन्दर्भमा उल्लेख्य पक्ष मान्न सकिन्छ ।

### ८. आञ्चलिक परिवेशको स्पर्श

यस उपन्यासमा पश्चिम नेपालको विशेषत: लुम्बिनी अञ्चलको पहाडी भेगको आञ्चलिक परिवेशको स्पर्श पाइन्छ । पहाडी भेगका खोलानाला, वनजङ्गल आदिको चित्रणले स्थानीयताबोध गराइएको छ । त्यस क्षेत्रमा प्रचलित चाडपर्वको चित्रणबाट सांस्कृतिक पक्षको स्थानीयताबोध गराइएको छ । विवाह, मृत्यु र खेतीपातीबाट जीवनसन्दर्भको झल्को दिइएको छ । तिजमा ताजा घटनालाई उनेर गीत गाउने चलन होस् वा सरायें खेल्ने चलनले स्थानीयताकै बोध गराएको छ । यसका साथै त्यस क्षेत्रको भाषिक प्रयोगबाट भाषा पक्षमा पनि क्षेत्रीय भेद देखिन्छ । यस उपन्यासमा प्रयोग भएका भाषिका जनाउने केही शब्दहरू यस प्रकार छन्- मैरी, अर्नी, खेतारा, आटो, ठाँगे, पुवा, झाँतो, जलुके, गन्टयौना, ध्वारे, माँचो, भल्ला, धन्जन, गुम्लुम्मै, असबाब, तमाल, थारी, कटेरो, चुत्रुक्कै भिज्नु, धुर्पाइलो, तगालो, पोस्कर, राँड, माखा, खाइदेउ, एक आखर, एक सुर्ते, सराएँ, बिभिन्डिनु, जाद्रै, लोकन्ती, धुम्से आदि । यस उपन्यासमा क्षेत्र विशेषको सन्दर्भ संस्कार, जाति, रहनसहन, भाषा प्रयोग सँगै जोडिएर आएकाले आञ्चलिक परिवेशको स्पर्श देखिन्छ । कतिपय स्मृतिमात्र भएका सन्दर्भहरू पनि उपन्यासले जोगाएको छ । जस्तै- सात वर्षमा विवाह हुने घर्तिनीलाई बोलाएर धान कुटाउनु । यसरी उपन्यासमा आञ्चलिकताको स्पर्शले उपन्यासलाई नारीकेन्द्रीबाट अर्को प्रवृत्तितर्फ पनि उन्मुख बनाएको छ ।

### ९. निष्कर्ष

उपन्यासकार कविता पौडेलको दोस्रो औपन्यासिक कृति *हीरा* हो । यो कृति नारी संवेदना, मर्म, अधिकार र मातृत्वको गर्वबोधमा केन्द्रित छ । पुरुष प्रधान सामन्ती

समाजमा नारी जीवनमर्मको एक झलक उपन्यासले दिएको छ । अशिक्षा, रूढि, अन्धविश्वास र धन नभएका कारण नै नारीजीवन अपहेलित भएको भन्ने ठम्याई उपन्यासमा छ । आखिर कोही नारी कोही पुरुषकी आमा अनि जीवनसाथी हुन् भने समाजमा यस किसिमको भेदभाव किन छ भन्ने उत्तरमा हीरा उपन्यास लेख्ने जमर्को रहेको पाइन्छ । उपन्यासमा सामाजिक सङ्घर्ष र द्वन्द्वको अभाव भए पनि घटना र मर्मको जीवन्त चित्रण पाइन्छ । सङ्घर्षबाट अधिकार प्राप्ति नभएर पनि कार्यको पश्चात्तापबोधको आदर्शीकरण उपन्यासमा आएको छ । शोषणका विरुद्धमा चेतना फैलाउन र सामाजिक सुधारको स्वर दिन यो उपन्यास सफल छ । त्यसैले *हीरा* उपन्यास नारी अधिकारको खोजीमा सामाजिक सङ्घर्ष उठ्नुअगिको चेतनामूलक दियो हो भन्न सकिन्छ ।

• • •

*युगभाका*, वर्ष १, अङ्क २, २०६४

## हेमराज ज्ञवाली

### काँडेघारीको यात्रा

*गुल्मीको मानकोटमा जन्मेका हेमराज ज्ञवाली नेपाली साहित्य भन्दा पनि नेपाली पत्रकारिता क्षेत्रमा विशेष योगदानकर्ताका रूपमा चिनिएका छन् । केही धार्मिक ग्रन्थका लेखक ज्ञवाली खासगरी कान्तिपुर पब्लिकेसनका माध्यमबाट चर्चामा आएका हुन् । चर्चित विषय, व्यक्ति र कृतिका बारेमा उनका धारणा र मान्यताहरू सोही पत्रिकाका माध्यमबाट प्रकाशमा आइरहन्छन् । यहाँ चर्चित नारीस्रष्टा कविता पौडेलको चर्चित काँडेघारीको यात्राबारे उनका धारणा प्रकट भएका छन् । भन्दा कविता पौडेलको जीवनी भने पनि वास्तवमा देशकै इतिहासको झलक हाम्रा गाउँघरका महिलाले बेहोरेका कथाव्यथाको स्पष्ट चित्र यस पुस्तकमा पढ्न पाइन्छ भन्ने उनको मान्यता छ । ....*

हालै प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितमार्फत् मकहाँ दुई पुस्तकहरू प्राप्त भई सरसर्ती अध्ययन गर्ने मौका मिल्यो । यी दुई पुस्तकबारे यस आलेखमा छोटकरीमा चर्चा गर्न चाहेको छु । प्रथमत: मोदनाथ प्रश्रितज्यूकी धर्मपत्नी कविता पौडेलद्वारा लिखित *काँडेघारीको यात्रा*बारे चर्चा गरौं ।

*काँडेघारीको यात्रा* मोदनाथ प्रश्रितज्यूकी धर्मपत्नी कविता पौडेलद्वारा लिखित *काँडेघारीको यात्रा* उहाँको वैवाहिक जीवनको सुरुदेखि आजसम्मको सङ्घर्षमय तथा कष्टमय इतिवृत्तको शब्दचित्रका रूपमा देखापर्दछ । मोदनाथ प्रश्रितजीलाई यति ठूलो नेता बनाउन कविता पौडेलको कति ठूलो हात रहेछ, यो पुस्तक पढेपछि छर्लङ्ग हुन्छ । त्यसैले होला यस पुस्तकबारे आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा उहाँले नलुकाएर स्पष्टसँग भन्नुभएको छ- आफूले अनन्त कष्ट सहेर पनि मलाई प्रश्रित बनाउने प्रिय सहयोद्धाको यो रचना प्रकाशित हुँदा मेरो छातीमा खुसीको सागर लहराएको छ । त्यस्तै प्रश्रितज्यूको साथ पाएर नै कविता पौडेलको काँडेघारीको यात्राले पनि आजको बिसौनी पाएको छ । अङ्ग्रेजीमा बेटर हाफ र संस्कृतमा अर्धाङ्गिनी भनेर पत्नीलाई भनेको त्यसैले होला । यी दुवै एकअर्काका पूरक हुन् भन्ने कुरा यस पुस्तकले पनि प्रमाणित गर्दछ । मेट्रिकसम्म पूरा गर्न नसकेकी कविता पौडेलले विद्वान् प्रश्रितलाई आजको उँचाइमा पुऱ्याउन कसरी सघाउनुभएको रहेछ, यो पुस्तक पढेपछि छर्लङ्ग हुन्छ ।

२०१३ सालमा १४ वर्षका मोदनाथ र १० वर्षकी कवितासँग तत्कालीन गुल्मी हाल अर्घाखाँचीको खिदिममा बिहे हुन्छ । उसै वर्ष जोगी बनेर कविताका पिताको बर्दियामा मृत्यु हुन्छ । कविताको माइतीमा विपत्ति आइपर्छ भने कवितालाई सानै

उमेरमा घर गर्नुपर्दा धेरै दु:खकष्ट बेहोर्नु पर्छ । घर गर्न नसकी उनी पटक-पटक माइत भागेर आएका कुरा पनि यस पुस्तकमा वर्णित छन् । पछि अलि वयस्क हुँदै गएपछि पतिबाट २/४ अक्षर लेखपढ गर्न जानेपछि उनी पनि एउटी बहादुर नारीका रूपमा देखापर्दछिन् । सुस्तसुस्त मोदनाथबाट कम्युनिस्ट पार्टीको नीति-सिद्धान्त बुझ्दै गएपछि उनको पनि त्यता झुकाव हुन्छ र गाउँस्तरमा महिला सङ्घ खोली कविता पनि त्यसमा आबद्ध हुन्छिन् । त्यसपछि पहाडमा महिलाले गर्न नहुने भन्ने कामहरू जस्तै हलो जोत्ने, घर छाउने, मलाम जाने र मार हान्न जस्ता सबै काम गरेर उनी वीराङ्गनाका रूपमा देखापर्दछिन् । त्यसपछि मोदनाथजीले कवितालाई बनारसमा पढ्न लाग्दा त्यहाँ उनको पुष्पलाल आदि ठूलठूला नेतासँग पनि जानपहिचान हुन्छ । त्यसपछि कविता कपिलवस्तुको थरौली भन्ने ठाउँमा बसाई सरी डाक्टर-डाक्टर्नी बनेर आफ्नो जीविका र ग्रामसेवा गरेको कथा पढ्न पाइन्छ । मोदनाथजी प्राय: जेलमा हुने र घरपरिवारको जिम्मा कविताको हुने हुँदा उनको सधैं कठिन जीवनको वर्णन यहाँ पढ्न पाइन्छ ।

यसपछि कपिलवस्तुको थरौलीबाट भैरहवाको पोखरभिँडवामा उहाँहरूको बसाइसराइ हुन्छ । त्यसपछि कविता पौडेल रूपन्देहीको अनेम सङ्घको जिल्ला अध्यक्ष भएको पढ्न पाइन्छ । त्यसपछि काठमाडौँमा बहुचर्चित गौँथलीको गुँडु बनाएको कुरा यस पुस्तकमा पढ्न पाइन्छ । एमालेको नौ महिने सरकारमा मोदनाथ प्रश्रितजी शिक्षामन्त्री हुँदाका बेलाको इतिवृत्त पनि यहाँ पढ्न पाइन्छ । त्यसपछि एमाले पार्टी फुट्दाको घटनालाई सबभन्दा ठूलो चोट भन्दै अन्तिम अनुरोधमा लेखिका कविता पौडेलले देशको वर्तमान गृहयुद्धप्रति चिन्ता व्यक्त गर्नुभएको छ र सबै कम्युनिस्ट मिली चुनावमा गए विजय हुने उहाँको विश्वासका साथ यो किताब टुङ्गिएको छ । यो त कथा सारांशमात्रै हो । यस पुस्तकबारे वास्तविक जानकारी लिन त एकपटक यो पुस्तक आद्योपान्त पढ्नु पर्ने हुन्छ । भन्दा कविता पौडेलको जीवनी भने पनि वास्तवमा देशकै इतिहासको झलक हाम्रा गाउँघरका महिलाले बेहोरेका कथाव्यथाको स्पष्ट चित्र यस पुस्तकमा पढ्न पाइन्छ । तसर्थ सबैसँग मेरो विनम्र अनुरोध छ एकपटक यो पुस्तक आद्योपान्त पढौं ।

• • •

*कान्तिपुर २०५९ पुस १३*

# डा. कपिलदेव लामिछाने

| | |
|---|---|
| जन्म | : २०१५, आश्विन, माझठाना १, कास्की |
| हाल | : सिद्धार्थनगर न.पा.-७, सगरमाथा पथ, डाँडागाउँ, रुपन्देही । |
| आमाबाबु | : सुकुमाया लामिछाने र शुकदेव लामिछाने |
| श्रीमती | : सिर्जना लामिछाने |
| शिक्षा | : त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर (प्रथम श्रेणीमा प्रथम) नेपाली गाउँखाने कथामा विद्यावारिधि । |
| पेसा | : प्राध्यापन, त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा |
| प्रकाशित कृति | : कथासङ्ग्रह-२, लघुकथासङ्ग्रह-३, बालकथासङ्ग्रह- ८, बालचित्रकथा-४ लामो कविता-१, बालउपन्यास-३, समालोचना-५, सम्पादित पुस्तक-३ अन्य-४ |
| इमेल | : kapillamichhane58@yahoo.com |
| टेलिफोन | : ०७१-५२१८५८ |